त्रैमासिक बुलेटिन

दर्ता नं.: ३२/२०७५ पाल्पा

हाम्रो तानसेन

वर्ष ४, अंक १, पूर्णाङ्क १२, २०७८ वैशाख/जेठ

Our Tansen Quarterly Bulletin

Vol. 12 (April/May 2021)

यस पटक:

- तानसेनका केही लेखक-साहित्यकारहरू (आवरण)
- पाल्पाको शैक्षिक साँस्कृतिक धरोहर धवल
- पाल्पाली ढाका
- संघीय शासन पद्धतिमा नगरपालिकाका चुनौती
- निशान भगवती मन्दिर
- तानसेनको आठौं नगर सभा
- कोरोना रोकथाममा तानसेन
- उच्च शिक्षामा त्रिभुवन बहुमुखी क्याम्पस आदि

प्रकाशक

तानसेन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

तस्बिरमा तानसेन

स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) अभिमुखीकरण कार्यक्रम
तस्बिर : प्रकाश गैरे (सुचना प्रविधि अधिकृत)

तानसेन नगरपालिकाद्वारा पाल्पा अस्पतालसँगको समन्वयमा
तानसेन टुँडिखेलमा पिसिआर परीक्षणका लागि स्वाब संकलन गर्दै

आइसोलेसनमा उपचाररत कोरोना संक्रमित बिरामीहरूको स्वास्थ्य अवस्था
बुझ्दै तानसेनका मेयर अशोककुमार शाही

तानसेन नगरपालिकामा व्यक्तिगत घटना दर्ता अभियानको शुभारम्भ
गर्दै उपप्रमुख लक्ष्मीदेवी पाठक

तानसेन -७ मा स्थापना हुने उद्योगग्रामको स्वरूपबारे छलफल
तस्बिर : प्रकाश गैरे (सुचना प्रविधि अधिकृत)

राष्ट्रिय परिचयपत्र बनाउनका लागि पालो पर्खदै वडा नं. ६ का बासिन्दा

हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष ४, अंक १, पूर्णाङ्क १२, २०७८ वैशाख/जेठ) दर्ता नं.: ३२/२०७५ पाल्पा

पाल्पा जिल्ला हुलाक दर्ता नं.: ७/२०७६-७७

प्रकाशक
तानसेन नगरपालिका, पाल्पा

संरक्षक
अशोककुमार शाही
(नगरप्रमुख)

सल्लाहकार
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
पीताम्बर पाण्डे
(प्रमुख प्रशासकीय अधिकृत)

प्रधान सम्पादक
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

सम्पादन सहयोग
लोचनप्रसाद तिमिल्सिना
(वडाध्यक्ष, तानसेन-१०)
कमल राना
(वडाध्यक्ष, तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य, तानसेन-१३)
सुनिता वैजू श्रेष्ठ
(नगरसभा सदस्य, तानसेन-३)

व्यवस्थापन सहयोगः
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य)
विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत)
भरतप्रसाद आचार्य (शाखा अधिकृत)

आवरण परिकल्पनाः गोविन्द भट्टराई

कम्प्युटर टाइपः लेखीमाया सारू
कला निर्देशकः नारायणकाजी बाँडे
मुद्रणः गणेश इन्टरनेशनल, काठमाडौं

सम्पर्क ठेगानाः हाम्रो तानसेन, तानसेन नगरपालिका, पाल्पा
इमेलः hamrotansenbu@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९, ९८४७३२६७६०

(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)

सम्पादकीय

तानसेनका लेखक साहित्यकारका नाममा समर्पित यो अंक

- गोविन्द भट्टराई

भनिन्छ, साहित्य समाजको दर्पण हो । साहित्यका माध्यमबाट लेखक-सर्जकहरूले समाजको वस्तुस्थिति आकलन मात्र नगरी निश्चित सन्देश प्रवाहसमेत गर्दछन् । तानसेनको सन्दर्भमा धेरै लेखक-साहित्यकारले कलम उठाएका छन् अर्थात् सिर्जनामा शब्द लगानी गरेका छन् । पहाडकी रानी, सुन्दरताकी खानी भनेर, वीर पाल्पाली भनेर होस् वा इलाम र दार्जिलिङसँग तुलना गरेर सिर्जना पस्किएको भेटिन्छ । तानसेनको इतिहास, कला, संस्कृति र साहित्यबारे निरन्तर सामग्री सम्प्रेषण गरी आएको 'हाम्रो तानसेन' को यो अंक तिनै अमर अजर तानसेनका लेखक-साहित्यकारहरूमा समर्पित गरिएको छ ।

तानसेन नगरपालिकाको वर्तमान भूगोलभित्र जन्मिएका, कर्म गरेका वा कर्मशील जीवन अवधिमा तानसेनसँग जोडिएका दर्जनौं लेखक साहित्यकार छन् ती सबैको शोधखोज हुनु आवश्यक छ । तानसेनलाई चिनाउने लेखक साहित्यकारमध्ये केहीको बारेमा शोधखोज गरी प्राप्त विवरण प्रस्तुत गरिएको छ । ती लेखक-साहित्यकारहरूको थप योगदान खोजेर चिरस्थायी गराउन, यहाँ उल्लेख गर्न छुटेका तर तानसेनसँग जोडिएका लेखक साहित्यकारको खोजीका लागि 'हाम्रो तानसेन' त्रैमासिक सरोकारवाला सबैसँग विनम्र अनुरोध गर्दछ ।

हामीले 'हाम्रो तानसेन' त्रैमासिकका हरेक अंक विशेष अंक बनाउने अभियानअन्तर्गत यो अंक तानसेनका लेखक साहित्यकार अंकको रूपमा प्रकाशित गरेको भए पनि यसमा अन्य सामग्रीसमेत यथासक्य समावेश गरिएको छ ।

तानसेन नगरपालिका प्रकाशक रहेको 'हाम्रो तानसेन' कुनै वाद वा विचारसँग मात्र सीमित छैन बरू यो त सबै तानसेनवासीको साझा दस्तावेज हो । यसर्थ तानसेनको इतिहास, कला, साहित्य, संस्कृतिसँगै विभिन्न गतिविधिलाई समेत 'हाम्रो तानसेन' ले स्थान दिएको छ, दिने छ ।

नभएका कुरा फूलबुट्टा भरेर कथेर हो भन्ने पारेर चाकरी गर्नुपर्ने अवस्थामा 'हाम्रो तानसेन' त्रैमासिक छैन । भएका यथार्थ कुरा अर्थात् सत्यलाई भ्रमपूर्ण ढङ्गले प्रचारप्रसार गर्ने कुचेष्टा 'हाम्रो तानसेन' ले गर्दैन । सत्यतथ्य प्रस्तुति यसको जीवनशैली हो ।

पूर्णाङ्क १२ सम्म आइपुग्दा हामीले मेचीदेखि महाकाली भूभागमा रहेका नेपालीको मात्र होइन वेभसाइटसँग जोडिएका संसारभरका लाखौं नेपालीको न्यानो माया प्राप्त गरेका छौं । रचनात्मक सल्लाह, सुझावसँगै स्वस्थ आलोचना हाम्रो मार्गदर्शनका लागि स्वीकार्य छ । तानसेन पढ्नुस्, पढ्न योग्य छ भने आफन्तजनलाई पढ्न सल्लाह दिनुहोस् । हामी सच्चिनु पर्ने कुरामा प्रष्ट संकेत गर्नुहोस् आभारी हुनेछौं । पूर्णाङ्क १३ मा भेटौंला, अहिले बिट मार्ने अनुमति दिनुहोस् । जय 'हाम्रो तानसेन' !

आवरण तस्बिरः

माथिबाट क्रमशः माधवप्रसाद देवकोटा, भिक्षु अमृतानन्द, चिनियालाल बज्राचार्य, जगतबहादुर जोशी, रिपलाल वि.क., अजम्बरध्वज खाती, अशोकमान सिं, अयोध्याप्रसाद प्रधान, झपेन्द्र जीसी, साबित्री कक्षपती, निर्मल श्रेष्ठ, हृषीकेश शाह, कमलराज रेग्मी, अम्बिकाप्रसाद लाकौल, चोलेश्वर शर्मा, रामप्रसाद ज्ञवाली, डिल्लीराज अर्याल, मदन देउराली, प्रकाशराज रेग्मी, गंगा लिगल, विनयकुमार कसजू, मेघराज शर्मा, विष्णु खनाल, विष्णु प्रभात, शोभितलाल बज्राचार्य, गंगादेवी कसजू, शालग्राम अधिकारी, पुष्करराज रेग्मी, कमला देवकोटा, सुरेन्द्र थापा, टंक पन्थ, युसुफदिन मियाँ, विष्णु खत्री, मन गहिरे, टोप अस्लामी मगर, रामप्रसाद अर्याल, वनमाली निराकार, माधव अर्याल ।

संरक्षकको कलमबाट

लेखक साहित्यकार हाम्रा मार्गदर्शक

- अशोककुमार शाही

तानसेनलाई आजको अवस्थामा ल्याइपुऱ्याउन आम नागरिकसँगै लेखक साहित्यकारहरूको महत्त्वपूर्ण योगदान रहेको छ । तानसेनको इतिहास, कला, साहित्य, संस्कृति, समाजबारे विभिन्न कोणबाट अनेक विधामा लेख-रचना लेख्ने लेखक साहित्यकारहरूले सबल तथा दुर्बल पक्षबारे सूचना उजागर गरेर सुधारका लागि सरोकारवालालाई उत्प्रेरित गरेका छन् ।

विभिन्न काल समयमा जन्मेर तानसेनको लागि लेख-साहित्य मार्फत् योगदान दिएका सबै लेखक-साहित्यकारप्रति हामी अन्तरहृदयदेखि 'नमन' गर्न चाहन्छौं । विकृति-विसंगति विरूद्ध धावा बोलेर होस् वा असल र अनुकरणीय कर्म र कुराहरूको वकालत, पैरवी गरेर लेखक साहित्यकारले समाजलाई अग्रगति दिने गरेका छन् ।

तानसेनको माटोमा जन्मिएका हुन् वा जोडिएका लेखक, साहित्यकारहरूको सम्फनास्वरूप तानसेन नगरपालिकाले 'हाम्रो तानसेन' त्रैमासिकको यो अंक लेखक-साहित्यकार विशेष अंकको रूपमा प्रकाशन गरेको छ । हामीले सम्पूर्ण लेखक साहित्यकारबारे सम्भव भएसम्म शोधखोज गरी प्राप्त तथ्य प्रकाशन गर्ने जमर्को गरेको भएपनि अन्जानवश छुट्न पुगेको भए ध्यानाकर्षण गराउनु हुने नै छ । प्राप्त सामग्री आगामी अंकमा प्रकाशन गर्दै जानेछौं ।

विगतमा लेखक साहित्यकारले अभिव्यक्ति दिंदा पनि खुम्चनु पर्ने अवस्था थियो, अब त्यस्तो परिवेश छैन । तानसेन नगरपालिका सबै लेखक कलाकारसँग खुल्ला आव्हान गर्दछ- 'तानसेनको सबल र दुर्बल पक्ष उजागर हुने गरी लेख, रचना तयार गर्नुहोस्, हाम्रा कमीकमजोरी केलाएर आलोचनात्मक ढंगले लेख्नुहोस् हामी सहर्ष त्यसलाई प्रकाशन गर्ने छौं । '

वि.सं. २०७४ मा निर्वाचित जन प्रतिनिधिले नगरवासीको अपेक्षाअनुसार काम गऱ्यौं वा गरेनौं खुलस्त लेख्नुहोस् । लोप हुन लागेका चाल, चलन, संस्कार, कलासंस्कृतिबारे आवाज उठाउनुहोस् हामी सम्बोधन गर्नेछौं । चुनाव जित्न नभै नगरवासीको हितार्थ हामीले काम गरेको जगजाहेर छ । सीमित साधनस्रोतका वावजुद तानसेनको विकासका लागि हामीले सक्दो प्रयास गरेकै हौं र हामी पदमा रहन्जेल मात्र नभएर सामान्य नागरिक सरह रहँदा पनि प्रयत्न कायम रहने प्रण गर्दछौं ।

विस्तारित तानसेनको भूगोलभित्र रहनुहुने आम तानसेनवासीसमक्ष हाम्रो अनुरोध छ- तानसेनको समग्र विकासको लागि वाद र विचारको सीमित घेराभन्दा माथि उठेर हातेमालो गर्नु आजको आवश्यकता हो । किसान, मजदुर, लेखक, साहित्यकार, शिल्पकार हामी जुनसुकै कर्ममा छौं सबैको साझा ध्येय तानसेनको प्रगति अनि तानसेनवासीको हित बन्न सकोस् । समृद्ध तानसेनका लागि सबै जुटौं, आ-आफ्नो ठाउँबाट सहयोग गरौं ।

(नगरप्रमुख)

विषयसूची

१	साहित्य महिला र बालमैत्री हुनुपर्छ	लक्ष्मीदेवी पाठक	५
२	तानसेनका केही लेखक साहित्यकार विशेष अंकको सन्दर्भमा केही कुरा	दामोदरप्रसाद घिमिरे	६
३	तानसेन शिक्षा, संस्कृति, साहित्य र सेवा प्रवाहप्रति मेरो सामीप्यता	पीताम्बर पाण्डे	७
४	संघीय शासन पद्धतिमा नगरपालिकाका चुनौती	डा. सोमलाल सुवेदी	९
५	पहाडकी रानी तानसेनसँग मेरो साइनो	किशोर श्रेष्ठ	१२
६	पाल्पाली कलाकार गंगाप्रसाद वैजू	मेघराज शर्मा	१४
७	कवि कुष्णदेव शर्माको सम्झनामा	दिल साहनी	१६
८	Tansen and My Father Herbert Karrach	Dr. Rachel Karroch	२२
९	पाल्पा तानसेन (कविता)	झपेन्द्र जी.सी.	२४
१०	उच्चशिक्षामा त्रिभुवन बहुमुखी क्याम्पस तानसेनको योगदान	टंकप्रसाद पन्थ	२६
११	Tansen, Religions, Peace and Happiness	Buddhi Prasad Sharma	३२
१२	तानसेनको कला संस्कृति पर्यटन विकासको मूल आधार	शान्ती भेंडी थापा	३६
१३	पाल्पाको शैक्षिक सांस्कृतिक धरोहरः धवल पुस्तकालय	राजेशकुमार अर्याल	३८
१४	तानसेनको नीति कार्यक्रम र बजेट नगरवासीले महसुस गर्ने खालको हुने	रेखीराम राना	४१
१५	तानसेन नगरपालिकाका केही लेखक-साहित्यकारहरु	राम झवाली	४४
१६	तानसेन (कविता)	गणेश झवाली	१०३
१७	पाल्पाली ढाका कपडामाः तानसेनको पहलमा सीप परियोजनाबाट १५ सयलाई ...	कृष्ण दर्नाल	१०४
१८	निशान भगवती मन्दिर : सार्वजनिक, निजी साझेदारीको एक नमूना	भीमसेन कार्की	१०८
१९	समृद्धिको सपना (कविता)	विष्णु पौडेल	११३
२०	ताानसेन नगरपालिकामा कार्यसम्पादन सम्झौता कार्यान्वयनमा	चुरामणि पोखरेल	११४
२१	कोभिड-१९ दोश्रो लहर सहितको महामारीमा तानसेन नगरपालिकाको क्रियाशीलता	भरत प्रसाद आचार्य	११५
२२	अवसरको खोजीमा बाहिर जान खोजेका जनशक्तिलाई नगरमा स्थापित ...	नारायण न्यौपाने	११७
२३	कोरोना रोकथाम र नियन्त्रणमा तानसेन नगर सरकारको अनुकरणीय प्रयास	सुनिल कार्की	११९
२४	तानसेन नगरपलिकाको आठौँ नगरसभा सम्पन्न, विभिन्न नीति, विधेयक एवम् ...	बिष्णु खनाल	१२१
२५	स्व. पूर्ण बहादुर राना अर्थात् कलाकार सोमेलाई सम्झिँदा	किरण चित्रकार	१२४
२६	पाल्पा रेडक्रस र तानसेन नगरपालिकाको सम्बन्ध	बिनोद भारती	१२६
२७	सन्देश (लघुकथा)	तुलबहादुर गाहा	१२९
२८	तानसेन नगरपालिकाका महिला जनप्रतिनिधिहरुबीच अनुभव साटासाट	प्रकाश गैरे	१३०
२९	तानसेनको पर्यटनसम्बन्धी केही हाइकु	धातानन्द शर्मा गैरे	१३१
३०	तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको आ.व. २०७७/०७८ जेठ मसान्तसम्मको आम्दानी खर्च विवरण		१३३
३१	पत्रपत्रिकामा तानसेन		१३४
३२	तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति		१३८

साहित्य महिला र बालमैत्री हुनुपर्छ

- लक्ष्मीदेवी पाठक

शिक्षा र साहित्यमा तानसेन, पाल्पा नेपालको सन्दर्भमा विगतदेखि चर्चामा रहिआएको छ । पाल्पामा जन्मेका लेखक साहित्यकारहरूमध्ये कतिले राष्ट्रियस्तरमै नाम कमाएको भेटिन्छ । हामी बाल्य र युवावस्थामा छँदादेखि नै गाउँ-समाजमा भानुभक्त आचार्यको रामायण श्लोक हालेर पढ्ने, स्वस्थानी ब्रतकथा पढ्ने, भानुभक्तकै बधूशिक्षा पढ्ने प्रचलन हाम्रा गाउँसमाजमा व्याप्त थियो । भूपि सेरचन, मोदनाथ प्रश्रित, पारिजात, कविता पौडेल जस्ता प्रगतिशील सर्जकका रचना र कृति खोजीखोजी पढ्ने गरिन्थ्यो । वीपी कोइरालाका कृतिहरू उत्तिकै चर्चित थिए । पाल्पाको सन्दर्भमा माधवप्रसाद देवकोटा, कमलराज रेग्मी, विनयकुमार कसजू, विष्णु प्रभात, डिल्लीराज अर्याल, झपेन्द्र जीसी, कमला देवकोटालगायत दर्जनौं लेखक साहित्यकारहरूका रचना, कृति धेरथोर हामीले पनि पढ्ने अवसर प्राप्त भयो । पञ्चायतकालमा व्यवस्थालाई समर्थन गर्नबाहेकका साहित्य सामग्री पढ्नु पञ्चहरूको नजरमा अपराध ठहरिन्थ्यो । त्यस्ता साहित्य लुकेर पढ्नुपर्थ्यो ।

विगतमा पुस्तक पढ्ने नशा नै हुन्थ्यो कतिलाई तर अहिले सामाजिक सञ्जालका कारण पठन संस्कृति लोप होला भन्ने डर छ । नेपाली भाषा र विभिन्न मातृ भाषामा लेखिएका तानसेन पाल्पाका लेखक, साहित्यकारका कतिपय कृतिहरू ओझेल परेका छन् । स्वयम् लेखक-साहित्यकार नै छायामा रहेको अवस्थामा तानसेन नगरपालिकाको प्रकाशन **हाम्रो तानसेन** त्रैमासिकले यो अंकमा तानसेनका केही लेखक साहित्यकारबारे शोधखोजबाट प्राप्त विवरण प्रकाशन गरेर सराहनीय कर्म गरेको छ । छुटेका लेखक-साहित्यकारका बारेमा आगामी अंकहरूमा शोधखोज गर्नु हाम्रो दायित्व सम्झनु पर्दछ । लेख भनौं वा सिर्जना, साहित्यले समाजलाई अग्रगति दिन सक्नुपर्दछ । लैंगिक विभेद न्यूनीकरणलाई टेवा पुऱ्याउने तथा महिला र बालबालिकामैत्री साहित्यले मात्र न्यायपूर्ण समाज स्थापनाका लागि टेवा पुग्दछ । छोरा र छोरीबीच हाम्रो परिवार, टोलसमाजमा विद्यमान विभेद साहित्यले चिर्न पहल गर्नुपर्दछ ।

मलाई सम्झना छ म सानै छँदाको कुरा हो, छोरा मान्छेले पढ्ने वेद छोरीले पढे बौलाउँछन् भन्ने कथन थियो समाजमा । बुबासँगै मैले वेद पढें तर म बौलाइन बरू वेदको ज्ञान प्राप्त गरें । लेखक- साहित्यकारहरूसँग विनम्र आग्रह छ कि- परापूर्व कालदेखि नेपाली समाजमा लुकेर रहेका विकृति विसंगतिविरूद्ध तपाईहरूले लेख्नुपर्दछ । तानसेनका केही लेखक साहित्यकारहरूको प्राप्त जानकारी समेटेर प्रकाशन गर्नुको तात्पर्य समाज परिवर्तनका बाहकको खोजी आवश्यक छ भन्ने पनि हो । यो काम हामी सबैको हो ।

लेखक-साहित्यकारहरूको योगदानको कदर आवश्यक छ । समाज परिवर्तनका लागि उहाँहरूका लेख, रचनाले केही हदसम्म सहयोग पुऱ्याएको छ । अन्त्यमा, तानसेनको विकासका लागि विगतमा होस् वा वर्तमानमा आफ्ना सिर्जनामार्फत् टेवा पुऱ्याउनु हुने सबैमा नमन गर्दछौं ।

(उपप्रमुख)

तानसेनका केही लेखक साहित्यकार विशेष अंकको सन्दर्भमा केही कुरा

- दामोदरप्रसाद घिमिरे

तानसेनको सन्दर्भमा धेरै लेखक-साहित्यकारले विकास निर्माणलगायत विभिन्न सवालमा कलम उठाएका छन् । हामीसँग रहेका, काम विशेषले अन्यत्र गएका र दिवंगत भइसकेका अमर लेखक साहित्यकारहरूको अथक मेहनतलाई हामीले नमन गर्दछौँ ।

'हाम्रो तानसेन' को यो अंक अमर-अजर तिनै लेखक-साहित्यकारहरूमा समर्पित गरिएअनुसार कृतिकार केही लेखक साहित्यकारहरूको बारेमा शोधखोजको जमर्को गरिएको छ । तानसेनलाई चिनाउने लेखक साहित्यकारका योगदान स्मरण गर्नु हामी सबैको साझा कर्तव्य हो भन्ने मलाई लागेको छ ।

तानसेनको इतिहास, कला, साहित्य, संस्कृति, समाजबारे विभिन्न कोणबाट अनेक विधामा पूर्णाङ्क १ देखि नै लेख रचना लेख्ने लेखक, साहित्यकार र पत्रकारहरूले कुनै न कुनै ढंगबाट समाज विकासका लागि टेवा पुऱ्याएका छन् । सूचना प्रविधिको विकास नहुँदै लेखन साहित्यका माध्यमबाट समाजलाई उत्प्रेरित गर्ने अभियानमा समेत लेखक साहित्यकारको उक्तिकै योगदान रहेको पाइन्छ ।

आज सामाजिक सञ्जालले जुन स्थान लिएको छ त्योभन्दा विशिष्ट स्थान विगतमा साहित्यले प्राप्त गरेको तथ्य भेट्न सकिन्छ । यद्यपि तत्कालीन शासन व्यवस्थाको गुणगान गाउने एकातिर र विकृति विसंगति विरूद्ध अर्थात् व्यवस्था इतर साहित्य अर्कोतिर रहेको थियो । राणाकाल होस् वा पञ्चायतकालमा शासनका समर्थनमा लेख्नेहरू एकथरी थिए उनीहरूलाई लेख्न, प्रकाशन गर्न छुट थियो । प्रोत्साहन गरिन्थ्यो । राणा-पञ्चायत शासन र तत्कालीन शासकको विरोध गर्नेहरूलाई दमन गरिन्थ्यो । यसखालका साहित्य, लेख पाठकहरूले लुकेर पढनुपर्ने अवस्था थियो । अभिव्यक्ति स्वतन्त्रता थिएन भन्दा हुन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जात धर्मका नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता संविधानतः प्राप्त छ । आफूलाई लागेका कुरा सभ्य ढंगले अभिव्यक्त गर्दा कानुनत कोही नेपाली दण्डित हुनु पर्दैन यही नै लोकतन्त्रको सुन्दर पक्ष हो । अभिव्यक्ति स्वतन्त्रताका लागि राजनीतिक दलले मात्र आवाज उठाएनन् बरू लेखक, साहित्यकार, पत्रकारसँगै आम नेपालीले समेत साथ दिएकै कारण हामीले त्यो अधिकार प्राप्त गऱ्यौँ र उपभोग गरिरहेका छौँ ।

हाम्रो तानसेन त्रैमासिकले तानसेनको इतिहास, कला, संस्कृति, शिक्षालगायत अनेकौँ सवाल साथै विविध गतिविधिबारे सुरूदेखि आवाज उठाइआएको सिलसिलामा यसपटक लेखक, साहित्यकारहरूको बारेमा शोधखोजको प्रयास गरेको छ । यसबारेमा आगामी दिनमा गम्भीरतापूर्वक अनुसन्धानमा लाग्नका लागि यहाँ प्रकाशित सामग्रीले कोसे ढुंगाको काम गर्नेछ भन्ने हाम्रो विश्वास छ । त्यसो त यो अंकमा अन्य महत्त्वपूर्ण सामग्रीहरू समेत समेटिएका छन् । **हाम्रो तानसेन** त्रैमासिकका हरेक अंक विशेष अंकको रूपमा प्रकाशन गर्न लगाव देखाउने प्रधान सम्पादक धन्यवादका पात्र हुनुहुन्छ । हाम्रो तानसेनलाई निरन्तरता दिन प्रकाशन समितिलगायत आम पाठक र तानसेनवासीको साथ र सहयोग निरन्तर रहने विश्वास राखेका छौँ । हाम्रो तानसेन मार्फत् स्थानीय निर्वाचनयता जनप्रतिनिधिको नेतृत्वमा तानसेनमा भएगरेका कामबारे समेत आफूलाई लागेको प्रतिक्रिया लेखिपठाउन सबैसँग हामी खुल्ला आग्रह गर्दछौँ ।

(प्रवक्ता)

तानसेन शिक्षा, संस्कृति, साहित्य र सेवा प्रवाहप्रति मेरो सामीप्यता

- पीताम्बर पाण्डे

म सानो हुँदा बुबाबाट तानसेनको बजार, रानीघाट दरबार, मिसन अस्पतालका बारेमा कुरा गरेको स्मरण आउनुका साथै यहाँबाट दसैँ तिहारमा सरसामानसहित कपडाहरू लगिदिएको र पछि मेरा अग्रज दाजीहरू तानसेनमा क्याम्पस तहको अध्ययन गर्न आएपछि उहाँहरूबाट यहाँको त्रिभुवन बहुमुखी क्याम्पस, श्रीनगर, पुरानो चिटिक्क परेको तानसेन बजार एवम् प्राकृतिक सुन्दरता, धार्मिक मठमन्दिर, जात्रालगायतका विषयमा कुरा गर्दा साँच्चिकै तानसेन स्पर्शका लागि आतुर भइसकेको थिएँ ।

संयोग नै मान्नुपर्छ मैले गुल्मी हर्मीचौरबाट २०४४ सालमा एलएलसी उत्तीर्ण गरेपछि शिक्षा स्वास्थ्य र पर्यटन सम्वृद्धिको नारा बोकेको तानसेनमा क्याम्पस तहको शिक्षा आर्जन गर्ने अवसर मिल्यो । बालापनमा अग्रजहरूबाट तानसेनप्रति व्याख्या गरिएका धारणाहरूले मनमा अड्डा जमाइरहेको सन्दर्भमा तानसेन बसेर क्याम्पस तहमा शिक्षा आर्जन गर्न पाउँदा यथार्थमै मेरा लागि अहोभाग्य थियो । तत्कालीन अवस्थामा यस क्षेत्रकै गुणस्तरीय शिक्षाका कारण देशभर चर्चित रहेको त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पामा २०४५ देखि २०४७ सम्म आइकम तहको अध्ययन गरेको थिएँ । सुरूका दिनमा

धीरेन्द्रप्रसाद श्रेष्ठ र आइकम पढ्दापढ्दै पछिल्ला दिनमा चोलेश्वर शर्मा क्याम्पस प्रमुख हुनु भएको सम्झना छ । त्यतिबेला तानसेन मेहल्धारामा धवल पुस्तकालयभन्दा अलिक माथि भाडाको कोठामा बसेको थिएँ । कोठा नजिक रहेको धवल पुस्तकालयमा फुर्सदका समयमा पत्रपत्रिका र पुस्तकहरू पढ्न गए पनि साहित्यप्रति खासै कला र गलाले साथ नदिएको अनुभूति हुँदा सिर्जना एवम् प्रस्तुतिमा भन्दा पनि श्रवणमा बढी रूचि रहन्थ्यो । त्यसैले पनि तत्कालीन तानसेनका साहित्यक गतिविधि एवम् साहित्यिक जमघटहरूमा आफ्नै सक्रियता र क्रियाशीलताभन्दा पनि सर्जकहरूका साहित्यिक खुराक पढ्न तथा श्रवणमा सामीप्यता रहेको थियो ।

यसैगरी चिटिक्क परेको तानसेन बजार, शिरमा श्रीनगर, तल माडीफाँट, ऐतिहासिक धार्मिक सांस्कृतिक महत्त्व बोकेका मठमन्दिर र जात्राहरू एवम् यहाँको साहित्यिक, शैक्षिक वातावरणले मनमस्तिष्कसँगको अमिट सामीप्यता रहेकोले तानसेनलाई स्पर्श गरिरहने चाहनाका कारण हाल सेवा प्रवाहकर्ताको भूमिका निर्वाह गर्ने सिलसिलामा पुनः तानसेनसँगको सामीप्यता जोडिएको छ ।

तानसेनपछि काठमाडौंस्थित शङ्करदेव क्याम्पसबाट बी.कम. अनि काठमाडौंकै जनप्रशासन क्याम्पसबाट मैले एमपीए उत्तीर्ण गरें । पछि काठमाडौं बस्न थालियो यद्यपि मेरी आमा भने नवलपरासी कावासोतीमा बस्नुभएको छ । मैले २०५० सालदेखि निजामती सेवामा प्रवेश गरेको हुँ । विभिन्न ठाउँ हुँदै रूपन्देहीको देवदह नगरपालिकाबाट सरूवा भई २०७७ माघ १९ देखि तानसेन नगरपालिकामा प्रमुख प्रशासकीय पदमा कार्यरत रहेको छु ।

मैले यहाँ आउनासाथ तानसेन नगरपालिकाले विधिवत ढंगले प्रकाशन गरेको हाम्रो तानसेन त्रैमासिकका हालसम्मका अंकहरू अध्ययन गर्ने अवसर प्राप्त गरैं । हरेक अंक विशेष अंकका रूपमा प्रकाशित हाम्रो तानसेनको पूर्णाङ्क १२ तानसेनका केही लेखक तथा साहित्यकारहरूको संक्षिप्त परिचय अंकको रूपमा प्रकाशन गर्ने भन्ने निर्णय भएअनुसार प्रधानसम्पादक गोविन्द भट्टराईको आग्रहलाई बेवास्ता गर्न नसकी केही शब्द कोर्ने जमर्को गरेको छु ।

तानसेन विगतदेखि नै शिक्षा र साहित्यसँग सम्बन्धित गतिविधिका कारण चर्चामा रहेको सहर हो । हामीले पढ्दाताका विनयकुमार कसजू सम्पादक रहेको सत्य साप्ताहिक तानसेनबाट प्रकाशित भएको सम्झना छ । समाचारका अतिरिक्त त्यसमा समसामयिक कथा, कवितासमेत प्रकाशित हुन्थ्यो । माधवप्रसाद देवकोटा, जगतबहादुर जोशी, चिनियालाल बज्राचार्यलगायत शैक्षिक तथा साहित्यिक व्यक्तित्वहरूको नाम तानसेनमा सुनिन्थ्यो । क्याम्पस प्रमुख चोलेश्वर शर्मा स्वयम् व्यङ्ग्य विधाका निबन्ध लेखक हुनुहुन्थ्यो । उहाँहरूलगायत नेपाली (नेवारी), मगरी, अंग्रेजी साहित्यमा दखल भएका ओझेलमा रहेका व्यक्तित्वहरूलाई **हाम्रो तानसेन**को यो अंकले केही हदसम्म समाजमा परिचित गराउने काम गरेको छ । साहित्यकार, लेखक भनेका समाजका गहना हुन् यसर्थ उनीहरूको पहिचान अनि यथोचित कदरले सभ्य, सबल र स्वाभिमानी समाज निर्माणमा टेवा पुग्ने विश्वास लिएको छु । अन्त्यमा, तानसेनका लेखक, साहित्यकारप्रति पुनः हार्दिक नमन गर्दछु ।

(प्रमुख प्रशासकीय अधिकृत)

संघीय शासन पद्धतिमा नगरपालिकाका चुनौती

- डा. सोमलाल सुवेदी

वि.सं. २०७२ साल असोज ३ गते जारी भएको नेपालको सातौं संविधानले स्थानीय तह अर्थात् नगपालिका र गाउँपालिकालाई एकल र साझा अधिकार गरी विभिन्न अधिकार प्रदान गरेको छ । यी अधिकारहरूमा राजनीतिक, वित्तीय र प्रशासनिक अधिकारहरूको करिब करिब सन्तुलित व्यवस्था भएको पाइन्छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारले सहकारी संघीयता (समन्वय, सहकार्य र सहअस्तित्व) का आधारमा आ-आफ्ना अधिकार प्रयोग गर्न पाउँछन् ।

संघीय शासन प्रणालीमा सरकार तहहरूबीच असल एवम् जनहितका लागि स्वच्छ प्रतिस्पर्धा, खोज र नतिजामूलक कार्यहरू जवाफदेहीका साथ हुने विश्वास गरिन्छ । संघीयता कुनै नयाँ आयाम होइन राज्यशक्तिको दुई वा सोभन्दा बढी तहबाट प्रयोग गर्ने शासकीय व्यवस्था हो । धेरै तहका सरकारले जनतामुखी चिन्तन, व्यवहार र प्रतिफल दिनुका साथै शासन सञ्चालनमा धेरै निर्वाचित पदाधिकारीहरू संलग्न हुने र नयाँ-नयाँ खोजमूलक प्रतिस्पर्धात्मक कार्यहरू गर्ने भएकोले यस्तो पद्धतिलाई लोकतन्त्रको प्रयोगशाला (Laboratory of Democracy) मानिन्छ । लोकतन्त्रका शाश्वत् मूल्यमान्यता अवलम्बन गरी राजनीतिक शक्ति व्यवस्थापन गरी जनमैत्री शासन सञ्चालन गर्नु नै संघीयता हो । राजनीतिक संस्कार (Political Culture), स्वच्छता, जवाफदेहीपन एवम् नियन्त्रण र सन्तुलन संघीयताका अपरिहार्य पक्ष हुन् । नेपालको संविधान २०७२ को धारा ३०६ ले संघ, प्रदेश र स्थानीय तह (१+७+७५३=७६१) लाई संघीय इकाइ मानी सबै सरकारलाई आ-आफ्नो कार्य सम्पादनमा समान हैसियत दिलाएको छ । त्यसैले आजका हाम्रा नगरपालिकाहरू स्वायत्त सरकार हुन् जसलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय र प्रादेशिक नीति, र योजनाले अधिकार प्रदान गरी अधिकार सम्पन्न बनाएको अवस्था छ ।

नगरपालिकालाई अवसर

नगर/सहरहरू सभ्यताका केन्द्र हुन् । अर्थतन्त्रका आधार र अवसरका थलो हुन्। राजनीतिक चिन्तनको उद्‌गम स्थल नगरराज्यलाई नै मानिन्छ । नेपालमा सम्पन्नता विकासको स्तरभन्दा पनि संघीयता कार्यान्वयनका लागि पछिल्लो चरणमा र स्थानीय सरकार सबल इकाइ बनाउन अघिदेखि नै गाउँ विकास समिति मिसाएर नगरपालिका बनाइएको हो । हालका नगरपालिकाहरू विगतको भन्दा आकार, जनसंख्या र संभाव्यताका दृष्टिले सबल इकाइ बनेका छन् । अहिलेका अधिकांश नगरपालिकाहरू आर्थिक, भौगोलिक, जनसांख्यिक र श्रोतमा फराकिला र सबल छन् । नगरपालिकामा दुईवटा मूलभूत अवस्था देखिन्छन् ।

१) महानगर, उपमहानगर र तुलनात्मक रूपमा विकसित नगरहरूले आधुनिक तर तुलनात्मक रूपमा विकसित नगरहरूले आधुनिक सहर, Smart City सेवाको गुणस्तर आर्थिक विकास र ऊर्ध्वगामी विकास (Vertical Growth and Development) गर्नुपर्ने अवस्था छ ।

२) नगरपालिकाका लागि न्यूनतम आधारभूत पूर्वाधार, सेवा सुविधा र विकास हुन नसकेका नगरपालिकाले आधारभूत पूर्वाधार विकास, सेवा व्यवस्थापन आर्थिक विकास र समतलीय वृद्धि (Horizental Growth) को सही व्यवस्थापन गर्नुपर्ने अवस्था छ ।

हाम्रा कतिपय नगरपालिकाहरू सांस्कृतिक धरोहर,

सम्पदाका केन्द्र, प्राकृतिक सौन्दर्यपूर्ण र पर्यटकीय गन्तव्यका रूपमा रहेका छन् । नेपालको संविधान र कानुनले कार्यजिम्मेवारी, वित्तीय श्रोत, जनशक्ति व्यवस्थापन र स्वायत्तता दिएकोले नगरपालिकाले विधिसम्मत, मितव्ययी र जवाफदेही ढंगले अधिकारको प्रयोग गरी विद्यमान अवसरको सदुपयोग गरी नगरवासीलाई सुशासन, सेवा प्रवाह, विकास र समृद्धि दिलाउने अवसर एवम् चुनौती हाम्रा नगरपालिकालाई छ । निर्वाचित जनप्रतिनिधिहरू र स्थानीय राष्ट्रसेवकले सार्वजनिक स्रोतसाधन र स्थानीय सम्भाव्यता उपयोग गरी आफ्नै नगर बनाउने सुनौलो अवसर पाएका छन् ।

नगरपालिकाका चुनौती

विकास र शासन प्रणाली चुनौतीसँगै अघि बढ्छन् । चुनौतीबिना सहज कार्य हुँदैनन् । सामाजिक रूपान्तरण र विकासमा फड्को मार्न सम्बद्ध जिम्मेवार पदाधिकारीहरूले इमान्दारिताका साथ चुनौतीपूर्ण कार्यहरू गर्नुपर्नेमा दुईमत नहोला । हाम्रो शासकीय प्रणाली, राजनीतिक संस्कार र प्रशासनिक एवम् प्राविधिक सक्षमता एक्काइसौँ सताब्दीका सहरी चुनौती सामाना गर्न पर्याप्त छैनन् । परनिर्भरता र अड्कलेर गरिएको निक्षेपित अधिकारको बढोत्तरी (Incremental) ढाँचामा काम गरी आएका नगरपालिकाहरूले हाल प्राप्त कार्यजिम्मेवारी निर्वाह गरी संविधानको अभीष्ट पूरा गर्न गराउन देहायका चुनौती देखिन्छन् :

१) स्थानीय स्वायत्त सरकारको रूपमा सुझबुझ, संघ र प्रदेश सरकारको समन्वय, सहकार्य र सहयोग
२) राजनीतिक दलहरूको प्राथमिकता र संघीयताअनुकूल रूपान्तरण
३) ठालुहरू जसले काठमाडौँबाट हैकम चलाउन चाहन्छन् उनीहरूको सकरात्मक सोच, सहयोग
४) निर्वाचित जनप्रतिनिधिहरूको सिक्ने प्रवृति (Learning Attitude), क्षमता, इमान्दारिता र आ-आफ्नो सम्बन्धित राजनीतिक दलको सहयोग
५) संघ र प्रदेशको शासनमा बस्ने र राष्ट्रिय राजनीतिमा प्रभावशाली राजनीतिक दलहरूको प्राथमिकता र सहयोग
६) जनशक्ति व्यवस्थापन, क्षमता विकास, उपयोग र निरन्तरता
७) भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन भवन संहिता कार्यान्वयन र प्रकोप जोखिम न्यूनीकरण
८) आधारभूत (शिक्षा, स्वास्थ्य, सरसफाइ र फोहरमैला) व्यवस्थापन प्राथमिकता
९) पूर्वाधार विकासमुखी सोचको हावी प्राविधिक क्षमता र स्रोत व्यवस्थापन
१०) योजना पद्धतिको प्रभावकारिता, विश्वसनीयता, कार्यान्वयन क्षमता र अनुशासन
११) राजश्व परिचालन, राजश्व र सेवाको आबद्धता
१२) मितव्ययिता, पारदर्शिता र आर्थिक अनुशासन
१३) जताततै Rent Seeking सोच र व्यवहार
१४) निजी क्षेत्रको पुँजी, सीप र क्षमताको सदुपयोग एवम् साझेदारी
१५) नगर सुशासन, नियन्त्रण र सन्तुलन एवम् स्थानीय लोकतन्त्र सुदृढीकरण
१६) सूचना प्रविधिको प्रयोग र प्रतिफल
१७) राष्ट्रिय र प्रादेशिक योजना, प्राथमिकता र कार्यक्रमसँग तादाम्यता
१८) वित्तीय संघीयताको प्रभवाकारितामा संघ र प्रदेश सरकारको भूमिका
१९) सामाजिक र नागरिक सहयोग एवम् अपनत्व
२०) जलवायु परिवर्तन र अनुकूलन

चुनौती सामना गर्ने उपाय

नगर शासन र नगरक्षेत्रको विकासका चुनौती र अवसरलाई दृष्टिगत गरी नगरपालिकाले आफ्नो कानुन, नीति, योजना, प्राथमिकता, कार्यक्रम बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याकङ्न गर्ने पद्धति सुदृढ गर्दै जानुपर्छ । हाम्रो

शासकीय, व्यवस्थापकीय, प्रशासनिक र प्राविधिक क्षेत्रका विभिन्न चुनौतीलाई व्यवस्थापन गर्दै जानुपर्छ । नगरपालिकाको शाख र सुशासनले धेरै चुनौतीलाई सामना गर्न सहयोग पुऱ्याउने भएकोले यसतर्फ विशेष ध्यान दिनुपर्छ । संघीय शासन प्रणालीअन्तर्गत नगरपालिकाले स्वायत्त शासनको अभ्यास गरिरहेको अवस्थामा नगरशासनलाई जनमैत्री, सेवामुखी, नतिजामूलक र जवाफदेही बनाउन माथिका चुनौतीको सामना गर्न देहायका सुझाव दिन सकिन्छ :

१) नगरपालिका स्वायत्त सरकार हुन् भनी नगरस्तरमै क्षमता बढाएर काम गराउने संघ र प्रदेशको सोच तथा व्यवहार

२) राजनीतिक दलहरूको केन्द्रमुखी सोचमा रूपान्तरण र स्थानीय सरकार सहयोगी व्यवहार

३) संघीयतालाई ठालु (Elite) को सहयोग चाहिन्छ ।

४) निर्वाचित जनप्रतिनिधिहरूको ज्ञान, सीप अभिवृद्धि र राजनीतिक दलले कामको सही मूल्याकङ्न गरी प्रोत्साहित गर्ने सुनिश्चितता

५) राजनीतिक दलभित्रको द्वन्द्व, दलदलबीच द्वन्द्व र राजनीतिक दल र निर्वाचित पदाधिकारीहरू बीचको द्वन्द्व न्यूनीकरण र सहकार्य

६) संघ र प्रदेश आफैँ स्थानीय तहमा उपस्थित भै कार्यक्रम सञ्चालन गर्नुभन्दा नगरपालिकामार्फत् कार्य सम्पादन गराउने पद्धति

७) प्रशासनिक संघीयताको प्रभावकारिता र एकीकृत सुधार

८) जनशक्ति विकास योजना तर्जुमा र कार्यान्वयन कार्य वातावरण, व्यावसायिक स्वायत्तता र कार्य सम्पादन करार गरी कार्य गर्ने गराउने

९) नगरपालिकाको राजश्व सुधारयोजना तर्जुमा र कार्यान्वयन

१०) भू-उपयोग योजना र भवन संहिता कार्यान्वयन

११) आधारभूत सेवा व्यवस्थापन प्राथमिकता

१२) पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी

१३) संघ र प्रदेशको समन्वय, सहकार्य र सहयोगमा नगर विकास पूर्वाधार योजना तयार गरी कार्यान्वयन गर्ने गराउने

१४) मितव्ययिता, आर्थिक अनुशासन र खुला नगर सरकार

१५) पुरस्कार र दण्ड पद्धतिको कार्यान्वयन

१६) नियमित र प्रभावकारी अनुगमन मूल्याङ्कन

१७) नगर सुशासन प्रवर्द्धन

१८) नगरपालिका, प्रदेश र राष्ट्रिय आवधिक योजनामा समन्वय

१९) सूचना, प्रविधिको प्रयोग, कार्यविधि सरलीकरण र Downward Accountability का आयाम (सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण, लैङ्गिक लेखा परीक्षण आदि) को प्रयोग

२०) नगरपालिकाको गरिबी न्यूनीकरण तथा आर्थिक विकास योजना तर्जुमा र कार्यान्वयन

२१) वित्तीय संघीयतालाई नगरपालिकालाई सहयोग पुऱ्याउने गरी कार्यान्वयन

२२) जववायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू संघीय सरकारका निकायहरूले स्थानीयकरण गरी कार्यान्वयन गर्ने गराउने ।

२३) प्रकोप जोखिम न्यूनीकरण र पूर्वाधार निर्माणमा प्रकोप जोखिम न्यूनीकरणका उपाय अवलम्बन

२४ स्थानीय लोकतन्त्र सुदृढीकरण र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम नगरसभाका सुशासन, विधायन र सार्वजनिक लेखा समिति गठन, प्रभावकारिता र कार्यकारिणीलाई नियन्त्रण, सन्तुलन तथा सहजीकरण

२५) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पूर्णता, प्रभावकारिता र संघीय सरकारसँग व्यावसायिक संवाद गरी संसदसँग समन्वय गरी वित्तीय संघीयतालाई स्थानीय सरकारको वित्तीय रक्षाकवज बनाउन सक्ने बनाउने ।

(नेपाल सरकारका पूर्व मुख्य सचिव एवम् संघीयताविद)

पहाडकी रानी तानसेनसँग मेरो साइनो

- किशोर श्रेष्ठ

पहाडकी रानी तानसेन अर्थात् पाल्पासँग मेरो साइनो साऱ्हे नयाँ र धेरै पुरानो पनि होइन । २०४८ सालमा जस्तो लाग्छ मैले तानसेनमा पहिलो पाइला टेकेको । एउटा महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्ने सिलसिलामा निम्तो पाएको । २०४८ सालमा नेपाल पत्रकार संघ (हालको महासंघ) को केन्द्रीय सभापति हुनुहुन्थ्यो गोविन्द वियोगी । तत्कालीन पत्रकार संघको हाम्रो नेता । उहाँले मलाई एउटा जिम्मेवारी सुम्पिनुभयो । पहिलो आम चुनाव, २०४८ सालको पर्यवेक्षण गर्ने । नेपाल पत्रकार संघको तर्फबाट । त्यतिबेला मेरो अड्डा थियो, काठमाडौँको पुतली सडकमा । पोखरा र पाल्पा म र म जस्तै नाम भएका अग्रज पत्रकार किशोर नेपालको जिम्मेवारीमा थियो । किशोर नेपालले अन्तिम घडीमा पाल्पा जान मान्नुभएन । उहाँको के काम पऱ्यो कुन्नि ? म एक्लै नाइट बस चढेर पोखरा गएँ । पोखराको काम सकेर पुनः म बसको हुँट चढेर स्याङ्जाको घुम्ती बाटो हुँदै पाल्पाको तानसेन पुगेको थिएँ ।

तानसेनसँग मेरो साइनो अर्को के पनि जोडियो भने तानसेनको बसन्तपुरमा मेरो पनि अग्रज शम्भु श्रेष्ठ (सम्पादक/प्रकाशक दृष्टि साप्ताहिक) को घर, त्यहाँ पनि मैले पाइला टेक्नु थियो । खासै घुम्ने अवसर त होइन, चुनावमा के-के देखिन्छ, कस्तो मतदान भयो, धाँधलीका कुरा के थिए भन्ने सामान्य रिपोर्टिङ् गर्नुथियो । त्यो काम मैले पूरा गरेँ । म सानो भर्खरको युवा पत्रकार थिएँ, त्यसबेलाको चर्चित दृष्टि साप्ताहिकसँग जोडिएको । त्यसपछि अर्कोचोटि मलाई गोविन्द वियोगीले नै अर्को जिम्मेवारी दिनुभयो, चीनबाट आएका अखिल चीन पत्रकार संघको १७/१८ जनाको एउटा टोलीलाई विभिन्न स्थानमा डुलाउँदै लाने क्रममा तानसेन पनि लाने, त्यो काम पनि मैले फत्ते गरेँ । त्यसपछि अनेक खालका चुनाव भए, आम चुनाव भए, डा. पुरनमान बज्राचार्य, अरू स्थानीय चुनावमा शम्भु जीले नै त्यहाँ उम्मेदवारी दर्ता गर्ने कोसिस गरेको, यी यावत प्रकरणमा म जोडिएँ । त्यसपछि मेरा साथी हाल तानसेनका मेयर अशोककुमार शाही, पत्रकारहरू गोविन्द भट्टराई, झपेन्द्र गहिरे, मेघराज शर्मा, राजेशकुमार अर्याल, भगवान भण्डारी, रेखीराम रानालगायत अनेक पाल्पाली साथीहरू जोडिदैँ आउनुभयो । तर लामो समयसम्म पनि मैले पाल्पाको अर्को सौन्दर्य रानीघाट दरबार अर्थात् रानीमहल हेर्न पाएको थिएन । रानीमहलसँग म किन जोडिन्छु भने म इतिहासको विद्यार्थी, इतिहास विषयमै मैले स्नातकोत्तर तहसम्मको अध्ययन् सकेको, राणाकालीन इतिहासका चर्चित पात्र खड्ग शमशेर, जसले नेपालको राजनैतिक इतिहासमा महत्त्वपूर्ण भूमिका खेले । राणा शासनको बीउ रोप्ने जंगबहादुर राणाको निधनपछि उनका भाइ रणोद्वीप अर्थात् प्रधानमन्त्री रणोद्वीप श्री ३ महाराजलाई गोली हान्ने खड्ग शमशेर जसको साइनो हागाबिगा पछि रानी ऐश्वर्य र पशुपति शमशेरका खलक देवयानी (वा दीपेन्द्रकी प्रेमिका) वा बिहे गर्न आतुर रहेको तर खड्ग शमशेरले रणोद्वीपलाई मारेको मारिएको ऐश्वर्यसँग सम्बन्धित रहेको यो सम्बन्ध कालान्तरमा एउटा तिक्त प्रसङ्ग छ, जसले दरबार हत्याकाण्ड दोहोऱ्यायो । ती खड्ग शमशेर जो सेनापति पनि थिए,

जसले राणाशासनको बीउ रोप्ने क्रममा नयाँ ढंगले सत्ता समीकरणलाई घुमाउँदै ल्याए, तिनी लखेटिएर त्यसबेला पाल्पा पुगेका थिए । अर्का सेनापति थिए रूद्र शमशेर, जसको नाममा जसले बनाए, बहादुर भवन, अहिले निर्वाचन आयोग बसेको छ, काठमाडौँको जमलमा । उनी खेदिएको र राणा शासनको झण्डै-झण्डै अन्त्यतिर जुद्ध शमशेरले राजर्षी महाराज बनेर पाल्पाको रिडी अर्गलीमा दरबार स्थापना गर्दै पदवी त्याग गरेर भारत प्रस्थान गरेको ऐतिहासिक ठाउँ । यसरी तानसेन पाल्पाका अनेक स्थानहरूसँग जोडिएका ऐतिहासिक भूभागहरूसँग मेरो साइनो सम्बन्ध जोडिएको छ । त्यहाँका पत्रकार र पत्रकारितासँगको सम्बन्ध, गाउँले देउराली साप्ताहिक, विनयकुमार कसजूको उहाँले स्थापित गर्नुभएको ग्रामीण पत्रकारिता, अनुकरणीय पत्रकारिता, देउरालीका पूर्व सम्पादक मेघराज शर्मा, बन्द भइसकेपछि गोविन्द भट्टराईले (२१ देखि २५ वर्षसम्म) दुःखले थाम्नुभएको, अनेक प्रसङ्सँग जोडिएर आउँदो रहेछ । मोफसलको पत्रकारितालाई जीवन्त राख्न कति गाह्रो छ, त्यो आफैँमा चुनौतीपूर्ण अवस्था हुँदै हो । त्यसमाथि भारतीय सीमाबाट पनि नजिक भएर पहाडकी रानी तानसेन पाल्पा अझ आकर्षित गर्न, भारतीय पर्यटकको दृष्टिमा सुन्दर तानसेन पाल्पा । गर्मीले उखर्माउलो हुने सुनौलीपारी बोर्डरबाट पर्यटकहरु ल्याएर पाल्पालाई एउटा पर्यटन गन्तव्य बनाउन सकिने, पोखरासम्म आएका पर्यटकलाई पनि तानसेन तानेर रूपन्देहीको लुम्बिनीमा झार्न सकिने यस्ता अनेक प्रसङ्गहरु छन् । पछि हामीले लुम्बिनी लाने सिलसिलामा म्यानमार र श्रीलङ्काका पत्रकारहरु एकदम बरिष्ठ, अग्रज पत्रकारहरूलाई घुमाउन लगेको, पछि त्यहाँ हामीलाई मेयर अशोककुमार शाहीको नेतृत्वमा रहेको तानसेन नगरपालिकाले आतिथ्यता प्रदान गरेको अनेक प्रसङ्गहरु जोडिएका छन् ।

तानसेन पाल्पा आफैँमा ऐतिहासिक भूभाग हो, ऐतिहासिक नदीहरूको त्रिवेणी हो । त्यसलाई हामीले जोगाएर लानुपर्नेछ, त्यहाँको प्रतिभाहरूलाई राष्ट्र निर्माणमा लगाउनु पर्दछ । इतिहासमा एकसेएक हिराहरु जन्मिएका छन्, तानसेन पाल्पामा । जसले सरकारको, योजना आयोगको, कर्मचारीतन्त्रको भनौँ वा समग्र हिसाबले भनौँ, राज्यका विभिन्न अंगहरूमा नेतृत्वदायी भूमिका निर्वाह गरे, त्यस्ता व्यक्तित्वहरु रहेका छन् । यो स्थान ऐतिहासिक भूभाग पाल्पासँग मेरो साइनो सम्बन्ध जोडिएको हो, तानसेन नगरपालिकाका मेयर अशोककुमार शाही र त्यहाँका पत्रकारहरूका कारण । यसरी सबैसँग भावनात्मक रूपले म जोडिएको छु । स्थानीय वासिन्दाहरूसँग पनि मेरो एकदमै गाढा सम्बन्ध छ । बेलाबेलामा तानसेन जान, पाल्पा टेक्न रहर लाग्छ मलाई ।

तानसेन पाल्पालाई अझ आकर्षक, सबैको नजरमा राम्रो सुन्दर बनाउन हामीले अझैँ मेहनत गर्नुपर्नेछ । तानसेन नगरपालिकाले त्यहाँका नगरबासीले जुन ऐतिहासिकता, आफ्नै मौलिकता जोगाउन, पाल्पाली ढाका र करूवा जोगाउन जुन कसरत गरिरहेका छन्, मिहिनेत गरिरहेका छन् उनीहरूलाई साथ दिनुपर्दछ । श्रीनगरलाई त्यसको आफ्नै सौन्दर्य जोगाएर आकर्षक गन्तव्य बनाउन बाँकी नै छ । सबैको साथ रहेमा मेयर शाहीको श्रीनगर विग बुद्ध परियोजनाले तानसेन पाल्पालाई पुनजीर्वन दिने छ भन्ने आशा गरौं । आन्तरिक तथा बाह्य पर्यटनलाई बढवा दिन बाँकी छ । यी सबै काममा सफलता मिलोस् भन्ने मेरो शुभकामना छ ।

(वरिष्ठ पत्रकार तथा महासचिव, विश्व प्रेस काउन्सिल)

पाल्पाली कलाकार गंगाप्रसाद वैजू

- मेघराज शर्मा

पाल्पाले थुप्रै सत्पुरूषहरूलाई जन्माएको छ । तिनै सत्पुरूषहरूमध्ये एक हुन् कलाकार गंगाप्रसाद वैजू । यिनले आफ्नो समयमा फोटोग्राफी, चित्र र मूर्ति कलाका माध्यमबाट सबैको मन जितेका थिए । यिनले कोरेको चित्र र मूर्ति अहिले पनि तानसेनका केही घर र मन्दिरमा सजिएर रहेका छन् । यिनी आफ्नो समयमा चित्र र मूर्ति बनाउनमा अद्वितीय थिए । यिनको समयमा यिनको स्टुडियोमा फोटो खिचाउन अर्घाखाँची, गुल्मी, बाग्लुङ, स्याङ्जादेखि मानिसहरू तानसेन आउने गर्थे । यस्ता कलाकार गंगाप्रसादको जन्म पिता हरिप्रसाद श्रेष्ठ र माता पूर्णलक्ष्मी श्रेष्ठको कोखबाट तानसेन टक्सारटोलमा वि.सं. १९७६ कार्तिक महिनामा भएको थियो । यिनको बाल्यकालको शिक्षा-दीक्षा पं. माधवप्रसाद देवकोटाले अध्यापन गर्ने तानसेनको भाषा पाठशालाबाट भएको थियो । भाषा पाठशालाको अध्ययनपछि चित्रकलामा अत्याधिक रूचिका कारण चित्रकलासम्बन्धी विशेष ज्ञान हासिल गर्न यिनी बनारस भारतमा पुगे । बनारसमा यिनले ख्यातिप्राप्त ललितकलाका गुरू केदारनाथ शर्मासँग ललितकलासम्बन्धी ज्ञान सूक्ष्म रूपमा हासिल गरेपछि आफ्नो ललितकलासम्बन्धी ज्ञानलाई अझ प्रखर बनाउन भारतकै दिल्ली गएर करोलबागमा शोभा सिंहसँग कलासम्बन्धी चार वर्ष अध्ययन र अभ्यास गरे । त्यही बखत यिनले तेल रङ्ग, जल रङ्ग, पोष्टर रङ्ग आदिको कला सिके । त्यहीँबाट शोभा सिंहसँग खर्स्याङमा गएर चियाबगानमा १ महिना बसेर दृष्य चित्र बनाउन सिकेर विभिन्न चित्र बनाउने कलाको पनि ज्ञान हासिल गरे । त्यसबेला पाल्पामा कुनै पनि फोटोग्राफर नभएकाले उनलाई भारतको फोटोग्राफी देखेपछि फोटोग्राफीप्रति पनि अभिरूचि जाग्यो र कोलकतामा गई चौरङ्गबाघमा बङ्गाली बडाबाबुको सवाई क्यामरा हाउसमा फोटोग्राफीबारे सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गरी प्रमाणपत्र समेत लिन सफल भए । त्यही बखत उनले फोटोमा कलरिङ्, रिटर्च फिनिसिङ्ग, केमिकल मिक्सिङ्ग, प्रिन्ट, इन्र्लाजिङ्ग आदि सिके । त्यहाँ यिनले आफ्नो कलासम्बन्धी अध्ययनको समयमा केही समय निकाली पाउरोटी, बिस्कुट बनाउने कामसहित माटोको मोडेल बनाउने र डेन्टिसको कामसमेत सिके । यिनले आफ्नो अध्ययनको क्रममा अल इन्डिया चित्रकला प्रतियोगितामा भाग लिँदा द्वितीय स्थान प्राप्त गर्न सफल भए । यस्तै विश्वेश्वर जंग नागरिक पंचारिणी प्रतियोगितामा भाग लिँदा उत्तर प्रदेशमै

प्रथम भई आफ्नो कलाको उच्चतम ज्ञानको प्रदर्शन गरी भारतीयहरूलाई समेत चकित पारे ।

आफ्नो अध्ययनपछि नेपाल फर्केर आफ्नो कलाकारितालाई अगाडि बढाउने क्रममा अनेकौँ पुरस्कारले सम्मानित भए । उनले कलाकारिता र फोटोग्राफरको काम गर्दा तानसेनमा यससम्बन्धी काम गर्ने कोही थिएनन् । अनेक कठिनाइको बावजुद पनि यिनले आफ्नो फोटोग्राफी र मूर्तिकलासम्बन्धी कामलाई अगाडि बढाएर सबैबाट प्रशंसा आर्जित गर्न सफल

भए । २००६ सालतिर जगतबहादुर जोशीको सम्पादकत्वमा धवल पुस्तकालयद्वारा प्रकाशित हस्तलिखित 'पथप्रदर्शक' पत्रिकाको मुखपृष्ठको शीर्षकलाई चित्रमा रूपान्तरित गरी पत्रिकालाई आकर्षक बनाउन ठूलो भूमिका खेलेका थिए । यस्तै जनसाधारणले बुझ्ने, मनपराउने व्यङ्ग्यचित्र (कार्टुन) लेखनमा पनि प्रसिद्धि पाएका थिए । २०१५ सालमा राजा महेन्द्र पाल्पा आउँदा राजाले सम्बोधन गर्ने तानसेन गैराबारीको अत्यन्त आकर्षक मञ्चको निर्माण गंगाप्रसादले नै गरेका थिए । यसबाट खुसी भएर राजा महेन्द्रले यिनको घरमा प्राइभेट धारा प्रदान गरेको कुरा पाल्पामा अझै पनि चर्चित छ ।

पाल्पामा फोटोग्राफी, चित्रकला, मूर्तिकला आदिको विकासमा यिनको ठूलो भूमिका रहेको छ । महाचैत्य विहार टक्सारटोलमा रहेको माटोको सानो सुन्दर बुद्धको मूर्ति यिनले नै निर्माण गरेका हुन् । जुन महाचैत्य विहार टक्सारमा अहिले पनि हेर्न पाइन्छ । चित्र लेख्दा यिनले स्थानीय रूपमा सजिलै पाइने रङ्ग र सामग्रीहरूको प्रयोग गर्थे । यिनले विभिन्न रङ्गको माटो र ढुंगा पिसेर चित्रको लागि रङ्ग बनाउथे । यिनले चुन, बेसार, चन्दन जस्ता वस्तुको पनि प्रयोग गरी रङ्गीन चित्रहरू बनाएर ख्याती कमाएका थिए । यिनले चित्रकला, मूर्तिकला र वास्तुकलाका क्रियाकलापले आफ्नो समयमा सबैलाई मुग्ध पार्न सफल भएका थिए । यिनी आफ्नो यो ज्ञान आफूमा मात्र सीमित नराखी आफ्ना शिष्यहरूलाई हस्तान्तरण गर्न पनि सफल भएका थिए । यिनले केहीलाई चित्रकलासम्बन्धी तालिम पनि दिने गर्थे । यिनका केही शिष्य आज पनि यस क्षेत्रमा कार्यरत छन् । नेपालमा अहिलेको नामी चित्रकार तानसेनमा जन्मिएका अशोकमान सिं यिनकै शिष्य हुन् । कलाकारिताको राजनीतिक, पनि यिनको रूचि धवल पुस्तकालयको महत्त्वपूर्ण भूमिका २००४ सालमा पब्लिक हाई

क्षेत्रबाहेक सामाजिक कार्यमा उतिकै थियो । स्थापनामा यिनको रहेको थियो । वि.सं. पाल्पामा पद्म स्कूलको स्थापना हुँदा केही समय अवैतनिक शिक्षकको रूपमा सेवा गरी स्कुल सञ्चालनमा सहयोग पुऱ्याएका थिए । यस्तै वि.सं. २००५/२००६ सालमा डा. केआई सिंहको पार्टीमा लागेर प्रजातन्त्र स्थापनाको लागि यिनले काम पनि गरे । त्यसै बखत भारतको नौतनवाबाट राजनैतिक प्रचा ल्याउँदै गर्दा सुनौली नाकामा पक्राउसमेत परे । तत्कालीन शासकहरूले उनलाई भैरहवा जेल चलान गरे । उनी ९ महिनासम्म जेल सजायँ भोग्न बाध्य भएकै अवस्थामा जेल तोडेर भाग्न सफल भएको इतिहास आज पनि चर्चित छ । त्यसपछि यिनी नेपाली कांग्रेसको मुक्ति सेनामा सम्मिलित भई केही समय काम गरे । २००७ सालमा शान्तिपूर्ण क्रान्ति सफल भएपछि डा. महेन्द्रप्रसाद प्रधान र उनको संयुक्त कमान्डमा मुक्ति सेनाको नेतृत्व गर्दै स्याङ्जा, पोखरा कब्जा गर्न सफल भएका थिए । वि.सं. २००७ सालको प्रजातन्त्रपछि पार्टीका नेताहरूमा देशप्रति मरिमेट्ने भावनाको कमी र स्वार्थको राजनीति हावी भएको देखेपछि पार्टी राजनीतिबाट अलग भएर उनले आफ्नो जीवन कलाकारिता र समाजसेवामा नै समर्पण गरे । यिनको खेलकुदमा पनि विशेष रूचि थियो । यिनलाई मनपर्ने खेल फुटवल हो । पाल्पाको फुटवलको विकासमा पनि उनको महत्त्वपूर्ण भूमिका रहेको थियो । पाल्पाका पुराना फुटवल खेलाडीको नाम लिँदा अहिले पनि उनको नाम अगाडि आउँदछ । केही समय अगाडि खेलकुद पत्रकार मञ्च पाल्पाले पुराना खेलाडीहरूको सम्मान गर्ने क्रममा विशेष समारोहको आयोजना गरी यिनलाई पनि सम्मान गरेको थियो । यिनले जीवनमा धेरै उतार चढावहरू बेहोर्नु परे पनि जीवनको आखिरीसम्म आफ्ना भावना र विचारलाई कसैको सामु झुकाउँनु नपरेको कुरा यो पंक्तिकारलाई सगौरव सुनाउने गर्थे । त्यसबखत तानसेनमा कुनै नयाँ कुराको योजना बनाउन पऱ्यो भने सबैले गंगा वैजूको सहयोगको अपेक्षा राख्थे । फोटोग्राफी चित्रकला, मूर्तिकलामा राम्रो दखल भएका गंगाप्रसाद वैजूसँग यो पंक्तिकारको राम्रो पारिवारिक सम्बन्ध थियो । कलाको आनन्द सबैले लिन पाउनुपर्छ भन्ने यिनको मान्यता थियो । त्यस बखत चित्रकला अथवा मूर्तिकलासम्बन्धी उनीसँग जोकोही पनि सिक्न आउदा वडो श्रद्धासाथ निःशुल्क रूपमा सिकाउने गर्थे । यिनले अरूलाई सिकाउन पाउदा आनन्दको अनुभूति गर्थे । यिनले भन्ने गर्थे- "मानिस आफ्नो भाग्यको निर्माता आफै हो । अरूको आशमा बसेर आफ्नो भाग्यको निर्माण हुँदैन ।" यो कुरा आफ्नो जीवनकालमा यिनले गरेर पनि देखाए । यस्ता बहुप्रतिभाशाली व्यक्तित्व गंगाप्रसादको वि.सं. २०७२ साल कात्तिक १३ गते निधन भयो । उनी मरेर गए पनि उनको कलाकृति र नाम अहिले पनि बाँचिरहेको छ र बाँचिरहनेछ ।

(वरिष्ठ पत्रकार)

कवि कृष्णदेव शर्माको सम्झनामा

- दिल साहनी

शरणातग हुँदो भयो
रात,
बस्न दिनै पन्यो
बस्यो, खायो
र सुत्यो
भोलिखेरिको कुरा
सखारै
ऊ
चौथो पहरमैं उठ्यो
र हतारिँदै
बस्दो घरलाई
गुनको बदला
गुन थमाई
'उज्यालो'
ऊ बिदा भयो ।
- कृष्णदेव शर्मा (शरणागत)

पाल्पा तानेसेनमा मसित निकै घनिष्ठ सम्बन्ध भएका एकजना व्यक्ति हुन् कृष्णदेव शर्मा । कृष्णदेव शर्मासित मेरो कहिले र कसरी चिनाजानी र सम्पर्क भयो म राम्ररी सम्झिन सक्दिनँ । मलाई लाग्दछ उनीसित मेरो चिनाजानी र घनिष्ठता गराउने धवल पुस्तकालय नै हो । जहाँसम्म मलाई थाहा छ कृष्णदेव शर्माले पाल्पाको ऐतिहासिक धवल पुस्तकालय ढल्न थालेको कुरा लेखेका थिए । पुस्तक पढ्ने दलानपछि धवल पुस्तकालयको रूपमा विकसित भएको कुरा लेखेका थिए । मैले यसै विषयलाई महत्त्व दिएर उनको चिन्तालाई व्यक्त गर्दै धवल पुस्तकालयको बारेमा लेख लेखेर स्थानीय पत्रिकामा प्रकाशित गरेको थिएँ । शायद यिनै प्रसङ्गले हामीबीच मित्रता बढ्यो । तबदेखि मैले कृष्णदेव शर्मामा रूचि लिन थालें । कृष्णदेव शर्माले मप्रति रूचि लिन थाले । मलाई थाहा भएकै थियो कृष्णदेव शर्मा मेरो राजनैतिक आस्थाप्रति सहमत थिएनन् । म पनि उनको राजनैतिक आस्थाप्रति सहमत थिइनँ । भए पनि मेरो राजनैतिक आस्था उनलाई मसितको मित्रताको निम्ति अवरोध भएन । त्यसरी नै उनको राजनैतिक आस्था मेरो उनीसितको मित्रताको लागि कुनै अवरोध भएन । वास्तवमा हामीबीच आफ्नो राजनैतिक आस्था सम्बन्धमा खासै कुनै कुरा भएन । भए जस्तो मलाई लाग्दैन ।

ब्रिटिस शासनकालमा कलकत्तामा सन् १९२६ मा नेपाली चेली राजकुमारीलाई बन्धक बनाएर उनको अस्मितामाथि खेल्ने सेठ हीरालाललाई सिरूपाते खुकुरीले ठुन्काएर उनको उद्धार गरी नांगै खुकुरीसित पुलिस थानामा हाजिर हुन पुगेका कानुनका विद्यार्थी वीर खड्गबहादुर सिंह विष्ट सन् १९३० मा जेलबाट छुटेको र पछि बेपत्ता भएको कुरा प्रा गोपीनारायण प्रधानले मलाई शिलाङमा पढ्न दिएको, **हाम्रो संसार** पत्रिकामा प्रकाशित जी छिरिंगले वीर खड्ग बहादुर सिंह विष्टको बारेमा लेखेको लेख पढेर केही कुरा

चाल पाएको थिएँ । त्यो लेख पढेदेखि मेरो मनमा वीर खड्गबहादुर सिंह विष्टको बारेमा जानकारी लिने जान्ने अभिरूचि तथा चासो बढेको थियो । यसैबीच मैले दार्जीलिङका डी पी परिवारले वीर खड्गबहादुर सिंह विष्टको बारेमा लेखेको नाटक पनि साझा पुस्तक पसलबाट प्राप्त गरी पढेको थिएँ । त्यस पुस्तकबाट पनि मैले वीर खड्गबहादुर सिंह विष्टको बारेमा धेरै कुरा चाल पाएको थिएँ । त्यस नाटकको भूमिकामा लेखिएको थियो उनी जेल मुक्त भएपछि भारत वर्षका १५० जति महिला संघ, गोरखा लिग, गोरखा कल्याण संघ तथा नेताजी सुभाषचन्द्र बोस, श्रीमती मनमोहनी देवी, शरतचन्द्र बोस, शरद्चन्द्र चटर्जी, अगमसिंह गिरी, ठाकुरचन्दन सिंहलगायत कलकत्ता महानगरीका लाखौँ नागरिकहरूले टाउन हलमा २ अप्रिल १९३० मा उनको भव्य अभिनन्दन गरेका थिए । नेताजी सुभाषचन्द्रका दाइ तथा कलाकत्ता हाई कोर्टमा व्यारिस्टर शरद्चन्द्र बोसले वीर विष्टको उच्च मूल्यांकन गर्दै भनेका थिए- कलकत्ता विश्वविद्यायलबाट सर्वोच्च स्थान प्राप्त गर्दै कानूनको परीक्षामा उत्तीर्ण भएर पनि उनी वकालत पेसामा नलागी स्त्री जातिको सतीत्वको रक्षा गर्ने कार्यमा अग्रसर भए ।

सायद मैले स्थानीय पत्रिकामा वीर खड्गबहादुर सिंह विष्टको बारेमा चर्चा चलाएको कुरा चाल पाएर होला मलाई कृष्णदेव शर्माले वीर खड्गबहादुर सिंह विष्ट तानसेनमा स्वामी प्रेमानन्दको नाममा आएको, त्यहाँका विद्यार्थीहरूलाई नारायण थानको पौवामा बटुलेर पढाएको तथा उनका बुबा सीताराम शर्मा रेग्मीले उनलाई आफ्नो घर मेहलधारामा पढाउने व्यवस्था मिलाएको कुरा सुनाए । उनले के कुरा पनि बताए भने केही समयपछि तत्कालीन तैनाथवाला माधव शमशेरले आफ्नो कार्यालयमा वीर खड्गबहादुर सिंह विष्टलाई डाकेको बेलामा उनीसित कडा सबाल जबाफ भएपछि र उनको वास्तविक परिचय खुले पछि आगो भएर पुलिस खटाई उनलाई नुवाकोटको डाँडा कटाउन लगाएका थिए । त्यसपछि उनी कता हराए थाहा भएन ।

यसै प्रसंगमा कृष्णदेव शर्माले मलाई के पनि बताएका थिए भने वीर खड्गबहादुर सिंह विष्टले तानसेन पाल्पामा पढाएका विद्यार्थीमध्ये मात्र एकजना अहिलेसम्म जीवित छन् । तानसेन पाल्पामा नै छन् । उनको नाम हो करूणाप्रसाद प्रधान । उनले पाल्पाको हाई स्कूल (प.प.मावि) बाट २०४१ सालमा अवकाश प्राप्त गरेका हुन् । ९५ वर्षका करूणा मास्टर कान कम सुन्छन् । तपाई म कहाँ तानसेन पाल्पा आउनुहोस् मैले तपाईको भेट करूणाप्रसाद प्रधानसित गराइदिन्छु ।

वीर खड्गबहादुर सिंह विष्टलाई भेट्न नसके पनि उनलाई भेटेको र अझ उनले पढाएका व्यक्तिलाई भेट्न पाउनु मेरो लागि कम सौभाग्य र खुसीको कुरो थिएन । म सहर्ष कृष्णदेव शर्माको निम्तो स्वीकार गरी ज्ञानु के सी र मित्र धर्मलाल भूसालसित तानसेन पाल्पातिर लागेको थिएँ कार्तिक २३ गतेका दिन । पाल्पा तानसेन पुगेपछि ज्ञानु केसी अदालततिर लागिन् । म र धर्मलाल भूसाल कृष्णदेव शर्माका घर खोज्दै हिँड्न थाल्यौं । उनको घर नारायण थान नजिकै भुसालडाँडा जाने बाटोमा पर्दोरहेछ । राणा शैलीमा बनेको कृष्णदेव शर्माको चिटिक्क परेको सानो घर निकै आकर्षक रहेछ । उनी त्यस दिन घरमा नै रहेछन् । हाम्रो भेट भयो । त्यतिबेला कृष्णदेव शर्मा ८२ वर्षका भएका रहेछन् । हामीलाई देखेर उनी निकै हर्षित भए । उनलाई भेटेर हामी हर्षित नहुने कुरै भएन । उनले हामीलाई वीर खड्गबहादुर सिंह विष्ट बस्ने गरेको कोठा र उनले पढाउने गरेको ठाउँ देखाए । हामीले त्यहाँ उभिएर फोटा खिच्यौं । त्यो घर हाल अरू कसैको स्वामित्वमा रहेछ ।

त्यसपछि कृष्णदेव शर्माले हामीलाई उकालो बाटो हिंडाउँदै करूणाप्रसाद प्रधानको घरतिर लगे । उकालोमा हामी बरू राम्ररी हिँड्न सकिरहेका थिएनौँ जबकि कृष्णदेव शर्मा फटाफट हिँडिरहेका थिए । कृष्णदेव शर्माले हामीलाई करूणाप्रसाद प्रधानको घर देखाए । राणा शैलीमा बनेको उनको घर निकै सानदार रहेछ । घर अगाडि गाडीहरू खडा थिए । सोधपुछ गर्दा थाहा लाग्यो त्यतिबेला करूणा मास्टर तानसेन पाल्पामा उपलब्ध रहेनछन् । उनी त भैरहवा आएका रहेछन् । हामी निराश भएर फर्कियौँ । कृष्णदेव शर्माले भैरहवामा नै पुगेर करूणाप्रसाद प्रधानलाई भेट गराउने विचार प्रकट गरेका थिए हामीसित । उनले भनेका थिए करूणाजीलाई भैरहवामा नै गएर भेटौँला । म तिहारपछि बुटबलतिर झर्छु ।

मेरो इच्छा पनि कृष्णदेव शर्मासित नै भैरहवा गएर करूणाप्रसाद प्रधानलाई भेट्ने नै थियो तर ढिलो भए उनी फेरि पाल्पा फर्किन्छन् भन्ने डर पनि छँदै थियो । केही दिनपछि पाल्पाबाट कृष्णदेव शर्माको फोन आयो । उनले मलाई भने उनी मोटरसाइकलको एक्सिडेन्टमा परेको हुनाले तुरून्त बुटबलतिर झर्ने कुरा पर सरेको छ । यतिबेला करूणाप्रसाद प्रधान बुटवल सुख्खानगरमा नै बसेका छन् । उनका छोरी ज्वाइँ मीरा मास्के र क्रान्ति मास्केको घरमा । मैले उनलाई यतै भेट्दा हुन्छ । उनी केही समयपछि बुटवल झर्ने छन् । फेरि हामीले एकसाथ करूणाप्रसाद प्रधानलाई भेट्न सक्ने छौँ । कृष्णदेव शर्माले दिएको फोन सम्पर्क गर्दा मलाई थाहा भयो मैले भेट्न खोजेका करूणाप्रसाद प्रधान मेरो घरदेखि करिब ७ मिनटको दूरीमा आएर बसेका रहेछन् । मैले एक्लै तुरून्तै करूणाप्रसाद प्रधानलाई भेट्न सकँ । तर कृष्णदेव शर्मासित एकसाथ भेट्ने दिन भने कहिले जुरेन ।

जेहोस, मैले करूणाप्रसाद प्रधानलाई भेटेपछि उनको बारेमा र उनले वीर खड्गबहादुर सिंह विष्टको बारेमा भनेका कुरा खड्गबहादुर सिंह विष्टलाई भेट्ने मान्छेसित मेरो भेट शीर्षकमा एउटा लेख १६-८-२०६९ मा लेखेर **गरिमा** (वर्ष ३१ अंक ४, पूर्णांक ३६४ चैत्र २०६९) मा प्रकाशित गरेको छु । त्यसरी नै मैले कृष्णदेव शर्माका मुखबाट वीर खड्गबहादुर सिंह विष्टका बारेमा सुनेका कुरा- वीर खड्गबहादुर सिंह विष्टबारेको कृष्णदेव शर्माको बकपत्र शीर्षकमा २५-१२-२०७१ मा लेखेर **गरिमा** (साउन २०७२, वर्ष ३४ अंक २ पूर्णांक ३७६) मा प्रकाशित गरेको छु ।

कृष्णदेव शर्माका घरमा बसेका बेलामा उनले हामीसित निकै धेरै कुराकानी गरेका थिए । उनको धेरै जसो कुरा धवल पुस्तकालयसित केन्द्रित रहेका थिए । उनी भन्दथे धवल पुस्तकालय नेपालको सबभन्दा पुरानो पुस्तकालयमा पर्दछ । कुरै कुरामा उनले भनेका थिए उनले चौरासीको पूजा गर्ने छैनन् । बरू चौरासी वर्ष पुग्दा चौरासी पूजामा खर्च हुने रकम धवल पुस्तकालयलाई चन्दा दिनेछन् । पछि मैले सुनेको थिएँ उनले चौरासी पुग्दा घवल पुस्तकालयलाई एक लाख एक सय एघार रूपैयाँ चन्दा दिए । त्यतिबेला उनकै निवासमा भएको बेलामा आत्मविश्वासको साथमा कृष्णदेव शर्माले भनेका थिए उनी सय वर्षभन्दा बढी बाँच्नेछन् ।

एक दिन काठमाडौँबाट मलाई कृष्णदेव शर्माले फोन गर्दै भनेका थिए- 'साहनीजी मेरो नेपाली र हिन्दी कविताको सङ्ग्रह **स्वान्तसुखाय** को पाल्पामा (पुस्तक पढ्ने दलान) धवल पुस्तकालयमा लोकार्पण हुँदै छ । त्यसको टिप्पणी तपाईले गर्नुपर्दछ । यो मेरो इच्छा हो ।' उनको इच्छा शब्दले मलाई जसरी भए पनि पाल्पा नगई नहुने अवस्थामा पुऱ्याएको थियो । फेरि पनि मैले उनलाई शर्त तेर्साउँदै जवाबमा भनेको थिएँ- सिद्धबाबामा पहिरो चलेर बाटो ब्लक नभएमा म अवश्य आउँछु । कृष्णदेव शर्माको ठूलो आग्रहको बाबजुद पनि अघिल्लोपल्ट धवल पुस्तकालयको मुखपत्र पथप्रदर्शकको विमोचन कार्यक्रममा अनुपस्थित भएको थिएँ म । त्यसको विमोचन प्रसिद्ध समालोचक डा. तारानाथ शर्माले गरेका थिए । पछि डा. तारानाथ शर्मा र कुष्णदेव शर्मासित बुटबलमा मेरो भेट भएको थियो । अघिल्लोपल्टको शोध भर्नाको लागि पनि म यसपल्ट तानसेन जानु पर्ने भयो ।

म धवल पुस्तकालयमा पुग्दा कार्यक्रम भर्खर सुरू हुन थालेको थियो । मेरो आडमा जनगायक रामेश बसेका रहेछन् । हामीबीच तीन दशकभन्दा केही बढी समयपछि भेट भएको थियो । म बसेको ठाउँ नजिक सौरभ बसेका रहेछन् । उनले मसित हात मिलाए । मैले नचिनी नचिनी उनीसित हात मिलाएँ । पछि पो मलाई थाहा भयो मैले हात मिलाएका व्यक्ति कडा लेख लेख्ने लेखक सौरभ रहेछन् । मलाई सौरभ उनका लेखन जस्ता क्लिष्ट लागेनन् । बरू उनका लेखहरूभन्दा उनी धेरै सरल लागे । उनका लेखभन्दा उनी बढी मिजासिला लागे ।

मैले पुस्तकको शीर्षक स्वान्तसुखायमाथि टिप्पणी गर्दै भनेको थिएँ- 'यो तुलसी दासको मान्यता हो । यस्तो मान्यता अरू कविको पनि रहने गरेको छ । तर मलाई लाग्दछ कवितालाई स्वान्तसुखायमा सीमित राख्न हुन्न । कविता अरूकै सुखका लागि सृजित भएको हुनुपर्दछ । हुन त आफ्नो सुख अरूको पनि सुख भएको हुन सक्दछ । अथवा अरूको सुख आफ्नो सुख पनि भएको हुन सक्दछ ।' मैले समष्टिमा कृष्णदेव शर्माका कवितामा टिप्पणी गरेका कुरो यस्ता थिए- उनका कवितामा राजनीतिका उतार चढावभन्दा पनि जीवनका आरोह अवरोह पाइन्छ । विचारभन्दा पनि भावना र अनुभूति पाइन्छ । गम्भीर दार्शनिक चिन्तनभन्दा पनि स्वच्छन्द कल्पनाको

झिल्का पाइन्छ । उनी कवितासित खेल्दछन् । भावना र अनुभूतिसित लुकामारी गर्दछन् । शब्दका पुतली नर्तन गर्दछन् । उनका कवितामा गागरमा सागर भर्ने शक्ति हुन्छ । उनले सरल कुरालाई पनि जटिल बनाएर प्रस्तुत गर्दछन् । उनले आफ्ना आँखा वरिपरि देखेका बस्तुलाई कविको नजरले हेर्दछन् र के कुराको पुष्टि गर्न खोज्दछन् भने जहाँ रवि पुगेको हुँदैन त्यहाँ कवि पुगेको हुन्छ । कृष्णदेवका नेपाली कविताभन्दा हिन्दी कविता बढी उत्कृष्ट र सफल देखिन्छन् । उनका हिन्दी कवितामा आधुनिक सहरी जीवनभन्दा पनि ग्रामीण परिवेश र चित्रणको बोलावाला हुन्छ । उनका कविताको गहिराइ नाप्न एकछिन घोरिन पर्दछ । घोत्लिन पर्दछ । सायद उनका कविताको सुन्दता नै यही हो । कवि कृष्णदेव शर्मा आफ्ना कवितामा हराउँछन् र पाठकलाई पनि तिनमा हराउन खोज्दछन् ।

कृष्णदेव शर्माले बराबर मलाई उनका स-साना कविता निकै लामो समयसम्म टेलिफोनबाट सुनाइरहन्थे । एक दिन उनले मलाई टेलिफोन गरे । मैले टेलिफोन उठाउने बित्तिकै अरू केही नभनी धमाधम कविता सुनाउन थाले -

जो देशको हो
उसको हातमा देश छैन
जो देशको होइन
उसको हातमा देश छ .....

मैले भने यो त मेरो कविता हो । उनले भने हो मैले तपाईंकै कविता पढ्दैछु । तपाईंको कविता डा. कृष्ण भट्टचनले आफ्नो एउटा कार्यपत्रमा उल्लेख गरेका रहेछन् । उनको कार्यपत्र जहाँसम्म म अहिले संझिन्छु घटना विचारमा छापिएको थियो ।

देश कसको हातमा छ शीर्षकको यो कविता मैले भैरहवामा पारिजातको उपस्थितिमा पढेको थिएँ । पारिजातले राम्रो मानेर मसित यो कविता मागी **उत्साह**मा प्रकाशित गरेकी थिइन । त्यतिबेलाको पञ्चायती प्रशासनले यिनै पंक्तिमा कालो पोतेर मात्र पत्रिकाको वितरणको लागि अनुमति दिएको थियो ।

कृष्णदेव शर्माले मलाई टेलिफोनबाट नेपाली कविताभन्दा पनि छोटा छोटा हिन्दी कविता सुनाउने गर्दथे । उनको हिन्दी कविताको घुमाउरो भाव बुझेर तुरून्त प्रतिक्रिया दिनु मेरो लागि फलामका चिउरा चपाउनु जत्तिकै गाह्रो हुन्थ्यो । फेरि पनि मैले जति बुझ्दथें त्यो उनलाई बताउँथें । उनको हिन्दी भाषामा दखल देखेर म दङ्ग परेको थिएँ । मेरो मान्यता के थियो भने भारतमा बसी खेलीबढेको वा हिन्दीमा शिक्षा-दीक्षा पाएको व्यक्तिले मात्र हिन्दी भाषामा दखल गरेर त्यति उत्कृष्ट कविता सृजना गर्न सक्दछ ।

हिन्दीमा मेरो वी.ए. स्तरसम्मको अध्ययन भएर पनि र केही समय मैले मेघालयमा हिन्दी शिक्षकको रूपमा नियुक्ति पाएर काम गरेको भए पनि म आफूलाई हिन्दी भाषामा राम्रो दखल भएको व्यक्ति ठान्दिनथें । यसैले पनि म कृष्णदेव शर्माको हिन्दी भाषामाथिको दखल देखेर दङ्ग हुन पुगेको थिएँ ।

एक दिन मैले उनलाई सोधेको थिएँ के तपाईं भारतमा बसेर यति राम्रो हिन्दी सिक्नु भएको हो । उनले जवाबमा भनेका थिए- 'मैले भारतमा बसेर हिन्दी सिकेको होइन । हिन्दी पत्रिका पढेर हिन्दी सिकेको हुँ । म तानसेनमा हिन्दी पत्रिका नपाए सुनौलीसम्म हिन्दी पत्रिका खोज्न पुग्दथें ।' हुन पनि उनी हिन्दी पत्रिकाका सौखिन थिए ।

कैयौं वर्षसम्म कृष्णदेव शर्माले मसित टेलिफोनमा

कुराकानी गरिरहे । नेपाली र विशेष गरी हिन्दीमा कविता सुनाइरहे तर पछि उनले कान सुन्न छोडेछन् । यस्तो स्थितिमा उनले मलाई कविता पढेर सुनाए पनि मेरो प्रतिक्रिया सुन्न सक्दैनथे । यस्तो अवस्थामा उनी र मबीचको टेलिफोनिक संवाद बन्द हुँदै जानु स्वभाविक कुरा हुन जान्थ्यो । फेरि पनि कतिबेला उनले मलाई टेलिफोनमा कुराकानी गर्न आवश्यक हुन्थ्यो । उनले भनेका कुरा त मैले राम्ररी सुन्ने बुझ्ने कुरा त हुने नै भयो । मेरा कुरा संभवतः उनी नातिमार्फत् सुन्दथे । नातिबाट बुझ्दथे । जे होस्, कान सुन्न छोडे पछि हामीबीचको संवादमा एक किसिमको ब्रेक लागेको स्थिति हुन पुग्यो ।

उमेरले बृद्ध भए पनि कृष्णदेव शर्मा भावना र विचारले बृद्ध भएका थिएनन् । उनी बराबर काठमाडौँ पुगिरहन्थे । कुँदिरहन्थे । उनी बराबर बुटबल झरिरहन्थे । बुटबल नजिक उनकी छोरी भएको कारणले पनि उनलाई बुटबल झर्न पर्दो हो सायद । बुटबल आउँदा उनले मलाई अनिवार्य भेट्दथे तर कान सुन्न छोडेपछि हामीबीच खुलेर कुराकानी हुन सक्दैनथ्यो ।

पछिल्लोपल्ट उनले काठमाडौँबाट हिन्दीको कविता संग्रहको पुस्तक प्रकाशित गर्दै थिए । त्यसको लागि उनले मलाई दुई शब्द कोरिदिन भनेका थिए । मैले उनको मागअनुसार उक्त पुस्तकको लागि दुई शब्द कोरिदिएको पनि थिएँ । दुई शब्द यस्तो थियो-

मेरा दुई शब्द

पाल्पा तानसेनका कृष्णदेव शर्मासित मेरो परिचय भएको लभगभग दुई दशक जति भयो होला । १९८७ सालमा पाल्पा तानसेनको मेहलधारा, बार्ड न. २ मा जन्मिनु भएको कृष्णदेव शर्मा अहिले ८७ वर्षका युवा हुनुहुन्छ । उहाँका पिताको नाम सीताराम शर्मा र माताको नाम हो, लीलाकुमारी शर्मा । केही वर्ष अघि उहाँकै आग्रहमा वीर खड्गबहादुर सिंह विष्ट बसेको ठाउँ हेर्न र उनले पढाएका करूणाप्रसाद प्रधानलाई भेट्न म र मेरा मित्र धर्मलाल भूसाल उहाँकै निवास तानसेन मेहलधारामा पुगेका थियौँ । उहाँलाई हामीले भेट्दा उहाँ चौरासी वर्षको हाराहारीमा पुग्न थाल्नुभएको थियो । उहाँले हामीलाई यस भेटमा भन्नुभएको थियो मैले चौरासीको पूजा गर्दिनँ । आफूलाई बृद्ध देखाउन मैले किन चौरासीको पूजा गर्ने । बरू मैले चौरासी पूजा गर्नको सट्टा त्यसमा खर्च हुने रूपैयाँ धवल पुस्तकालयलाई चन्दा दिन्छु । उहाँ ८४ वर्ष पुग्दा उहाँले एक लाख एक सय एघार रूपैयाँ धवल पुस्तकालयलाई प्रदान गर्नुभएको छ । धवल पुस्तकालय १९८३ सालमा तानसेनमा पुस्तक पढ्ने दलानको रूपमा स्थापित भएको थियो । यस पुस्तकालयलाई अघि बढाउनमा कृष्णदेव शर्माको ठूलो हात छ । ठूलो योगदान छ । हाल यो पुस्तकालयको आफ्नै विशाल भवन छ । यो पुस्तकालय भत्किदा उहाँ निकै चिन्तित हुनुभएको थियो । यस सम्बन्धमा उहाँको गुनासोको सम्बन्धमा मैले त्यतिबेला पत्र पत्रिकामा कलम चलाएको थिएँ । यहाँ म विशेष के कुरा उल्लेख गर्न चाहन्छु भने उहाँले नै मलाई कलकत्तामा एउटी नेपाली चेलीलाई बन्दी बनाउने सेठलाई सिरूपाते खुकुरीले गिँडेर जेल गएका कानूनका विद्यार्थी वीर खड्गबहादुर सिंह विष्ट ब्रिटिसको जेलबाट छुट्नासाथ तानसेन आएर बसेको र उनले केही विद्यार्थीलाई पढाएकोमा ती विद्यार्थीमध्येमा पद्मोदय हाई स्कूलका पूर्व प्रधानाध्यापक करूणाप्रसाद प्रधान मात्र जीवित रहेको बताउनुभएको थियो । मैले उहाँको आग्रहअनुसार बुटवलमा नै करूणाप्रसाद प्रधानलाई भेटी उहाँको बारेमा लेखेको लेख **गरिमा**मा प्रकाशित भैसकेको छ । नेपाली भाषामा भन्दा हिन्दी भाषामा सुन्दर कविता लेख्ने कृष्णदेव शर्माले फोनबाट नै उहाँले हिन्दीमा लेखेका कविता मलाई सुनाउनु हुन्थ्यो र मेरो प्रतिक्रिया लिनुहुन्थ्यो । म कुष्णदेव शर्माका कवितामा महादेवी बर्मा, सुमित्रा नन्दन पंत, जय शंकर प्रसाद र र्सूय कान्त त्रिपाठी निरालाका कवितामा जस्तै भाव गम्भीरता पाउँथे । म छक्क पर्दथेँ उहाँले कसरी पाल्पा तानसेनमा बसेर त्यति सुन्दर हिन्दी कविता लेख्न सक्नुभयो ? यसबारे प्रश्न गर्दा उहाँले मलाई भन्नुभएको थियो- उहाँले हिन्दी पत्र-पत्रिकाको नियमित अध्ययन गरेर नै हिन्दी भाषाको ज्ञान प्राप्त गर्नुभएको हो । उहाँको एउटा पुस्तक **स्वान्त सुखाय** धवल पुस्तकालयमा नै विमोचित भएको हो । यो नेपाली र हिन्दी कविताको संयुक्त सङ्कलन हो । विमोचन कार्यक्रममा बुटवलबाट म र ज्ञानु के सी उपस्थित भएका थियौं भने काठमाडौँबाट सौरभ र रामेश उपस्थित हुनुभएको थियो । पाल्पा तानसेन नै प्रसिद्ध प्रगतिशील गायक रामेशको

जन्मस्थल रहेछ । मैले सौरभलाई प्रथमपल्ट यही धवल पुस्तकालयमा भेटेको हुँ । सौरभ आफ्ना लेखमा जस्ता जटिल व्यक्ति नभएर सरल व्यक्ति हुनुहुँदो रहेछ । यसरी निरन्तर साहित्य अध्ययन र सिर्जनमा क्रियाशील रहनु भएका कृष्णदेव शर्माले कान कम सुन्नु थाल्नु भएकोले उहाँसित मेरो हिजोको जस्तो खुलस्त संवाद त हुन सक्दैन । भए पनि मेरो कुरा उहाँले त्यति सुन्न नसके पनि उहाँका कुरा म राम्ररी सुन्न र बुझ्न सक्दछु । हाल आफ्नो हिन्दी कविताको पुस्तक **शब्दों में खिले कुछ तस्बीरें** काठमाडौँबाट प्रकाशित गर्न थाल्नुभएको रहेछ । उहाँ भन्नुहुन्छ- यो शीर्षक तपाइंले नै जुराइदिएको हो । मलाई भने त्यति सम्झना छैन । सायद उहाँले राखेको प्रस्तावलाई मैले सही थाप्ने वा मिलाउने काम गरेको हुँला । जेहोस्, निरन्तर साहित्य अध्ययन र सिर्जनमा लाग्नु उहाँको ठूलो गुण हो । यो सबैबाट संभव छैन पनि । यो उमेरमा आएर पनि उहाँ २०-२२ वर्षको युवक जस्तै सक्रिय हुनुहुन्छ । उहाँ हामीलाई भन्नुहुन्थ्यो, उहाँ सजिलै १०० वर्ष बाँच्नुहुनेछ । उहाँको यो मनोकामना पूरा होस् । यतिबेला उहाँ काठमाडौँबाट आफ्नो आत्मवृतान्त प्रकाशित गर्दै हुनुहुन्छ । यसको लागि केही शब्द कोरिदिन उहाँले मलाई काठमाडौँ र पाल्पाबाट समेत धेरै पहिलेदेखि फोन गर्नुभएको थियो । तथापि यो कुरा यत्तिकै थाती रहेको थियो । हिजो उहाँ बुटवल मिलनचोकमा भेटिनु भयो । मैले तुरून्त दुई शब्द लेखिदिन्छु भनेको थिएँ । आज बिहान उहाँ मेरो निवासमा आउनुभयो । मैले यी शब्द उहाँकै उपस्थितिमा कोरेको हुँ । मलाई लाग्दछ उहाँको प्रकाशनोन्मुख आत्म वृतान्तले हाम्रो जानकारीको लागि धेरै कुरा पस्किने छ । हामी त्यसैको प्रकाशनको प्रतिक्षामा छौँ । मलाई लाग्दछ कि उहाँको आत्म बृतान्त चाखिलो पुस्तक मात्र नभएर, उहाँको अनुभव अनुभूतिको सँगालो मात्र नभएर एउटा इतिहास नै हो । मान्छे आफैमा एउटा इतिहास हो । उहाँको आत्म वृतान्त उहाँको इतिहास हो । उहाँसित जोडिएका सबै कुराको इतिहास हो ।

नेपालीमा विशारद र ऐन कानुनमा मध्यमासम्म अध्ययन गर्नुभएका कुष्णदेव शर्माले २००९ सालमा लक्ष्मीप्रसाद देवकोटालाई धवल पुस्तकालयमा पुऱ्याउने सौभाग्य प्राप्त गर्नुभएको रहेछ । उहाँले लक्ष्मीप्रसाद देवकोटाको उपस्थितिमा स्टालीन शीर्षकको कविता लेखेर वाचन गर्नुभएको रहेछ । यो कविता सुनेर लक्ष्मीप्रसाद देवकोटाले राम्रो, धेरै राम्रो भन्नुभएको रहेछ । यो कुरा मैले उहाँका मुखारविन्दुबाट सुनेको हुँ । उमेरले कहिले बुढो नहुने, कामले कहिले नथाक्ने र कामलाई आफ्नो धर्म ठान्ने सदाबहार व्यक्तित्वका धनी कुष्णदेव शर्माबाट हामीले धेरै प्रेरणा लिन सक्दछौँ । उहाँको हर कामले सफलता प्राप्त गरोस् ।

२-११-२०७४

दिल साहनी

बुटवल, सुख्खानगर-८

तर पुस्तक प्रकाशित भएर बजारमा नआउँदै उनी अचानक हामीबाट बिदा हुन पुगेछन् । उनको मृत्युले साहित्य जगतले एउटा क्रियाशील तथा ऊर्जावान कविलाई गुमाएको छ ।

म कृष्णदेव शर्माका सम्झनामा लेखेको यो लेखलाई उनको हिन्दी कविताबाट बिट मार्न चाहन्छु-

कभी बक्र बनी
कभी सरल बनी
चलती चली
खेतों में के
ये पकदंडी
देखने में लगा
सास और बहु-सी
टेडम टेडा बक्र
कभी सरल सिधीसाधी
खेतों मे के ये पकदंडी
सास और बहु-सी
ये पकदंडी ।

- कृष्णदेब शर्मा (पकदंडी)

(स्वतन्त्र पत्रकार)

Tansen and My Father Herbert Karrach

- Dr. Rachel Karroch

My father Herbert Karrach, first came to Tansen 2000 for a short visit. I had been working in Nepal since 1994 and my mother encouraged him to make the trip. We enjoyed exploring Kathmandu, Bhaktapur and Pokhara and he spent one week in Tansen. As a retired doctor he spent a day in the hospital to see our medical work. When my mother passed away in 2004 I suggested that he should visit me in Nepal again and in January 2005 he arrived for his first long visit. It started in an eventful way as we were travelling to Tansen via Pokhara and on the day we planned to travel a bandh was called unexpectedly. The reserved vehicle reached Pokhara through some demonstrations, but on the way back to Tansen we discovered that a Palpa bandh had started. We got as far as Aryabanjang and spent the night in a tea shop there because no vehicles were being permitted to go further. The next morning we rose early and our driver and I decided we should walk to Tansen as the bandh could lastfor days. This was impressive as he was 80 years old at the time and had recently had knee surgery. My father was always a very positive person and told me what a privilege it was to experience this as not many tourists got the chance to stay in a tea shop on a journey, and he had always wanted to trek so he found the walk along the ridge to Tansen really beautiful, marvelling at the view of the Annapurna's one side and the white lake of clouds in the Madi valley the other side. That visit also ended dramatically. We planned for him to travel with 2 friends to Kathmandu by air and they narrowly missed a gun battle in Butwal on their way to Bhairawa airport. Despite this he fell in love with Tansen and had already planned to come for longer the next year.

My father had an eventful life. He was born in Vienna, the capital city of Austria in 1924 and his family escaped in 1938 after Hitler invaded Austria at the beginning of the Second World War, otherwise they would probably have died in a concentration campbecause they were Jewish. They were refugees in Southern Ireland and someone (he never found out who) paid for him to finish his schooling. He then won a scholarship to study medicine in Trinity College Dublin. After house jobs in Dublin and England and short posting as a ship's surgeon in a ship transporting jute from Calcutta, he joined the British Colonial Medial Service and he was posted to Uganda where he served for 11 years. He met my mother (a British teacher) there and they married in 1953. Working as district medical officer and often the only doctor for a large area, he was interested in public health visiting many remote communities. Tansen reminded him of his last posting in the hills of southwest Uganda. On returning to UK he worked in General practice until his retirement when he trained as volunteer minister in the Church of England. He liked to keep busy.

So started of a pattern of him staying in Tansen for the winter, (winters in the UK are very cold and dark), and returning home to England when the weather was getting warmer. He became a well-known figure in Tansen-1, Bhusaldada. He liked to join me for lunch at the hospital.

He enjoyed meeting people on the path, finding out what was happening at the hospital and meeting any guests at the guesthouse. He also loved to explore the villages of Palpa and when he was fitter would go for long walks with a local friend. He also liked any opportunity to join the community health team when they went on field visits and volunteered at many health camps helping the pharmacist hand out medicine, and worked as hard as someone half is age. He liked to compare his past experiences in Africa with public health here. He loved to visit new places in Nepal and meet new people. He visited Okhaldhunga hospital with me 3 times after the age of 90 years.

He was in Tansen when lockdown was announced last year. The family decide that it would be safer for him to stay with me than risk travel during the pandemic. So he spent his last 14 months in Tansen. During this time he was diagnosed with terminal cancer and he passed away in Tansen on January 10th 2021, aged 96 years, and is buried on Srinagar hill as was his wish. I discovered he had told many of his friends that he hoped he would be in Tansen when the time came. I listened as he described to one friend in England how he loved Tansen, how beautiful it is and how friendly the people are. He would tell people that he had three homes, one in England and one In Tansen and one in Heaven. He was looking forward to his final home and now he is there.

At a program in Jyamire, Palpa

(Director, United mission Hospital Tansen, Palpa)



कविता

पाल्पा तानसेन

- झपेन्द्र जीसी

पाल्पाको बखान दुई चार आखर कोरूँ कि भनेर
लोकको भाका-लयमा गाउँछु ठस्ठसी कनेर !
कवि त होइन झपेन्द्र जी.सी. मनको लहर
पश्चिमकै धड्कन, पाल्पाको मुटु तानसेन सहर ।

फिरङ्गी आए भारत खाए निलेर पचाए ।
पाल्पाली वीर नेपाली वीर लडी देश बँचाए ।
फिरङ्गीलाई बनायो धुस्न त्यै जीतगढीले ।
अरनखटन मिलायो चाँजो नुवाकोट गढीले ।
त्रिशूल ठड्याई पहरा दियो त्यै शिवगढीले ।
गढवासमा (गणवास) बसी फिरङ्गी खेद्यो त्यै माथागढीले
रणलाई जित्ने उजीरेश्वरी भगवती थान छ ।
थानको गजुर टुप्पामा हाम्रो सान र मान छ ।

अड्तीस दिन त बटौली शिवराज अंग्रेजले लिएथ्ये ।
उजिरका बुढ्बा अमर सिंहले फर्काइ लिएथ्ये ।
सेनाको आँट जनताको साथ हुँदामा जितियो ।
लडाइँ खेल्न नसक्ने देखी फिरङ्गी फिरी गो ।
अमर उजिर हजुरबा नाति साँच्चैका नेता हुन् ।
सन्तति हामी, रातो र तातो बग्दैछ उनकै खुन ।
(नसानसामा रातो र तातो बग्दैछ उनकै खुन)
खुकरी खुँडा कार्खाना खोले कोकल छापमा
धारिला अस्त्र निर्माण भए दिन र रातमा ।
टनकाटन फलामे किंटको भगवती टोल छ ।
उजीरसिंहको भगवती थानको नाता र मोल छ ।
भालेवास माथि कोकलछाप इतिहास बोल्दैछ ।
युद्धको कथा दुःख र सुख सम्पूर्ण खोल्दैछ ।

रमाइलो गाउँ रमाइलो ठाउँ यो पाल्पा जिल्ला छ
लेक र बेसी फाँट र टार गढी र किल्ला छ ।
तानसेनको शिर श्रीनगर हेरी हिमाल टोलाउँछ ।
पर्यटक पाहुना पाल्पामा आऊ भनेर बोलाउँछ ।
ढाकाका राम्रा कपडा लगाई पिरती गासौँला ।
करूवाले पानी कल्कली खाँदै कडुवामा नाचौँला ।
चुकौनी खाउँला, रानीघाट जाउँला शालग्राम खोजौँला ।
जीवनको साथी दिलेरी साथी तब पो रोजौँला ।
रानीघाट दरबार पर्खेर बस्छ फूलमाला उनेर
आउँदै छौं तिमी पाल्पामा घुम्न भनेको सुनेर ।
कौडेको लेकमा हिमाली डाँफे नाच्दैछ भरर ।
न त छ गर्मी न त छ जाडो तानसेन सहर ।
तराईको गर्मी छल्न आऊ भनी तिमीलाई बोलाउँछन् ।
गुराँस फुली लालपाते फुली बसेको धेरै भो ।
चाँडो आऊ तिमी दिन भयो महिना पर्खन बेरै भो ।
खादर जाउँला, सिलुवा जाउँला कुँडुले घरबार ।
कडुवा नाच्दा सोरठी नाच्दा त्यहीँ हुन्छ दरबार ।
त्यो रम्भापानी त्यो हात्ती लेकमा औषधि बुटी छन् ।
त्यो रूरू क्षेत्र केलादी धाम सन्तका कुटी छन् ।
जहाँ गए पनि जहाँ रहे पनि नौलो नै लाग्नेछ ।
थाकेका दिल दिमागभित्र स्फूर्ति जाग्नेछ ।
चेचीकोट बसी रतन पाँडे तन्त्र ज्ञान छर्दैछन् ।
तन्त्र र मन्त्र योगको त्यहाँ साधना गर्दैछन् ।
शिवको धुनी रातदिन जगाई जलेश्वर जागा छ ।
रिब्दीकोटबाटै सेनराज्य बन्यो इतिहास ताजा छ ।
भैरव बाबा त्रिशूल ठड्याई रोटहरू गन्दै छन् ।
पर्यटक आऊ रोट नैवेद खाऊ सबैलाई भन्दै छन् ।
त्यो माथागढी तमौराभरि धनुकाँड बोक्दै छ ।
आइ लाग्नेमाथि जाइ लाग्ने भन्दै धनुकाँड जोख्दै छ ।
मदनपोखरा खेतबारीभित्रै सुन फल्छ भन्दैछ ।
गाउँ घरमा पनि रेडियो खोली अगाडि बढ्दैछ ।
अर्गली फाँट गरेर आँट उत्पादन बढाउँछ ।
मैनादी मुभुङ सुन्तला फलाऔँ भनेर पढाउँछ ।

सत्यौदी ताल त्यो सुकेताल प्रभास ताल छन् ।
सीताको कुण्ड, पोखरी ताल, ताल र कुण्ड छन् ।
सत्यौती माई सत् साँचो बोल्न सबैलाई भन्दै छन् ।
माण्डव्य ऋषि माडी फाँटतिर कोदालो खन्दै छन् ।
तानसेन सहर लाग्दछ रहर झन् हेर्‍यो झन् राम्रो ।
भगवती थान नेपालकै सान वीरको निशान ।
क्या राम्रो कला नारन थान पाल्पाली पहिचान ।
अमृतानन्द भिक्षुको जिल्ला शान्तिको सन्देश ।
चैत्य र विहार, मन्दिर मस्जिद चर्च छन् अनेक ।
मुकुन्दमणि हृषीकेश रिडी तपस्या गर्दै छन् ।
समृद्ध पाल्पा बनाउन भनी मनमनै गम्दै छन् ।
जे खोजे पनि जे रोजे पनि पाल्पामा पाइन्छ ।
पाल्पामा आउँदा नेपालभरका सबै चीज पाइन्छ ।
दक्षिण तराई उत्तर हिमाल झर्लक्कै देखिन्छ ।
सूर्यको पहिलो सुनौलो किरण पाल्पामै देखिन्छ ।
मगर, कुमाल, दराई र बोटे संस्कृति पाइन्छ ।
अनेक धर्म संस्कृति पनि यहीँभित्र पाइन्छ ।
नेवार, बाहुन, क्षत्रीको पनि संस्कृति यहाँ छ ।
भन त मित्र ! पाल्पा भैँ राम्रो त्यो ठाउँ कहाँ छ ?
लुम्बिनी आउने पर्यटकहरू पाल्पामा आऊ है ।
पोखरा आउने पर्यटकहरू पाल्पामा आऊ है ।
ढोरपाटन जाने पर्यटकहरू पाल्पामा पसे है ।
रेसुङ्गा जाने पर्यटकहरू पाल्पामा बसे है ।
जन्मेको सार पाल्पामा घुम्नु जीवनकै सार हो ।
यो पाल्पा जिल्ला घुम र चुम जीवन एकवारको
ए मेरा मित्र ! छैन के भित्र पाल्पामा हेर त
उकुस-मुकुस जिन्दगीलाई शान्तिमा फेर त
जिन्दगीभित्र जिन्दगी खोज्न पाल्पामा आऊ है ।
कलपूर्जा जस्तो जिन्दगी होइन, जिन्दगी बनाऊ है ।
श्रीनगरडाँडा तिमीलाई डाकी गुराँस फुल्दै छन् ।
कान्छा र कान्छी जेम्स र जेनी बनपाखा डुल्दै छन् ।

(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)

उच्चशिक्षामा त्रिभुवन बहुमुखी क्याम्पस तानसेनको योगदान

- टंकप्रसाद पन्थ

विषयप्रवेश

नेपालको शैक्षिक जागरणमा तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । शैक्षिक इतिहासको अध्ययन गर्दा काठमाडौँपछिको शैक्षिक जागरणको केन्द्रका रूपमा पाल्पा रहेको पाइन्छ । सेनकालीन समयदेखि नै पाल्पामा शैक्षिक गतिविधि र जागरणका प्रयासहरु भएको देख्न सकिन्छ । शैक्षिक गतिविधि र विकासका दृष्टिले राणाकाल प्रतिकूल रहेको अवस्थामा पनि यस क्षेत्रमा संस्कृत गुरूकूलको शैक्षिक परम्परा कायम रहेको देख्न सकिन्छ । देशमा शिक्षा लिने अनुकूल वातावरण नभए पनि शिक्षाको महत्त्व बुझेका अभिभावकहरूले शिक्षा प्राप्तिका लागि आफ्ना सन्ततिहरूलाई भारतका विभिन्न ठाउँमा पढ्न पठाउने परम्परा पनि विगतमा कायम रहेको देखिन्छ ।

राणाशासनको अन्त्य नहुँदैदेखि पाल्पामा शैक्षिक संस्थाहरु खोलिएको र शिक्षाप्रति आमनागरिकको मोह बढेको देख्न सकिन्छ । विद्यालयीय शिक्षा मात्र नभई उच्चशिक्षाको सञ्चालनतर्फको अग्रणी प्रयास पाल्पालीहरूमा २००९ सालदेखि नै भएको पाइन्छ । २०११ सालमा आएर त्यस प्रयासले सार्थकता पाएको देख्न सकिन्छ । त्यसैको परिणाम स्वरूप २०११ साल आषाढ २५ गतेका दिन त्रिभुवन इन्टरमिडियट कलेजको औपचारिक स्थापना भएको हो । त्रिभुवन बहुमुखी क्याम्पसको स्थापना र यसको विकासले यस क्षेत्रको शैक्षिक जागरणमा कडीको काम गरेको कुरा सबैका सामु आलोकित बनेर रहेको छ । यस लेखमा त्रिभुवन बहुमुखी क्याम्पसको इतिहास, यसको शैक्षिक योगदान, भविष्यका सम्भावना र चुनौतीहरूलाई प्रस्तुत गर्ने उद्देश्य राखिएको छ ।

त्रिभुवन बहुमुखी क्याम्पसको स्थापना

आजको त्रिभुवन बहुमुखी क्याम्पसको स्थापनाकालको नाम त्रिभुवन इन्टरमिडियट कलेज रहेको तथ्य भेटिन्छ । त्रिभुवन विश्वविद्यालयको स्थापना हुनुपूर्व यो क्याम्पस खुलेकाले सुरूमा पटना विश्वविद्यालयको पाठ्यक्रम लागु गर्नेगरी त्रिभुवन इन्टरमिडियट कलेजको औपचारिक रूपमा स्थापना भएको हो । २०११ साल असार २५ गते शुक्रवार हाइस्कुल (हालको पद्म पब्लिक नमुना मावि) भवनमा नै बडा समारोहका साथ त्रिभुवन इन्टरमिडियट कलेज खुल्यो । यसको उद्घाटन तत्कालीन प्रान्तपाल तारकबहादुर शाहबाट भएको थियो । प्रारम्भमा प्रिन्सिपलको कार्य श्री अयोध्याप्रसाद प्रधानबाट सञ्चालित थियो (देवकोटा, २०३५ : १३) । यसपछि आफ्नै घरआँगनमा उच्चशिक्षा प्राप्त गर्ने अवसर पाल्पा र यस सेरोफेरोका जनतालाई प्राप्त भएकाले यो घटना एक सुनौलो अवसरका रूपमा रहेको पाइन्छ । प्रारम्भमा सञ्चालक समितिको गठन बडाहाकिम तारकबहादुर शाहको अध्यक्षतामा भएको र दुई जना आमन्त्रित सदस्यसहित १० जनाको सञ्चालक समिति निर्माण भएको

पाइन्छ । सुरूको समयमा अयोध्याप्रसाद प्रधान प्राचार्यका रूपमा साथै माधवप्रसाद देवकोटा र हरिश्चन्द्र श्रीवास्तव प्राध्यापकका रूपमा नियुक्त भएको देखिन्छ । स्थापनाको समयमा पद्म पब्लिक नमुना माविकै हातामा क्याम्पसका कक्षाहरु सञ्चालन भएको पाइन्छ । सुरूमा केही समय सञ्चालनमा आई बन्द हुन पुगेको र २०१५ साल जेठ ३० गतेबाट पुनः सञ्चालनमा आएको कलेजले प्रारम्भका वर्षहरूमा धेरै समस्याहरु झेल्दै अगाडि बढेको देखिन्छ । त्रिभुवन विश्वविद्यालयभन्दा जेठो संस्थाको इतिहास बोकेको यो क्याम्पस स्थानीय शिक्षाप्रेमी अभिभावक, शैक्षिक तथा प्रशासनिक व्यक्तिहरूको नेतृत्वमा अगाडि बढेको पाइन्छ । २०१८ सालमा आएर त्रिभुवन विश्वविद्यालयद्वारा निरीक्षण गरी विश्वविद्यालयद्वारा यसलाई मान्यता प्रदान गरेको पाइन्छ ।

लामो समयसम्म विद्यालय हाताभित्रै सञ्चालन भएको कलेजलाई जीवन्तता दिनका लागि अथक प्रयासहरु भएको देख्न सकिन्छ । तत्कालीन समयमा कलेजको आफ्नै भवन नहुनाले उत्पन्न समस्यालाई समाधान गर्न २०२० सालमा ४,००,०००।- रूपैयाँ अनुदानसहितको रकम प्रयोग गरी आफ्नै भवनको व्यवस्था गरिएको पाइन्छ । (थापा र अन्य, २०७४ : १) । यस क्याम्पसको उन्नयनमा धेरै व्यक्तित्वहरूको श्रम र पसिना खर्चिएको छ । यस कार्यमा वैद्य गोविन्दलाल श्रेष्ठ, कविराज दशरथमान सिंह, भगवतीध्वज राजलवट, नरेन्द्रप्रसाद लाकौललगायतका शैक्षिकसामाजिक व्यक्तिहरूको अनुकरणीय योगदान रहेको पाइन्छ ।

क्याम्पसमा सञ्चालित कार्यक्रमहरु

क्याम्पसमा अहिले एउटा संस्थान र तीनवटा सङ्कायमा स्नातक तह र स्नातकोत्तर तहका कार्यक्रमहरु सञ्चालनमा छन् । क्याम्पसको इतिहासतर्फ दृष्टि लगाउँदा सुरूमा कलेजको स्थापना हुँदाको समयमा मानविकी विषयमा प्रमाणपत्र तहका कक्षाहरु सञ्चालन भएका थिए । २०१७ सालमा आएर मानविकी सङ्कायमा स्नातक तहका कक्षाहरु सञ्चालनमा आएपछि यो संस्था इन्टरमिडियट कलेजबाट त्रिभुवन डिग्री कलेजका नामले चिनिन थालेको पाइन्छ । २०१७ साल आषाढ १३ गते स्वर्गीय श्री ५ त्रिभुवनको जन्मजयन्तीको दिन यो इन्टरमिडियट कलेज डिग्री कलेजमा परिणत भई पश्चिम नेपालको एक मात्र डिग्री कलेजका रूपमा बिहान कक्षा चलाउने गरी सम्पन्न स्थितिमा पुग्न गयो (श्रेष्ठ, २०३५ : १९) । विद्यार्थीहरूको रूचि र आवश्यकताअनुसार व्यवस्थापन विषयको महत्वबोध गरी २०१८ सालदेखि आइ.कम.का कक्षाहरु सञ्चालनमा आएको देखिन्छ । यहाँ अध्ययन गरेका विद्यार्थीहरूले बाहिर गएर परीक्षा दिनुपर्ने समस्यालाई मध्यनजर राखी २०२६ सालदेखि त्रि.वि. ले यस क्याम्पसमै केन्द्र तोकी परीक्षा दिने व्यवस्था गरेको उल्लेख पाइन्छ । यसैगरी विद्यार्थीको आवश्यकता र मागअनुरूप समय क्रममा क्याम्पसमा नयाँनयाँ कार्यक्रमहरु थपिँदै गएको अवस्था देखिन्छ । यसै क्रममा २०३० सालदेखि व्यवस्थापन सङ्कायमा पनि स्नातक तहका कक्षाहरु सञ्चालनमा आएको पाइन्छ । २०३० सालबाटै त्रि.वि. बाट पूर्ण अनुदान पाई आङ्गिक क्याम्पसको मान्यता यस संस्थाले पाएको हो । यस क्षेत्रमै क्याम्पसले गरेको उत्तरोत्तर विकास र समयको मागअनुसार शैक्षिक सत्र २०३८/०३९ सालबाट विज्ञान तथा प्रविधि संस्थानअन्तर्गत आइ.एस्सी.का कक्षाहरु सञ्चालनमा आएको पाइन्छ । यसैगरी शैक्षिक सत्र २०४१/०४२ सालबाट व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तहका कक्षाहरु सञ्चालनमा आएको पाइन्छ । यसपछि क्रमशः स्नातकोत्तर तहमा कर्यक्रमहरु थपिँदै गएको देख्न सकिन्छ । २०४७/०४८ सालबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर तहका कक्षाहरु सञ्चालनमा आएको देखिन्छ । यसैगरी शैक्षिक सत्र २०५३/०५४ देखि नेपाली विषयमा स्नातकोत्तर तहका कक्षा, शैक्षिक सत्र २०५८/०५९ देखि अङ्ग्रेजी विषयमा स्नातकोत्तर तहका कक्षाहरु सञ्चालनमा आएको पाइन्छ । यस क्याम्पसमा कानुन विषयमा पनि प्रमाणपत्र तह र स्नातक तहका कक्षाहरु सञ्चालनमा रहेको तर पछि विद्यार्थी सङ्ख्या न्यून हुँदै गएपछि कानुन सङ्कायलाई बुटवलमा गाभिएको देखिन्छ । २०६० को दशकसँगै समाजशास्त्र विषयमा स्नातक र स्नातकोत्तर तहका कक्षाहरु सञ्चालनमा ल्याएको देख्न सकिन्छ । यसैगरी शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक र स्नातकोत्तरका कक्षाहरूको स्वीकृति लिई पठनपाठन अगाडि बढेको पाइन्छ । समयको माग र बजारको आवश्यकतालाई महसुस गरी २०७० को दशकमा व्यवस्थापनतर्फ BBM र BBA का कक्षाहरु पनि सञ्चालनमा आएको देख्न सकिन्छ । वर्तमान समयमा यस क्याम्पसमा चारवटा सङ्कायमा स्नातक

र स्नातकोत्तर तहका कक्षाहरु सञ्चालनमा रहेका छन् । विज्ञानतर्फ स्नातक तहका कक्षाहरु मात्र सञ्चालित रहेका छन् भने मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक र स्नातकोत्तर तहमा कक्षाहरु सञ्चालनमा रहेका छन् । विषयगत हिसाबले कुरा गर्दा यस क्याम्पसमा नौवटा विषयमा स्नातकोत्तर तहका कक्षाहरु सञ्चालनमा रहेका छन् । विद्यार्थी तथा अभिभावकहरूको माग र समयको प्रवाहलाई ध्यानमा राखी अन्य नयाँनयाँ कार्यक्रमहरु पनि थप्दै जाने योजना क्याम्पसको रहेको छ । केही विषयमा विद्यार्थीको आकर्षण घटेको तर बाहिर चर्चा भए जस्तो संवेदनशील अवस्था भने नरहेको देखिन्छ । पछिल्लो समयको क्याम्पसका सूचकहरूलाई हेर्दा विद्यार्थी सङ्ख्या क्रमशः बढ्दो रूपमा रहेको छ । यस शैक्षिक सत्रमा २६०० भन्दा बढी विद्यार्थीसङ्ख्या रहेको तथ्याङ्क हेर्न सकिन्छ ।

क्याम्पसको भौतिक अवस्था

प्रारम्भिक चरणमा पद्म पब्लिक नमूना माध्यमिक विद्यालयको हाताभित्र सञ्चालित क्याम्पसलाई आफ्नै मौलिक पहिचान दिनका लागि तानसेनका शिक्षाप्रेमी अभिभावक, समाजसेवी, बुद्धिजीवी तथा सरोकारवालाहरूले श्रम र पसिना खर्चिएका कारण क्याम्पसले भौतिक तथा प्राज्ञिक रूपमा उत्तरोत्तर प्रगति गर्दै गएको अवस्थालाई बिर्सनुहुँदैन । यस क्याम्पसको स्थापना, विकास र विस्तारमा स्थानीय चन्दादाताहरु, शिक्षाप्रेमी अभिभावक वर्ग, जिल्ला विकास समिति पाल्पा, तानसेन नगरपालिका, पाल्पा उद्योग वाणिज्य संघ, प्राध्यापक, कर्मचारी, विद्यार्थीको ठूलो भूमिका छ (शर्मा, २०६० : १५) । सबैको साथ सहयोग र शुभेच्छाका कारण क्याम्पसले प्रगति गर्न सकेको हो । २०२० सालमा लहरेपीपल हातामा रहेको दरबारसहितको जग्गा खरिद गरेपछि क्याम्पसको भौतिक अवस्थामा सुधार आएको देखिन्छ । विगतको परिपाटीलाई हेर्दा यस क्याम्पसमा कक्षाहरु सञ्चालनका लागि समस्या परेको बेलामा तत्कालीन जिल्ला विकास समिति, तानसेन नगर पञ्चायत, उद्योग वाणिज्य संघलगायतका संस्थाहरूको योगदान पनि क्याम्पसको इतिहासमा अविस्मरणीय बनेर रहेको छ । बतासे डाँडा परिसरमा रहेको एक सय सन्तानब्बे रोपनी जग्गा लिजमा लिई दुईवटा भवनहरूको निर्माण अनि छात्रावास भवनको निर्माण गरेपछि विज्ञानतर्फको आकर्षण बढ्न गएको देखिन्छ । क्याम्पसको अतीततर्फ फर्केर हेर्दा सुविधासम्पन्न भवनहरु, प्रशस्त जग्गा, फर्निचरको समुचित व्यवस्था, तत्कालीन समयानुकूल पुस्तकालय तथा वाचनालयको व्यवस्था, शौचालय आदिको प्रबन्धका दृष्टिले क्याम्पसको भौतिक अवस्था सबल रहेको देख्न सकिन्छ । वर्तमानको आवश्यकता, माग र समय सुहाउँदो प्रविधिमैत्री भौतिक पूर्वाधार व्यवस्थापनमा क्याम्पसको नेतृत्वपक्ष संवेदनशील भएर लागेको देख्न सकिन्छ ।

वर्तमानको अवस्थालाई अवलोकन गर्दा क्याम्पस पुनर्निमाणको चरणमा प्रवेश गरेको छ । राष्ट्रिय पुनर्निमाण प्राधिकरणबाट अवलोकन सर्वे पूरा भई निर्माणको चरणबद्ध प्रस्ताव अगाडि बढेकाले निकट भविष्यमा भौतिक हिसाबले क्याम्पसले उत्तरोत्तर फड्को मार्ने सम्भावना देखिन्छ । यो सम्पूर्ण पाल्पाली शिक्षाप्रेमीहरूका लागि सुखद पाटो बनेर रहेको छ ।

क्याम्पसको प्राज्ञिक शैक्षिक अवस्था

कुनै पनि शैक्षिक संस्थाको मूल्याङ्कनको प्रमुख कडी भनेकै त्यहाँबाट उत्पादन हुने जनशक्ति र त्यसले समाज तथा बजारमा पारेको प्रभाव हो । यस क्याम्पसको शैक्षिक प्राज्ञिक पाटोलाई मूल्याङ्कन गर्दा समग्रमा सबल र सन्तोषजनक सूचकहरु रहेको देख्न सकिन्छ । प्रारम्भिक चरणमा कहिले खुल्ने र कहिले बन्द हुने अवस्था देखिए पनि क्याम्पसको पठनपाठन तथा अन्य प्राज्ञिक क्रियाकलापहरु समयक्रममा क्रमशः सशक्त बन्दै गएको देखिन्छ । गुणात्मकता मापन र प्राज्ञिक चिन्तनका दृष्टिले मूलतः २०६० सालसम्म क्याम्पसले धैरै प्रगति गरेको अवस्था देखिन्छ । क्याम्पसको विगतका नतिजाहरूलाई केलाएर हेर्दा व्यवस्थापन तथा विज्ञानमा नेपालमै अग्रणी रहेका तथ्याङ्कहरु अहिले पनि हेर्न सकिन्छ । व्यवस्थापन र विज्ञानमा पाल्पा पढेर गएका विद्यार्थीलाई देशका विभिन्न ठाउँमा र त्रिभुवन विश्व विद्यालय केन्द्रीय विभागहरूमा पनि मर्यादाका साथ हेर्ने गरिएका दृष्टान्तहरु पनि हाम्रासामु छर्लङ्ग रहेका छन् । अर्कोतर्फ यस क्याम्पसबाट उत्पादन भएको जनशक्तिले देशविदेशका उच्च निकायहरु, नीतिनिर्माण तथा कार्यान्वयनका तहमा पहुँच राख्नुले पनि क्याम्पसको सफलताको सूचक र गौरवमय पक्षलाई सङ्केत गर्दछ । वर्तमान राजनीतिक

परिवेश, नेपाल सरकार र त्रिभुवन विश्वविद्यालयको नीति, शिक्षाको निजीकरण आदिजस्ता कुराले गाँज्दै गएका कारण पछिल्लो समयमा सङ्ख्यात्मक र गुणात्मक दुवै तहबाट चुनौती भोग्नुपरेको यथार्थलाई पनि भुल्नुहुँदैन । वर्तमानमा उभिएर हेर्दा विद्यार्थीहरूको आकर्षणका रूपमा त्रिभुवन बहुमुखी क्याम्पस नै रहेको छ । यसले यो संस्थाको भविष्य उज्ज्वल रहेको कुरालाई सङ्केत गर्दछ ।

क्याम्पसको प्रशासनिक नेतृत्व

कुनै पनि संस्थाको विकास र त्यसको सामाजिक उपस्थितिमा संस्थाप्रमुखको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । संस्थालाई हाँक्ने व्यक्तिको क्षमता, लगनशीलताले शून्यमा झरेका संस्थाहरु पनि कायापलट भई उचाइमा चढेका दृष्टान्तहरु देख्न सकिन्छ । त्रिभुवन बहुमुखी क्याम्पसको इतिहासलाई छाम्दा संस्थाको प्रमुखका रूपमा भूमिका सम्पादन गरी यसको गरिमालाई माथि उठाउनका लागि सुरूदेखि हालसम्मका प्रमुखहरूको अवश्य पनि महत्त्वपूर्ण योगदान रहेको छ । आफ्नो कार्यकालका समस्या र चुनौतीहरूलाई झेलेर संस्थाको प्रगतिमा खटिएर लागेकै कारण यस क्याम्पसले उत्तरोत्तर प्रगति गर्दै गएको हो । यो क्याम्पस सुरूमा त्रिभुवन इन्टरमिडियट कलेजका रूपमा स्थापना भएको र तानसेनका शैक्षिक व्यक्तित्व अयोध्याप्रसाद प्रधान पहिलो प्राचार्यका रूपमा परिचित रहेको देखिन्छ । सुरूका चरणमा स्वदेशी जनशक्तिको अभावका कारण भारतबाट प्राध्यापकहरु ल्याउनुपर्ने अवस्था अनि नेतृत्वमा समेत उत्प्रेरित गर्नुपर्ने स्थिति रहेको कुराको पनि चर्चा पाइन्छ । क्याम्पसमा पहिला भएको अभ्यासलाई अध्ययन गर्दा बीचको केही समय मानविकी र व्यवस्थापन सङ्कायतर्फ छुट्टाछुट्टै क्याम्पस प्रमुखको प्रावधान रहेको अवस्था पनि देख्न सकिन्छ । आरम्भदेखि अहिलेसम्म धेरै व्यक्तित्वहरूले यस क्याम्पसको नेतृत्व सम्हालेको देख्न सकिन्छ । समयको माहोल, व्यक्तिको क्षमता र दक्षता जस्ता कुराले कुनै कालखण्डमा क्याम्पसले विशेष चर्चा र महत्त्व पाएको पनि देख्न सकिन्छ । बीचको समयमा नेतृत्वको पुनरावृत्ति पनि भएको देख्न सकिन्छ । प्रारम्भदेखि वर्तमानसम्म क्याम्पस प्रमुखको जिम्मेवारीमा रहेका व्यक्तित्वहरूको नामावली र कार्यकाल निम्नानुसार रहेको छ :

अयोध्याप्रसाद प्रधान
संस्थापक
क्याम्पस प्रमुख

टंकप्रसाद भट्टराई
वर्तमान
क्याम्पस प्रमुख

	क्याम्पस प्रमुखको नाम	कार्यकाल
१	अयोध्याप्रसाद प्रधान	२०११-२०१४
२.	चूडाबहादुर हमाल	२०१४-२०१६
३.	सर्वनारायण दास	२०१६-२०२०
४.	माधवप्रसाद देवकोटा	२०२०-२०२१
		२०२३-२०२६
५.	वनमालीप्रसाद लाकौल	२०२१-२०२३
६.	यदुवंश सिंह	२०२६-२०२८
७.	विष्णुप्रसाद शर्मा	२०२८-२०३३
		२०३९-२०४०
८.	धीरेन्द्रप्रसाद श्रेष्ठ	२०३०-२०३९
		२०४०-२०४२
		२०४५-२०४७
९.	डा. षडमुखबहादुर थापा	२०४२-२०४५
१०.	चोलेश्वर शर्मा	२०४७-२०५५
		२०५६-२०६०
११.	मनमोहन श्रेष्ठ	२०५५-२०५६
१२.	शम्भुरत्न मुननकर्मी	२०६०-२०६४
१३.	सन्तोषलाल श्रेष्ठ	२०६४-२०६७
१४.	केशवराज शर्मा	२०६८-२०७२
१५.	जीवनबहादुर थापा	२०७३-२०७७
१६.	टंकप्रसाद भट्टराई	२०७७ देखि.....

सम्भावना र चुनौतीहरु

त्रिभुवन विश्वविद्यालयभन्दा अगाडि नै स्थापना भएको यस क्याम्पसले प्रारम्भमा भारतको पटना विश्वविद्यालयको पाठ्यक्रमको सम्बन्धन लिई कक्षाहरु सञ्चालन गर्दै आएको पाइन्छ । प्रारम्भमा खुलेको केही समयमै बन्द हुन गएकाले कलेजलाई पुनर्जीवन दिनमा पाल्पाली समुदायको अहम् भूमिका रहेको देखिन्छ । भौतिक संरचना निर्माण गर्ने क्रममा हारगुहार

गरेर आफ्नो श्रम र लगानीसमेत लगाई क्याम्पसको सर्वाङ्गीण पक्षलाई उठाउनका लागि गरेको भूमिकाप्रति वर्तमान पुस्ताले हार्दिक कृतज्ञता व्यक्त गर्नुपर्दछ । यसैगरी क्याम्पसका कक्षाहरु सञ्चालन गर्न प्राध्यापकको खाँचो हुँदा भारतमा गई जीहजुरी गरेर प्राध्यापकहरु ल्याएर पनि क्याम्पसलाई सुचारू रूपमा गति दिएका कुराहरु सुन्न र पढ्न सकिन्छ । स्वदेशी शिक्षकहरु अन्य जिल्लाबाट यहाँ आई काम गर्ने भन्ने आशा नगण्य थियो, त्यसैले छिमेकी देशका अध्यापकहरूमा नै निर्भर रहनु साधारण कुरा हुन्थ्यो । त्यहाँ जति बेरोजगारी भए पनि यताको भौतिक सुबिधासमेतको न्यूनताले गर्दा, तिनीहरु कुनै बेला जागिर छाडेर जाने क्रम पनि सामान्य हुन्थ्यो (लाकौल, २०६० : ८०) । यस्तै सङ्घर्ष र उतारचढावहरूलाई झेल्दै यस क्याम्पसले पश्चिम नेपालकै उच्च शिक्षाका क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको कुरामा कसैको दुईमत छैन । पश्चिम नेपालकै जेठो शैक्षिक संस्थाका रूपमा स्थापित यस क्याम्पसले तानसेनको मात्र नभई पाल्पा जिल्लालगायत गुल्मी, अर्घाखाँची, स्याङ्जा, वागलुङ्ग, पर्वत, मुगु, दाङ, प्युठान, रोल्पा, रूकुम, सल्यान, कास्की, रूपन्देही, कपिलवस्तु, नवलपरासी आदि पश्चिम नेपालकै उच्च शिक्षा हासिल गराउने तथा जनशक्ति उत्पादन गराउने अग्रणी संस्थाको रूपमा यो क्याम्पस रहेको छ (श्रेष्ठ, २०६५ : २) । यसैगरी रूपन्देही, कपिलवस्तु, नवलपरासी, कास्कीलगायत एकदर्जनभन्दा बढी जिल्लाहरूको शैक्षिक गन्तव्यका रूपमा रहेको यो धरोहर अहिले मूलतः पाल्पालीहरूको उच्च शिक्षाको थलोका रूपमा मात्र सीमित हुन पुगेको छ । त्यसमा पनि उच्च वर्गका र प्राविधिक विषय पढ्नेहरूका रोजाइमा यो संस्था पर्दैन । हिजो पाल्पाकै सम्भावना र समृद्धिको सुकिलो इतिहास बोकेको यो संस्था अहिले आफ्नो साखलाई बचाइराख्न प्रयत्नशील रहेको छ । अपार सम्भावना र चुनौतीहरूका बीचमा यस क्याम्पसले आफ्नो यात्रा गरिरहेको अवस्था साक्षात्कार गर्न सकिन्छ ।

यो क्याम्पस पश्चिम नेपालकै अग्रणी इतिहास बोकेको शैक्षिक संस्था हो । हिजो मानविकी, व्यवस्थापन, विज्ञानजस्ता विषयको पठनपाठनका लागि धेरैको रोजाइमा रहेको तर अहिले बजारको माग र परिस्थिति फरक भएको अवस्था छ । अहिलेको समयको माग र बजारको आवश्यकतालाई हेरेर नयाँनयाँ कार्यक्रमहरु सञ्चालन गर्न सकेमा यस संस्थाको भविष्य उज्ज्वल देखिन्छ । हिजोको प्रभाव र साखका आधारमा अझ पनि क्याम्पसलाई समाजले हेर्ने नजर सकारात्मक रहेको पाइन्छ । यसैगरी वर्तमान संघीय संरचनामा पुरानो इतिहास बोकेका यस्ता संस्थाहरूलाई प्रादेशिक वा प्राविधिक विश्वविद्यालयको स्वरूपमा लैजान सकिने सम्भावना पनि उत्तिकै रहेको छ । यस्तै पाल्पा पहाडी भूभागमा अवस्थित रहेकाले मात्र होइन यहाँका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक सम्पदाहरूलाई केन्द्रबिन्दुमा राखी सोही अनुकूल उपयुक्त हुने नयाँनयाँ शैक्षिक कार्यक्रमहरु सञ्चालन गरी विद्यार्थीहरूको आकर्षण बढाउन सकिने सम्भावना पनि प्रशस्त रहेको देखिन्छ । पाल्पालाई शिक्षा, स्वास्थ्य र पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सकिने अझै पनि विकल्पहरु रहेको र शैक्षिक दृष्टिले यहाँका सम्भावनाहरूलाई सम्बोधन गर्नसक्ने आधार यस क्याम्पसको रहेकाले यस संस्थाका अगाडि प्रचुर सम्भावनाहरु रहेको देख्न सकिन्छ । यसमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले समयमै ध्यान दिनु आवश्यक देखिन्छ ।

क्याम्पसका अगाडि अपार सम्भावनाका साथै चुनौतीका पर्खालहरु पनि उत्तिकै रूपमा ठडिएका छन् । वर्तमान समयसन्दर्भ र यसको प्रत्यक्ष प्रभावका कारण संस्थालाई स्वाभाविक रूपमा हिँडाउने कुरा नै चुनौतीपूर्ण रहेको छ । समयको माग र आवश्यकताअनुसार प्राविधिक विषयतर्फको झुकावका कारण मेधावी विद्यार्थीको रोजाइमा नपर्नुले पनि शैक्षिक गुणस्तर प्रदान गर्ने कुरामा चुनौती खडा भएको छ । काठमाडौँ, बुटवलजस्ता ठाउँका तुलनामा पाल्पामा रोजगारीका अवसर र सम्भावनाको अभावले गर्दा तानसेनभन्दा बाहिर पढ्न जाने कुराले पनि चुनौती थपेको छ । अर्कोतिर पाल्पामा नियुक्ति लिएर आएका र यहाँ प्राध्यापन गरिरहेका प्राध्यापकहरूको फराकिलो ठाउँमा सरूवा भएर जाने मानसिकताले पनि चुनौती सिर्जना भएको देखिन्छ । तानसेन र यस सेरोफेरोको अवस्थालाई हेर्दा रोजगारी र उद्यमशीलताको अवसरका कमीले गर्दा विद्यार्थीहरूमा Drop Out को समस्या पनि उत्तिकै बढ्दो रहेको छ । प्रविधिअनुकूल भौतिक संरचनाको व्यवस्थापन र त्यही किसिमको जनशक्तिको प्रबन्ध नहुँदा पनि चुनौती निम्तिएको छ । पछिल्लो समयमा देखिएको सामाजिक, राजनीतिक प्रभावका कारण प्राध्यापक तथा कर्मचारीको सहज व्यवस्थापन हुन नसक्नु पनि जटिल समस्याका रूपमा रहेको देखिन्छ । क्याम्पसको इतिहासलाई

हेर्दा स्थानीय प्रतिष्ठित, शैक्षिक, सामाजिक व्यक्तित्व तथा आम अभिभावकहरूको प्रत्यक्ष योगदान रहेको तर वर्तमान समयमा स्थानीय सरोकारवालाहरूको समेत ध्यान नजानुले संस्थाले सामाजिक सद्भावसमेत प्राप्त गर्न नसकेको अवस्था विद्यमान देखिन्छ । सानोतिनो काम गरेर पढाइलाई अगाडि बढाउने अवसरको अभावका कारण टाढाटाढाका विद्यार्थीको रोजाइमा यो क्याम्पस नपर्नु पनि चुनौतीको पाटो रहेको छ । अर्कोतिर विश्वविद्यालयको केन्द्रीय नेतृत्वले समुचित रूपमा भौतिक तथा जनशक्तिको व्यवस्थापनमा कम चासो दिनुले पनि समस्या बल्झिँदै गएको अवस्था देखिन्छ । प्राध्यापकहरूका लागि पुनर्ताजगी तालिमको व्यवस्था नहुनु, दण्ड अनि पुरस्कारको विधि निर्माण र सञ्चालन नहुनु, संस्थागत चिन्तनको अभाव हुनु, पेसाप्रतिको सम्मान र व्यावसायिकता नहुनु आदिजस्ता कारणहरूले गर्दा क्याम्पसको वर्तमान अवस्था चुनौतीपूर्ण रहेको छ । यति मात्र होइन क्याम्पसप्रति समाजको दृष्टिकोण उदासीन बन्नुका साथै पूर्वाग्रही रहेको पाइन्छ ।

निष्कर्ष

त्रिभुवन बहुमुखी क्याम्पस तानसेन २०११ सालमा स्थापना भई विभिन्न सङ्घर्षका चरणहरु पार गर्दै आजको अवस्थामा आएको हो । यसले उत्पादन गरेका जनशक्ति देश तथा विदेशका उच्च ओहदा र नेतृत्व तहमा रहनुले राष्ट्रिय मात्र होइन अन्तर्राष्ट्रिय तहसम्म यसको कान्ति फैलिएको कुरा स्पष्ट हुन्छ । हिजो शैक्षिक तथा प्राज्ञिक हिसाबले सुकिलो इतिहास निर्माण गरेको यस संस्थाका सामु विभिन्न परिस्थितिहरु ठोकिन आएको पाइन्छ । बाहिरबाट सतही रूपमा हेर्नेहरूका दृष्टिमा क्याम्पस जागिर खाने थलो मात्र बनेको आरोप पनि झेल्नुपरेको अवस्था छ । सूक्ष्म रूपमा केलाउँदा पाल्पाको विकास र चेतना अभिवृद्धिको सूचकाङ्ककको महत्त्वपूर्ण कडीका रूपमा यो क्याम्पस रहेको कुरा स्पष्ट हुन्छ । यहाँको व्यापार, व्यवसाय तथा अन्य गतिविधिहरूमा प्रत्यक्ष रूपमा क्याम्पसको प्रभाव रहेको देख्न सकिन्छ तर पछिल्लो समयमा यो सबैको साझा शैक्षिक धरोहर के कसरी चलेको छ भन्ने कुरामा स्थानीय बद्धिजीवी र अगुवाहरु समेत बेखबर जस्तै बनेको देखिन्छ, जुन संवेदनशील विषय हो । उच्चशिक्षाका क्षेत्रमा पश्चिम नेपालमै महत्त्वपूर्ण योगदान पुऱ्याएको यस क्याम्पसलाई समयको चेतना र गतिसँगै अगाडि बढाउनु अहिलेको कार्यभार हो । अझै पनि क्याम्पसका सामु प्रचुर सम्भावना रहेका छन् । समयको माग अनि स्थानीय अवस्थाको बोध गरी यस संस्थालाई जीवन्त तुल्याउनु यहाँका सचेत वर्गको दायित्व हो । राजनीतिक तथा प्रशासनिक रूपमा उच्चपदस्थ व्यक्तिहरूको ध्यान गएन भने जेजति सम्भावनाका क्षेत्र छन्, ती पनि ओझेलमा पर्नसक्छन् । हिजोको पुस्ताले उठाएको विरासतलाई तल खस्न नदिई अझै माथि उठाउनु आजका पुस्ताको दायित्व हो । यसका लागि जनस्तरबाटै चिन्ता र चासो लिई संस्थाप्रतिको अपनत्व र दायित्वबोध हुनु आवश्यक देखिन्छ । राजनैतिक नेतृत्व, जनप्रतिनिधिहरु, नागरिक समाज, स्थानीय वासिन्दा सबैका तर्फबाट पाल्पाको गौरवका रूपमा रहेको यस संस्थाप्रतिको जिम्मेवारी थपिएको छ । सरकारी संस्था हो आफै चल्दै गर्छ भन्ने मानसिकताबाट माथि उठी यसको विकासमा सबै पक्षको ध्यान जानु आजको आवश्यकता हो ।

प्रमुख सन्दर्भस्रोत

थापा, जीवनबहादुर र अन्य, (२०७४), *वार्षिक प्रतिवेदन आ.व. २०७३/०७४*, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।

देवकोटा, माधवप्रसाद, (२०३५), "तानसेनको शैक्षिक गतिविधि", *आलोक* (रजतजयन्ती विशेषाङ्क), विद्यार्थी हित शाखा एवं विशेषाङ्क प्रकाशन समिति, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।

लाकौल, वनमालीप्रसाद, (२०६०), "त्रिभुवन कलेजको पहिलो दशकताका" *स्वर्ण महोत्सव स्मारिका,* त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पा ।

शर्मा, चोलेश्वर, (२०६०), "त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा अतीत, वर्तमान र भविष्य" *स्वर्ण महोत्सव स्मारिका,* त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पा ।

श्रेष्ठ, धीरेन्द्रप्रसाद, (२०३५), "त्रिभुवन बहुमुखी क्याम्पस अतीत र वर्तमान", *आलोक* (रजतजयन्ती विशेषङ्क), विद्यार्थी हित शाखा एवं विशेषाङ्क प्रकाशन समिति, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।

श्रेष्ठ, सन्तोषलाल, (२०६५), "पाल्पाको शिक्षा विकासमा त्रिभुवन बहुमुखी क्याम्पस", *प्राज्ञिक प्रवाह,* वर्ष १७, अङ्क ५, त्रि.वि. प्राध्यापक संघ त्रिभुवन बहुमुखी क्याम्पस एकाइ समिति पाल्पा ।

(उपप्राध्यापक त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन)

Tansen, Religions, Peace and Happiness

- Buddhi Prasad Sharma

1. Tansen municipality is now bigger in size and population than it was before. Previously, it had only nine compacted small wards where lived the people of different casts, ethnics and religions. This is the core part, better say around Shitalpati of present Tansen municipality. We love to call it 'Old Tansen' where large number of Hindus and then Buddhists, Islams and Christians resided. This scenario is the same at present Tansen too. Hindus and Buddhists have many temples and monasteries (bihars) but Islams and Christians have very few masques and churches. Temples, monasteries, mosques and churches are regarded as the sacred places or centers. Religions, generally, are based on faith and beliefs upon God. To strengthen faith and beliefs and help connect the followers with God and help attain the spiritual goal, various religious activities and practices are organized throughout the year for the sake of their own followers through the concerned sacred places or centers, according to the religious literatures, culture and traditions. The popular activities of all the religious places are worshipping, prayers, chanting psalms (bhajans), sermons (religious discourse; address on religious and moral matters). But, not all the religions mentioned above have uniformity in style, activities and practices; they do not match each other.

2. I mostly visit Hindu temples and Buddhists monasteries when I find time or get invited and visit mosques and churches occasionally. Tansen

dwellers wonderfully practice religious tolerance. So there is harmony among all religions. I love prayer, style of worshipping and sermons in all the religious centers. In all of the aforementioned religious activities of the religions, there is emphasis on norms, values, ethics and morals of human beings for the attainment of peace and happiness, the ultimate goal of all religions. But the style and ways of attainment are different from religion to religion. Thousands of religious followers attend the religious activities, practices and sermons, and hang-over the peace and happiness, but they are lagging behind. This led me to study, learn and find what the afore mentioned religions, even in Tansen municipality, emphasize and preach on peace and happiness that may help lead a happy and peaceful family. Here is, just in simple and short, what I have found for the readers to think over it.

3. The present society and the world are badly facing the hurdles of the acute virus on the way to happiness and peaceful family environment. Every attempt has been made for happiness and peace, but in vain. Happiness and peace are interrelated. So, it is often said:" No peace no happiness or no happiness no peace." An individual's happiness begets happiness in family and family happiness in society and then the world. So institutional happiness and peace is today's necessity. The first and the last step of happiness and peace is marriage. Many people believe that marriage, in which male and female come together and live a family life brings happiness and peace. But, marriage whether it is arranged or love marriage does not guarantee that one will go together forever happily and peacefully. It is not only a bond between husband and wife for living together, but it is the beginning step of entering an institution which we call family. Therefore, in absence of trust, respect, love and affection, mutual understanding, friendship and co-operation between husband and wife or in family no marriage or family can lead a successful life. A life becomes successful only in peaceful happy family environment. Therefore, every marriage and family should attempt their best for the fulfillment of the aspiration of peace and happiness in all types of family and society.

4. There are different types of families on the basis of structure (nuclear, joint and three generations), authority (Patrilocal: living with the family of the husband and Matrilocal: living with the family of the wife), head of family (headed by husband: patrichial, headed by wife: matricidal, and headed by both partners husband and wife), and responsibilities (both parents are obligated to help one another as equal partners: spiritual, emotional, intellectual and physical needs). All of those types of families have their own kinds of characteristics with which they set goal of peace and happiness, but non at present is satisfied and has achieved the goal. They all , whether they are eastern or western or of any religion, are striving for the ultimate goal for the happiness.

5. The roles of husband and wife in family are great influencing factor in maintaining peace and happiness. The parts they play in the family are followed by the off-springs. In spite of norms and values of family, in most of the society and religions male elders earn livelihood, keep account of families, make key decision for family, gives advice and guidance to the females and younger generations. Females on the other hand enter as daughter-in-laws and follow or carry out the house-hold traditions, culture, norms and values of the new home, give birth to the babies, raise and guide them as they ware guided traditionally. Rarely, they are consulted about the key decisions to be

made in the family. In this situation, the expectation of peace and happiness in the family can not be achieved.

6. The ultimate goal of the family that starts from the marriage is the peaceful happy family where every member is aware and responsible for the roles to be played and performed. As a result, the family runs smoothly without any disturbances. For this also certain words to be kept in mind. The mostly suggested key words to consider for happy family are love and affection, faith (trust), self discipline (obedience, guidance, love and faith), and lastly shared responsibility. Responsibility naturally grows out of the first three love and affection, faith and self-discipline. If a family is filled with love with mutual understanding, confidence, trust, guidance and corrections in need help develop self- discipline. Self discipline leads to the recognition of responsibility which automatically promotes discharge of shared rights and duties and help form strong habit that later becomes tradition and convention.

7. The characteristics of happy family can be listed many others than above mentioned words. They are greatly influenced by the particular societal or religion's beliefs and practices. Whatever may be the influencing factor love, faith, self discipline, shared rights and duties and responsibilities have been accepted and put into practice almost by all.

8. The culture is shifting and focusing from collectivism to individualism. So every individual in a family specially husband and wife's role in maintaining happiness in family has been considered the great one in almost all societies and religions. Here are a few examples of beliefs, practiced by Islam, Christians, Hindus and Buddhists regarding peace and happiness of family have been cited. In Islam's Quran there is a quote for couple; "….(your wives, o men) are a garment for you and your (men) are a garment for them…." (Quran 2 :187). It shows that Islam are to practice sensible and well balanced family system on the roots of love, high morality, virtue, piety, good interaction, mercy, loyalty and patience and so on for the sake of peaceful and happy family. As guided by the Bible, Christians consider awareness love, joy, fidelity (love to one's spouse), patience, respect, kindness, goodness, faithfulness, gentleness, self discipline, good communication and household work sharing with responsibility as the elements of a peaceful happy family. To boost the sense worth, family boundaries of self respect, respect of others, fidelity in marriage, liquor use and kindness instead of abuse are practiced well for maintaining peace and happiness. In Hindu society, there are traditional separate rights and duties for men, women and children in family. The husband earns for living, keeps family account, makes key decision and gives advice and guidance to the women and children. On the other hand, females enter as the daughter- in- law in a new home, give birth to off-springs and raise them up, perform domestic household works. Due respects have to be maintained in family by the family members which counts much. However, they lag no stone unturned to cultivate physical, emotional, spiritual norms and values of a family as mentioned above in other societies. Manu, in Hinduism says that the father should protect the woman in childhood, the husband should protect her in youth, the children should protect her in old age. So, a woman should never be independent. He believes that these laws if followed, the family runs well. But, women liberation leaders sharply criticize the Manu and plead for women's freedom.

9. Lord Buddha, the founder of Buddhism has pointed out the roles and responsibilities of the family

characters for the sake of peaceful happy family. So, in Buddhism the marital relation is a reciprocal one with mutual rights and obligation. A husband should treat his wife with respect, courtesy and fidelity. He should leave the house-keeping to her and sometimes provide for her needs such as accessories. At the same time, a wife should take pains with her housekeeping, manage the servants wisely, maintain her husband's income and manage the house properly and faithfully. Children should honor their parents and do for them all that they are supposed to do. Parents also should give them an education, set an example of good deeds to inspire children to follow and inherit the family property at a proper time. If these rules are followed, a happy home will be maintained and there will be no quarreling. Besides these, for making daily worldly life peaceful and happy, Panchasheel, Asthasheel and Meditation have been suggested. Buddists' attitude to women, unlike Christianity, Hinduism and Islam marriage is not a sacrament (a sacred act or ceremony in Christianity). It is purely a secular (not bound by the vows of a monastic order) affair. The monks do not participate in it.

10. In conclusion, a happy family life is a life satisfied in the roles assigned to the individuals to play and perform. In the same way, in a peaceful family life, there are no grumbling, complaining, jealousy, greed and quarrelling. All societies and religions have set and followed norms and values for a peaceful happy family either guided by religious beliefs or influenced by circumstances which is the ultimate goal for worldly life. Thousands of mosques, churches, temples and monasteries have been built and they have attempted their best to train and teach the follower people through preaches for peace and happiness, but they are not effective in practical life. Therefore, no systems or religious preaches have been well functioning for goodness of the family. Had there been harmony in reality, peace and happiness would have prevailed in family and in the world. So, it is clear that there are drawbacks in theory and practice, although the religions have prescribed beautiful ways for peace and happiness. It may be that we knowingly or unknowingly are dishonest towards them because of the domination of ego and selfishness within us. Unless we overcome these evils, peace and happiness can never be imagined and achieved. Therefore, no religions and systems are to be blamed and criticized. Here too due understanding and harmony among the religions is essential. All are good, but none are effective remedies for the unhappiness and un-peaceful environment. However, we should be honest for peace and happiness for the sake of humanity. Issues are to be raised time to time for individual freedom, mutual understanding, peace, happiness, harmony and elimination of ego and selfishness, if we are really striving for peace and happiness in family and world and lead a real human life. Tansen temples, monasteries, mosques and churches should come forward more differently but efficiently than others for peace and happiness in the families, communities, state and nation. The roles of family and family members also can not be ignored. The whole family, not individually as we are doing today, should attempt to visit their temples or centers and attend in the religious activities and practice (eg. Pancha sheel , astha sheel, meditation, yoga, prayer, bhajan and so on) as suggested as far as possible. This may help keep mind, body and soul in balance. In this field, a joint venture of religions of Tansen can be launched, if possible. May goodness of happiness and peace prevail in an individual's life, in a family and in the world !

(Tourism Related Writers)

तानसेनको कला संस्कृति पर्यटन विकासको मूल आधार

- शान्ती भेंडी थापा

परिचय

नेपालको इतिहासमा पाल्पा जिल्लाको सदरमुकाम रहेको तानसेन नगरपालिकाको छुट्टै पहिचान छ । तानसेन नगरपालिका काठमाडौं उपत्यका पछिको तेस्रो नगरपालिका र पहाडी जिल्लाको पहिलो नगर पालिका पनि हो । यहाँ प्राचीन कालदेखि नै विभिन्न रूपमा भौतिक तथा सांस्कृतिक रूपमा पर्यटनको विकास भएको पाइन्छ ।

हाम्रो देशमा पुर्खाहरूले सिर्जना गरेर आर्जेका ऐतिहासिक, धार्मिक सम्पदा एवम् लोपोन्मुख मौलिक भाषा, भेषभुषा र संस्कृतिहरूलाई संरक्षण गर्नु हामी सबैको जिम्मेवारी हो भने ती सम्पदा र मौलिक संस्कृति आउने पुस्तालाई पुस्तान्तरण गर्नु हाम्रो दायित्व पनि हो । नेपाल बहुजाति, बहु भाषिक, बहुसांस्कृतिक बहु-धार्मिक देश भएको हुँदा मैले यहाँहरू समक्ष हाम्रो लोपोन्मुख सांस्कृतिक पर्यटन र प्रवर्द्धनको विकासतर्फ ध्यानाकर्षण गर्न चाहन्छु, किनकि हाम्रो भाषा, धर्म, संस्कार र संस्कृति रहे जातीय पहिचान रहन्छ, जातीय पहिचान रहे इतिहास रहन्छ । इतिहास रहे देश रहन्छ । जसले गर्दा हाम्रो देशमा सांस्कृतिक पर्यटनले राज्यको आर्थिक व्यवस्था बलियो बनाउन योगदान पुग्नेछ ।

ऐतिहासिक पुरातात्विक सम्पदाहरू र प्राकृतिक सुन्दरताले भरिपूर्ण रूपमा चिनिने नगर तानसेन नगरपालिका हो । यस नगरपालिकाभित्र अवस्थित रिडीको हृषीकेश मन्दिर जहाँ रिडी र काली गण्डकीको संगममा तीर्थयात्रीहरूले स्नान गर्ने पवित्र स्थलको रूपमा पनि मानिन्छ साथै अर्गलीमा रहेको जुद्ध शमशेरद्वारा निर्मित भग्नावशेष दरबार, कालीगण्डकीको किनारमा अवस्थित प्रेमको प्रतीक जनरल खड्ग शमशेरद्वारा निर्मित ऐतिहासिक रानीघाट दरबार (रानीमहल), श्रीनगर डाँडाबाट देखिने मनमोहक हिम श्रृंखलाका दृश्य अनि श्रीनगर डाँडामै अवस्थित भ्यु टावर, तानसेन-५ वडामा बन्दै गरेको बसपार्क, यस्तै गरी १० नं. वडामा अवस्थित गुफा चौरमा रहेको गणेश मन्दिर, बतासे डाँडामा निर्माण हुँदै गरेको सांस्कृतिक डबली साँझ, ठूला-ठूला अक्षरमा 'तानसेन' लेखिएको होडिङ बोर्ड, भाकल पुऱ्याइदिने प्रसिद्ध रणउजीरेश्वरी भगवतीको मन्दिर, श्रीनगर डाँडाको काखमा अवस्थित गणेश मन्दिर, लुम्बिनी प्रदेशको साझा संग्रहालय पाल्पा दरबार संग्रहालय, भगवान विष्णुको प्रतीक ऐतिहासिक अमरनारायण मन्दिर अर्थात् नारनथान, नवग्रह हनुमान मन्दिर, हाल निर्माण भइरहेको शिवलिंग सहितको १०८ नारायण पोखरी, शीतलपाटी गोलधर, एसियाकै अग्लो काठको ढोका भएको मूलढोका, हालै निर्माण सम्पन्न नेपाली सेनाको पहिचान बोकेको 'निशान भगवती मन्दिर', बौद्ध धर्मावलम्बीहरूको धार्मिक स्थल, धर्मचक्र विहार, ज्ञानमाला संघ, आनन्द विहार र महाचैत्य विहार, चर्च, मस्जिद आदि लगायत सम्पदा यहाँको लागि पर्यटक आकर्षण गर्ने मुख्य स्थलहरू हुन् । यसको अझै थप आकर्षणको लागि पूर्वाधार विकासका कामहरू भइरहेको छ साथै पाल्पाको पहिचान बोकेको 'पाल्पाली करूवा' र 'पाल्पाली ढाका' यहाँको मुख्य पहिचान हो ।

यहाँ विभिन्न जातजातिहरूको धर्म-संस्कृति, भाषा, भेषभुषा झल्कने पर्यटन विकास अझै पूर्ण रूपमा उत्थान भएको पाइँदैन । यसैकारणले गर्दा विभिन्न समुदायहरूको संस्कृतिलाई

जीवन्त राख्नको लागि तपसिलका कार्यमा तानसेनको ध्यान आकर्षण गर्न चाहान्छु ।

तपसिल

१. दाफा भजन संरक्षण ।
२. चुट्का संरक्षण ।
३. लाखे नाच संरक्षण ।
४. धिमे बाजा संरक्षण ।
५. ताहामचाँ र विभिन्न जात्राहरूको संरक्षण ।
६. उपाखाँ संरक्षण ।
७. सोरठी (ठूलो नाँच, मारूनी नाँच) संरक्षण ।
८. जिवै मामा (यानीमाया) नाच संरक्षण ।
९. कौरा (करूवा) नाँच संरक्षण ।
१०. लोक झाम्रे संरक्षण ।
११. घाँटु नाच संरक्षण ।
१२. सरायो नाच संरक्षण ।
१३. देउसी भैलो नाच संरक्षण ।
१४. नेपाली बाजा संरक्षण ।

फाइदा

१. आन्तरिक तथा वैदेशिक पर्यटकहरूलाई भित्र्याउन सकिने ।
२. स्थानीय तहलाई आर्थिक विकासमा वृद्धि गर्ने ।
३. सम्पदा र संस्कृतिको विकास गर्ने ।
४. भावी पुस्ताहरूलाई पुस्तान्तरण गर्ने ।
५. समाजमा प्रेम, सद्भावना, सहिष्णुता र मेलमिलाप सदैव कायम रहन्छ ।

चुनौती

१. पर्यटकहरूलाई व्यवस्थित ढंगले सेवा दिन (खान, बस्न र घुमाउन) नसक्नु ।
२. पश्चिमेली संस्कारको प्रभाव पर्नु ।
३. आन्तरिक कलहले गर्दा सुसज्जित ढङ्गले अगाडि बढ्न नसक्नु ।

अन्तमा, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको तर्फबाट माथि उल्लिखित विषयवस्तुहरूप्रति ध्यान आकर्षण गर्दै आर्थिक बजेट विनियोजन गरी संस्कृति संरक्षण तथा सम्वर्धन गर्न अनुरोध गर्दछु । यसो गर्न सकेमा समस्त नगरवासीहरू लाभान्वित हुने मात्र नभै पर्यटन विकासमा समेत ठूलो टेवा पुग्नेछ । यति भएमा साच्ची नै देश विकासको कथन 'समृद्ध नेपाल, सुखी, नेपाली' भन्ने सोचसमेत यथार्थ हुनेछ । तसर्थ तानसेनको कला संस्कृति पर्यटन विकासको मूल आधार मान्न सकिन्छ । यसतर्फ सरोकारवालाको समय मै ध्यान पुग्न सकोस् ।

(तानसेन-२ वडा सदस्य तथा
सामाजिक विकास समिति सदस्य)

पाल्पाको शैक्षिक सांस्कृतिक धरोहर: धवल पुस्तकालय

- राजेशकुमार अर्याल

संक्षिप्त परिचय

धवल पुस्तकालय, पाल्पा नेपालमा जनस्तरबाट स्थापना भएका पुस्तकालयहरूमा पहिलो सार्वजनिक पुस्तकालय हो । वि.सं. १९८३ सालमा पुस्तक पढ्ने दलानका रूपमा स्थापित यस पुस्तकालय २००३ सालमा धवल पुस्तकालयको नामबाट परिचित हुँदै आएको छ । सर्वसाधारण जनताले पुस्तकालय स्थापना गर्नु जघन्य अपराध मानिने राणाकालीन अवस्थामा सोझै पुस्तकालयको नाम नदिएर पुस्तक पढ्ने दलान नामकरण गर्नुबाट तत्कालीन पाल्पावासीमा ज्ञानको भोक कति थियो भन्ने प्रष्ट हुन्छ । पुस्तकालयले पछि २००४ साल माघ १० गते तत्कालीन नेपाल सरकार शिक्षा विभागबाट स्वीकृति प्राप्त गरेपछि यसले नेपालमै सार्वजनिक पुस्तकालयको महत्व पाउन थालेको हो । जनक्रान्तिको विगुल फुक्दै १९८३ मा स्थापित यस पुस्तकालय नेपालकै पहिलो सार्वजनिक पुस्तकालय हो, जुन पाल्पाको पहिचान र ऐतिहासिक धरोहर बनेको छ ।

शासनकालमा शिक्षाको अवसर उपलब्ध गराउनु भनेको आम जनतालाई जनजागरण तथा जनचेतना जगाउन दिनु हो भन्ने कुराबाट राणा शासकहरु अनभिज्ञ थिएनन् । त्यसमा पनि पुस्तकालय जस्तो संस्थाको स्थापना उनीहरूका लागि पच्ने विषय नै थिएन किनभने उनीहरूलाई थाहा थियो कि यस्ता क्रियाकलापले जनतालाई विशेष गरी पढेलेखेका युवाहरूलाई एक ठाउँमा भेला भई एकतन्त्रीय जहानिया शासनविरूद्ध संगठित हुने मौका मिल्दछ । पाल्पा तानसेनमा आधुनिक शिक्षासम्बन्धी कुनै पनि शिक्षण संस्थाको स्थापना हुनुभन्दा अगाडि स्थापना भएको धवल पुस्तकालयले निकै समयसम्म अत्यन्त उपयोगी सेवा प्रदान गर्न सफल भएको छ ।

पाल्पामा धवल पुस्तकालय

प्रायः फुर्सदको समय इन्टरनेट, सामाजिक सञ्जाल, टेलिभिजन वा खेलकुदमा व्यस्त हुने आजको पिँढीले पुस्तकालयको महत्त्वलाई बिर्सिएको भान हुन्छ । कतिपय मानिसलाई परीक्षा उत्तीर्ण गर्न वा लोकसेवा पास हुनका लागि बाहेक पुस्तक पढ्नु बेअर्थको काम जस्तै लाग्छ । अझ पुस्तकालयमा गएर पुस्तक पढ्नु वा केही समय बिताउनु त अहिलेको पुस्ताका लागि सजाय दिए सरह हुन्छ । तर इतिहासका पानामा सार्वजनिक पुस्तकालय स्थापना, सञ्चालन र संरक्षणका लागि हिजोको पिँढीले गरेको योगदान स्मरणीय छ ।

पुस्तकहरू मान्छेका ज्ञान, अनुभूति र विचारहरु साँचेर राख्ने साधन हुन् । ज्ञान, विज्ञान, कला, कौशल, प्रविधि सबै

ग्रन्थमै साँचिएका छन् । पुस्तकमा मान्छेका गौरवशाली कीर्तिहरु सँगालिएका छन् । मान्छेका इतिहास, पौरख, वाङ्मय, संस्कृति, धर्म, दर्शन, ज्ञान-विज्ञान सबै पुस्तकमा उनिएका छन् । पुस्तकबाट मान्छेले धेरै सिकेको छ । मान्छे मर्छ तर मान्छेको इतिहास मर्दैन, कीर्ति मर्दैन, साहित्य मर्दैन, ज्ञान विज्ञान मर्दैन । पुस्तकमा यी सबै अङ्कित भएर रहन्छन् । आज हामीसँग हजारौँ वर्ष पुराना वेदहरु छन्, पुराण छन्; कुरान छन्; बाइबल छन्; काव्य छन्; नाटक छन्; शिल्पप्रविधि छन्; सबै पुस्तकमा छन् । वास्तवमा पुस्तक त ज्ञानका आधार हुन् ।

अम्बिकाप्रसाद लाकौलको झिँगटीले छाएको घरमा सुरू

गरिएको यस ऐतिहासिक पुस्तक पढ्ने दलानका प्रायः पुस्तकहरु लाकौल स्वयम्ले नै दिनुभएको थियो । राणा शासनको यस कठोरतम घडीमा पुस्तकालय खोल्नु कुनै सानो कुरा थिएन तैपनि अम्बिकाप्रसाद लाकौल, अयोध्याप्रसाद प्रधान, माधवप्रसाद देवकोटा तथा गुरूप्रसाद मैनाली जस्ता उत्साही युवाहरूको प्रयासमा यसको सुरूवात भएको हो । सामूहिक पठनपाठनको परम्परा बस्न सकोस् भन्ने उद्देश्यबाट अम्बिकाप्रसाद लाकौलले केही उत्साही युवा मित्रहरूका साथ वि.सं. १९८३ सालमा एउटा पुस्तकालयको स्थापना गरेका थिए । राणाशासनको चरमोत्कर्ष काल अर्थात् चन्द्रशमशेरको प्रधानमन्त्रीत्व कालमा मोफसलको एउटा गाँडामा स्थापना गरिएको पुस्तकालयलाई 'पुस्तकालय' नामकरण गरेका खण्डमा सोझै राजकाजको आरोपमा ज्यानसमेत जान सक्ने सम्भावना देखेर नै लाकौलहरूले उक्त पुस्तकालयलाई **पुस्तक पढ्ने दलान** को नाम दिएका थिए । राणाशासनको क्रुरताबाट जोगिन यो नाम राखिएको हो ।

पश्चिम नेपालको राजधानीका रूपमा रहेको पाल्पामा घट्ने सानातिना घटनाले पनि सो क्षेत्रमा निकै प्रभाव पार्दथे । त्यसैकारण शासकहरूले यहाँ हुने स-साना घटना एवम् बडाहाकिमका प्रत्येक क्रियाकलापमाथि समेत सूक्ष्म निगरानी राख्दथे । यहाँका जनता, सैनिक, कर्मचारी एवम् बडाहाकिमसमेतका क्रियाकलापहरु तत्कालीन राणा प्रधानमन्त्रीलाई मन परेनन् भने त्यस्ता क्रियाकलाप तथा सोसँग सम्बन्धित व्यक्तिहरूलाई तत्काल कारवाही गरिन्थ्यो । सम्भवतः यिनै यथार्थतालाई बुझेर नै अम्बिकाप्रसाद लाकौलहरूले सर्वसाधारण जनताले शिक्षाको अवसर पाऊन् भन्ने उद्देश्यले स्थापना गरेको पुस्तकालयको नामसमेत **पुस्तक पढ्ने दलान** राखेका थिए । भारतमा अध्ययन गर्ने तत्कालीन सशक्त पाल्पाली युवाहरूमध्ये डा. चिरञ्जीवीलाल श्रेष्ठ, जगतबहादुर जोशी आदि हुनुहुन्थ्यो । उहाँहरूलाई पुस्तक पढ्ने दलानको सकारात्मक प्रभावका बारेमा जानकारी थियो । शिक्षित युवाहरूलाई समावेश गरी धवल क्लव खोलेको र त्यही क्लवमार्फत धवल पुस्तकालय स्थापना गरिएको हो ।

शैक्षिक, साहित्यिक र सांस्कृतिक जागरणमा पुस्तकालय समय सापेक्ष परिस्थितिप्रति जनचेतना जगाउन महत्त्वपूर्ण साधन र श्रोत शिक्षा नै हो । सुनेर, देखेर, पढेर र अनुभव गरेर पनि संस्थागत रूपबाट भन्दा बढी उपयोगी ज्ञान, सीप बढाउन एवम् संस्कार र धारणामा परिर्वतन ल्याउन सकिन्छ । स्वपरिवर्तन मात्र होइन पर-परिवर्तनसमेत गराउन सक्ने परिस्थिति बनाउन रचनात्मक भूमिकासमेत खेल्न सक्दछ ।

धवल पुस्तकालयको माध्यमबाट तत्कालीन समयमा तानसेन पाल्पामा नेपालकै निम्ति उदाहरणीय जनचेतना अभिवृद्धि गरी सामाजिक, राजनीतिक र सांस्कृतिक क्रियाकलापहरु हुने गरेको पाइन्छ । नेपालका प्रतिष्ठित राजनीतिज्ञहरु, साहित्यकारहरु र शासकहरूलाई पुस्तकालयमा गरिएको स्वागत र स्वागतपछि दिइएको अभिव्यक्तिले धवल पुस्तकालयको उचाइ त्यसबेला नै निकै माथि रहेको बोध हुन्छ । पुस्तकालयले नियमित नाटकलेखन र मञ्चन, साहित्यिक जमघट, समय सापेक्ष विचारमन्थन र सामुदायिक सेवाका कामहरूसमेत प्रभावकारी रूपमा संचालन गर्ने गरेको हुनाले तत्कालीन अवस्थाका युवाहरूमा चेतनाको स्तर निकै माथि उठ्न गई राष्ट्रिय स्तरमै विशिष्ट स्थान बनाउनसमेत सफल भएको पाइन्छ ।

पुस्तक पढ्ने दलानको स्थापनापछिका केही वर्षका अवधिमा युवा समुदायमा शैक्षिक जागरण ल्याउन महत्त्वपूर्ण योगदान गरेको छ । पुस्तकालयलाई प्लेटफर्म बनाएर त्यसैबाट जनसमुदायमा साहित्यिक, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक चेतनाको लहर फैलाउने काम गरेको पाइन्छ । नाटक, गाईजात्रा आदिका माध्यमबाट समाजमा शैक्षिक, सामाजिक एवम् राजनैतिक जागरण ल्याउने कार्य गरेको पाइन्छ । साहित्यिक गोष्ठी र विचार आदानप्रदानका कार्यक्रम यहाँ निरन्तर हुने गरेका छन् । ज्ञान, शिल्प र प्रविधि बिस्तारका बहस र छलफल चल्ने गरेका छन् । नेपालका प्रसिद्ध लेखक, अनुसन्धानकर्ता, विद्वानहरूका बीचमा विचार-विमर्श चलाउने कार्यले धवलको शैक्षिक, साहित्यिक सांस्कृतिक पक्ष ज्वलन्त देखिने गरेको छ । पुस्तकालयले साहित्य र समाज रूपान्तरणको निम्ति योगदान गर्ने व्यक्तिको कृति तथा व्यक्तित्वलाई सम्मानित गर्ने गरी धवल पुरस्कारसमेत स्थापना गरेको छ ।

उपसंहार

नेपालमा जनस्तरबाट स्थापना गरिएका पुस्तकालयको इतिहास अध्ययन गर्ने हो भने पाल्पा जिल्ला अग्रणी मानिन्छ । राजधानी काठमाडौंका युवाहरूले वि.सं. १९८६-८७ सालमा यस किसिमको पुस्तकालय स्थापनाको प्रयास गरे तापनि सफल हुन सकेका थिएन्, बरु सो प्रयास 'लाइब्रेरी पर्व' का नामबाट इतिहासमा परिचित मात्र बन्न पुग्यो । तुलनात्मक रूपमा राजधानीभन्दा अविकसित तथा अशिक्षित पहाडी गौंडा पाल्पाका युवाहरूले राजधानीमा भन्दा तीन वर्ष जति अगाडि नै जनस्तरको पुस्तकालय स्थापना गरेर एउटा अग्रणी भूमिका निर्वाह गरेका थिए । वि.सं. १९८३ सालको यो प्रयास पुस्तकालय स्थापनाका क्षेत्रमा मुलुकमा नै पहिलो हो । यसका लागि अग्रज पाल्पालीहरु बधाईका पात्र छन् ।

पाल्पामा जनस्तरबाट स्थापना गरिएको सम्भवतः नेपालको पहिलो सार्वजनिक पुस्तकालय 'धवल पुस्तकाल' भएको देखिन्छ । चन्द्र शमशेरको शासनकालमा सर्वसाधारण जनताले पुस्तकालय स्थापना गर्नु जघन्य अपराध मानिन्थ्यो । यस्तो अवस्थामा आफूले स्थापना गरेको पुस्तकालयलाई लाकौललगायतले सोझै पुस्तकालयको नाम नदिएर **'पुस्तक पढ्ने दलान'** नामकरण गरेका थिए । पछि उपयुक्त मौका पाउनासाथ 'धवल पुस्तकालय' नामकरण गरिएको देखिन्छ । **धवल पुस्तकालय**बाट प्रभावमा परेर वि.सं. १९९२ मा तौलिहवामा पशुपतिप्रताप पुस्तकालय, बाग्लुङमा १९९७ सालमा 'विद्यामन्दिर पुस्तकालय' स्थापना भएको देखिन्छ । यसैगरी रूपन्देहीमा महावीर पुस्तकालय, गुल्मीको तम्घासमा किरण पुस्तकालय स्थापना भए । यसका लागि धवल पुस्तकालय नै प्रेरणाको स्रोत मानिन्छ । धवल पुस्तकालयलाई विकसित सूचना प्रविधिबाट सुसज्जित गराई समयसापेक्ष उपयोगी बनाउन सकियो भने यसको भविष्य उज्ज्वल मात्र होइन, समाज र राष्ट्रकै शैक्षिक, साहित्यिक, सांस्कृतिक धरोहरको रूपमा स्थापित हुन सक्दछ ।

(महासचिव, धवल पुस्तकालय)

तस्बिरमा तानसेनका केही पुराना धाराहरू

तस्बीरः आयुष के.सी.

तल्लो धोबीधारा

माथिल्लो धोबीधारा

होलाङ्दी धारा

नारायणस्थान धारा

साल्धारा

तीन धारा

खल्डुक धारा

निशान धारा

तस्बिरमा तानसेन

विश्व प्रेस काउन्सिलका महासचिव किशोर श्रेष्ठ पाल्पाली पत्रकारहरूसँग

तानसेन श्रीनगरमा खानेपानीको धारा जडान गर्दाको क्षण

हाम्रो तानसेनका त्रैमासिक पूर्णाङ्क १०-११ संयुक्तरूपमा सार्वजनिक गर्दै लुम्बिनी प्रदेशका सभासद वीरबहादुर राना, मेयर अशोककुमार शाहीलगायत

मेयर, उपमेयर, प्रवक्ता र प्रमुख प्रशासकीय अधिकृत कोरोना संक्रमणको पछिल्लो अवस्था र आवश्यक सतर्कताबारे स्वास्थ्यकर्मीहरूसँग छलफलमा

तानसेन-११ मा सिंचाइका लागि किसानलाई सामग्री वितरण गर्दै

तानसेन-१ मा टोल विकास संस्थाहरूको बैठक

तस्बिरमा तानसेन

तानसेन नगरपालिका स्तरीय दोस्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता शुभारम्भ समारोह

काठमाडौं महानगरका मेयर विद्यासुन्दर शाक्य, उपमेयर हरिप्रभा खडगी तानसेनका मेयर अशोककुमार शाही, उपमेयर लक्ष्मीदेवी पाठक तानसेनमा

तानसेन नगरपालिका आर्थिक विकास समितिको बैठक

सडक डिभिजन पाल्पाका प्रमुख मुकुन्दराज अधिकारीलाई हाम्रो तानसेन उपहार प्रदान गर्दै तानसेनका मेयर अशोककुमार शाही

तानसेन नगरपालिकामा समारोहबीच २३ शिक्षक र २ विद्यार्थी सम्मानित

तस्बिरमा तानसेन

तानसेन नगरपालिका, सुशासन तथा सस्थागत विकास समितिको आब ०७८ ७९ का लागि नीति कार्यक्रम र बजेट केन्द्रित छलफल

तानसेन नगरपालिका, स्थानीय सहकारी सन्जालको आयोजनामा ६४ औं सहकारी दिवस तथा हाम्रो तानसेन त्रैमासिकका लेखक, सर्जक सम्मान कार्यक्रम

अर्गली ख्याहा सडक निरीक्षण गर्दै तानसेनका मेयर अशोककुमार शाहीलगायत स्थानीय नागरिक

श्रीनगरमा आयोजित बनभोज कार्यक्रममा पाल्पाली पत्रकारहरू

तानसेन नगरपालिका, विधायन समितिमा छलफल ...

तानसेन नगरपालिका, पूर्वाधार विकास समितिको बैठकमा समसामयिक सवालमा छलफल

(अन्तर्वार्तामा आधारित)

तानसेनको नीति कार्यक्रम र बजेट नगरवासीले महसुस गर्ने खालको हुने

प्रस्तोता - रेखीराम राना

(तानसेन, २०७७, चैत देखि पाल्पामा पनि कोरोनाको दोस्रो लहर सुरू भएको छ । कोरोनाको दोस्रो लहरबाट अहिले हरेक घर प्रभावित छ । पाल्पाको तथ्याङ्क हेर्ने हो भने सदरमुकाम तानसेनमा सबैभन्दा धेरै कोरोना संक्रमित छन् । यो हिसाबले तानसेन कोरोनाबाट सबैभन्दा धेरै प्रभावित छ । दोस्रो लहर सुरू भएपछि सबैभन्दा धेरै मृत्यु पनि तानसेनमै भएको तथ्याङ्कमा देखिन्छ । हुनत जिल्लाका अन्य स्थानीय तहहरूमा भन्दा तानसेनमा कोरोनाको जाँच धेरै छ ।

कोरोना महामारी र यसको बिरूद्धमा लड्न तानसेन नगरपालिकाले के गरिरहेको छ ? कोरोना नियन्त्रण र प्रभावित मानिसका लागि के काम गरिरहेको छ ? इत्यादि विषयमा तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीसँगको अनौपचारिक भेटघाटमा नव संवाद साप्ताहिकका सम्पादक रेखीराम रानासँग भएको कुराकानीमा आधारित सामग्री सम्पादन गरेर यहाँ प्रस्तुत गरिएको छ- प्रधान सम्पादक)

कोरोनाको पहिलो लहर (कोभिड-१९) को महामारी सकिएपछि अहिले हामी दास्रो लहरको महामारीमा छौँ । र अब छिट्टै नै तेस्रो लहरको कोरोना संक्रमण पनि सुरू भयो कि भन्ने आएको छ । अहिले मुख्यतः हामी दोस्रो लहरसँग कसरी जुध्ने, दोस्रो लहरबाट प्रभावित मानिसलाई कसरी राहत दिने भन्ने काममा र उनीहरूको उपचार कसरी व्यवस्थित बनाउने र कोरोना संक्रमितको नियमित तथ्याङ्क लिएर अघि बढ्ने काम गरिरहेका छौँ । अहिले तानसेन नगरपालिकाले मुख्यतः आफैँ आइसोलेसन सञ्चालन गरिरहेको छ ।

अहिले त्रिभुवन बहुमुखी क्याम्पसको अयोध्याप्रसाद भवनमा २२ बेड अक्सिजनसहितको आइसोलेसन बनाएर कोरोनाबाट गम्भीर बिरामीको उपचार थालेका छौँ । यसलाई ५० बेडको बनाउने हाम्रो उद्देश्य छ । क्याम्पसमा सञ्चालन भएको आइसोलेसनमा अहिले (यो कुराकानी हुँदा) सम्म २६ जना बिरामीको उपचार गरिरहेका छौँ । एक जना स्वतन्त्र डा. झपेन्द्र ढकालको नेतृत्वमा ६ जना स्वास्थ्यकर्मीलाई आइसोलेसनमा खटाएका छौँ । डा. ढकालले खुला हृदयले सहयोग गर्नुभएको छ । यसरी हामीले कोरोनाबाट गम्भीर बिरामीलाई आफ्नै पहलमा उपचार गरिरहेका छौँ ।

अहिलेसम्म हाम्रो आइसोलेसनमा आएका बिरामीलाई अक्सिजनको मात्रा अत्याधिक चाहिने अवस्था छ । तर अहिले अक्सिजनको अभाव छ । बिरामी धेरै आइरहेका छन्, हामीले थप बिरामी राख्न सक्ने अवस्था छैन । एउटै बिरामीलाई दैनिक ३/४ वटा सिलिन्डर अक्सिजन दिनुपर्ने अवस्था छ । तर पनि हामीले अहिले काठमाडौँ सहित देशका विभिन्न स्थानमा सम्पर्क गरेर अक्सिजन व्यवस्था गरेका छौँ । यसका साथै अक्सिजन कन्सन्टेटर राखेर बिरामीको उपचारका लागि पनि हामी विभिन्न संघसंस्थासँग सहकार्य गर्न थालेका छौँ ।

विश्व स्वास्थ्य संगठन र कोरोनासम्बन्धी जानकार डाक्टरहरूले कोरोनाको लहर सातौँ पटकसम्म आउने दावी गरिरहेका छन् । त्यसकारण हामीले दीर्घकालीन रूपमा कोरोनासँग लड्न तयारी अवस्थामा रहनुपर्ने भएको छ । तसर्थ अहिले नै हामीले स्थायी आइसोलेसन सेन्टरको पूर्वाधार बनाएर

अघि बढ्ने सोच बनाएका छौँ । ५० बेडको आइसोलेसन बनाउन हामीलाई ४० लाख रूपैयाँ सहयोग गर्छौँ भन्ने संस्थाहरु आएका छन् । थप अपुग रकम नगरपालिका आफैँले बेहोर्ने सोच छ । यसरी हामीले दीर्घकालीन रूपमा कोभिडसँग लड्न सक्ने गरी तयारी थालेका छौँ । सभासद्, संघसंस्था लगायत सरोकारवालाहरूसँग निरन्तर संवाद गरेका छौँ ।

विगतको कोभिडबाट हामीले केही सिकेका छौँ । विगतमा हामी धेरै आत्तिएर राहत दिने कार्यक्रम गऱ्यौं । त्यो अली बढी सस्तो लोकप्रियताका लागि भयो कि भन्ने पनि आरोप लाग्यो । त्यसकारण अहिले महामारीको अवस्था हेरेर राहत वितरण गर्ने गरी अगाडि बढ्नुपर्छ भन्ने हामीलाई लागेको छ । केही वडाहरूमा यसको अध्ययन् सुरू हुँदैछ । अहिले राहत दियौँ भने पनि हामीले अत्यन्तै सेलेक्टिभ मानिसलाई मात्र राहत दिनेछौँ । पत्रकार, नागरिक समाज र जनप्रतिनिधिको रोहबरमा कोरोनाबाट वास्तविक प्रभावित मानिसलाई मात्र राहत दिने कामको थालनी गर्छौँ । विपन्न, असहाय र छाक रोकिने अवस्थामा रहेका जोकोहीलाई प्राप्त सूचनाको आधारमा हामीले घरमै राहत पुऱ्याउँदै आएको कुरा यहाँ स्मरण गराउन चाहन्छु ।

यस पटकको कोभिडले कृषि क्षेत्रमा ठूलो प्रभाव परेको हाम्रो निष्कर्ष छ । नगरपालिकाले विभिन्न स्थानमा उत्पादन भएका तरकारी तथा कृषिजन्य वस्तुको परिमाण हेरेर यसको व्यवस्थापन गर्नतर्फ लाग्ने योजना बनाएको छ । तानसेनभित्र के कति उत्पादन हुन्छ ? त्यसको म्यापिङ् गरेर कृषि एम्बुलेन्समार्फत् वा अन्य कुनै माध्यमबाट तरकारीजन्य वस्तुको ढुवानी जिल्लाभित्र र जिल्लाबाहिर गरेर बिक्रीको व्यवस्थापन गर्ने तयारी भएको छ । यसले पनि किसानलाई सहयोग पुग्छ र थोरै भए पनि राहत दिन्छ भन्ने हामीलाई विश्वास छ । जसले मिहिनेत गरेर तरकारी तथा फलफूल उत्पादन गर्नुभएको छ, उहाँहरूलाई हौसला प्रदान गर्न र किसानको लगानी खेर जाँदैन भन्ने आडभरोसाका लागि हामी काम गर्ने छौँ ।

कोरोनाले खासगरी गर्भवती महिला, १००० दिनका आमा स्वास्थ्य संस्थामा आउन डराइरहेको अवस्था रहेछ । यसले गर्भमा रहेका बच्चासमेत भविष्यमा समस्या लिएर जन्मने सम्भावना बढ्यो । यसलाई हामीले समाधान गर्न स्वास्थ्यकर्मीलाई गर्भवतीको घरमै पुगेर सेवा दिने र आवश्यक परेको अवस्थामा स्वास्थ्य संस्थामा आउन र उपचार गर्न सवारीसाधन र स्वास्थ्यकर्मीको व्यवस्थापन गरेका छौँ । भविष्यका कर्णाधार र बालबालिकालाई कसरी कोरोना महामारीबाट जोगाउने भन्नेतर्फ हाम्रो ध्यान केन्द्रित भएको छ ।

अर्को कुरा कोरोनाले मुख्य रूपमा प्रभावित भएका भनिएका दीर्घरोगी नागरिक पनि हुन् । उनीहरूले उपचार गर्न नपाएर घरमै मर्नुपर्ने अवस्था सिर्जना भएको छ । कोरोनाका बिरामीलाई मात्र सबै अस्पताल र सरोकारवाला निकायले ध्यान दिँदा दीर्घरोगीहरु अस्पतालसम्म सहजै पुग्न सकेको अवस्था छैन । उनीहरूले पनि सहज सेवा पाउनुपर्छ र बाँच्ने अधिकार पाउनुपर्छ भन्ने हामीलाई लागेको छ । त्यसकारण अस्पतालहरूसँग साझेदारी गरेर दीर्घ रोगीहरूको उपचार गर्न ठाउँ-ठाउँमा क्याम्प चलाउने सोचमा छौँ । यो भयो भने नसर्ने र घरमै डराएर उपचार नपाएका दीर्घरोगीलाई राहत पुग्छ भन्ने हाम्रो विश्वास छ ।

कोरोनाको दोस्रो लहरले हाम्रो विकास निर्माणको काम समेत प्रभावित भएको अवस्था छ । कच्चा पदार्थ ढुवानीमा समस्या छ । एउटा मजदुरले काम गर्छु भन्दाभन्दै पनि काम गर्नसक्ने वातावरण छैन । यस्तो हुँदाहुँदै पनि तानसेन नगरपालिकाभित्रको विकास निर्माणलाई पनि हामीले ब्रेकअप हुन नदिन पहल गरिरहेका छौँ । वडाका जनप्रतिनिधिमार्फत् हामीले विकास निर्माणको कामलाई निरन्तरता दिएका छौँ । यसैले हाम्रो यो वर्षको विकासका काममा धेरै प्रभाव पार्दैन भन्ने विश्वास छ । हामीले धेरैजसो काम सकिसकेका छौँ । बाँकी कामहरु महामारीको बीचमा पनि भइरहेका छन् ।

अहिले कोभिडको प्रभाव रहे पनि आगामी वर्षको योजना तथा बजेट निर्माण गर्ने समय आइसक्यो । यसलाई पनि हामीले स्वास्थ्य मापदण्ड अपनाउँदै छलफल तथा बैठकबाट योजना, कार्यक्रम निश्चित गर्ने काम गरिरहेका छौँ । लुम्बिनी प्रदेश (प्रदेश सरकार) बाट बजेटको सिलिङ् आइसकेको छ । केन्द्र (संघीय सरकार) बाट भने अझैँ आइपुगेको छैन । यद्यपि हामीले विगतका वर्षको बजेटलाई आधार मानेर बजेट र योजना निर्माणको कामलाई सँगसँगै अगाडि बढाएका छौँ ।

यो चालु आ.व.मा पनि र आउने वर्षमा पनि तानसेनले कोभिडबाट प्रभावित युवा, महिला तथा अन्य मानिसलाई स्वरोजगार बनाउने, उद्यमी बनाउने गरी नीति कार्यक्रम तथा बजेट निर्माणमा प्राथमिकता दिनेछौँ । अहिले पनि हामीले झन्डै ४ हजार युवा तथा महिलामा विपन्न लक्षित, स्वास्थ्य विमा लगायतका कार्यक्रम लिएर उनीहरूसँगै अगाडि बढेका छौँ । यसबाट कोभिडबाट प्रभावित युवा, महिला तथा सीप र क्षमता भएका मानिसलाई धेरै नै राहत पुगेको छ । यसले समग्र तानसेनको अर्थतन्त्रलाई मजबुत बनाउन र चलायमान बनाउन सहयोग पुग्छ भन्ने विस्वास छ ।

यहाँ उल्लेख गर्नुपर्ने अर्को महत्त्वपूर्ण विषय के छ भने कोभिडबाट सबैभन्दा धेरै प्रभावित बालबालिका भएका छन् । उनीहरु अध्ययनबाट बाहिर पुगेको अवस्था छ । उनीहरूलाई पढाइ र अध्ययनप्रति सचेत बनाउने गरी कार्यक्रम ल्याउने तयारीमा छौँ । तानसेन नगरपालिकाले परिस्थिति हेरेर आगामी शैक्षिक कार्यक्रम तय गर्नेछ । कोभिडको महामारी कहिलेसम्म हुन्छ, त्यसलाई हेरेर थप निर्णय गरेर जानेछौँ । तानसेन नगरवासीले महसुस गर्ने गरी आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम र बजेट ल्याउने छौँ ।

(सम्पादक, नव संवाद साप्ताहिक)

सूचना

हाम्रो तानसेन बुलेटिनको तेन्हौं अंकको लागि सामग्री २०७८ साउन मसान्तभित्र पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail.com

आवरण लेख

तानसेन नगरपालिकाका केही लेखक-साहित्यकारहरू

- राम ज्ञवाली

विषयप्रवेश

संघीय संरचनाको पछिल्लो पुनर्संरचनाअनुसार तानसेन नगरपालिकाभित्र साबिकको १५ वटा वडाको क्षेत्रभन्दा हालको अवस्थामा विस्तृत वा फराकिलो क्षेत्र बिस्तार भएको छ । पछिल्लो कायम भएको तानसेन नगरपालिकाभित्र तानसेन सदरमुकाम सेरोफेरोका अतिरिक्त बराङ्दी गाविसका केही वडाहरू, मदनपोखरा, तेल्घा, बौघागुम्हा, बौघापोखराथोक, बन्दीपोखरा र अर्गली गाविसहरूको साबिकका सबै वडाहरू तानसेन नगरपालिकाभित्र कायम भएका छन् । जसानुसार तानसेनको १ नं वडामा गैरागाउँ, ध्रुवघाट, भुसलडाँडा, गोर्खेकोट, साबिक बराङ्दीका वडा नं. २ र ६ (नारायणडाँडा) पर्दछन् । २ नं. वडा अर्न्तगत तानपा साबिक वार्ड नं १ मेहल्धारा, साविक २, वडिज्ञानटोल र भीमसेनटोल, साबिक वडा नं. १५ असनटोल, नारायणटोल पर्दछन् । साबिक तानपा वडा नं. ५ टक्सार, वडा नं. ६ बसन्तपुर, वडा नं. ८ भगवतीटोल हाल तानपा ३ नं. वडामा पर्दछन् । वडा नं. ४ मा साबिककै अनुसार मखनटोल, लहरेपीपल, बारूदखान टोलहरू पर्दछन् । तानसेन न.पा. ५ नं. वडाअनुसार साबिकको तानसेन कैलाशनगर, साबिक तानपा १२ सेतीपोखरी, बाँसटारी र साविक १३ बन्दीपोखरा तथा बराङ्दीको अर्चलेसमेत पर्दछन् । वडा नं ६ मा साबिक तानपा ३ बसपार्क-भीमसेनटोल, जैसीचौपारी-बर्तुङ, कोक्रङ्गा, फुलबारी, कुन्सरे (माडी) भेक पर्दछन् । ७ नं वडामा साबिक तानपाको वडा नं. ११ बारूदखान, काजीपौवा, नयाँगाउँ, लामडाँडा, रक्साहा, प्रभास र वडा नं. १४ को बाँसटारी, सुन्दरगाउँ देवीडाँडा, दरबार थुम्का, पकलुवा (माडी भेक) पर्दछन् । तानपा वार्ड नं ८ भित्र साबिक मदनपोखरा गाविस भित्रका २,३,४,५ र ९ नं. वडाका क्षेत्रहरू (मदनपोखरा क्षेत्र) पर्दछन् । ९ नं. वडा भित्र साबिक मदनपोखरा गाविसका १,६,७ र ८ नं. (दमकडा क्षेत्र) का वडाहरू पर्दछन् । १० नं. वडामा तेल्घा गाविस, ११ नं. मा बन्दीपोखरा गाविस, १२ नं. मा बौघापोखराथोक गा.वि.स., १३ नं. मा बौघागुम्हा गाविस र १४ नं. मा अर्गली गाविसका सबै वडाहरू पर्दछन् ।

यो लेख पनि हाल कायम भए अनुसारको वडाबाट प्रतिनिधित्व हुने गरी साहित्य, सिर्जना, लेखन, खोज, अनुसन्धान वा वाङ्मयका कुनै पनि विषयमा कर्म गर्नुभएका यसै नगरपालिकाको माटोसँग भावानात्मक सम्बन्ध भएका (जन्म यहीँ तर बसाइसराइ गरेका), जन्म अन्यत्र तर पेसा व्यवसायको सिलसिलामा यसै नगरपालिकाको कुनै न कुनै क्षेत्रमा स्थायी बसोबास गर्न थालेका, कतिपय जन्म थलो यहीं परिस्थितिले बाहिरिएका तर पनि यही भूगोलको काम गरिरहेका सहितलाई समेटेर उपलब्ध भएका साहित्य सर्जक र लेखकहरूको संक्षिप्त विवरणहरू यहाँ प्रस्तुत गर्न लागिएको छ । प्रस्तुतिको आधार वडा नं. १ देखि १४ सम्म वर्णानुक्रम अनुसार क्रमबद्ध प्रस्तुत गर्ने गरी बनाउने इच्छाचाह भए पनि अनेक प्रयास गर्दा पनि धेरै जसो साहित्यकार र लेखकका विवरणहरू समयमै प्राप्त हुन नसकेका कारण खोजको क्रममा जो भेटिदै र प्राप्त हुँदै गए त्यहीअनुसार प्रस्तुत गर्ने जमर्को गरिएको हो । नामको वर्णानुक्रम, उमेर, योग्यता, बहुप्रतिभा, पदीय हैसियत, कृतिका परिमाण (संख्या), लेखन विधा, विद्वता, कृतिको मूल्याङ्कन (गुण-गरिमा), वरियताक्रम आदि हेरेर कुनै पनि आधारमा अगाडि-पछाडि गरेर प्रस्तुत गरिएको छैन । खोजिएका कैयन् लेखक साहित्यकारहरूमध्ये कैयन् विगत लामो समयदेखि तानसेनको साहित्यिक तथा बाङ्मयको श्रीवृद्धिका लागि अमूल्य योगदान गरेका, अहोरात्र खटेका थिए तर आज हाम्रा सामु छैनन् दिवंगत भइसके, कतिले बसाइँ सरेर अन्यत्र गई कर्म गर्दैछन् । जेहोस् कैयन् व्यक्तित्वहरू आज हाम्रो मनमस्तिष्कमा सम्झनामा छन् त कतिपय प्रचारप्रसार वा भरपर्दो ज्ञानको आधार स्रोत नभेटिदा अज्ञात भएसरिका स्थितिमा छन् ।

कतिपयले पेसा-व्यवसायका सिलसिलामा पाल्पाको तानसेन नगरपालिकाको क्षेत्रभित्र रही प्रशस्तै महत्त्वपूर्ण साहित्यिक सिर्जना र लेखकीय कर्म गरिरहेका छन् । उनीहरूको कर्मको योगदान पनि साहित्य र साहित्येतर क्षेत्रमा अमूल्य, अविस्मरणीय र अर्थपूर्ण रहनेछ । स्थायी बसोबास पहिलेदेखि यहीँ हुनेको योगदान पनि छँदैछ ।

इतिहास खोज्नु दुःसाध्य कर्म हो । खोज कार्यका लागि भर पर्दो जानकार व्यक्ति, आधिकारिक प्रमाणिक विविध स्रोतहरू (लेखक सर्जकका कृति, कृतिकार स्वयम्, सम्बन्धितका बारेमा लेखिएका वा विवेचना-विश्लेषण गरिएका पत्रपत्रिका, सन्दर्भ पुस्तकहरू आदि) सजिलै पाउन सकिने स्थिति छैनन् । यस्ता आधार स्रोतहरू सहज रूपमा पाउन नसक्नुमा धेरै कारणहरू हुन्छन् । जो यहाँ चर्चा गरिरहनु परेन । यसरी खोजका क्रममा नयाँ पुराना पुस्ताका लेखक-साहित्यकारका केही विवरणहरू पाइएका छन् । तिनलाई प्रस्तुत गर्दा कम्तीमा पनि बाल र युवा पुस्ताले पनि तिनको बारेमा केही सूचनात्मक जानकारी भने अवश्य पाउँछन् । अन्य खोजकर्तालाई पनि यस लेख विवरणले केही काम दिन सक्छ । तसर्थ यो खोजमा कम्तीमा पनि एकवटा कृति प्रकाशन गरेका व्यक्तित्वहरूलाई समावेश तथा खोजको आधार बनाइएको छ । भूगोलको लेखन तथा साहित्य सिर्जना मात्र नभई समाजका सरोकारका अनेकन् विषयमा चर्चा गर्ने, सामाजिक विकास, चेतना, जागरण र यथोचित परिवर्तनका लागि लेखनीका माध्यमबाट आवाज उठाउने कलमवीर, कलमजीवी, लेख-सिर्जनाका अनुरागी र कति त लेखनमा नै दिनचर्या बिताउनेलगायतका साधकहरूका विवरणहरू यहाँ समेटिँदै छन् । कैयन्ले देशविदेशमा रहेर पनि तानसेनको भूगोल, संस्कृति, कला धर्म, शिक्षा, राजनीति र समसामयिक सरोकारका विषयमा पनि कलम चलाएका होलान् । त्यस्तै कतिपयको तानपाभित्र स्थायी बसोबास छैन तापनि अस्थायी बसोबास गरेर पनि लेखन सिर्जना कर्ममा जोडिएका छन् । यी सबैको लेखन तथा सिर्जनामा महत्त्वपूर्ण भूमिका र अमूल्य योगदान छ त्यस्ता व्यक्तित्वहरूको पनि फरकफरक रूपमा आलेख नै तयार गर्न सकिन्छ । त्यस्ता व्यक्तित्वहरूले यस लेखमा नाम नपर्दा वा चर्चा नहुँदा गुनासो गर्नुपर्दैन । त्यस्तै फुटकर रचना गरेर साहित्य सेवामा जुटेकाहरू पनि छन् तिनको विवरण पनि यहाँ समावेश गर्न सकिएको छैन । कसैले मन अमिलो पार्नुपर्दैन किनकि यही लेख नै सम्पूर्ण होइन । कतिपय साहित्यिक कृति लेख्न प्रकाशन गर्नुभन्दा पनि साहित्यिक संस्था हाँक्ने र नेतृत्व उदाहरणीय बनाउनेतर्फ केन्द्रित छन् तिनले पनि यहाँ आफ्नो नाम नदेख्दा अचम्मित हुनुपर्ने र दुःख मनाउ गर्नुपर्ने कुनै कारण रहनेछैन । जेहोस् अब प्रस्तुत गर्न लागिएका लेखक-साहित्यकारहरू हिजो तिनको नगरपालिकाभित्रको माटोमा जन्म भयो तीमध्ये कैयन दिवंगत भइसके, कतिपय बसाइ सरे, कोही यही माटो वा भूमिका स्थायी बासिन्दा भएर रहेका छन् त कति अन्यत्रबाट यही माटोमा सामीप्यता गाँसी जोडिन पुगेका, घरवास यही तानसेन नगरपालिकामा बनाएर साहित्यक सिर्जना वा लेखन कर्ममा जोडिइराखेका व्यक्तित्वहरू रहेका छन् । रहरले, लहडले वा जुनसुकै स्थितिबाट भए पनि सामाजिक उत्तरदायी भाव र साहित्य तथा बाङ्मयको सेवा प्रयोजनार्थ कर्म गरेका व्यक्तित्वहरूलाई खोज्दा भेटिएको क्रमअनुसार यहाँ उल्लेख गरिँदैछ । यो खोजको प्रवेश हो, अन्त्य होइन र तानसेन नगरपालिकाभित्र सीमित गरिएको यस खोजले अन्य खोजकर्ताहरूलाई कोसेढुङ्गा साबित भने अवश्य हुन सक्छ ।

पाल्पा जिल्लाको समग्र साहित्यको इतिहास वा लेखन सिर्जना अभ्यासका पृष्ठभूमिको चर्चा नगरी तानसेनलाई मात्र केन्द्रित गरिएको इतिहस बनाएर लेख्न गाह्रो पनि छ, त्यो न्यायसंगत पनि नहुने हुँदा तानपाभित्र भेटिएका कृतिकारको छोटो परिचय मात्र दिने काम गर्नुपूर्व पाल्पाको लेखन सिर्जनाको संक्षिप्त पृष्ठभूमि यहाँ राखिएको छ ।

पाल्पा र तानसेन नगरपालिकाभित्रको सिर्जना र लेखनको संक्षिप्त पृष्ठभूमि

भाषिक हिसाबले हेर्दा पाल्पा र नगरपालिकाको सेरोफेरोअन्तर्गत विभिन्न जातजातिकै बसोबास भए पनि यहाँ संस्कृत (केही प्रतिशत) नेपाली (अधिकतम रूपमा) र नेपाल भाषा (नेवारी) संस्कृतभन्दा अधिक प्रयोग भई लेखन र साहित्य सिर्जनाका कर्म भएका छन् । समग्र पाल्पाको साहित्यिक लेखनको मूल प्रवृत्ति भन्नु नै तानसेन नगरपालिकाभित्रको लेखक साहित्यकारको पनि प्रवृत्ति हो । पाल्पा यस्तो पक्षको

विकास प्रजातन्त्रको उदयपूर्व र प्रजातन्त्रको उदयपश्चात् नै भएको छ । यो खोजकर्ता पूर्वका अग्रज खोजकर्ताहरूबाट यस कुराको पुष्टि भएको छ । खोजीमेलो चर्चा गर्दा तानसेन भित्रबाट मात्र गर्दा एकपक्षीय पनि हुन जाला, सम्बोधन र मूल्याङ्कन गर्न पनि अप्ठेरो पर्ला तसर्थ यहाँ सामान्य रूपमा हेर्दा प्रजातन्त्रको उदयपूर्व र प्रजातन्त्रको उदयपश्चातको समय कालखण्डको सिर्जना र लेखनमा लाग्नेहरूको अति संक्षिप्त चर्चा गर्न उपयुक्त ठान्दै त्यही चर्चाभित्र नै तानसेनबाट प्रतिनिधित्व गर्ने लेखक-सर्जकको योगदान सम्झँदै र सारसंक्षिप्त मूल्याङ्कनसमेत गर्दै विवरण अघि सारिएको छ । साहित्यको विकासमा अभिव्यक्ति र विचार स्वतन्त्रताको प्रमुख स्थान रहन्छ । यस आधारबाट हेर्दा प्रजातन्त्र आउनुअघि पाल्पामा साहित्य लेखन र सिर्जनाको अभ्यास र गुणस्तरीय विकास न्यून छ, सन्तोष गर्ने ठाउँ छैन । यो कालखण्ड प्रारम्भिक लेखन सिर्जनाको समय नै मान्न सकिन्छ । उल्लेख्य कालखण्ड भनेको प्रजातन्त्रको प्राप्तिपछि र अझ त्यसमा पनि पछिल्ला कालखण्डहरू बढी चर्चाको विषय बन्न सक्ने देखिन्छ । राणाकालमा लेख्ने, बोल्ने स्वतन्त्रता नभएकाले मान्छेले आफ्ना मनका बन्द कोठामा राख्न बाध्य भए । अर्कोतर्फ हेर्दा शिक्षाको चेतनाको विकासले पनि पश्रय पाउन सकेको थिएन । जब शिक्षाको अधिकारको स्वतन्त्रता सबैलाई प्राप्त हुने समय आयो तब मात्र मान्छेमा शैक्षिक चेतनाका साथमा कैयन्मा लेखन सिर्जनाका चेतना पनि भरिएर आए । तसर्थ अबको संक्षिप्त चर्चा प्रजातन्त्रको उदयपूर्व र प्रजातन्त्रको प्राप्तिपश्चात्को आधारमा केन्द्रित गरिएको छ ।

(क) प्रजातन्त्रको उदयपूर्व

पाल्पामा लेखन सिर्जनाको समय सुरू नेपाली साहित्यको विकासक्रम सुरू भएपछि करिब ८०-९० वर्षपछि मात्र भएको पाइन्छ अर्थात् मध्यकालीन साहित्य लेखन सुरू भएसँगै पाल्पामा पनि प्रजातन्त्र उदय नहुँदै भक्तिधारामा केन्द्रित विशेषतायुक्त कविता, गीत, कथा, नाटक रचिएका पाइन्छन् । यसको नेतृत्व रेसुङ्गाका सन्त शशिधर स्वामी (वि.सं. १८०४-१९०६) ले गरेका थिए । उनले भाषा साहित्यको उद्देश्यकेन्द्रित भएरभन्दा पनि जोसमनि सन्त परम्पराको प्रचार गर्ने उद्देश्यले केही भजन रचेका रहेछन् । उनका रचनाले त्यसबेला नेपाली भाषासाहित्यको विकासको प्रारम्भमा टेवा पुऱ्याएको थियो । त्यसपछि छविलाल नेपाल (वि.सं. १९०५-१९७९) ले 'गोपी गीत', 'पुत्र शिक्षा' र 'खड्गस्तुति' लगायतका पद्यरचनाहरू गरे । यस लगत्तै अर्घाखाँची खिदिमका दधिराम मरासिनी (वि.सं. १९३९-२०२०) ले धेरै सिर्जनाहरू गरे पनि 'श्री राम चरित्रामृतम्' (संस्कृत खण्डकाव्य) भने प्रकाशन गरेका थिए । पाल्पामा कविता विधालाई हुर्काउन, बढाउन र उत्कर्षमा पुऱ्याउन तानसेनका बहुमुखी प्रतिभा माधवप्रसाद देवकोटा (वि.सं. १९६०-२०३९) देखा परे । छन्द कवितामा कलम चलाउन माहिर उनी संस्कृत र नेपाली दुवै भाषामा कविता लेख्थे । उनको संस्कृत भाषामा रचित 'भारती वैभवम्' नामक खण्डकाव्यले नेपाल र भारतमा समेत प्रसिद्धि पायो । त्यस्तै उनका नेपाली भाषारचित 'हुस्सु पथिक' खण्डकाव्य र 'फूलबारी' कवितासङ्ग्रह पनि चर्चित नै भए । उनका यस्ता रचनामा आध्यात्मिक चेतना रहेको पाइन्छ । देशप्रेम र युगबोधका कुरा पनि उठाएका छन् आफ्ना रचनामा । उनले कथा, निबन्ध र समालोचना जस्ता विधामा पनि कलम चलाउँथे । 'पौराणिक आख्यान' कथा उनले शारदा पत्रिकामा छपाएका थिए । देवकोटाका समकालीन पाल्पा देउरालीका कवि तथा दर्शनशिरोमणि मीनप्रसाद नेपाल (वि.सं. १९६७-२०३५) ले 'राम वनगमन', 'प्रश्नोत्तरी', 'रामगीता सार', 'प्रार्थना' भजनसङ्ग्रह लगायतका कृति प्रकाशित गरेका थिए । उनका सिर्जना पूर्वीय दर्शनमा केन्द्रित थिए ।

यस कालखण्डमै नेपाली भाषामा नै गीति विधाको उत्थान र श्रीवृद्धिमा पाल्पा, चुलीबोझाका बहादुरसिंह बराल (वि.सं. १९४८(२०१९) लागेका थिए । उनका 'बरालको आँसु', 'अब त जाऊँ कान्छी घर', 'नौतले बाउन्ने ढोका', 'रेलिमै' र 'चुइँचुइँ चुइँकने जुत्ता' नामक गीति सङ्ग्रहहरू ग्रामोफोनमा रेकर्ड भएका थिए । यस कार्यमा मित्रसेनले सघाएका थिए । बरालका गीतहरूमा मित्रसेनले स्वर भरेका र आफू स्वयम् पनि गीत लेखेका थिए । वि.सं. १९९० मा उनी पाल्पा आउँदाखेरि रचना गरेको 'तानसेन रमाइलो डाँडा बाबुसाहेव तानसेन रमाइलो डाँडा' भन्ने गीत निकै चर्चित भयो । पाल्पामा बहादुरसिंह बरालले नै नाटक लेख्ने परम्परा बसालेका हुन् । 'दौपद्री' 'चीरहरण' 'ध्रुवचरित्र' आदि नाटक लेखेर तानसेनमा उनले मञ्चन गराए, गीत ग्रामोफोनमा रेकर्ड गराए । त्यस्तै अम्बिकाप्रसाद

लाकौल (वि.सं. १९५८-२०२१) पनि धार्मिक नाटकहरू लेख्थे, अनुवाद गर्थे । 'सिद्धार्थ गौतम', 'राजकुमार विश्वन्तर', 'अप्टुडेट', 'कञ्जुस सेठ', 'संगतको फल' आदि तानसेनमा मञ्चन भएका थिए । उनले भारतीय साहित्यकार वकिमचन्द्र चटर्जीका 'जयन्त श्री उदय गृहिणी' र 'दुर्गेश नन्दिनी' तथा प्रेमचन्द्रका 'बलिदान' र 'सती चिन्ता' नामक औपन्यासिक कृति नेपालीमा अनुवाद त गरे तर छापिन पाएनन् । नाटक लेखककै रूपमा तानसेनका कमलराज रेग्मीको नाउँ पनि अघि आउँछ । उनले 'चन्द्रहास' र 'शमिष्ठा' जस्ता धार्मिक नाटकहरू र 'समाजको भूल', दोस्रो विवाह र 'ठक्कर' जस्ता सामाजिक नाटकहरु तानसेनमा मञ्चन गराएका थिए । पाल्पा साहित्यमा निबन्ध लेखनको प्रारम्भ गर्ने तानसेनका कृष्णप्रसाद लाकौलले वि.सं. १९५६/५७ मा 'तीर्थाटन डायरी' लेखी निबन्ध विधामा लेखन बीजारोपण गरेका थिए ।

(ख) प्रजातन्त्रको उदयपश्चात्

प्रजातन्त्रको उदयभएसँगै पाल्पाको प्रशासनिक क्षेत्रबाट गुल्मी र वाग्लुङ जिल्ला अलग हुन गएकाले ती क्षेत्रले छुट्टैछुट्टै जिल्लामा अस्तित्व कायम गरे । ती क्षेत्रको साहित्यिक सिर्जना र लेखनको गतिविधि तिनै जिल्लामा गनिन थाले । फलस्वरूप हालको पाल्पा जति क्षेत्रफल वा स्थान समेटिएका छन् ती क्षेत्र मात्र पाल्पाको जिल्लागत अस्तित्व राख्ने क्षेत्र भएको छ । यसैअनुसार नै साहित्यिक विकासमा लेखनको माध्यमबाट सामाजिक परिवर्तनमा भूमिका खेल्नेहरूको योगदानको चर्चा र खोज भइरहेको छ । जब प्रजातान्त्रिक उदय भयो नेपालमा, तब राजनीतिक चेतना र विचार सम्प्रेषणमा तीव्रता आउन थाल्यो अनि साहित्यिक चेतना पनि क्रमशः बृद्धि हुँदै साहित्यिक लेखन सिर्जन कर्महरू विस्तारित हुन पुगे । प्रजातन्त्रको उदयपछि पाल्पा साहित्यमा शास्त्रीय रोमान्टिक प्रवृत्तितर्फ उन्मुख हुन चाहने काव्यधारा र प्रगतिवादी काव्यधारा देखिए ।

शास्त्रीय रोमान्टिक काव्यधारालाई पछ्याउँदै कविहरू पद्मनाथ शर्मा, उमानाथ भण्डारी, कुलमणि देवकोटा, कविन्द्रमान सिंह, चूडामणि बन्धु, चेतबहादुर कुँवरलगायतले कलम चलाए । पद्मनाथ शर्मा (वि.सं. १९८३-२०५०) का कविता 'उजेली' पत्रिकामा छापिए । उनका कविता शास्त्रीय छन्दमा पाइन्थे । उमानाथ भण्डारी (वि.स.. १९८२) का कविता परम्परागत पौराणिक र सामाजिक परिवेशको पृष्ठभूमिसहित आध्यात्मिक चिन्तनमा केन्द्रित भएको पाइन्छ । उनले 'मनगीता', 'प्रेमगीता', 'पद्यकुसुम' आदि कवितासंग्रह प्रकाशित गरेका छन् एवम् रीतले पाल्पा, तानसेनका कुलमणि देवकोटा (वि.सं. १९८५-२०५९) ले हास्यव्यङ्ग्यको नेतृत्व गरे । उनका छरिएका फूलहरू कविता सङ्ग्रहका साथै अन्य फुटकर रचनाहरू पनि प्रकाशित छन् । कवीन्द्रमान सिंह (वि.सं. १९८६-२०७२) रोमान्टिक काव्यधारामा कविता, कथा लेख्ने स्वच्छन्दतावादी साहित्यकार हुन् । यिनले 'विरहिणी' कथा सङ्ग्रह र 'पराग' गीतिकाव्य प्रकाशन गरेका थिए । शास्त्रीय काव्यधारा अँगाल्नेहरू चूडामणि बन्धु र चेतबहादुर कुँवर पनि हुन् । चूडामणि बन्धुको 'वनवासिनी' खण्डकाव्य प्रकाशित छ त्यसमा नारी वेदना र पीडालाई उद्घाटित गरिएको छ । चेतबहादुर कुँवरको 'दियालो' कवितासङ्ग्रहमा देशभक्ति र राष्ट्रियताको ममता दर्साइएको छ । गीतिकाव्य पनि पाल्पामा निक्कै चर्चित भयो । पाल्पालाई गीतिकाव्यको माध्यमबाट चिनाउने चन्द्रप्रसाद अधिकारी (वि.सं. १९८८-२०६५) का गीतले ग्रामीण जनजीवनको वर्णन, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । उनका 'बनमुनिको झोपडी' 'गीतमाला' 'कन्या बिक्री' र 'कोसेली' गीतिसंग्रह र 'स्वदेशमै बस्छु म' कवितासङ्ग्रह पनि निकै महत्त्वपूर्ण छन् । चिनियालाल बज्राचार्यले सामाजिक विकृति र विसङ्गतिलाई प्रहार गर्दै 'भोक', 'माटो' र 'मिलन' नामका सामाजिक नाटकहरू र 'श्रीकृष्ण' 'अर्जुन युद्ध' 'वरदान' र 'पुष्पाञ्जली' जस्ता धार्मिक नाटकहरू लेखेका थिए । यी नाटकहरू २००८ सालदेखि २०१३ सालसम्म जनता माध्यमिक विद्यालय, बसन्तपुरमा मञ्चन भएका थिए । पाल्पामा नाटक लेखने काम राणाकालदेखि नै भएको नाटक खेल्ने परम्परा पनि रहेको तर ती नाटकहरू कमै प्रकाशित भएका देखिन्छन् । पाल्पाली नाटककारहरूमध्येका चेतबहादुर कुँवरको 'नरहोस् कोही बेकार (एकाङ्की-२०२२) मात्र प्रकाशित भएको देखिन्छ । पाल्पाली सर्जक गोविन्द भट्टराई (आँसु भट्टराई) को जीवन उपयोगी सीपमा आधारित नाटकसङ्ग्रह 'आत्म पहिचान' २०६५ मा प्रकाशित भएको पाइन्छ भने उनले लेखेको 'आँसुमा रूझेको दशैं' नाटक पाल्पा सांस्कृतिक मञ्चले नगरपालिका सभाहलमा मञ्चन गरेको थियो ।

यस कालखण्डको प्रारम्भतिर पाल्पामा कथा (आख्यान) विधामा कलम चलाउने साहित्यकार त्यति भेटिन्नन् । तर पनि गुरूप्रसाद मैनाली (आधुनिक कथाकार) ले यसै क्षेत्रमा कथा लेख्ने प्रेरणा पाएको भन्ने कथन सुनिँदै आएको हो । यही रहँदामा नै हनुपर्छ 'नासो' कथासंग्रहभित्रका कथाहरू उनले लेखेको । काव्यतर्फ हेर्दा प्रगतिवादी काव्य धाराका विशेषतामा केन्द्रित रही जगतबहादुर जोशी, चिनियालाल बज्राचार्य, त्रिरत्न बज्राचार्य, रामचन्द्र भट्टराई आदि व्यक्तित्वहरूले कलम चलाए । जगतबहादुर जोशीका रचनाहरूले पाश्चात्य काव्यशैली र प्रगतिवादी धारालाई अँगालेको भेटिन्छ । चिनियालाल बज्राचार्यका फुटकर कविता, एकाङ्की नाटक र लेखहरू प्रकाशित भएका थिए । उनका रचनाहरूले सामाजिक जनजीवनका विषयवस्तुलाई प्रगतिशीलतामा राखेर व्याख्या विवेचना गरेको पाइन्छ । रामचन्द्र भट्टराई (वि.सं. १९९८) प्रगतिवादी धारामा कविताकाव्य लेख्ने सर्जक हुन् । त्यसैगरी पाल्पाका गोपीकृष्ण शर्मा, कृष्णचन्द्र देवकोटा, कृष्णबहादुर राणा, बुद्धिराज काफ्ले, हरिप्रसाद खनाल, भुपेन्द्रजंग के.सी., रिपलाल विश्वकर्मा, ईश्वरीप्रसाद आचार्य, योगविक्रम राणा र त्रिरत्न बज्राचार्यले पनि कलम चलाए । अयोध्याप्रसाद प्रधानले राणाशासन कालमा नै मगर भाषाको उन्नतिका लागि एस.एम.पी. गुप्ता उपनामबाट 'मगर कुराको शिक्षा' र 'मगर शब्द' सङ्ग्रह नामक पुस्तक मगर भाषामा लेखे र छपाए । अंग्रेजी भाषाप्रति चासो देखाउने विद्वानहरूमध्येका भुपेन्द्रजंग केसी (वि.सं. १९७०-२०३८) अग्रपंक्तिमै पर्दछन् । उनले अंग्रेजी भाषामा लेखेका कविताहरू ससाना पर्चाको रूपमा प्रकाशित गरेर हातहातै विवरण गर्थे भन्ने सुनिन्छ । उनका कविताका विषयवस्तु देशभक्ति र समसामयिक घटनाप्रतिको समवेदना दर्शाउने खालका पाइन्छन् ।

साहित्यको आधुनिक समय कालखण्डको पछिल्ला चरणमा देखा परेका पाल्पाका लेखक-साहित्यकारहरूमा नाम सम्झी सकिन्न, छुट्न सक्छ । तापनि केही माथि चर्चामा नपरेका केही सम्झेका नामहरू मीनप्रसाद नेपाल, चोलानाथ नेपाल, पं. यादवनाथ कोइराला, उमानाथ भण्डारी, मीनप्रसाद आचार्य, कालुमान अमात्य, कृष्ण पहारी, वेणीमाधव ढकाल, मोहनलक्ष्मी नेपाल, नीलकण्ठ न्यौपाने, शिवकुमार श्रेष्ठ, कृष्णप्रसाद कोइराला, गंगानाथ कोइराला, होमनाथ शर्मा, विष्णुबहादुर अर्याल, हुकुम जीसी, सरोजप्रसाद नेपाल, ईश्वरचन्द्र ज्ञवाली, भगवानचन्द्र ज्ञवाली, कोशलराज पौड्याल, झपेन्द्र खनाल, बीके पाल्पाली, रमेश गौतम पाल्पाली, रेणुका भट्टराई, केवली न्यौपाने, आलोक न्यौपाने, रूपसिंह विश्वकर्मा, कृष्णभक्त देवकोटा, कृष्णप्रसाद बस्याल, शिवभक्त शर्मा न्यौपाने, गोविन्द खनाल, डा. शंकरप्रसाद गैरे, सरोज काफ्ले, अनिल कोइराला, भोजराज भट्टराई, सुनिल कोइराला, मित्रलाल गौतम, खगेन्द्र बस्याल, गोपालप्रसाद बस्याल, तिलक नेपाली, चक्रव्यूह थापा, ताराप्रसाद श्रेष्ठ, गोविन्द भट्टराई (आँसु भट्टराई), तुलबहादुर गाहा, हेमनाथ नेपाल, राजेश श्रेष्ठ, आर.बी. निश्चल, शालिकराम नेपाल, दलबहादुर गुरूङ, डिल्लीराम नेपाल, रमेश समर्थन, दुर्गा ढेंगामगर, नरेशबहादुर ढेंगामगर, राम ज्ञवाली लगायतका अनेकौ सर्जक/लेखकहरू जो न्यूनतम एक वटा र सो भन्दा बढी कृतिहरू सार्वजनिक गरी लेखन साहित्यमा टेवा पुऱ्याइरहेका छन् तर यो लेखको मूल शीर्षकको चर्चाभित्र नपरेका अन्तर्गतका हुन् । कृति प्रकाशन नगरे पनि लेखन वा सिर्जनात्मक क्षमता उच्च बौद्धिक क्षमता भएका व्यक्तित्वहरू पनि सम्झीसाध्य नहुन सक्छ यहाँ । उनीहरूको योगदानको स्मरणार्थ पनि एउटा छुट्टै आलेख नै तयार पार्नुपर्ने हुन्छ । यस लेखको सीमा निर्धारणमा उनीहरू नपरेका कारण नै यहाँ समावेश नगरिएको हो । यसलाई अन्यथा लिनु पर्ने छैन ।

तानसेन नगरपालिकाका १४ वडा भित्रका लेखक/साहित्यकारहरू

पृथ्वीपाल सेन

पृथ्वीपाल सेनको जन्म पिता राजा महादत्तसेन र माता चन्द्रभागा (महादत्तकी जेठी श्रीमती) का कोखबाट भएको थियो । संस्कृत भाषा व्याकरण र साहित्यका विद्वान् ठानिने पृथ्वीपालको जन्म वि.सं. १८१६ मा भएको पाइन्छ । यिनले 'प्रासद कौमुदी' पूर्वाद्ध र उत्तरार्द्ध नामका संस्कृत व्याकरणका दुईवटा गन्थ लेखेका थिए भन्ने कुरा विद्वान खोजकर्ताहरूले उल्लेख गरेका छन् । अन्य गद्य-पद्य रचनाहरू पनि उनका थिए भन्ने कुरा उल्लेख गरिएको छ । यसले उनको लेखकीय विद्वता स्वतः प्रष्ट हुन्छ । पाल्पाको सिर्जना र लेखनको विकासक्रममा पृथ्वीपाल सेनको 'प्रासाद कौमुदी' उत्तरार्द्ध प्रकाशित भई राष्ट्रिय अभिलेखालय काठमाडौंमा रहेको भन्ने चर्चा सुनिन्छ । 'प्रासाद कौमुदी' पूवार्द्ध नामक हस्तलिखित

ग्रन्थ काठमाडौँ प्युखाटोल निवासी केशवराम जोशीको सङ्ग्रहमा सुरक्षित भएको कुरा पाल्पा राज्यको इतिहास (भाग-१) कृतिमा डा. विष्णुप्रसाद घिमिरेले जनाएका छन् । साहित्यका उत्प्रेरक, प्रजाप्रेमी, धर्मप्रेमी, कलाप्रेमी पृथ्वीपाल सेनको वि.सं. १८६३ वैशाख १५ गतेका दिन हत्याका कारण अल्यापुमा नै निधन भएको थियो ।

डायमण्डशमशेर ज.ब.रा.

विशेषत : आख्यानकारका रूपमा परिचित डायमण्डशमशेर जंगबहादुर राणाको जन्म तानसेनको पाल्पा दरबारमा भएको हो । वि.सं. १९७५ आषाढ २१ गते माता मोहनकुमारी र पिता बुधशमशेर ज.ब.राको सुपुत्रका रूपमा उनको जन्म भएको पाइन्छ । यस अर्थबाट हेर्दा उनको पाल्पासँग भावनात्मक सम्बन्ध देखिन्छ । पाल्पामा उनी धेरै समय बस्न नपाए पनि माटोसँगको नाता जोडिएको छ । उनले एसएलसीसम्मको योग्यता हासिल गरेको छोरा रघुशमशेर राणाले बताउँछन् । उनका प्रकशित कृतिहरू निम्नानुसार रहेका छन् ।

(१) बसन्ती (उपन्यास-२००६)
(२) सेतो बाघ (उपन्यास-२०३०) : यो उपन्यास अंग्रेजी, जर्मनी, फ्रेन्च, जापानिज र कोरियन भाषामा समेत अनुवाद भएको छ ।
(३) प्रतिबद्ध (उपन्यास-२०३४)
(४) सत्प्रयास (उपन्यास-२०३५)
(५) धनको धब्बा (उपन्यास-२०४०)
(६) अनीता (उपन्यास-२०५१/०५२)
(७) गृहप्रवेश (जंगबहादुरका बारेमा लेखिएको उपन्यास-२०५८/०५९)

उपन्यासकार डायमण्ड शमशेरको वि.सं. २०६७ फागुन २० गते निधन भएको हो । उनका "सेतो बाघ" लगायत केही कृति अति चर्चित भएका कृतिको रूपमा पर्दछन् । राणा परिवारमा जन्मेर पनि साहित्य सेवा गरेर साहित्यिक श्रीवृद्धिमा उनले गरेको योगदान अमूल्य रहेको छ ।

पुरुषोत्तमशमशेर जबरा

काठमाडौँमा जन्मे पनि बाल्यकाल पाल्पाको दरबारभित्र बिताएका पुरूषोत्तम शमशेर जबराको पाल्पा तानसेनसँग भावनात्मक नाता छ । आफू पाल्पाली भएको तथ्य उनले फोन वार्तालापमा बताएका छन् । वि.सं. १९८२ साल चैत्र १५ गते द्रोणकुमारी देवी र ईश्वर शमशेरका छोरा भई जन्मने शौभाग्य पाएका पुरूषोत्तम शमशेरले इतिहासका विषयमा कलम चलाउने गरेका छन् । यु.पीबाट म्याट्रिक, आइ.ए. बि.कम. अध्ययन गरेका राणाले नेपाली वाङ्मयमा ठूलो गुन लगाएका छन् । उनले लेखेका कैयन पुस्तकहरू चर्चित छन् । उनका हालसम्मका सार्वजनिक भएका पुस्तकहरूको विवरण यसअनुसार रहेका छन् :

(१) श्री ३ हरूको तथ्यवृत्तान्त (दुई भागमा प्रकाशित) : पहिलो २०४७ र दोस्रो भाग २०५९ मा प्रकाशन ।
(२) Jung Bahadur Rana : The Story is rise and glory (2054 B.S.)
(३) सम्झेका र सुनेका कुराहरू (वि.सं. २०६३ दोस्रो संस्करण)
(४) भएका र गुज्रेका घटनाहरू (२०६३)
(५) राणाकालीन प्रमुख ऐतिहासिक दरबारहरू (२०६४)
(६) लुकेछिपेका प्रतिभाहरू (२०६८)
(७) मेरा जीवनका स्मृतिहरू (२०७०)

९५ वर्षीय जिन्दगी बिताउँदै गरेका राणाका ७० भन्दा बढी महत्त्वपूर्ण लेखहरू पनि प्रकाशित भइसकेको उनले वार्तालापको सिलसिलामा बताएका छन् ।

छविलाल नेपाल

नेपाली कवितासाहित्य प्रारम्भ भएको करिब ८० वर्षको अन्तरालमा जन्मिएका छविलाल नेपाललाई नेपाली कविता विधामा सिर्जना गर्ने प्रथम पाल्पाली कवि मानिएको छ । अहिलेसम्मका खोजका आधारमा पाल्पाली आदिकवि उनलाई नै भनिएको छ । आदिकवि भानुभक्त आचार्य जागिरका सिलसिलामा पाल्पा बसेको बेला यिनकै घरमा डेरा गरेर बसेकाले उनैबाट यिनी प्रभावित भई थुप्रै कवितात्मक सिर्जनाहरू गरेका थिए भन्ने सुनिन्छ । यस्ता व्यक्तित्वको जन्म वि.सं. १९०५ सालमा बुबा दीननाथ नेपाल र आमा लोपामुद्राका सन्ततिको रूपमा भएको थियो । स्वाध्ययनको शिक्षा मात्र लिएका नेपालले धेरै रचनाहरू गरेका भए पनि पटकपटक घर आगजानी हुँदा ती रचना नष्ट भएको र हालसम्म तीनवटा मात्रै प्रमाणको रूपमा भेटिन सकेका रचनात्मक कृतिहरू सार्वजनिक हुन सकेका छन् भनिन्छ । 'गोपीगीत', 'पुत्रशिक्षा'

र 'खड्गस्तुति' का बारेमा खोजकर्ताहरूको चर्चामा रहेको पाइन्छ । उनले रानीघाट दरवारसम्बन्धी कविताका अतिरिक्त केही फुटकर कविता पनि लेखेको प्रमाणिक कुरा बाहिरिएका छन् । 'तीर्थयात्राको डायरी' पनि उनकै कृति हो भन्ने चर्चा छ ।

माधवप्रसाद देवकोटा

पाल्पाको साहित्य सिर्जनाका चिराक मानिने माधवप्रसाद देवकोटा वि.सं. १९६० साल मंसिर ३ गते जन्मेका हुन् । आमा नर्मदादेवी र बुबा पुष्करनाथ देवकोटाका छोरा हुन् उनी । उनले काशी वनारसबाट धर्मशास्त्री परीक्षा (२००३) र सांख्योगाचार्य परीक्षा (२०१६) उत्तीर्ण गरेका छन् । 'स्तुति र प्रशस्तिमूलक समस्यापूर्तिहरू' (१९८२), 'समयोचित बालशिक्षा' - कविता (१९८४) र 'मातृभाषा' (निबन्ध-१९८६) गोरखापत्रमा प्रकाशन गरेर साहित्य सिर्जनाको यात्रालाई निरन्तरता दिएका देवकोटाका हालसम्म केही सिर्जनात्मक कृतिहरू पाठकहरूमाझ देखा पर्दै ऐतिहासिक दस्तावेज बन्न पुगेका छन् । उनका ती कृतिहरूः

- भारती वैभवम् (संस्कृत स्तवकाव्य)
- हुस्सु पथिक (खण्डकाव्य-२०१०)
- फूलबारी (कवितासंग्रह)
- रूरूगौरव (खण्डकाव्य)
- तरङ्ग (कवितासंग्रह)
- नेपाली बालसंस्कृत व्याकरण (६ वटा भागमा प्रकाशन भएको)
- नेपाली संस्कृत व्याकरण (३ पुस्तकहरू)
- इशादि नौ उपनिषद्
- एघार उपनिषदको नेपालीमा अनुवाद (छान्दोग्य उपनिषदसहित)
- जीवनदानम् (संस्कृत)
- ऊर्मिमाला (संस्कृत कवितासङ्ग्रह)
- लेखमाला (गद्य रचनासङ्ग्रह)
- क्रियाचक
- उपयोगी नेपाली व्याकरण (नेपालीमा)
- वृहदारण्यकोपनिषद्

यस आधारमा हेर्दा उनी कवि, काव्यकार, व्याकरणविद् र अनुवादका रूपमा प्रसिद्धि पाएका व्यक्तित्व हुन् भन्ने दर्शिन्छ । उनको २०३९ साल चैत्र ११ गते शुक्रबारका दिन निधन भएको हो । यस आधारमा देवकोटाको साहित्य सिर्जनात्मक उच्च व्यक्तित्व थियो भन्ने स्वतः सिद्ध हुन्छ ।

रिपलाल विश्वकर्मा

पाल्पाको तानसेन सदरमुकामस्थित लहरेपीपल निवासी गोरे विश्वकर्मा र डम्बरकुमारी विश्वकर्माको सुपुत्र रिपलाल विश्वकर्मा वि.सं. १९७१ साल असारमा जन्मेका हुन् । संस्कृतमा प्रवेशिका र अंग्रेजीमा हाइस्कुलसम्मको शिक्षा पाएका दलित मुक्तिका अगुवा सचेतकका रूपमा परिचित उनी आफ्ना सिर्जनाहरूमा जातीय उत्थान र सामाजिक विकृतिहरूको विषय उठान गरेका छन् । लेख्न त धेरै नै लेखेका भए पनि हालसम्म सार्वजनिक कृतिहरू भने तल लेखिएबमोजिम मात्रै रहेका छन् :

(१) रिपोपदेश दलित ? (कथाहा संग्रह-२०४१)

(२) विवाह पद्धति (२०४०)

उनले गरूड पुराणको नेपाली अनुवाद गरेका थिए । पञ्चायतको सवाई, दलित पुराण, विश्वकर्मा पुराण पनि लेखेको जानकारहरू बताउँछन् । उनको देहावसान २०५२ साल पुस ११ गते आफ्नै निवासमा भएको थियो । रिपलालले साहित्य सिर्जनामा गरेको योगदान अविस्मरणीय छ ।

विनयकुमार कसजू

माता तारालक्ष्मी र पिता मोतीकुमार कसजूका पुत्ररत्न विनयकुमार कसजू वि.सं. २००४ भदौ कृष्णाष्टमी (१८ जुलाई १९४७) मा रिडीबजार गुल्मीमा जन्मेका हुन् । मूलवासस्थान तथा बाल्यकाल बितेको ठाउँ रिडी भए पनि पछि उनको बसोबास तानसेन, भगवतीटोलमा रह्यो । साहित्य र पत्रकारिताका केही समय 'पश्यकोयम' उपनामबाट चिनिएका उनले त्रिविविबाट इ.सं. १९७५ मा वीए उत्तीर्ण गरेका थिए । पत्रकारिता तथा आमसञ्चार, साहित्यका कथा, लघुकथा, बालविकास र बालसाहित्य, अभिव्यक्ति स्वतन्त्रता, सूचना अधिकार तथा सूचना तथा सञ्चार प्रविधि (आइसीटी) मा कर्म र योगदान गरेका उनले अतुलनीय सेवा पुऱ्याएका छन् । उनको सम्पूर्ण कर्म विवरण यो छोटो टिपोटमा उल्लेख गर्न भने सम्भव छैन । उनका केही प्रकाशित पुस्तकहरूमा :-

(क) पत्रकारिता र आमसञ्चार क्षेत्रका

- मिडियाको लोकतान्त्रीकरण (२०६३)
- पत्रकारको अधिकार र जिम्मेवारी (२०६२)
- सामुदायिक रेडियो (२०५७)
- साँचो कुरा (सत्य साप्ताहिकका सम्पादकीय सङ्गालो २०४५)
- सशस्त्र द्वन्द्वमा समाचार सङ्कलन, नेपाली पत्रकारहरूको अनुभव (२०६२)

(ख) साहित्य (कथा, लघुकथा) विधाका

- बीऊ-ट्वीट कथासंग्रह-२०७५
- स्माइललाई स्लिपिङ व्याग विनय कसजूका छानिएका लघुकथाहरू २०६६
- Sleeping Bag for Mr Fox (English Translate) 2007 AD
- थोपा थोपा (लघुकथा सङ्ग्रह) २०५७
- लिस्नो (लघुकथा सङग्रह) २०५३
- पशुतन्त्र (लघुकथासङ्ग्रह) २०३९
- चौतारो (संयुक्त कथासङ्ग्रह) हवाइ पत्रिकामा (२०३३-२०३४)

(ग) बालसाहित्यसम्बन्धी

- शान्तदास भन्नुहुन्छ (२०७५)
- स्मार्ट टिन्स (किशोर कथासङ्ग्रह) २०७४
- Dreams of a Duckling (A Picture story for children) Translator : Mahesh Paudyal 2017 (2074 BS)
- डल्फिनको गीत (बालकथासङ्ग्रह) २०७४
- जलवीर र सुरी (चित्रपुस्तक) २०७४
- बाँसुरी बजाउने भूत (बालकथासङ्ग्रह) २०७३
- माकुरालाई मोजा (बालकथासङ्ग्रह) २०७३
- टिउराको सपना (चित्रकथा) २०७३
- बालकथा सम्पादन (२०७२)
- आज स्कुल जान्न (चित्रकथा) २०७१
- मलाई माया गर्छिन् (चित्रकथा) २०७१
- स्विडेनको बालसाहित्य र आस्ट्रिड लिन्ग्रेनको योगदान-२०७१
- The Story Planet (2071 B.S.)
- The Animal Planet (2071 B.S.)
- The Cyber Planet (2071 B.S.)
- बाल पत्रकारिता (२०७०)
- भोकाएको बिरालो (चित्रकथा) २०७०
- तीन पाङ्ग्रे साइकल (चित्रकथा) २०७०
- Tricycle (Picture Story in English) 2070 BS
- कोसिस गर्छु (२०७०)
- I Can do (Picture story) 2070 BS
- मेरो किताब (चित्रकथा) २०७०
- हाम्रो पुस्तकालय (चित्रकथा) २०७०
- जुल्फी खाने कौवा (बालकथासङ्ग्रह) २०६९
- मेवालाल (बालकथासङ्ग्रह) २०६९
- सुजनको डर (२०६९) बालकथासङ्ग्रह
- सूर्यको बिहे (२०६९)
- साइबर बालकथा (२०६९)
- हाम्रो स्कूल खोई ? (चित्रकथा-२०६९)
- म्याउँम्याउँ बिरालो (चित्र पुस्तक-२०६८)
- बालबालिकामा पढ्ने बानीको विकास (२०६८)
- अनौठो आकाश सूर्य र ग्रहहरू (सचित्र विज्ञान पुस्तक) २०६७
- विनय कसजूका एकसय बालकथा (बालकथासङ्ग्रह) २०६६
- रातो भाले (सचित्र रंगीन शिशु पुस्तक) २०६६
- मुसाको भोजमा बिरालो (सचित्र रंगीन बालपुस्तक) २०६६
- कान्छोको मोटर (बालकथासङ्ग्रह) २०६६
- स्माइल प्लिज (बालकथासङ्ग्रह) २०६६
- सानी जलपरी र हान्स क्रिस्चियन एन्डरसनका दन्त्यकथाहरू (अनूदित कथाहरू) २०६५
- वनको दमकल (बालकथाको संकलन) २०६४
- इसपका नीति कथा (अनुवाद, संकलन र सम्पादन) २०६४
- जन्म दिनको उपहार (बालचित्रकथा) २०६३
- घडीहरूको जमघट (२०६३) बालचित्रकथा
- बालकथा लेखन (२०६३)
- हान्स क्रिस्चियन एन्डरसन र उनका परीकथाहरू (नेपाली अनुवाद) २०६१

- मुसालाई दोसल्ला र अरू बालकथाहरू (बालकथासङ्ग्रह (२०६१)
- बाघको सत्कार (बालकथासङ्ग्रह) २०६१
- झ्यापुल्लेको बिजोग (बालकथासङ्ग्रह) २०६१

(घ) सूचना तथा सञ्चार प्रविधि (आइसीटी) का क्षेत्रमा

- सूचना प्रविधिको शक्ति र नेपालमा यसको उपयोग (सूचना तथा सञ्चार प्रविधिको विषयमा प्रकाशित पुस्तक) २०६०

(ङ) अन्य पुस्तकहरू

- PALPA AS YOU LIKE IT (पाल्पाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरूको सचित्र परिचय (२०४४)
- PALPA AS YOU LIKE IT को परिबर्द्धित संस्करण (२०५९)

सम्पादित/अनुवादित विविध पुस्तकहरू

- मानव बेचबिखन/ओसारपसार (२०५९)
- Kamaiya : Slavery and freedom in Nepal (2001)
- वातावरण पत्रकारिता (२०४८)
- सामुदायिक रेडियो हाते किताब (२०६१)

बालकथा, चित्रकथाका पुस्तक सम्पादन

- प्रज्ञा बालसाहित्य विवेचना (२०७५) प्रकाशक : प्रज्ञा प्रतिष्ठान
- किशोर (कथासङ्ग्रह-भाग ३) : मनोरम जफाद्वारा लेखिएको, २०७५
- किशोरी (कथा-भाग १) : दशजना लेखिकाहरू, २०७५
- किशोरी (कथा-भाग २) : दश जना लेखिकाहरू, २०७५
- इम्जाको झस्को (२०७५) : मञ्जु झवाली
- खैरो वकुल्ला (२०७५) : प्रमोद प्रधान
- लिटिल डायनो (२०७५) : अनन्त वाग्ले
- नागदहका माछा (२०७५) : गंगादेवी कसजू
- रङ्गीन विष (२०७५) : विजयराज आचार्य
- जुम्लाका बालकथा (२०७४) : विभिन्न विद्यार्थीहरू
- किशोर कथा (भाग १, २०७४, विभिन्न लेखकहरू
- गुडनाइट (किशोरकथासङ्ग्रह) विजयराज आचार्य, २०७४
- साहसी विरू (चित्रकथा) विवेक आचार्य, २०७४
- नारायणीपारि (बालकथासङ्ग्रह) शान्ति सापकोटा, २०७४
- सम्पदा र विपदा (बालकथा संग्रह) डा. तारानिधि भट्टराई २०७४
- अटेरी घडीहरू र अरू नेपाली कथा (२०७४) अनु.मोहन कार्की र अन्य
- भाले खै (बालकथासङ्ग्रह) : दुर्गा पौड्याल, २०७४
- ढुक्ढुकी (बालकथासङ्ग्रह) २०७३
- यतीको देशमा (चित्रकथा) मोहन कार्की, २०७३
- बुधनी (चित्रकथा) २०७३, विजयराज आचार्य
- जुगल स्कुलका विद्यार्थीहरूको कथासङ्ग्रह २०७३
- मुसाको दरबार (बालकथासङ्ग्रह) : केशरी अम्गाई
- सीपबाट सम्मान (कथाहरू) १६ जना लेखक, २०७२
- पुतली र उसका साथी (बंगाली बाल उपन्यास) शेली सेनगुप्त, अनु.उषा नन्दी, २०७२
- भुइँचालोको कथा, तेह्र जना लेखक, २०७२
- माछासँग घुमघाम (चित्रकथा) मोहन कार्की,
- Realities of Ghosts and Ghost stories (Simplified and Abridged for young Readers) Mod Nath Prashrit, Translator Jwala Dhakal, 2071
- बुद्ध र लुम्बिनी (विभिन्न लेखकको बालकथासङ्ग्रह) २०७१
- चंखे स्याल र लाइफ ज्याकेट (बालकथासङ्ग्रह) २०७१, मञ्जु झवाली
- चितुवालाई झ्याँइकुटी (बालकथासङ्ग्रह), शान्ति सापकोटा, २०७१
- हराएको चप्पल (बालकथासंग्रह), विवेक आचार्य, २०७१
- सम्मिश्रिकाको छाता (चित्रकथा) गंगादेवी कसजू, २०७१
- Sammi's Umbrella (Picture Story of a Compassionate Girl), Gangadevi Kasajoo, 2071
- बुधना (चित्रकथा), रामबाबु सुवेदी, २०७१
- The lost slippers (Collection of Eight Childrens stories, Bibek Acharya, 2071
- कौवा किन कालो ? (चित्रकथा) कपिल लामिछाने, २०७०
- राजा मौना (चित्रकथा) रमेश भट्टराई, २०७०
- हजुरआमालाई उपहार (चित्रकथा) नेत्र तामाङ, २०७०

- Daddys love (Collection of Childrens stories), Bijay Raj Acharya, 2070
- कालो बिरालो (चित्रकथा) नेत्र तामाङ, २०७०
- पुन्टे घुम्नजाँदा, श्यामकृष्ण खुलीमुली, २०७०
- Two Voiceless Girls of Sitlangpur (Collection of Childrens stories), Bijay Ray Acharya, 2070
- बन्धन (बालकथाहरू), २०७०
- आँटी पुतली (चिनिया बालउपन्यास) अनु. विजयराज आचार्य, २०७०
- सानो भूत (चित्रकथा) ललितादोषी, २०७०
- चङ्खको बुद्धि (चित्रकथा) इन्दिरा दली, २०७०
- छट्टु चंख (चित्रकथा), विजयराज आचार्य, २०७०
- Why The Crow is Black ? (Picture Book), Kapil Lamichhane, 2070 B.S.
- टौदहका कथा (शुभकामना एकेडेमीका विद्यार्थीहरूका कथा) २०७०
- निस्फिक्री (बिमासम्बन्धी बालकथासङ्ग्रह), २०७०
- छोरीको माया (बालकथासङ्ग्रह), विजयराज आचार्य, २०७०
- म स्कूल जान्न (चित्रकथा), विजयराज आचार्य, २०७०
- रमाइलो स्कुल (चित्रकथा), विजयराज आचार्य, २०७०
- ग्रेटवालमा जिराफ (चित्रकथा) अनन्त वाग्ले, २०७०
- जीवन्त बालकथा
- युनाइटेड कथा (युनाइटेड स्कुल)
- नानीहरूलाई कसरी असल बनाउने, मोदनाथ पश्रित
- कोरिया पुगेको लालीगुराँस, यु जंग यी
- मेचमा मने (चित्रकथा) अनन्त वाग्ले, २०६९
- लोर्के मुसाको हवाई यात्रा (चित्रकथा), सन्तोष न्यौपाने, २०६९
- कोकले क्याक (चित्रकथा) विजयराज आचार्य, २०६९
- काँढे दुम्सी (चित्रकथा) विजयराज आचार्य, २०६९
- माटोको माया (कथाहरू), २०६९
- In Love of soil (Collection of Environmental Stories for children, Translator Mahesh Paudyal, 2069 B.S.)
- कोरियाली बालकथाहरू अनु मोहन कार्की, २०६७
- हाम्रा कथा (बालकथासङ्ग्रह-१) २०६६ आदि

बालकथाहरू (सुन्ने सीडीमा)

- भालुको बगैंचा (३० वटा बालकथासङ्ग्रह) २०६२
- स्माइल प्लिज (२२ वटा बालकथासङ्ग्रह) २०६६

बाल साहित्य लेखन प्रशिक्षणमा समेत योगदान दिएका कसजूले प्रशस्त मानसम्मान र पुरस्कार प्राप्त गरेका थिए । उच्च पदीयका हैसियत सम्हालेका विनय राष्ट्रिय सूचना आयोग (२४ जेठ २०६५-२ साउन २०६९ सम्म) को प्रथम प्रमुख सूचना आयुक्त पनि भएका थिए । पत्रकारिता र बालसाहित्यमा निकै महत्त्वपूर्ण, अतुलनीय योगदान गरेका उनले प्रतिनिधि नेपाली लघुकथाहरू (२०६५), कवि माधवप्रसाद देवकोटा स्मृति ग्रन्थ (२०४२) सहित र अनेकन पुस्तक, सत्य साप्ताहिक, गाउँले देउराली साप्ताहिकलगायतका पत्रपत्रिकाको समेत सम्पादन गरेका थिए । यस्ता बहुगुणी र बहुप्रतिभा सम्पन्न उचो व्यक्तित्वको वि.सं. २०७६/०८/१० मा निधन भएको हो । यी सबै आधारहरूबाट हेर्दा विनयकुमार कसजूको बहुमुखी व्यक्तित्व थियो । बहुविधामा कर्मयोगी हुनुका साथै उनको असाधारण क्षमतासमेत भएको उनका कर्मले पुष्टि गर्दछन् ।

गंगादेवी राजभण्डारी कसजू

ई.स. १९४७ जुन १ तारिखमा बाग्लुङको वाग्लुङ बजार जन्मी वैवाहिक घर तानसेन बनाई विनयकुमार कसजूकी जीवन साथीका रूपमा चिनिएकी गंगादेवी हाल काठमाडौं बस्छिन् । यद्यपि उनको पाल्पा तानसेनसँग भावनात्मक सम्बन्ध र माटोको नाता छ । उनका पिता तेजबहादुर राजभण्डारी हुन् भने माता रत्नदेवी राजभण्डारी हुन् । गंगादेवीले त्रि.वि.वि.बाट वी.ए., बीएडसम्मको औपचारिक अध्ययन पूरा गरेकी छिन् । शिक्षिका, मानव अधिकारकर्मी, पत्रकार तथा बालसाहित्य सर्जकको परिचय बनाएकी उनले बालसाहित्यका कृतिहरू पनि छपाएकी छिन् । उनका पुस्तकहरूका विवरणहरू निम्नानुसारका रहेका छन् :

(१) छिरिङ र चौरी (चित्रकथा) २०७५
(२) नागदहका माछा (वातावरण संरक्षणसम्बन्धी पाँच बालकथासङ्ग्रह) २०७५
(३) चिल हरायो (चित्र बालकथासङ्ग्रह) २०७४
(४) वफेमा भोकै (बालकथासङ्ग्रह) २०७४
(५) हाम्री आमा (चित्रपुस्तक) २०७४

(६) चाँदीको छाता (बालकथासङ्ग्रह) २०७४
(७) वनभोजको फूल (बालकथासङ्ग्रह) २०७३
(८) कान्छो नातिको उपहार (बालचित्र पुस्तक) २०७२
(९) Sammi's Umbrella (children's Picture book) अनुवाद, २०७१
(१०) सम्मिश्रिकाको छाता (बालचित्र पुस्तक) २०७१
(११) म के के गर्छु (बालबालिकालाई दैनिक व्यवहार सिकाउने पुस्तक) २०७०
(१२) खोई मेरो घर ? (बालचित्र पुस्तक) २०६९
(१३) हाम्रो भोजन (पोषण र भोजनका विषयमा बालबालिकालाई जानकारी दिने पुस्तक) २०६८
(१४) हाम्रा बालकथा (बालकथासङ्ग्रह-२) २०६९ (सम्पादन)

महिला सशक्तीकरण, मानव अधिकार, बालविकासका पक्षमा लेखन कर्म गरेकी गंगादेवी लेखनमा विशेषतः बालसाहित्यकार नै हुन् । सहयात्री विनय कसजूको प्रेरणा र प्रभाव उनमा परेको पाइन्छ । महिला बाल साहित्यकारमा उनको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ ।

कवीन्द्रमान सिंह

कवीन्द्रमान सिंह वि.सं. १९८६ साल जेठ २० गते तानसेन बसन्तपुरमा जन्मेका हुन् । उनी बुबा कौस्तुवमान सिंह र आमा लक्ष्मीकुमारीका सुपुत्र थिए । उनले आई.ए. पास गरेका थिए । हिन्दीमा साहित्यरत्न उपाधि प्राप्त यिनी कथा, गीत मुक्तक, खोजमा केन्द्रित लेखरचनासहितका कृति पुस्तकाकारमा सार्वजनिक गरेका छन् । उनले नाटक पनि लेखेका थिए तर प्रकाशित हुन सकेको छैन । उनका प्रकाशित भएका केही किताबहरूमा :

(१) विरहिणी (कथासङ्ग्रह-२०११)
(२) पराग (गीतिकाव्य-२०१३)
(३) जीवन पथको घुम्तीबाट (कथासङ्ग्रह-२०५३)
(४) रजकण (गीत, मुक्तक र काव्यसङ्ग्रह-२०५३)
(५) पाल्पाको सेरोफेरोतिर (संस्कृति-२०५४) रहेका छन् ।

आख्यान गीत, कविता, काव्य र नाटकमा समेत कलम चलाएका सिंहको रोमान्टिक कविको रूपमा परिचय छ । उनी २०७२ साल असार ३ गते यस संसारबाट बाहिरिएका हुन् । कविन्द्रमान पाल्पाका स्मरणीय महत्त्वपूर्ण प्रतिभा हुन् । पाल्पाको साहित्यिक सिर्जनाका गौरव हुन् ।

कृष्णचन्द्र देवकोटा

कवि तथा पण्डित माधवप्रसाद देवकोटा र माता दमयन्ती देवकोटाका कनिष्ठ सुपुत्र, कुलमणि देवकोटाका सहोदर भाइ कृष्णचन्द्र देवकोटा वि.सं. १९९० साल आषाढ कृष्ण अमावस्याका दिन भगवती टोलमा जन्मेका हुन् । उनले वनारसस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट शास्त्रीसम्म पढे । एउटै घरभित्रका बाबु-छोरा बुहारी र नाति कवि-साहित्यकार हुनु पनि संयोग जस्तै नै हो । बाबु र दाजुको प्रेरणा र प्रभावले यिनलाई पनि तान्यो फलस्वरूप यिनी कवि बन्ने सौभाग्य पाए । विद्यालय निरीक्षक पदको जिम्मेवारीबाट २८ वर्ष सेवा गरी अवकाश लिएका देवकोटाको व्यक्तित्व पनि बहुमुखी थियो तापनि साहित्यमा यिनी कवि नै भएर चिनिए । छन्द कविताका शिल्पहस्ती देवकोटाका केही पुस्तकहरू निम्न छन् ।

(१) बालस्रेस्ता ज्ञान (२०१६)
(२) भर्तृहरिको नीतिशतकम्को नेपाली पद्यानुवाद (२०१८)
(३) भगवती जात्रा (२०३७)
(४) पितृशोकोद्गार (लघुकाव्य-२०४०)

झण्डै उनका एक दर्जन कृतिहरू सार्वजनिक हुन बाँकी छन् । देवकोटाको वि.सं. २०५५ साल श्रावण कृष्ण अमावश्याका दिन ६५ वर्षको उमेरमा निधन भएको हो । पिता माधवप्रसाद देवकोटाको प्रेरणा र प्रभाव यिनमा परेको पाइन्छ ।

अम्बिकाप्रसाद लाकौल

साहित्यकार पिता कृष्णप्रसाद लाकौल र माता द्रौपदी लाकौलको सुपुत्र अम्बिकाप्रसाद लाकौल पाल्पा-तानसेनको ठाडो गल्लीमा वि.सं. १९५८ मा जन्मेका हुन् । स्वाध्ययन कर्मबाट नै अमर कर्म गर्न सकेका उनले डेढ दर्जनभन्दा बढी शिक्षाका पुस्तकहरू लेखेका थिए । उनका कृतिहरू तपसिल बमोजिमका रहेका छन्:

(१) पाल्पाको भूगोल (२००९)
(२) नागरिक शास्त्र
(३) नेपाली अङ्क गणित ज्ञान
(४) गोर्खा भाषानुवाद (१९९४)
(५) सत्योपदेश (भाग १,२,३ र ४) १९९४

(६) धर्मदत्त, दुर्गेश नन्दिनी (विभिन्न भागहरू) : १९८३
(७) तन्त्रयोग साधना (१९९३)
(८) हिन्दुस्तानको कहानी
(९) सापटको घडी (१९८४)
(१०) नाटक पुस्तक (२००९) रामलीला, कृष्णलीला, भगवानबुद्ध
(११) हाम्रो गीत
(१२) सिल्लीको डायरी
(१३) हिजो आज
(१४) कम्पनी पुराण
(१५) बुद्धको जीवनी र उपदेश
(१६) डुलुवा कहानी (२००९)
(१७) अन्तर्राष्ट्रिय धर्मसंघ कहानी (२०००)
(१८) उपन्यास (२०००)
(१९) पृथ्वीको इतिहासको टिप्पणी
(२०) धर्मतत्व
(२१) योगदर्शन
(२२) सूत्र, विचारसङ्ग्रह (१ २ ३)
(२३) संज्ञानात्मक मगरभाषा
(२४) मगर नेपाली भाषा शब्दार्थ
(२५) नेवारी, गीत, भजन, कविताहरू

नाटक नाटिका, छोकरा नाच, हास्यव्यङ्ग्य प्रदर्शनकर्ता, जोकर एवम् स्थानीय कलाकारहरूका लागि समेत कथाको परिकल्पना गर्ने, कथा, संवाद आदि समेत लेख्ने खुबी भएका लाकौल बहुप्रतिभा र क्षमताका व्यक्तित्व थिए । पाल्पाको लाकौल प्रेस (२००७) उनैको थियो । सेवा र सामाजिक भावनाका पनि नमुना थिए उनी । यस्ता व्यक्तित्वको २०३१ साल मंसिर २२ गते शनिवारका दिन निधन भएको थियो । साहित्यमा नाटक विधाको परम्परालाई अगाडि बढाउनमा उनको उल्लेख्य भूमिका रहेको छ । उनले सामाजिक, धार्मिक नाटक लेख्ने, गीत लेख्ने तथा नाटकको निर्देशन गर्थे । उनका 'सिद्धार्थ गौतम' 'राजकुमार विश्वन्तर', 'अप्टुडेट', 'कञ्जुस सेठ' र 'संगतको फल' नाटकहरू निकै प्रसिद्ध भएका हुन् । पाल्पामा पहिलो प्रेस चलाएर उनले गरेको योगदान झनै स्मरणीय छ ।

अयोध्याप्रसाद प्रधान

पाल्पाका शैक्षिक पिताको रूपमा परिचित अयोध्याप्रसाद प्रधानको जन्म वि.सं. १९६० साल वैशाख अक्षय तृतीयाका दिन तानसेनमा भएको हो । माता तिलोत्तमादेवी प्रधान र पिता बद्रीनारायण प्रधानका सुपुत्र हुन् उनी । पटनाबाट एसएलसी, प्राइभेट रूपमा आइए, बनारस हिन्दू विश्वविद्यालयबाट वी.ए. अनर्स, राजनीतिशास्त्र, नालन्दा विश्वविद्यालयबाट पाली भाषामा क्लास फस्ट (फस्ट पोजिसन), गोल्ड मेडलिस्ट, युनिभर्सिटी अफ मेरिल्याण्ड-कलेज पार्क युएसएबाट एमएड उत्तीर्ण गरेका प्रधान बहुआयामिक लेखन क्षमता भएका व्यक्तित्व हुन् । उनले अंग्रेजी, नेपाली र मगर भाषाका समेत कृतिहरू प्रकाशन गरेर वाङ्मयको श्रीवृद्धिमा अतुलनीय सेवा गरेका छन् । उनका पुस्तकहरूमा :

(१) Encyclopedia of Nepal
(२) Buddha's System of meditations
(३) पाल्पा : परिचय
(४) नेपालको धार्मिक सहिष्णुता (२०२४)
(५) मगर कुरा शिक्षा १९९६ (चार भागमा)
(६) विज्ञान दर्शन (नेपाली भाषामा)
(७) मगर शब्दसङ्ग्रह १९९६
(८) न्वा खँया परिवार, छगु तुलनात्मक अध्ययन (नेवारी, २०४७)
(९) न्यिवा (नेवारी, २०५०)

उनले नेपाली भाषामा विभिन्न लेखहरू, अनुवाद साहित्यहरू, मगर भाषिक-मगर शब्दसङ्ग्रह र मगर कुराको शिक्षालगायतका कृतिहरू हामी माझ छाडेर गएका छन् । यस्ता व्यक्तित्वको पारकिन्सन्स रोगका कारण ९५ वर्षको उमेरमा २०५५ सालको जेठ ११ गते सोमबारको दिन काठमाडौंको पुतली सडकस्थित आफ्नै निवासमा निधन भयो । उनले हामी माझ कर्मका थुप्रै सम्झना छाडेर गए । यी विविध योगदानका अतिरिक्त उनले मगर भाषामा लेखेर गरेको योगदान विशेष स्मरणीय छ ।

डा. हरिप्रसाद पोखरेल 'मानसाग्नि'

शैक्षिक योग्यता एन्.डी र पी.एच.डी (मानार्थ) उपाधि प्राप्त गरेका प्राज्ञिक र अन्य क्षेत्रमा कर्मरत हरिप्रसाद पोखरेल औपचारिक प्रमाणपत्रको नामले भन्दा 'मानसाग्नि' को 'उपनाम' ले सर्वत्र चिनिन्छन् । बहुमुखी क्षमता र प्रतिभा भएका 'मानसाग्नि'

राष्ट्रकै अमूल्य गहना पनि हुन् । यस्ता व्यक्तित्वको जन्म वि.सं. २०२० साल चैत्र २२ गते तानसेन नगरपालिकाको प्रभासअन्तर्गतको सुन्दर गाउँमा भएको हो । पिता यज्ञप्रसाद पोखरेल र माता यनकुमारी पोखरेलका सुयोग्य पुत्ररत्न हुन् उनी । लामो समयदेखि वाल्मीकि क्याम्पस, काठमाडौंमा प्राध्यापनरत उनी योग, प्राकृतिक चिकित्सा र प्राच्य ज्ञान विज्ञानका वरिष्ठ विशेषज्ञ हुन् । बहुविधामा कलम चलाएर गाउँ समाज र राष्ट्रलाई नै ज्ञान दिनु, पर्थप्रदर्शन गर्नु उनको थप परिचय हो । यस अर्थमा उनी चिकित्सक मात्र नभई कवि-लेखक पनि हुन् । उनका हालसम्म विविध विषयका ३ दर्जनभन्दा बढी पुस्तकहरू नेपाली र अंग्रेजी भाषामा प्रकाशित भएका छन् । पुस्तक प्रकाशनको विवरण निम्नानुसार रहेको छ ।

(१) निरोग हुने सरल उपाय
(२) विश्व योग दिवस
(३) वेगविज्ञान
(४) केही गुणकारी बोटबिरूवा
(५) गहुँ र चिकित्सा विज्ञान
(६) एड्स (भाग १, २ र ३)
(७) प्राकृतिक स्वास्थ्य विज्ञान
(८) जडिबुटी : जीवनको आधार
(९) स्वास्थ्य सूत्र
(१०) विरूद्ध भोजन र स्वास्थ्य
(११) सावधान : जुत्ता पनि हानिकारक हुन्छ
(१२) प्राकृतिक चिकित्सा
(१३) कब्ज र भोजन चिकित्सा
(१४) सामाजिक विसङगति र स्वास्थ्य
(१५) हृदय रोगमा योग र प्राकृतिक चिकित्सा
(१६) आरोग्यको मूलबाटो
(१७) रक्तदान : महादान
(१८) आँखादान : महादान
(१९) सूर्यनमस्कार (संक्षिप्त)
(२०) सञ्जीवनी
(२१) भोजन, पोषण र हाम्रो स्वास्थ्य
(२२) महिला स्वास्थ्यको हेरविचार
(२९) जलचिकित्सा र हाम्रो स्वास्थ्य
(२४) महिनावारी
(२५) गीतमाला (बालगीत सङ्ग्रह)
(२६) झाडापखाला
(२७) जीवनशैली र स्वास्थ्य
(२८) स्वस्थ जीवनका लागि स्वस्थमुख
(२९) नीम
(३०) मानसाग्निको स्वधर्म
(३१) अचेतन यात्रा
(३२) प्राञ्जल पथ
(३३) मानसाग्नि ध्यान विज्ञान
(३४) प्रारम्भ
(३५) स्वास्थ्य पथ
(३६) कब्ज : कारण और निवारण (हिन्दी भाषामा)
(३७) योग और सम्पूर्ण स्वास्थ्य
(३८) जीवन संस्कृति और प्रकृति विज्ञान
(३९) उठो (कवितासंग्रह)
(४०) गेहुँ लगायतका कृतिहरू ।

साधनाका क्षेत्रमा 'मानसाग्नि' का नामबाट परिचित भएका पोखरेल योग एवम् प्राकृतिक चिकित्साका वरिष्ठ विशेषज्ञ हुन् । उनको संकल्प र सत्प्रयासमा नेपालमा योग सम्वत्, राष्ट्रिय योग दिवस (माघ १) र राष्ट्रिय चिकित्सा दिवस (असार २०) ले नेपाल सरकारबाट राष्ट्रिय मान्यता प्राप्त गरेका छन् । यस्ता प्रतिभालाई पाल्पा र समग्र देशले नै चिन्न सक्नुपर्छ । उनको विशेष कर्मबाट मनग्य लाभ लिन सक्नुपर्छ ।

डा. ऋषिकेशवराज रेग्मी

वि.सं. २००२ साल भदौ ३१ गते तानसेनको सिलखानटोल पाल्पामा पिता तीर्थराज रेग्मी र माता श्रीधरा रेग्मीका सुपुत्र भई ऋषिकेशवराज रेग्मी जन्मेका हुन् । कलकत्ता विश्वविद्यालयबाट पी.एच.डी गरेका रेग्मीले साहित्य र साहित्येतर विधामा कलम चलाई नेपाली र अंग्रेजी भाषाका कृतिहरू सार्वजनिक गरेका छन् । प्रकाशित भएका उनका कृतिहरू निम्नानुसारका छन् ।

- पला (कथासंग्रह)
- स्वयम्भूको डाँडा (उपन्यास)

- सिन्दुर यात्रा (उपन्यास)
- फुङ्ग उडेको यौवन (उपन्यास)
- एक स्रोत तीन धारा (एन्थ्रोपोलोजी)
- फुटेको पुर्पुरो (उपन्यास)
- बिलाउदै गएको छाया (कथासङ्ग्रह)
- परिवर्तनका खुट्किलाहरू (उपन्यास)
- Cultural Patterns and Economic change (Anthropology)
- Ohimals: Miracwous Migrants of Himal (Anthropology)
- Royal Cities of Patan and Bhaktapur (Anthropology) आदि ।

साहित्यिक र साहित्येतर विधाका यी पुस्तकहरू निकै उपयोगी छन् । पाल्पाली भूमिमा यिनको योगदान पनि कदापि भुल्न सकिँदैन ।

छत्रराज शाक्य

सहप्राध्यापक पदबाट सेवानिवृत्त छत्रराज शाक्य तानसेन, नारायण टोलका विशिष्ट प्रतिभा हुन् । अन्नतराज शाक्य र ज्ञानीदेवीका छोरा छत्रराज (२००३ जेष्ठ २४) बौद्ध दर्शनका ज्ञाता मानिन्छन् । १ दर्जनभन्दा बढी पुस्तकाकारीय कृतिहरू निकाल्न नै सकिने गरी दर्जनौँ फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा छपाएका उनले हालसम्म भने एक मात्र पुस्तिका आकारको कृति 'विपश्यना ध्यान' (२०४९) मात्र प्रकाशन गरेका छन् । उनले २०२८ सालमा अर्थशास्त्र विषयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेका हुन् । बौद्ध साहित्यका कोष नै ठानिने उनीबाट बौद्ध विषयक जिज्ञासु र शोधार्थीहरूले मनग्य लाभ लिन सक्छन् ।

डा. पोषराज पाण्डे :

तानसेन धरमपानी, पाल्पा ई.सं. १९५९ साल फागुन २९ गते दुर्गाराज पाण्डे र दयाकुमारी पाण्डेका सन्ततिका रूपमा पोषराज पाण्डेको जन्म भएको हो । एम ए, एम.बी.ए. पिएच डी योग्यता र उपाधि प्राप्त पाण्डे प्रोफेसर हुन् । उनले केही पुस्तकहरू पनि लेखेका छन् । अंग्रेजी भाषामा महत्वपूर्ण कृति लेखेर उनले आफ्नो विशेष प्रतिभाको परिचय दिएका छन् । पाल्पाको लागि उनका कर्म गौरवकै विषय हुन् ।

- Agreement of Agriculture
- Enviromental Consequences of Trade and World trade Organization
- World trade organization and Nepal
- Prospect of Trade Expansion in the SAARC Region

नेपाल र विश्व सन्दर्भका यी सबै पुस्तकहरू अंग्रेजी भाषामा प्रकाशित भएका छन् ।

डा. मनोहरलाल श्रेष्ठ

असनटोल, पाल्पामा वि.सं. २००४ साल वैशाख ४ गते आमा चिनियादेवी र बाबु गोविन्दलालका सुपुत्रका रूपमा मनोहरलाल श्रेष्ठको जन्म भएको हो । एमबीबीएस र एमएस (General Surgery) योग्यता हासिल गरेका श्रेष्ठ हाल काठमाडौँ बस्छन् । उनले स्वदेश तथा विदेशमा शोधपत्रहरू प्रकाशित गरेका छन् । उनका शोध पत्रहरू पनि कृतिका रूपमा महत्वपूर्ण हुन सक्छन् ।

नेत्रकुमारीदेवी शर्मा

जन्मस्थान पाल्पाको भैरवस्थान (मन्छिप) भएकी नेत्रकुमारी देवी शर्माको कर्मधर, तानसेन धुव्रघाट हो । आमा यशोदा गौतम र बाबा लीलाबल्लभ गौतमकी छोरी हुन् उनी । वि.सं. १९६९ सालमा उनको जन्म भएको थियो । तत्कालीन अवस्थामा उनले 'दान प्रशंसा' (२०२०) नामक कृति लेखीछपाएकी थिइन् । उनको निधन वि.सं. २०२३ सालमा अल्पायुमै भएको थियो । भक्तिभावका दृष्टिले उनको कृति पनि महत्वपूर्ण मान्न सकिन्छ ।

डा. हरिहर शर्मा अर्याल

वि.सं. २००८ साल माघ १५ गते पाल्पाको मदनपोखरा कोकलमा जन्मेका हरिहर शर्मा अर्यालका मातापिता वेदप्रभा तथा झपेन्द्रराज अर्याल हुन् । विद्यावारिधि उपाधि हासिल गरेका डा. अर्यालले नेपाली र संस्कृत भाषामा पुस्तकहरू प्रकाशन गरेका छन् । उनका प्रकाशित भएका कृति विवरणहरू निम्न अनुसारका छन् :

(१) प्रयास मञ्जरी (कवितासङ्ग्रह) २०३०
(२) धर्म सङ्कट (खण्डकाव्य) २०३५
(३) बुहारी (खण्डकाव्य) २०७६
(४) माडी (कवितासङ्ग्रह) २०७६

(५) मातलीमहिमा (२०४८)
(६) समयशतकम् (२०४८)
(७) तपस्वीकृषिबलम् (२०५७)
(८) वाग्वल्लरी (२०७१)
(९) मुक्तिमन्दिरम् (२०५९)
(१०) झषमहिषी कथासङ्ग्रह (२०५८)
(११) कनियसी (कथासङ्ग्रह २०६४)
(१२) रूपचतुः शालम् (एकाङ्कीसङ्ग्रह)
(१३) श्राद्धपद्धति (२०५७)
(१४) अन्त्यक्रिया पद्धति (२०६४)
(१५) वास्तुशान्ति पद्धति (२०७१)
(१६) शतरूद्रीयम् (२०७१)
(१७) सिद्धब्रत (चौरासी पूजा पद्धति) २०७५
(१८) मधुझरी (काव्य) लगायतका रहेका छन् ।

काव्य, धर्म-दर्शन, संस्कृत सम्बद्ध अनेक ग्रन्थका रचयिता व्याकरण-साहित्याचार्य डा. हरिहर शर्मा अर्याल नेपाल र भारतमै प्रसिद्ध विद्वान् मानिन्छन् । उनी डा. हरि 'अरविन्द' उपनामले चिनिन्छन् । हालसम्म उनका धार्मिक कर्मकाण्ड र साहित्यसँग सम्बन्धित कृतिहरू प्रकाशित भएका छन् । साहित्य र कर्मकाण्ड क्षेत्रका व्यक्तित्वहरूले उनका कृतिहरूबाट मनग्य लाभ लिन सक्छन् ।

शोभाकर शर्मा खनाल

तानसेन ध्रुवघाटमा वि.सं. १९६५ सालमा जन्मेका शोभाकर शर्मा खनाल बुबा भीमदेव शर्मा र आमा फनेश्वरीदेवी शर्माका सुपुत्र हुन् । संस्कृतमा प्रथमा पास गरेका उनले राम्दीघाट तीर्थको महिमागान गरेको एक पुस्तक 'रामघट्ट' वि.सं. २०१३ सालमा छपाएका छन् । उनको निधन २०५२ सालमा भएको हो । राम्दीको सांस्कृतिक, ऐतिहासिक, पक्षलाई चिनाउने उनको पुस्तक राम्दी क्षेत्रको अमूल्य कृति हो । यो अरूलाई पनि निकै उपयोगी रहेको छ ।

विजयगोविन्द श्रेष्ठ

साहित्यमा "विजय सागर"का रूपमा परिचित उनी हाल भैरहवा बसे पनि जन्मथलो भने तानसेनको ठाडो गल्ली हो । वि.सं. २००६ साल असोज ३ गते उनी जन्मेका हुन् । माता पद्मकुमारी र पिता इन्द्रगोविन्द श्रेष्ठका छोरा विजय सागरले इतिहास विषयमा एम.ए उत्तीर्ण गरेका छन् । 'संकुचित माया' कथा (२०२४) गुराँस त्रैमासिकमा छपाई साहित्ययात्रा सुरू गरेका उनले साहित्यिक श्रीवृद्धिका लागि निरन्तर लागि परेका छन् । प्रकाशित भएका हाल सम्मका उनका कृति विवरण यस प्रकार छन्-

(१) हाम्रा कथाहरू (२०३०) सहलेखन
(२) चौतारो (लघुकथासङ्ग्रह), २०३३ (हवाई पत्रमा प्रकाशन)
(३) चौतारो (लघु कथासङ्ग्रह) भाग(२ (२०३४)
(४) सागरका कथाहरू (लघु कथासङ्ग्रह) २०६०
(५) सागरका कविताहरू (कवितासङ्ग्रह) २०६१
(६) विवरूका कथाहरू (सहलेखन), २०६६
(७) नेवा संस्कृति र उपत्यका बाहिर बस्ने नेवारहरू (२०६४)

कथामा विशेष लेखन अभिरूचि र दखल भएका श्रेष्ठ कविता सिर्जनामा समेत चासो राख्दछन् । उनी पनि साहित्यका धरोहर नै हुन् ।

बटुकनाथ देवकोटा

काठमाडौँ बसाइ भएका बटुकनाथ देवकोटाको जन्मथलो तानसेन भगवतीटोल हो । माधवप्रसाद देवकोटाका नाति कमला देवकोटा (माता) तथा कृष्णचन्द्र देवकोटा (पिता) का छोरा हुन् उनी । व्यवस्थापन र समाजशास्त्रमा स्नातकोत्तर गरेका देवकोटाले हालसम्ममा एउटा साहित्यिक कृति प्रकाशित गरेका छन् । त्यो कृति 'गणतन्त्रको दियो' (नियात्रा), २०७० रहेको छ । यस आधारमा हेर्दा कविता विधामा उनको केही कलम चले पनि संस्मरण लेखनमा विशेष रूचि देखिन्छ । उनीबाट अझै अमूल्य कृतिहरू लेखिनुपर्छ । जुन कर्म पाल्पा र समग्र देशका लागि गौरवमय र स्मरणीय बन्न सकून् ।

प्रा.डा. सावित्री कक्षपती मल्ल

तानसेन, पाल्पाको मखनटोलमा वि.सं. २०१६ साउन ४ गते माता भगवतीमाया र पिता यज्ञप्रसाद कक्षपतीकी छोरीका रूपमा सावित्री कक्षपतीको जन्म भएको हो । नेपाली विषयमा स्नातकोत्तर (एमए) २०४३ एवम् 'रंगशिल्पका दृष्टिले बालकृष्ण समका नाटक' शीर्षकमा विद्यावारिधि (२०६८) गरेकी उनले हालसम्म दुईवटा मात्र कृति प्रकाशित गरेकी छिन् ।

(१) पाल्पाका लोकगीतको अध्ययन (२०५१)
(२) रंगकर्मी बालकृष्ण सम र उनको रङगशिल्प (२०७४)

लोक साहित्यकी अनुसन्धाता डा. सावित्री समीक्षा/समालोचनामा पनि कलम चलाउँछिन् । लोक साहित्यिक उनको कर्म पाल्पाको लागि निकै महत्त्वपूर्ण साबित भएका छन् । यस्तै थप कृतिहरू अरू पनि लेखियून् ।

डा. ध्रुवप्रसाद भट्टराई

तानसेन नगरपालिका वडा नं. १४ स्थित रविदास, पुजेरीटोलमा ध्रुव भट्टराईको जन्म भएको हो । वि.सं. २०२६/०३/३२ गते आमा सावित्रा र पिता घनश्याम भट्टराईका सुपुत्रका रूपमा उनी जन्मेका हुन् । त्रिचन्द्र बहुमुखी क्याम्पस काठमाडौंमा प्राध्यापनरत भट्टराईको स्थायी बसोबास भने वर्दघाट नगरपालिका अन्तर्गतको जहदा धनेवा, नवलपरासी रहेको छ । समालोचना, कविता, निबन्ध आदि विधामा कलम चलाएका उनले एम.ए. नेपाली (२०५१) र विद्यावारिधि (२०७०) सम्मको शैक्षिक उपाधि लिएका छन् । उनले प्रकाशन गरेका कृतिहरू निम्नानुसार रहेका छन् :

(१) समीक्षा कुसुम (२०५८)
(२) लोक कविताको विमर्श (२०७५)
(३) नेपालका प्रदर्शनकारी कला : प्रादेशिक अनुसन्धान प्रदेश नं. ४ (२०७४) सहलेखन
(४) जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (दोस्रो ठेली): सहलेखन-२०७५ आदि

समीक्षा लोक साहित्य, खोज अनुसन्धान नै डा. भट्टराईको कृति कर्मको मुख्य चिनारी बनेको देखिन्छ ।

डा. ईश्वरीप्रसाद गैरे

सह-प्रा.डा. नारायणप्रसाद गैरेका भाइ ईश्वरीप्रसाद गैरेले आफ्नो जन्म भने अर्गली, फोस्रानमा भएको बताउँछन् । आफ्नो शैक्षिक विवरणलगायतमा उनले यसै तथ्य पेश गर्दे आएका छन् । पिता शिवलाल र माता कौशल्यादेवीका पुत्ररत्न उनी २०२५ साल साउन ३ गते जन्मेका थिए । एमए नेपाली (२०४७), बीएड (२०५८) एमए हिन्दी (२०५०) तथा 'मदनमणि दीक्षितको' उपन्यासकारिता (२०७३) मा विद्यावारिधि गरेका गैरे प्रवेशिका परीक्षादेखि माथिल्ला तहका सबै परीक्षाहरूमा प्रथम श्रेणीमा नै नै उत्तीर्ण गर्दै एमए (हिन्दीमा) सर्वप्रथम समेत भएका हुन् । उनको लेखन विशेषतः पाठ्यपुस्तक विशेषमा केन्द्रित छ । उनका प्रकाशित पुस्तकहरूमा-

(१) आधुनिक नेपाली नाटक र कविता (२०५९) सहलेखन
(२) लोक साहित्य, पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध (२०६०)
(३) आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य (२०६०)
(४) नेपाली साहित्यको इतिहास तथा संस्कृत र पाश्चात्य साहित्यको रूपरेखा (२०६१) सहलेखन
(५) सिर्जना शोधविधि र संस्कृत काव्यशास्त्र (२०६२)
(६) आधुनिक नेपाली आख्यान (२०६३)
(७) नेपाली कविता काव्य र समालोचना (२०६३)
(८) भाषाविज्ञान र नेपाली भाषा (२०६४) रहेका छन् ।

कविता, गीत र गजलसंग्रहहरू भने उनको प्रकाशोन्मुख अवस्थामा रहेका पाइन्छन् । फुटकर रचनाहरू भने दर्जनौं प्रकाशित भइसकेको पाइन्छ । कृति प्रकाशनका आधारबाट हेर्दा उनी मूलतः पाठ्यपुस्तक लेखकका रूपमा परिचित छन् ।

गोपीकृष्ण शर्मा गौतम

पिता रूद्रनाथ र माता नन्दकुमारीका सुगोग्य पुत्ररत्न गोपीकृष्ण शर्माको जन्म वि.स. १९९३ साल माघ ८ गते तानसेनको गैरागाउँमा भएको हो । नव्य व्याकरणाचार्य (२०१९) र एमए नेपाली (२०२८) को शैक्षिक औपचारिक योग्यता हासिल गरेका शर्मा प्राध्यापन पेसाबाट सेवा निवृत्त भइसकेका व्यक्तित्व हुन् । पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा साहित्यिक कृतिहरू सार्वजनिक गरेर लेखक तथा साहित्यकारको परिचय बनाएका उनका डेढ दर्जन कृतिहरू प्रकाशित भएका छन्-

(१) नेपाल परिचय (२०३०) सहलेखन
(२) नेपाली निबन्ध परिचय (२०४०)
(३) अवलोकन र विवेचन (२०४४) समालोचनासङ्ग्रह
(४) पौराणिक बालकथा (२०४४)
(५) सरल निबन्ध परिचय (२०४८)
(६) केही भाषा : केही साहित्य (२०४५) सहलेखन
(७) नेपाली कथा उपन्यास : नेपाली कविता काव्य (२०४९) सहलेखन
(८) एक भाषा, अनेक साहित्य (२०५०) सहलेखन
(९) संस्कृत साहित्यको रूपरेखा (२०५३)
(१०) तीतामीठा कुरा (नीतिकाव्य २०५३) सहलेखन
(११) मेरो अमेरिका यात्रा (२०६३) नियात्रा

(१२) स्मृतिबिम्ब (२०६७) कवितासङ्ग्रह
(१३) नीतिविचार (नीतिकाव्य २०६७) सहलेखन
(१४) उमा (२०७०) शोककाव्य
(१५) डा. शास्त्रदत्त पन्तका केही साहित्यिक कृतिहरू, (२०७०)
(१६) आरोहण (महाकाव्य २०७४) सहलेखन
(१७) पर्यवेक्षण (२०७५) समालोचनासङ्ग्रह
(१८) महिमा (२०७६) खण्डकाव्य

यी आधारहरूबाट हेर्दा विशेषतः उनी साहित्यसारथि हुन् भन्ने प्रष्ट हुन्छ । उनको लेखन सिर्जना पाल्पा र समग्र देशले विशेष सम्झन लायक छन् ।

कुलमणि देवकोटा

वास्तविक नाम शनिश्चर शर्मा भएका कुलमणि देवकोटाको जन्म पाल्पा तानसेन असन, भगवतीटोलमा भएको हो । उनी पिता पं. माधवप्रसाद देवकोटा र माता दमयन्ती देवीका सुपुत्र हुन् । उनको जन्म वि.सं. १९८५ साल मंसिर धान्यपूर्णिमा बुधबारका दिन भएको हो । काठमाडौँ र भारतको वाराणसीबाट स्नातक गरेका देवकोटाले पछि एम.ए. समेत गरे । त्रिभुवन बहुमुखी क्याम्पसको प्राध्यापनबाट अवकाश पाएका देवकोटाले 'जुठेल्नो' नामको पहिलो रचना छापी पछि विभिन्न कृतिसमेत प्रकाशन गर्दै गए । उनका पुस्तकीय कृतिहरू :

(१) पाल्पाली गीत र हाम्रो गीत (दुवै कृति २०१४ सालमा)
(२) छरिएका फूल (कवितासङ्ग्रह) २०१५, पितृशोकोद्गार (२०३९)
(३) साक्षरताको प्रसार (कवितासङ्ग्रह) २०२४
(४) पुतलीको फूल (बाल कवितासङ्ग्रह) २०२६
(५) गाईजात्रा (२०२९)
(६) सञ्चयनी (२०३८)
(७) तेह्र कविता (२०४७)
(८) २०५१ का कविता (२०५३)
(९) बुद्धलोक (२०५०)
(१०) शोकाञ्जली (२०३९)
(११) माधव मधुमास महाधम सन्जात (२०४०)
(१२) प्रौढ नागरिक शास्त्र (२०१७, हिन्दीमा)
(१३) मानवअधिकारको अन्तर्राष्ट्रिय घोषणापत्र (२०२४) (अंग्रेजीबाट नेपालीमा अनुवाद
(१४) मुडुली बज्यै (२०३० कवितासङ्ग्रह)
(१५) पाल्पाली आधुनिक गीत (२०१४) आदि ।

उनको निधन २०५९ साल असार ९ गते भएको हो । हास्य कविको रूपमा उनको परिचय ऐतिहासिक भएर रहेको छ । भगवतीटोलमै रहेर उनले आफ्नो सम्पूर्ण जीवन साहित्य साधना र प्राध्यापन पेसामा बिताए ।

चन्द्रप्रसाद अधिकारी

पाल्पाका धर्मराज थापा (जनकविकेसरी) मानिने चन्द्रप्रसाद अधिकारी पाल्पा, बराङ्दीको खरीपानीमा जन्मेका हुन् । चन्द्रकला अधिकारी र हिरण्यलाल अधिकारीका छोरा चन्द्रप्रसाद वि.सं. १९८८ साल पौष महिनाको ४ गते जन्मेका हुन् । साहित्यदूत ठानिने अधिकारीले प्रारम्भिक शिक्षा गाउँमा लिए पनि आर्थिक अभावले उच्च शिक्षा लिनबाट टाढा भए । लोकभाका र लोकगीत भनेपछि हुरूक्कै हुने उनीबाट सामाजिक कृति र योगदानको काम महत्त्वपूर्ण रूपमा नै भएको छ । यिनका केही प्रकाशित कृतिहरू निम्न विवरण अनुसारका छन्:

(१) वनमुनिको झोपडी (गीति कवितासङ्ग्रह) २०१०
(२) गीत माला (गीतसङ्ग्रह) २०१३
(३) कन्या बिक्री (गीतसङ्ग्रह)
(४) कोसेली (गीतसङ्ग्रह) २०१८
(५) एउटै चाहना (कवितासङ्ग्रह) २०४०
(६) कस्तो कस्तो लाग्छ (गीति कवितासङ्ग्रह) २०४३
(७) चार सहर (गीतिमाला) २०४५
(८) तिर्खा (गीतिमाला) २०४६
(९) चाहना (गीतिमाला) २०४७
(१०) फेर र फेरो
(११) बखते

लोककवि तथा जुरेली कविको रूपमा पनि परिचित चन्द्रप्रसादको वि.सं. २०६५ कार्तिक २३ गतेका दिन ७८ वर्षमा आफ्नै वासस्थानमा निधन भएको थियो । "नरोऊ नरोऊ जुरेली चरी तिम्रो पालो आइपुग्यो अब त" गीत रेडियो नेपालमा निकै चर्चा कमाएको वा बजेको गीत हो । उनी आर्थिक अभावका कारण ओझेलमा परेका सर्जक हुन् ।

प्रा. डा. विनोदप्रसाद श्रेष्ठ

बुबा वेणीप्रसाद श्रेष्ठ र आमा ज्योतिलक्ष्मीका छोरा विनोदप्रसाद श्रेष्ठको तानसेनको भगवतीटोलमा वि.सं. २००३ भदौ ३ गते जन्म भएको हो । वि.सं. २०२७ सालमा भूगोल विषयमा एमए र २०४२ सालमा पिएच.डी. गरेका उनले केही महत्त्वपूर्ण पुस्तकहरूसमेत सार्वजनिक गरेका छन् ।

(१) पाल्पाको रामपुर फाँटको एक भौगोलिक अध्ययन (२०३५)
(२) पाल्पा एक आर्थिक एवम् भौगोलिक सर्वेक्षण (२०३७)
(३) पाल्पाको आर्थिक भूगोल (२०३७)
(४) नेपालको वातावरणीय अध्ययन (२०३७)
(५) A brief Geography of Nepal (2005 A.D.)

भूगोल शास्त्रीका रूपमा परिचित श्रेष्ठका पुस्तकहरू निकै उपयोगी र सान्दर्भिक पाइन्छन् । पाल्पाको भूगोल, आर्थिक पाटो र नेपालको वातावरणीय अध्ययनका लागि उनका कृति महत्त्वपूर्ण छन् ।

डा. चेतबहादुर कुँवर

वि.सं. १९९७ साल आषाढमा नृपबहादुर कुँवर र वस्तकुमारी कुँवरको सुयोग्य सन्ततिका रूपमा चेतबहादुर कुँवरको तानसेन भगवतीटोल पाल्पामा जन्म भएको हो । एमए, बी.एल. र पिएच.डी गरेका कुँवरले ७ वटा पुस्तकाकारीय आफ्नै लेखनका कृतिहरू र ११ वटा सम्पादित कृतिहरू सार्वजनिक गर्न सकेका छन् ।

(१) दियालोः गीति कवितासङ्ग्रह (२०१३)
(२) नरहोस कोही बेकार : एकाङ्कीसङ्ग्रह (२०२२)
(३) सिर्जनाका उषाहरू : कवितासङ्ग्रह (२०२६)
(४) वन्दनाका तृष्णाहरू : कवितासङ्ग्रह (२०२८)
(५) कुँवर चेवका कविताका तीन सँगालाहरू (२०४०)
(६) चेतबहादुरका गीत सङ्कलन (गीति एल्वम) २०६१
(७) सम्मानित व्यक्तित्व (२०६२)
(८) अंग्रेजी व्याकरणका दुई पुस्तकहरू

यी लगायत अंग्रेजी र नेपालीमा २०२१ साल र २०२६ सालमा कृति प्रकाशित भएका छन् ।

डा. गोविन्द नेपाल

गोविन्द 'सुमन' बाट साहित्यमा परिचित डा. गोविन्द नेपाल वि.सं. २०१२ साल फागुन २३ गते थामडाँडा रूप्सेमा जन्मेका भए पनि तानसेन जैसीचौपारीमा आफ्ना पिताजीहरूसँग ३० वर्षको समय त्यही रहेकाले तानसेनको माटोसँग उनको भावनात्मक र अन्योन्याश्रित सम्बन्ध छ । उनी पदमनाभ शर्मा र नेत्रकुमारीका सुपुत्र हुन् । एमए तथा विद्यावारिधिसम्मको योग्यता र उपाधि प्राप्त गरेका उनले साहित्यमा 'खुट्टाको बुई र मुटुको बोल' (२०३८) कवितासङ्ग्रह लगायतका कृति प्रकाशित गरेका छन् । उनी अर्थशास्त्रका प्राध्यापक हुन् ।

चोलेश्वर शर्मा

पिता गोपीकृष्ण र माता मायादेवीका पुत्ररत्नका रूपमा साहित्यकार चोलेश्वर शर्माको जन्म भएको हो । एमए (नेपाली) सम्मको औपचारिक अध्ययन गरेका शर्माको जन्मस्थान र थातथलो ध्रुवघाट, तानसेन हो । उनका दर्जनौं फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित भए पनि पुस्तकाकारीय कृतिको रूपमा 'म त अप्रिलफूल भएछु (२०४२)' निबन्धसंग्रह प्रकाशित भएको छ । शर्मा मूलतः व्यङ्ग्य निबन्धकार हुन् । एक मात्र कृति सार्वजनिक गरे पनि हास्यव्यङ्ग्य निबन्ध क्षेत्रमा यिनको विशेष प्रसिद्धि छ । हास्यव्यंग्य क्षेत्रमा लेखन सम्भावना प्रचुर रहेका व्यक्तित्व ठानिन्छन् उनी ।

डा. नेत्रप्रसाद न्यौपाने

सिर्जना समालोचना, भूमिका लेखन, पाठ्यपुस्तक लेखन जस्ता विधामा कलम अगाडि सारे पनि मूलतः डा.नेत्रप्रसाद न्यौपाने समालोचकको रूपमा परिचित छन् । तानसेनको अर्गलीस्थित पुजेरी टोलमा वि.सं. २०१४ साल फागुन २८ गते उनको जन्म भएको हो । उनी पिता दुर्गादत्त न्यौपाने र माता ज्ञानकुमारी न्यौपानेका सुयोग्य पुत्रका रूपमा चिनिन्छन् । उनको औपचारिक शिक्षा एमएड (नेपाली) तथा विद्यावारिधिसम्मको उपाधि रहेको छ । उनका प्रकाशित कृतिहरूमा :

(१) अनिवार्य नेपाली (आइ.ए. दोस्रो वर्ष), २०५८ (पाठ्यपुस्तक)
(२) देवकोटाका केही काव्यकृतिहरूको विवेचना (समालोचना), २०६५
(३) विमर्शका स्पर्शहरू (कवितासङ्ग्रह), २०६७, सहलेखन
(४) देवकोटाका काव्यकृतिमा मानवतावाद (समालोचना), २०६७
(५) नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा (पाठ्यपुस्तक), २०६८

(६) केही व्यक्ति, कृति र प्रवृत्ति (समालोचना), २०६८
(७) केही सिद्धान्त : केही समीक्षा (समालोचना), २०६९
(८) स्नातकस्तरीय नेपाली व्याकरण, बोध, अभिव्यक्ति समीक्षा र अभ्यास (पाठ्यपुस्तक) २०७०
(९) कविता सिद्धान्त र समीक्षा (समालोचना) २०७१
(१०) कथा सिद्धात तथा श्वेत भैरवी कथासङ्ग्रहको विवेचना (सन्दर्भ पाठ्यपुस्तक), २०७१
(११) देवकोटाका प्रमुख खण्डकाव्यहरूको विश्लेषण (समालोचना), २०७२
(१२) व्यक्ति र प्रवृत्ति : विविध आयाम (समीक्षासङ्ग्रह), २०७३
(१३) व्यावहारिक लेखन तथा सम्पादन (२०७६)
(१४) अनुसन्धान विधि (सहलेखन), पाठ्यपुस्तक (२०७६)

यी सम्पूर्ण विवरणका आधारमा न्यौपाने मूलतः समीक्षक समालोचक हुन् । सिर्जना उनको दोस्रो पाटो हो । यी कर्मले गर्दा उनी एउटा सिद्धहस्त लेखक व्यक्तित्वका रूपमा परिचित भएका छन् ।

अजम्बरध्वज खाती

पिता टेकध्वज खाती र माता लक्ष्मीदेवीका पुत्ररत्नको रूपमा अजम्बरध्वज खातीको जन्म वि.सं. १९९२ सालमा तानसेनको गैरागाउँमा भएको हो । हाल उनी बुटवलमा बसोबास गर्दछन् । यिनका प्रकाशित कृतिहरूमाः

(१) बटुवा (२०१२) गीति कवितासङ्ग्रह
(२) कथा त बटौलीसँग छ (२०५८-लामो कविता)
(३) ठुली (२०५९) गीतिकाव्य
(४) अझै खैजडी बजेको बज्यै छ (२०६१) (गीतिकाव्य)
(५) पाइलाका डोबहरूः सारङ्गीका बाडुलीहरू(२०६१ (गीतिकाव्य)
(६) आँसु बेनीको (२०६२) गीतिकाव्य
(७) खरानी गंगा (२०६५) गीतिकाव्य
(८) उद्बोधन (खण्डकाव्य), २०६५
(९) माइली (खण्डकाव्य), २०६७
(१०) तपस्विनी (महाकाव्य), २०६९
(११) मेरो पाल्पा (लामो कविता), २०७१
(१२) सरम हराएको सहर (कवितासङ्ग्रह), २०७२
(१३) स्मृतिको आँखी झ्यालबाट (२०७६)

कवि काव्यकारका रूपमा परिचय बनाएका खाती दीर्घ साधक हुन् । कविता काव्य विधामा उनको योगदान विशेष स्मरणीय बन्न पुगेको छ । प्राप्त तथ्यका आधारमा हेर्दा तानसेन नगरपालिकामा महाकाव्य सिर्जना गर्ने एक मात्र सर्जक हुन् अजम्वरध्वज खाती ।

डिल्लीराज अर्याल

डिल्लीराज अर्यालको जन्म मदनपोखरा डाँडाडुममा भएको हो । उनका पिता झपेन्द्रराज र माता वेदप्रभा अर्याल हुन् । हाल उनी काठमाडौँ ३५, मनोहरबस्तीमा बस्छन् । एमए (नेपाली) सम्मको औपचारिक शिक्षा उनको रहेको छ । अर्यालले निम्न कृतिहरू प्रकाशन गरेका छन् :

(१) नेपालमै जान्छु म (कवितासङ्ग्रह), २०३४
(२) सरिता (खण्डकाव्य), २०४५
(३) रहस्य (कथासङ्ग्रह), २०६०
(४) ठूले राई (खण्डकाव्य), २०६०
(५) भन्नै पऱ्यो सुन्नै पऱ्यो (खण्डकाव्य), २०६०
(६) घोल्कीमा बस्ने रहर (संस्मरणसङ्ग्रह), २०६१
(७) धर्मयुद्ध (खण्डकाव्य), २०६४
(८) त्रासदी (कवितासङ्ग्रह) २०६८
(९) झलझली आँखामा (संस्मरणसङ्ग्रह) २०६८
(१०) डहर (खण्डकाव्य), २०७४

अर्याल साहित्यसेवक हुन् । केही कृति र पत्रपत्रिकाको सम्पादनसमेत गरेका अर्याल विशेषः पद्य कविता, काव्य, संस्मरण आदिमा उनको लेखन सफल देखिन्छ । पाल्पाबाहिर रहेर पनि पाल्पालाई सिर्जनाका माध्यमबाट उनले बिर्सन सकेका छैनन् । पाल्पासँग आत्मीयता रहेकै देखिन्छ उनको ।

डा. नारायणप्रसाद शर्मा गैरे

पिता शिवप्रसाद र माता कौशल्यादेवीका जेष्ठ छोराको रूपमा वि.सं. २०२० साल श्रावण १६ गते पाल्पाको साविकको बौघागुम्हा गाविसको केरवादीमा नारायणप्रसाद शर्मा गैरेको जन्म भएको हो । विद्यावारिधि तथा स्नातकोत्तर तहको शैक्षिक उपाधि र योग्यता हासिल गरेका शर्मा कवि तथा गजलकारका रूपमा विशेष परिचित छन् । प्राध्यापनमा संलग्न उनी साहित्यमा चर्चित नै छन् । प्रकाशित पुस्तकहरूमा कविता, काव्य, मुक्तक, पाठ्यपुस्तक, गजल, अनुवाद आदि रहेका छन् ।

- आमाको माया-कवितासङ्ग्रह (२०४८)
- शिशु प्रजातन्त्र (कविता सङ्ग्रह), २०५१
- उषा र गोविन्द (खण्डकाव्य) २०६३
- भेरीका सुसेलीहरू (मुक्तकसङ्ग्रह) २०६२
- कक्षा १ देखि १२ कक्षाका आधा दर्जन पुस्तकहरू
- स्नातक अनिवार्य र ऐच्छिक विषयका नेपाली पाठ्यपुस्तकहरू
- १ दर्जनभन्दा बढी अनुसन्धानात्मक कृतिहरू
- एउटा अर्को आकाश (गजलसङ्ग्रह) : २०६१
- स्वप्नलोक (गजलसङ्ग्रह) २०६३
- मधुवन (गजलसङ्ग्रह) २०६७
- नेपाली गजलको परम्परा र प्रवृत्ति (२०७३) आदि रहेका छन् ।

'नेपालको गजलको परम्परा र प्रवृत्ति' शीर्षकमा विद्यावारिधि (२०७३) गरेका गैरेले बहुआयामिक कर्म गर्दैछन् । वि.सं. २०४८ यता केरवादीलाई बौघा गुम्हामा राखिएकाले हालको उनको जन्मस्थान, ता.न.पा. वडा नं. १३ मा पर्दछ । पछिल्ला अग्रज खोजकर्ताहरूले गैरेलाई केरवादी, बौघापोखराथोकमा जन्म भएको भनी उल्लेख गरेको पाइन्छ । सो विवरण सच्याउनुपर्ने देखिन्छ । उनी पाठ्यपुस्तक लेखक, अनुवादक र साहित्य सर्जकसमेत हुन् ।

नारायण ज्ञवाली

नारायण ज्ञवालीको जन्म वि.सं. २०११ साल पौष २४ गते बुवा लेखनाथ र आमा शोभादेवीको कोखबाट भएको हो । उनको औपचारिक शिक्षा एम.ए. रहेको छ । पाल्पाको कुसेनीमा जन्मेका उनी ३४ वर्षसम्म निजामती सेवामा संलग्न रहे । साहित्यकार ज्ञवालीका प्रकाशित कृतिहरू -

(१) मान्छे हराएको बस्ती र बस्ती हराएका मान्छेहरू (कवितासङ्ग्रह) २०७१
(२) मनकम्पन (काव्य) २०७२
(३) जाग्दैछ चन्द्रागिरि (कवितासङ्ग्रह) २०७३
(४) भर्तृहरिको नीतिशतकम्को समछन्दी भावानुवाद (२०७४)
(५) धम्मपद (बुद्धको उपदेशहरूकोसङ्ग्रह) : अनुवाद

संस्कृत साहित्यमा स्नातकोत्तर उत्तीर्ण गरेका उनले बौद्ध दर्शनमा विद्यावारिधिसमेत गर्दैछन् । उनका केही थप प्रकाशित कृति हालसालै प्रकाशित भएका भए पनि सो विवरण भने यसमा राखिएको छैन । उनमा साहित्यिक सिर्जनाको उर्वर सम्भावना छ भन्नुमा अतिसंयोक्ति हुँदैन ।

कृष्णदेव शर्मा

साहित्यिक उपनाम 'विशारद' बाट चिनिने कृष्णदेव शर्मा वि.सं. १९८७ साल फागुन ९ गते नवलपरासीमा जन्मेका भए पनि उनी तानसेनको मेहल्धारा निवासी हुन् । मध्यमासम्म शिक्षा प्राप्त गरेका शर्मा नेपाली तथा हिन्दी दुवै भाषामा समान गतिमा कविता सिर्जना गर्ने सामर्थ्य राख्दछन् । यिनका प्रकाशित कृतिहरू हिन्दी र नेपाली भाषामा छन् । नेपाली र हिन्दी भाषामा 'स्वान्त सुखाय' (कवितासङ्ग्रह) २०६७ रहेको छ भने हिन्दी भाषामा मात्र प्रकाशित 'शब्दों में खिली तस्वीरें' (२०७४) रहेको छ । उनी लीलाकुमारी र सीताराम शर्माका सुयोग्य पुत्ररत्न हुन् । २०७७ कार्तिक ११ गते उनको निधन भयो ।

विष्णु ज्ञवाली

'जागिरे नेपाली' को साहित्यिक उपनामबाट चिनिने विष्णु ज्ञवाली पाल्पा, अर्गली-कुसेनीका बहुमखी प्रतिभा हुन् । उनको जन्म वि.सं. २००३ फागुन ६ गते र स्वर्गारोहण २०६५ कार्तिक २१ गते भएको हो । पिता लेखनाथ र माता शोभादेवी ज्ञवालीका सुपुत्र उनी बहुप्रतिभाशाली भएको उनका भाइ नारायण ज्ञवाली बताउँछन् । प्रकाशोन्मुख कृति नै धेरै भएको भए पनि उनको एउटा कवितासङ्ग्रह 'अचार' (२०३७) प्रकाशित भएको छ । उनको बहुआयामिक प्रतिभा भएर पनि दीर्घ जीवन बिताउन नपाउँदा समाज र साहित्य क्षेत्रले चिन्न पाएनन् ।

शुभलक्ष्मी श्रेष्ठ

साहित्यिक नाम 'शुभ श्रेष्ठ' भनेर चिनिने उनी पाल्पा तानसेनको भगवती टोलमा १९४७ साल नोभेम्बर ५ मा जन्मेकी हुन् । उनका पिता मुक्तिप्रसाद श्रेष्ठ र माता लक्ष्मीकुमारी श्रेष्ठ हुन् । पछिल्लो समय काठमाडौँ नरदेवीमा बस्ने उनको हाल निधन भइसकेको छ । एम ए (नेपाली) सम्मको औपचारिक अध्ययन गरेकी श्रेष्ठ सहिद गंगालाल श्रेष्ठकी भाइ-बुहारी हुन् । विद्यार्थी कालदेखि नै साहित्य सिर्जनामा लागेकी श्रेष्ठले प्रकाशित गरेका कृतिहरू निम्नानुसार छन्-

(१) मेरो छानामाथिको नीलो आकाश (२०४३) कवितासङ्ग्रह
(२) वन्द मनको पिँजडाभित्र (२०५४) कवितासङ्ग्रह

(३) अस्मिताको खोजी (२०५९) उपन्यास
(४) शिवशक्ति बाबा कालीदास धामः एक झलक (२०६९)
(५) सुमती उपन्यास : एक चर्चा परिचर्चा (२०७०)
(६) मधुवन (धार्मिक नियात्रा), २०६७

कविता र यात्रासंस्मरण लेखनमा रूचि राख्ने श्रेष्ठ अग्रज पुस्ताकी साहित्यकार हुन् ।

दशरथमान सिंह

कविराजको रूपमा विशेष परिचित दशरथमान सिंह (१९७६ कार्तिक १४-२०७४ मंसिर २४) वैद्य इन्द्रमान सिंह र आमा चन्द्रकुमारीका सुयोग्य सन्तति थिए । सयौँ व्यक्तिहरूका जीवनदाता उनी तानसेनको बसन्तपुरमा बस्थे । आयुर्वेदका विशेषज्ञाता भए पनि उनले आफ्नो जीवनअवधिभित्रै एउटा महत्त्वपूर्ण कृति "त्यो समय त्यो परिवेश" (२०७३) समेत सार्वजनिक गरेका छन् । आफ्नो जीवनयात्राको संस्मरण गरिएको उक्त कृति पाल्पाको इतिहास पक्ष खोतल्ने एक दस्तावेजसमेत रहेको छ । उनले आयुर्वेदबाट पाल्पालीलाई जुन सेवा र योगदान गरे त्यो पाल्पाली जनमनमा सदैव स्मरणीय रहने छ ।

रामचन्द्रमान सिंह

नेपाल सरकारको सचिव पदमा कार्यरत रामचन्द्रमान सिंह कविराज दशरथमान सिंह र मिथिला देवीका सुपुत्र हुन् । वि.सं. २०१३ वैशाख ७ मा बसन्तपुर तानसेनमा जन्मेका उनले एमएस्सी, एम.पी.ए, वि.एल. सम्मको शैक्षिक योग्यता हासिल गरेका छन् । यस अतिरिक्त उनले आफ्नो लेखकीय पहिचानसमेत सार्वजनिक गरेका छन् । उनले प्रकाशन गरेका कृतिहरू :

(१) छ दशकको सहयात्रामा दशरथ-मिथिला (२०६५)
(२) Customs Administration : Theory and practice with refrence to Nepal (2010) रहेका छन् ।

उनको कलम अंग्रेजी र नेपाली दुवै भाषामा चलेको पाइन्छ । उनले आफ्नो पैत्रिक थलोको लागि केही थप योगदान दिन सक्नुपर्छ ।

निर्मल श्रेष्ठ

इतिहास लेखनमा विशेष रूचि राख्ने निर्मल श्रेष्ठ पाल्पा तानसेनको बसन्तपुर टोलमा वि.सं. २०१२ मंसिर ११ गते जन्मेका हुन् । इतिहासका जानकारको विशेष छाप छाडेका बुद्धिजीवीसमेत ठानिने श्रेष्ठ पुरूषोत्तमलाल र तीर्थमायाका सुपुत्र हुन् । यी पंक्ति तयार पार्दासम्म उनका ४ वटा पुस्तक प्रकाशित रहेका छन्-

(१) मुझुङेली कार्की (२०७४)
(२) सेनकालीन इतिहास कला र संस्कृति (२०७५)
(३) भगवती मास्टर (२०७५)
(४) पाल्पा नुवाकोटः द लिभिङ हेरिटेज (२०७६) आदि ।

बी.कम उत्तीर्ण श्रेष्ठ तानसेन सदरमुकामभित्र र सेरोफेरोका इतिहास, संस्कृति लेखन तथा अनुसन्धान कार्यका अगुवा ठानिन्छन् ।

विष्णु पाण्डे

पाल्पा अर्गलीको फोस्रानमा स्थायी घर भएका विष्णु पाण्डे माता गोमतादेवी पाण्डे र पिता डुकुलराज पाण्डेका छोरा हुन् । उनको जन्म २०२८ चैत १४ गते भएको हो । कानुन, राजनीतिशास्त्र, समाजशास्त्र र संस्कृति विषयमा स्नातकोत्तर गरेका पाण्डे साहित्यकार तथा लेखकको परिचय बनाई सामाजिक उत्तरदायित्व बहन गरेका छन् । प्रकाशित भएका उनका कृतिहरूमा :

(१) विद्रोह (उपन्यास)
(२) मलामी (उपन्यास)
(३) अर्को जुनीको वाचा (उपन्यास)
(४) बन्धनहरू तोड्दै (उपन्यास)
(५) जीवन के हो ? (दर्शन)
(६) नेपाली कानुनमा मार्क्सवाद प्रयोग र विकास
(७) नेपालमा निजामती प्रशासन
(८) मुलुकी अपराध संहिताः एक टिप्पणी आदि रहेका छन् ।

पाण्डे साहित्यिक र साहित्येतर विषयमा कलम चलाउने व्यक्तित्व हुन् । हाल उनी काठमाडौँ बस्छन् ।

नैना नेपाल ढकाल

डाक्टर बिमल ढकाल (स्त्री रोग विशेषज्ञ) की जीवन संगिनी नैना नेपालको जन्म तानसेनको मेहल्धारामा वि.सं. २०१४ फागुन २८ गते भएको हो । वैवाहिक घर कुसुमखोला, बाटामुनि पाल्पा भए पनि हाल उनी बुद्धनगर काठमाडौंमा बस्छिन् । आमा खुन्धरा नेपाल र बुबा तैलोक्यनाथ शर्मा

नेपालकी छोरीकी रूपमा परिचित नेपालले एमए (अर्थशास्त्र) तथा एम.पी.एस. उत्तीर्ण गरेकी छिन् । उनको हालसम्म एकमात्र कृति प्रकाशित भएको छ-

(१) अप्रत्यासित प्रहार (कवितासङ्ग्रह) २०६०

नैना नेपाल विशेषतः कविता सिर्जनामा रूचि राख्छिन् ।

गणेश ज्ञवाली

गणेश ज्ञवाली शैक्षिक, प्राज्ञिक, सामाजिक र साहित्यिक व्यक्तित्व हुन् । माता मीना ज्ञवाली तथा पिता हेमन्तराज ज्ञवालीका सुयोग्य पुत्ररत्नका रूपमा वि.सं. २०३१ मंसिर २३ गतेका दिन रिब्दिकोट गाउँपालिका-४, नारायणथोकमा जन्मेका हुन् । जन्म, बाल्यकाल र शिक्षादीक्षा सोही स्थानमा रहेर भए पनि हाल उनी तानसेन न.पा. ५ कैलासनगरमा बसोबास गर्दछन् । एम एस्सी, एम एडसम्मको शैक्षिक प्रमाणपत्र लिएका ज्ञवालीले सानैदेखि नै छन्दमा कविता सिर्जना गर्थे । छन्द कवितामा दर्जनौं रचनाहरू विविध पत्रपत्रिकामा छपाएका उनी मूलत : कवि नै हुन् । जनता विद्यालय तानसेन, पाल्पाको प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्दै आएका ज्ञवालीले हालसम्ममा पुस्तकाकारीय कृति एउटा मात्र प्रकाशित गरेका छन् । प्रकाशित उनको कृति "बिहानीको खोज" कविता संग्रह (२०६५) रहेको छ ।

साहित्य लेखन र वैचारिक दृष्टिकोणमूलक लेखनमा निरन्तर लागिरहने उनी लेखन सिर्जनामा उर्वर सम्भावना भएका व्यक्तित्व हुन् ।

टंकप्रसाद पन्थ

त्रिभुवन बहुमुखी क्याम्पसमा प्राध्यापनरत टंकप्रसाद पन्थ गुल्मीमा जन्मेका हुन् । पिता रूक्मागत पन्थ र माता कुन्तादेवीका पुत्ररत्न उनी २०२५ साल भाद्र महिनामा जन्मेका हुन् । छत्रकोट गाउँपालिका-४, दिगाममा जन्मस्थान भए पनि पन्थ हाल तानसेन नगरपालिका-६, बारूदखान पाल्पामा आफ्नै निजी निवासमा बस्दै आएका छन् । गीत र कविता गायन-वाचनमा हुरूक्कै हुने उनी समालोचना लेखनमा पनि उत्तिकै दखल राख्छन् तापनि उनलाई धेरैले कविकै रूपमा चिन्छन् । उनका प्रकाशित कृतिहरूमा-

(१) विमर्शका स्पर्शहरू २०६५, (सह सिर्जना, संयुक्त प्रकाशन) कवितासङ्ग्रह

(२) समय स्पर्श (कवितासङ्ग्रह) २०७२

(३) विश्वेश्वरप्रसाद कोइराला : कृति र प्रवृत्ति (२०७७)

(४) पाल्पाली साइनो (२०७७) संयुक्तसाइनोसङग्रह

(५) समय स्फोट (कवितासङ्ग्रह २०७७)

पन्थ सिर्जना र समालोचनामा दखल भएका व्यक्तित्व भएका कारण यिनै क्षेत्रमा सशक्त पहिचान बनाउदैछन् ।

चिरञ्जीवी शर्मा ढुंगाना

तुल्सीनारायण ढुंगाना र टीकाकुमारीका सुपुत्र चिरञ्जीवी शर्मा ढुंगानाको जन्म २००६ साल पुस ११ गते तानसेन, पाल्पामा भएको हो । साहित्यरत्न उत्तीर्ण उनी व्यङ्ग्य कवि र हास्यव्यङ्ग्य अभिनेताको रूपमा परिचित छन् । विद्यालय अध्ययनमा जुटेका केही वर्षपछिबाट कविता लेख्न थालेका उनले विभिन्न पत्रपत्रिकामा फुटकर सिर्जनाहरू छाप्दै आएका थिए । हालसम्म प्रकाशित उनका कृतिहरूमा :

(१) नौ ग्रह- कवितासङ्ग्रह (२०४३)

(२) विषम वेदनाहरू-कवितासङ्ग्रह (२०७१) रहेका छन् ।

ढुंङ्गाना अभिनेता र कवि हुन् । पाल्पामा उनको चिनारी यिनै क्षेत्रबाट पाइन्छ । हाल उनी दिवंगत भइसके ।

चित्रवलीराम सुवाल

तानसेनको टक्सारटोलमा वि.सं. २००९ साल जेठ २४ गते चित्रवलीराम सुवालको जन्म भएको हो । माता पञ्चकुमारी र बाबुराम सुवालका सुपुत्र हुन् यिनी । स्नातक तहसम्मको औपचारिक शिक्षा पाएका सुवाल हास्यव्यङ्ग्य कवि तथा अभिनेताका रूपमा परिचित छन् । आफू अध्ययन गरेको विद्यालयको मुखपत्र 'पराग' मा 'सवाई' कविता प्रकाशन गरेर साहित्यिक लेखनमा चाख देखाएका उनले एउटा कृति प्रकाशित गरेका छन् । उनको कृति-

(१) पल-पल (कवितासङ्ग्रह), २०७१ रहेको छ ।

कविताका अतिरिक्त कथा, गजल, हाइकु आदिमा पनि उनले कलम चलाउँदै गरेका छन् ।

श्यामकृष्ण शर्मा खनाल

बुबा लेखनाथ र आमा जीवनदेवीका सुपुत्र श्यामकृष्ण शर्मा खनालको जन्म वि.सं. २००९ साल वैशाख २० गते तानसेन, ध्रुवघाटमा भएको हो । त्रि.वि.वि.बाट स्नातकोत्तर शैक्षिक योग्यता हासिल गरेका उनी शिक्षकदेखि प्रधानाध्यापकसम्मको

पदीय जिम्मेवारी लिई शिक्षण क्षेत्रमा सेवा गरेका व्यक्तित्व हुन् । उनी यस संसारमा हाल नरहे पनि उनको कवित्व कर्म स्मरणीय छ । गद्य-पद्यमा कविता रच्ने खनालले आफूलाई कविकै रूपमा चिनाउन सकेका छन् । यिनका कृतिहरूमा :

(१) बसन्ते (खण्डकाव्य) २०६९
(२) छहरा गाविस- भिलेज प्रोफाइल (२०४६)
(३) हास्यव्यङ्ग्यकार चोलेश्वर शर्मा (२०४८)
(४) उपयोगी नेपाली व्याकरण (२०४९)

उनी विशेषतः कविता रच्ने व्यक्तित्व हुन् । छन्दमा सिर्जना नै उनको विशेष अभिरूचि थियो । यस्ता व्यक्तित्व अहिले हाम्रासामु छैनन् ।

मेदिनिवल्लभ पौड्याल

तानसेन नगरपालिकाको माडी-पकलुवामा वि.सं. १९८७ मंसिर २६ गते माता यमकुमारी र पिता कमलाकान्तका पुत्रको रूपमा मेदिनिबल्लभ पौड्यालको जन्म भएको हो । मध्यमासम्मको औपचारिक अध्ययनको प्रमाणपत्र हात पारेका उनले एक कृति पनि सार्वजनिक गरेका छन् । उनको कृति-

(१) स्वर्गभूमि पाल्पा (२०७५) रहेको छ ।

धार्मिक विषयवस्तुको लेखनमा विशेषतः पौड्यालको रूचि देखिन्छ । उनको यो पुस्तकमा वंश गोपालको महात्म्यगान गरिएको छ ।

लक्षिमा ज्ञवाली घिमिरे

खस्यौली-९, मालमुल, पाल्पामा जन्मेकी वैवाहिक कर्मथलो हान्गादी, पाल्पा तथा बसोबासचाहिँ तानसेन मेहलधारामा रहेकी लक्षिमा ज्ञवाली साहित्यमा मूलतः कवयित्री हुन् । पिता तारानाथ ज्ञवाली र माता विष्णुकुमारीकी सुपुत्री हुन् उनी । वि.सं. २०३० साल साउन १५ मा उनको जन्म भएको हो । प्राध्यापन पेसामा संलग्न उनी अर्थशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको शैक्षिक योग्यता हासिल गरेकी छिन् । हालसम्म प्रकाशित उनका दुई कृतिहरू निम्न छन् :

(१) छचल्किएका तरङ्गहरू (२०७०) कवितासङ्ग्रह
(२) खै बुद्धको लुम्बिनी ? (२०७२) कवितसङ्ग्रह

लक्षिमा ज्ञवाली विशेषतः कविता विधामा नै बढी कलम चलाउँछिन् । छन्दमा कविता लेखन उनको रूचि हो ।

मन गहिरे

औपचारिक नाम मनकुमारी काफ्ले साहित्यमा मन गहिरे भनेर चिनिन्छिन् । उनको जन्म २०२७/११/१२ गते तानसेन नारायणस्थानमा भएको हो । पिता लोकनाथ काफ्ले र माता अम्बिकादेवी काफ्लेकी छोरी हुन् उनी । एमए (इतिहास) र एमएड (इपिएम) बाट स्नातकोत्तर गरेकी गहिरे शिक्षण र पत्रकारितामा आबद्ध छिन् । हालसम्मका उनका प्रकाशित कृतिहरू कथा र कविताका रहेका छन् । उनको हालको बसाइ लहरेपीपल, तानसेनमा रहेको छ । उनका कृतिहरू-

(१) मनका कथाहरू (कथासङ्ग्रह) २०७०
(२) परिभाषित समय (कवितासङ्ग्रह) २०७३ रहेका छन् ।

आख्यान र कवितामा उनले कलम चलाउँदै आएकी छिन् ।

पुष्करराज रेग्मी

साहित्यमा पुष्कर 'अथक' उपनामले चिनिने तथा बहुआयामिक क्षेत्रमा क्रियाशील भई लागिपर्ने व्यक्तित्वको रूपमा उनको परिचय सार्वजनिक छ । मेहल्धारामा जन्मे पनि हाल तानसेनको भगवती टोलमा बसोबास गरिरहेका 'अथक' राधादेवी रेग्मी र बद्रीप्रसाद रेग्मीका सुपुत्र हुन् । इ.पि. एममा स्नातकोत्तर हासिल गरेका रेग्मी अन्य व्यक्तित्वभन्दा केही फरक पहिचान बनाउने दौडानमा भेटिन्छन् । उनी लेखक-साहित्यकार पनि हुन् । उनका हालसम्मका प्रकाशित कृति विवरण निम्नानुसार प्रस्तुत छन्-

(१) अफसोच (२०५७) गीति उपन्यास
(२) अनुसन्धान अवलोकन (२०६८) एमएड तहको सन्दर्भ पुस्तक
(३) अठार-लघुकथासङ्ग्रह (२०६९)
(४) अग्रदूत (२०७०) छविलाल नेपालको संक्षिप्त परिचय
(५) अनुसन्धान सिद्धान्त (२०७१) 'प्लस टु' देखि स्नातकोत्तरसम्मको सन्दर्भ पुस्तक
(६) आमा (२०७१) समाजसेवी राधा भारतीको संक्षिप्त परिचय
(७) अमृताञ्जली (२०७२) अमर पाल्पाली स्रष्टाहरूको जीवनीसङ्ग्रह
(८) अन्तराल (२०७३) कवितासङ्ग्रह
(९) अन्तत : (२०७४) गजलसङ्ग्रह

(१०) स्रष्टा सिर्जना : पाल्पा (२०७५) संयुक्त गजलसङ्ग्रह
(११) अनुरोध (२०७५) बाल गजलसङ्ग्रह
(१२) अलग बाटो (२०७६) लघुकथासङ्ग्रह
(१३) अक्षता (२०७६) बालगेडीसङ्ग्रह
(१४) अमरपात्र (नाटक) २०७७
(१५) अर्पण-साहित्यकार शुभ श्रेष्ठको जीवनी (२०७७)

नेपाली साहित्यका कविता, आख्यान नाटक र निबन्ध सबै विधामा लेखन सिर्जना गर्दै अघि बढिरहेका व्यक्तित्व हुन् पुष्कर 'अथक' ।

डा. प्रकाशराज रेग्मी

मुटुरोग विशेषज्ञ डाक्टर प्रकाशराज रेग्मी २०१७ सालमा मेहल्धारा, तानसेनमा जन्मेका हुन् । विमला रेग्मी र कमलराज रेग्मीका सुपुत्र हुन् उनी । एम.डी. योग्यता भएका उनी डाक्टरका अतिरिक्त लेखकसमेत हुन् । निम्न विवरणमा आधारित पुस्तकहरू उनका सार्वजनिक भएका पाइन्छन्

(१) उच्च रक्तचाप (२०५४)
(२) मेरो मुटु दुख्छ (२०५६)
(३) वाथ ज्वरो वाथ मुटुको रोग (२०५७)
(४) समर्पणको जीवन (२०५९)
(५) योग र मुटु रोग (२०६२)
(६) मुटु रोगहरूको रोकथाम र नियन्त्रण (२०६३)
(७) सोभियत संघको सम्झना (२०६४) आदि ।

रेग्मी साहित्यिक र साहित्येतर विधामा कलम चलाउने साधक हुन् । उनको विशेष परिचय मुटु रोग विशेषज्ञ नै हो ।

सन्ध्या रेग्मी सिवाकोटी

इन्जिनियरिङमा स्नातकोत्तर गरेकी, तानसेन, मेहल्धारामा जन्मेकी विमला रेग्मी र कमलराज रेग्मीको सुपुत्री सन्ध्या रेग्मी सन् १९६८ मा जन्मेकी हुन् । उनको आफ्नो पेसाका अतिरिक्त साहित्यमा पनि रूचि देखिन्छ । उनले लेखेका साहित्यिक कृतिहरू निम्न विवरणमा आधारित छन्-

(१) सन्ध्याका कविता र क्यानभासहरू (२०६८)
(२) आमाका अविस्मरणीय अतीतहरू र म (२०६६) आदि ।

सन्ध्याको साधना कविता लगायतका विधामा देखिन्छ ।

जगतबहादुर जोशी

वि.सं. १९८३ साल श्रावण ९ गते (आषाढ शुक्ल पक्षको गुरूपूर्णिमा तिथिमा) पिता मीनबहादुर जोशी र माता बुद्धलक्ष्मी जोशीको कोखबाट नारायण टोल, पाल्पामा जगतबहादुर जोशीको जन्म भएको हो । उनको निधन २०६८ चैत्र २३ गते भएको हो । काशी हिन्दु विश्व विद्यालयबाट वी.ए. उत्तीर्ण गरेका जोशी शिक्षा, सामाजिक र साहित्यिक क्षेत्रमा कर्म गरेका व्यक्तित्व हुन् । उनका प्रकाशित पुस्तकहरूमा :

(१) बाल इतिहास (क) नेपालको इतिहास निर्माता (१ र २) २०१४ (ख) नेपाल दर्शन
(२) जसवन्ते (खण्डकाव्य) २०२३
(३) आज सूर्य बिरामी छ (कवितासङ्ग्रह) २०५०
(४) डम्बरेको टालो (उपन्यास) २०२९ रहेका छन् ।

बहुआयामिक व्यक्तित्व जोशीका इतिहास साहित्यलगायत विषयमा कलम चलेको थियो । उनका केही कृति अप्रकाशित अवस्थामा नै छन् । जोशी पाल्पाली क्षेत्रमा सदैव स्मरणीय रहने छन् आफ्ना कर्म र सेवाका कारण ।

महेश्वरप्रसाद श्रेष्ठ

रिडी गुल्मीमा जन्म, बसोबास तथा हुर्के बढेको तानसेन बसन्तपुर तर हालको बसाइ बुटवल भएका महेश्वरप्रसाद श्रेष्ठ जानकीदेवी र केशवलाल श्रेष्ठका छोरा हुन् । उनको जन्ममिति २००० साल भदौ ३ गते रहेको छ । एमकम उत्तीर्ण श्रेष्ठले केही पुस्तकहरू लेखेका छन् । जुन निम्न विवरणमा आधारित छन्-

(१) भुवनेश्वरीभजन सन्ध्या (२०६६)
(२) मेरो जीवनगाथा
(३) गीता पुञ्जिका (२०७२)
(४) साइ बन्दना (२०५७)
(५) श्री एकासी साइरत्न (२०६२)
(६) रूरू गुठी परिचय (२०६४)
(७) धर्मशाला (२०७३) लगायतका रहेका छन् ।

स्मृति विवरण र धार्मिक विषयवस्तुमा आधारित उनका पुस्तकहरू रहेका छन् ।

वनमाली निराकार

वि.सं. २००६ साल चैत्र ७ गते ध्रुवघाट, पाल्पामा जन्मेका वनमालीराज शर्मा खनाल (औपचारिक नाम) पिता शोभाकर र माता नेत्रकुमारी शर्माका छोरा हुन् । एम.ए. (नेपाली) उत्तीर्ण

वनमाली निराकारले प्राध्यापन पेसाका अतिरिक्त साहित्यिक कर्म पनि गर्दै आएका छन् । उनका साहित्यिक कृतिहरू निम्न शीर्षकानुसारका पाइन्छन्-

(१) समयको पर्खाल (कथासङ्ग्रह) २०४६
(२) लोकतन्त्रको शंखनाद (कवितासङ्ग्रह) २०६२
(३) पत्र सञ्चयन (पत्र साहित्य) २०६३
(४) वि.व.रू.का कथाहरू (संयुक्त कथासङ्ग्रह) २०६५
(५) एउटा बस्तीको कथा (कथासङ्ग्रह) २०७१
(६) खनाल वंशावली (२०७४)

निराकार कथा विधा लेखनमा सफल व्यक्तित्व हुन् ।

कमलराज रेग्मी

कमलराज रेग्मी १९८४ साल भाद्र ६ गते तानसेनको मेहल्धारामा जन्मेका हुन् । उनी अहिले यस संसारमा छैनन् । पुण्यकला र केशवराज रेग्मीका छोराका रूपमा सुपरिचित उनी राजनीतिकर्मीका अतिरिक्त लेखकसमेत भएर समाजमा चिनिएका छन् । उनका कृति विवरण यस प्रकारका शीर्षकमा रहेका छन्-

(१) आमा, म र पाल्पा (२०६६) संस्मरण
(२) वचेरालाई आहार (बाबुछोरीको संयुक्त गन्थन) २०६८
(३) मदनमणि दीक्षितको लेखन धर्मिता (२०६८) समीक्षा
(४) संस्मरणका छालहरू (२०७५)
(५) कमलराज रेग्मीका कविताहरू (२०७५)

रेग्मीले नारी पात्रविहीन 'ठक्कर' नाटक लेखेका थिए । जसलाई अम्बिकाप्रसाद लाकौललगायतले सार्वजनिक रूपमा मञ्चन गर्थे । रेग्मी साहित्य र राजनीति दुवैमा रूचि राख्ने व्यक्तित्व थिए ।

प्रा.डा. भवेश्वर पंगेनी

मदनपोखरा, चौरथोक पाल्पामा वि.सं. २०१३ भदौ २७ गते माता बेलकुमारी र पिता मेदिनीबल्लभ पंगेनीका सन्ततिको रूपमा भवेश्वर पंगेनीको जन्म भएको हो । एम ए इतिहास (२०४५) र 'डा. के आइ सिंह र नेपालको राजनीति (२००७-२०१७)' शीर्षकमा २०६८ सालमा विद्यावारिधि हासिल गरेका पंगेनीले प्रशस्तै खोजमूलक लेखरचनाका अतिरिक्त शोधखोजमा आधारित दुई दर्जनभन्दा बढी पुस्तकहरू लेखेका छन् । प्रकाशित पुस्तकहरूमा :

(१) पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७), २०४९
(२) पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन- २००७, २०५३
(३) डा. के. आई सिंह र नेपालको राजनीति (२००७-२०१७) सन् २००५
(४) डा. के आइ सिंहको चीन प्रवास (२००८-२०१२) सन् २००६ ।
(५) सन्दर्भ शहिद धर्मभक्तः चर्चा भाइ ध्रुवभक्त (२०६२)
(६) नेपालको प्रशासनिक इतिहास (शाहकालीन प्रशासनमा सुब्बाको चर्चा) वि.सं. १८२५-१९०३ (भाग-१) २०६४
(७) नेपालको प्रशासनिक इतिहास (पाल्पा गौंडा प्रशासनका दुई दशक) : वि.सं. १८६१-१८८१ (भाग-२), २०६५
(८) श्रीनाथ गणः सम्पूर्ण इतिहास, २०६७
(९) त्रि.वि.वि. केन्द्रीय पुस्तकालयको इतिहास, २०६८
(१०) नेपालको सैनिक इतिहासः सुन्दरीजल जङ्गी मेगजिन अड्डा (वि.सं. १९६२-१९६८), २०६८
(११) नेपालको आर्थिक इतिहास (आर्थिक प्रशासनका सन्दर्भका साहु/सुब्बा धर्म नारान : वि.सं. १९०८-१९२६) २०६८
(१२) नेपालको सैनिक इतिहास (श्री कालीबहादुर गण) २०६९
(१३) नेपालको प्रशासनिक इतिहास (आर्थिक प्रशासनमा कुमारी चोक अड्डा) : वि.सं. १९९३, (२०६९)
(१४) निर्वाचन सन्दर्भ र राजनैतिक सम्मेलन (वि.सं. २०१४) २०६९
(१५) नेपाली सेनासम्बन्धी ऐन (वि.सं. २००९-२०६३), २०६९
(१६) नेपाली सेनामा शिक्षाको इतिहास (सैनिक महाविद्यालय विगत र वर्तमान) २०७१
(१७) राणाकालीन नेपालको आर्थिक इतिहास (सरकारी कारोवारमा सुब्बा गणेशदास रत्नदास) २०७१
(१८) शिक्षाको इतिहास (कीर्तिपुर क्षेत्रको शैक्षिक इतिहास) २०७३
(१९) दिगु (देवाली पूजा) २०७६
(२०) त्रिभुवन विश्व विद्यालयको इतिहास (२०१६-२०३९), २०७६
(२१) नेपालमा सामाजिक सेवा : विवेचना र विश्लेषण, २०७५
(२२) कुँवर राणाजीहरूको बृहत् वंशावली, सहलेखन, २०५६

(२३) नेपाली सेनाको इतिहास, २०६९

(२४) Dr. Dilli Raman Regmi: Political Activities in a Decade (1941-1951)

(२५) Quest for Historical knowledge (Doctoral Dissertations in Histrory by Nepalese scholars)

(२६) Descriptive catalegue of Masters Thesese in History

लगायतका मौलिक कृतिसहित केही सम्पादित पुस्तकहरु समेत रहेका छन् ।

पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (२००७) भन्ने पुस्तकले वि.सं. २०४९ सालको मदन पुरस्कार प्राप्त गरेको छ । तानसेन नगरपालिका भित्रको इतिहास लेखनबाट पहिलो मदनपुरस्कार प्राप्त गर्ने उनी नै हुन् सायद । उनका आधा दर्जनको सेरोफेरोमा सम्पादित पुस्तकहरू पनि रहेका छन् । उनी पाल्पाका गौरवशाली व्यक्तित्व हुन् ।

झपेन्द्रबहादुर जी.सी.

कृष्णबहादुर जीसी र ढकेश्वरा जीसीका छोरा झपेन्द्र जीसी तानसेन नगरपालिकाको मदनपोखरा- बडेआप (बेडेम) मा जन्मेका हुन् । त्रिविविबाट एमए राजनीतिशास्त्रको औपचारिक अध्ययन गरेका उनी बहुआयामिक कर्ममा संलग्न रहेका छन् । नेतृत्व कर्म र लेखन कर्मलाई सँगसँगै हिँडाउने जीसीले कृतिहरू समेत प्रकाशित गरेका छन् । हालसम्मका उनका सार्वजनिक कृतिहरूमा-

(१) लोक साहित्य-होली (२०४३)

(२) तीजगीत माला-२०४९

(३) लुम्बिनी अञ्चलको पर्यटन सँगालो (सयुक्त)-२०६७

(४) हिँड्दाहिँड्दै (निबन्धसङ्ग्रह) २०६९

(५) पाल्पादेखि बनारससम्म-२०७०

(६) बादशाहको नयाँ पोशाक-२०७०

(७) आजका कोपिला भोलिका फूल-२०७०

(८) हात्तीलेक सेरोफेरो-२०७१

(९) तिनाउदेखि टिस्टासम्म-२०७१

(१०) तीज गीतको सांस्कृतिक अध्ययन-२०७२

(११) सैनामैना दर्पण-२०७६

(१२) पदमपाणी महेन्द्रनाथ-२०७६ रहेका छन् ।

जी.सी. लोकसाहित्यको खोज, लेखन र सिर्जनामा रमाउने व्यक्तित्व हुन् । उनी सांस्कृतिक क्षेत्रका कोष नै मानिन्छन् ।

केदारनाथ घिमिरे

वि.सं. २०२८ पौष १२ गते तानपा-११ हान्गादी, बुढिन्चौरमा जन्मेका केदारनाथ घिमिरे टोपराज घिमिरे र इन्द्रकलादेवी घिमिरेका छोरा हुन् । स्नातकोत्तर उत्तीर्ण घिमिरे साहित्य सर्जक हुन् । उनका प्रकाशित सिर्जनाहरूमा-

(१) अमेरिकासम्मको फन्को (नियात्रा) २०६६

(२) नातासम्बन्ध : शब्दार्थ पुस्तिका २०६७

(३) गन्थनमन्थन : टिपनटापन २०७६

(४) अष्ट्रेलिया भेटघाट भ्रमण (दैनिकी/डायरी) २०६६

हालसम्म चार वटा कृति प्रकाशन गरेका घिमिरेको एउटै विशिष्टिकृत विधा भने देखिँदैन ।

विष्णु प्रभात

मदनपोखरा-डाँडाडुम, पाल्पामा जन्मेका विष्णु प्रभात काठमाडौँमा बस्छन् । वि.सं. २००९ वैशाख १० गते यस घर्तीमा आँखा खोलेका प्रभातले एमए नेपाली उत्तीर्ण गरिसकेका छन् भने पीएच डी शोधरत रहेका छन् । उनका मातापिता मनकुमारी र ऋषिराम अर्याल हुन् । 'सूर्य' कविता छपाई साहित्य समीक्षा-समालोचना एवम् लेखन कर्ममा अघि बढेका विष्णुले नेपाली साहित्यको श्रीवृद्धिमा गरेको योगदान महत्त्वपूर्ण छ । उनका प्रकाशित/सम्पादित कृतिहरूमा :

(१) खुर्सानी पुराण (२०५१)

(२) खुच्चिङ (२०५३)

(३) खुल्दुली (२०५८)

(४) खुस्खुस कम्पनी (२०५९)

(५) खुराक (२०५९)

(६) अर्याल वंशीय विद्वत् परम्परा (२०६०)

(७) पारिजात र हरिमाया (२०५९)

(८) टेढो ऐना (२०६३)

(९) भैरव अर्यालका समीक्षाहरू (२०६९)

(१०) गोविन्द लोहनीका दार्शनिक रचनाहरू (२०६९)

(११) गोविन्द भट्टका दार्शनिक रचनाहरू (२०६९)

(१२) कलममाथिको कलम (२०५८)

(१३) चिन्तन र सौन्दर्य (२०४६)

(१४) संस्कृतिमा विकल्पवाद (२०५२)
(१५) प्रेलसको संक्षिप्त इतिहास (२०५२)
(१६) मातृत्व (२०५३)
(१७) खुलैखुला कुरा (२०५६)
(१८) एघारौँ अवतार (२०५८)
(१९) कारिन्दाको दिनचर्यालगायतका रहेका छन् ।

विष्णु प्रभात प्राज्ञ हुन्, साहित्यकार र सम्पादकसमेत हुन् ।

देवेन्द्रराज शाक्य

देवेन्द्रराज शाक्य पिता चिनियाँकाजी र माता पुतलीदेवी शाक्यका पुत्ररत्न हुन् । उनको जन्म वि.सं. २००६, माघ १ गते नारायणटोल पाल्पा, तानसेनमा भएको हो । हाल उनी नयाँ सडक, बुटवल रूपन्देहीमा बस्छन् । बी.ए. तथा एल.एल.बी. र Post Graduate Diploma in Buddhist Studies को औपचारिक शिक्षा लिएका शाक्यका कृतिहरू १ दर्जनजति प्रकाशित भएका छन् ।

(१) वैशाख पूर्णिमा : पाँच संयोगको पुनीत दिवस-२०६१
(२) यो बटौली हो : बुटवल परिचय-२०६१
(३) विश्व शान्तिको सहर लुम्बिनीः एक चिनारी-२०६२
(४) महामानव बुद्ध : प्रमुख घटना विवरण-२०६५
(५) आमा : कवितासङ्ग्रह-२०६८
(६) बुद्धकालीन केही प्रमुख विहारहरू : विहार परिचय-२०७०
(७) जीवनका अनुभूति (भाग-१) जीवनीपरक आत्मकथ्य-२०७१
(८) थेरवाद बुद्धधर्म : संक्षिप्त परिचय-२०७१
(९) प्राचीन कोलीय र शाक्य गणराज्यअन्तर्गतका बौद्ध सम्पदा-२०७३
(१०) हाम्रो संस्कार र संस्कृतिः प्रारम्भिक बुद्ध शिक्षासहित-२०७४
(११) जीवनका अनुभूतिहरू (दोस्रो भाग)-२०७५ अनुभूति, इतिहास, धर्मसँग सम्बन्धित यी पुस्तकहरू महत्त्वपूर्ण सावित छन् । उनकी श्रीमती धर्मी शाक्य पनि छ वटा पुस्तककी लेखक रहेकी छिन् ।

हाजी जनाब युसफदिन मियाँ 'पाल्पाली'

युसुफदिन मिया पाल्पाली पाल्पा तानसेनको पश्चिम गाउँ भन्ने ठाउँमा वि.सं. २००३ वैशाख १२ गते जन्मेका हुन् । हाल बेलटाँडी, चितवनमा बस्ने उनी पिता मरहुम अब्दुल गफुर मियाँ र माता मरहुम बिबिरन मियाँका सन्तति हुन् । उनले हालसम्म ५ वटा पुस्तकहरू (साहित्यिक) प्रकाशन गरेका छन्-

(१) पाल्पालीका गजल (गजलसङ्ग्रह)-२०६६
(२) मनको व्यथा (शास्त्रीय बहरबद्ध गजलसङ्ग्रह २०६८)
(३) एक बहर एक गजल (शास्त्रीय सूत्रमा आधारित गजलसङ्ग्रह (२०६९)
(४) रोशनी (गजलसङ्ग्रह) २०६९
(५) मुतकारिब दिवान (बहरबद्ध गजलसङ्ग्रह, २०७१)
(६) नवीको महिमा (२०७२)

युसुफदिन विशेषत : गजलकारको रूपमा परिचित छन् । उनले आफ्नो समुदाय विशेष र आफ्नै भाषामा समेत कृति सार्वजनिक गर्न सकेको भए प्रसिद्धि चुलिने थियो ।

रजिउल्ला मियाँ

सकुरदिन मिया र तस्विरन मिया (पिता-माता) का पुत्ररत्न रजिउल्ला मियाँ पौष, २०२६ मा तानसेनको गैरागाउँमा जन्मेका हुन् । हालसम्म प्रकाशित उनका कृतिहरू दुई वटा रहेका छन्-

(१) भिरकोटको ज्योति (उपन्यास) २०७१
(२) मरूभूमि (उपन्यास) २०७२

मिया विशेषत : आख्यानकार हुन् ।

मेघराज शर्मा

वरिष्ठ पत्रकार मेघराज शर्माले पुस्तकाकारीय कृति प्रकाशन गरेर लेखक/कृतिकारको समेत पहिचान बनाएका छन् । पिता झपेन्द्रराज शर्मा र माता रत्नकुमारीको सुपुत्र शर्मा तानसेनको टक्सारटोलमा वि.सं. २००६/०३/१३ मा जन्मेका हुन् । वी.ए. उत्तीर्ण शर्माले संस्मरणमूलक कृति प्रकाशन गरेका छन् ।

(१) मेरो चीन भ्रमण (यात्रा संस्मरण) २०६९
(२) जापानका झझल्काहरू (यात्रा संस्मरण) : २०७०

(जापानका झझल्काहरूलाई गोपालप्रसाद बस्यालले अंग्रेजीमा अनुवाद समेत गरेका छन्) शर्मा मूलत : लेखकका साथै पत्रकारसमेत हुन् ।

डा. डुकुलराज घिमिरे

डा. डुकुलराज घिमिरे वि.सं. २०१५/०४/३० मा पाल्पाको

तानपा मदनपोखरा, वडा नं. ९ मा पिता पं. नारायण उपाध्याय र माता डोलकुमारी उपाध्यायको पुत्ररत्नको रूपमा जन्मेका हुन् । साहित्याचार्य, एम.ए. नेपाली र शाङ्कर वेदान्तचार्यको शैक्षिक उपाधि लिएका घिमिरे प्राध्यापनको सिलसिलामा बुटवलमा अस्थायी बसोबास गरेका छन् । उनले समालोचना/समीक्षा र खोजपरक कृतिहरू प्रकाशित गरेका छन् । प्रकाशित कृतिहरूमा

(१) पाल्पाका लोकभजन (भक्तिपरक विश्लेषण) २०६९
(२) शास्त्रीय छन्द र देवकोटाका महाकाव्य : २०६९
(३) नेपाली साहित्यको सूक्ष्म क्षितिज २०६९
(४) दधिराम मरासिनी र लेखनाथ पौड्यालका कवितामा दार्शनिक पक्ष (२०७०)
(५) पूर्वीय दर्शनका आलोकमा लेखनाथ पौड्यालका कविता काव्य-२०७६
(६) नेपाली कवितामा पूर्वीय दर्शन

घिमिरेको लेखन समालोचनाकेन्द्रित देखिन्छ । फुटकर लेखन पनि छँदै छन् ।

चैतन्यनाथ पाण्डेय

माता झविन्द्रादेवी पाण्डेय र पिता ज्योतिष पं. दधिराम शर्मा पाण्डेयका सुयोग्य पुत्ररत्नका रूपमा वि.सं. २००८ श्रावण १० गते चैतन्यनाथ पाण्डेयको जन्म अर्गली देउरालीमा भएको हो । नव्य व्याकरणाचार्य, एमए, वीएडसम्मको शैक्षिक योग्यता हासिल गरेका पाण्डेयले हालसम्म सात वटा पुस्तकहरू प्रकाशन गरेको देखिन्छ ।

(१) नेपाली भाषा शिक्षण
(२) नेपाली व्याकरण रचना
(३) व्यवहारोपयोगी सामान्य ज्ञान : दसौं संस्करणसम्म
(४) सामान्य ज्ञान (विश्व खण्ड)
(५) साहित्य सौगात (सहप्रकाशन)
(६) श्री हृषीकेश पञ्चाङ्ग (२०१३ देखि २०४५ सम्म)
(७) आमाहरूका गीत (२०७१)

पाण्डेयको कलम, भाषा, लोकसाहित्य, कविता, व्याकरण, सामान्य ज्ञान आदिमा समान रूपमा चलेको पाइन्छ ।

डा. रामप्रसाद ज्ञवाली

वि.सं. १९९९ साल ऋषि पञ्चमीको दिन पाल्पा तानसेनको बडिज्ञानटोलमा पिता यज्ञप्रसाद र माता चुनाकुमारीको पुत्ररत्नका रूपमा रामप्रसाद ज्ञवालीको जन्म भएको हो । नेपालीमा एम.ए. र काशी हिन्दु विश्व विद्यालय वाराणसीबाट 'महाकवि देवकोटा र निरालाको काव्यमा विद्रोही स्वर : तुलनात्मक अध्ययन' शीर्षकमा विद्यावारिधि उपाधी हासिल गरेका ज्ञवालीले हालसम्म एकमात्र कृति प्रकाशन गरेका छन् । शैक्षिक प्राज्ञिक र समाजसेवी व्यक्तित्व ज्ञवालीको कृति शीर्षक-

'देवकोटा र निरालाका कवितामा विद्रोही स्वर' (२०७६) रहेको छ । ज्ञवाली विशेषत : शिक्षासेवी हुन् यद्यपि उनको बेलाबखत फुटकर रूपमा पनि कलम चलेको पाइन्छ ।

रामप्रसाद अर्याल

'अविराम' उपनामले साहित्यमा परिचित रामप्रसाद अर्यालको (२०१५ भाद्र) जन्म मदनपोखरा, पाल्पामा भएको हो । हाल तानसेन-६, बारूदखानमा बस्ने अर्यालका पिता देवराज अर्याल र माता नन्दकुमारी अर्याल हुन् । एम.ए., बीएड (नेपाली) योग्यता हासिल गरेका अर्यालले प्रकाशित गरेका कृतिहरूमा :

(१) के छ हजुर (निबन्धसङ्ग्रह) २०६२
(२) बिहानीपख (हाइकूसङ्ग्रह) २०७६
(३) स्रष्टा सिर्जना : पाल्पा (संयुक्त) २०७५ रहेका छन् ।

'अविराम' ले कवि, निबन्धकार, मुक्तककार, हाइकुकार र गजलकारको परिचय सार्वजनिक गरेका छन् ।

किरण रेग्मी पाठक

स्नातकसम्म अध्ययन गरेकी र लामो समय शिक्षणमा बिताएकी कवयित्री किरण रेग्मीको जन्मस्थान तानसेन मेहल्धारा हो । कम्युनिष्ट राजनीतिका शिखर व्यक्तित्व कमलराज रेग्मी र विमला रेग्मीकी छोरी हुन् यिनी । वि.सं. २०१५ साल असार २९ गते जन्मेकी रेग्मीका दर्जनौं सिर्जनाहरू प्रकाशित भए पनि पुस्तकाकारीय कृति भने निम्नानुसार छन्-

(१) सयपत्री : कवितासङ्ग्रह (२०६६)
(२) अद्रिका कवितासङ्ग्रह (२०६७)

किरण रेग्मी मूलतः कविता विधामा रमाउने नारी स्रष्टा हुन् ।

निशान्त श्रेष्ठ

निर्मल श्रेष्ठ र रेणुका श्रेष्ठकी छोरी निशान्त श्रेष्ठको जन्मथलो बसन्तपुर, तानसेन हो । यिनको जन्म २०४१ साल

पौष मसान्तमा भएको हो । कृति प्रकाशन भएको वर्षसम्मलाई हेर्दा उनी मूलतः बालप्रतिभाशाली निबन्धकारको रूपमा देखिएकी छिन् । उनको प्रकाशित कृति-

(१) भुल्को (निबन्धसङ्ग्रह) २०५७, रहेको छ ।

एम पिए र एम.एस्सी. उत्तीर्ण श्रेष्ठ वैज्ञानिक अधिकृत पदमा कार्यरत छिन् ।

अरुणा रेग्मी कोइराला

कमलराज र विमला रेग्मीकी छोरी अरूणा रेग्मी कोइराला वि.सं. २०११ सालमा मेहेल्धारा, तानसेनमा जन्मेकी हुन् । एमए अध्ययन गरेकी रेग्मीको एक मात्र कृति 'अरूणाका कविता' (२०६६) प्रकाशित भएको छ । अरूणा पनि कविता सिर्जनामा नै लाग्ने सर्जक हुन् ।

कमला देवकोटा

कमला देवकोटाको जन्म वि.सं. २०११ साल पुष ११ गतेका दिन पाल्पाको ध्रुवघाटमा भएको हो । यिनी पिता पं. लेखनाथ तथा माता जीवनदेवीकी सुपुत्री हुन् । यिनको औपचारिक शिक्षा एम.कम. रहेको छ । लामो समय शिक्षणमा बिताएकी यिनी हाल काठमाडौँ बस्छिन् । यिनका पुस्तकीय कृतिहरूका रूपमा ६ वटा रहेका छन् ।

(१) कृष्णचन्द्र शोक काव्य (२०५६)
(२) मेरो पाल्पा तानसेन (खण्डकाव्य) २०७४
(३) आमाको सम्झनामा दुई थोपा आँसु (२०७४)
(४) मुसाको अक्कल (बालकथासङ्ग्रह) २०७६
(५) आर्शीवाद (बालकथासङग्रह) २०७६
(६) उर्वरा मरूभूमि (उपन्यास) २०६९

पाल्पामा नारी साहित्यकारहरूमध्येमा उनको स्थान अग्रपंक्तिमा पाइन्छ ।

रोहितप्रसाद ज्ञवाली

२० जेष्ठ २०१८ सालमा दीनकुमारी ज्ञवाली र वेदराज उपाध्याय ज्ञवाली (रामगुरू) का सन्ततिका रूपमा तानसेनको मेहेल्धारामा रोहित ज्ञवालीको जन्म भएको हो । आइ.कम. उत्तीर्ण ज्ञवालीले अहिलेसम्म दुई वटा मात्र पुस्तकाकारीय कृति प्रकाशन गरेका छन् :

(१) आशाका अङ्कुरहरू (उपन्यास) : २०७३
(२) यात्रा एक तरङ्ग अनेक (विविध) : २०७४

कविता र आख्यानमा रोहित ज्ञवाली कलम चलाउन रूचाउँछन् ।

सीता भट्टराई

वि.सं. १९९७ सालमा पिता नेत्रलाल ज्ञवाली र माता श्याममञ्जरी ज्ञवालीको कोखबाट सीता भट्टराईको जन्म गुल्मीको मानकोटमा भएको हो । उनको कर्मघर भने तानसेन मेहल्धारा हो । उनको एक कृति 'आराधना' (भक्ति कवितासङ्ग्रह) २०६८ प्रकाशित भएको छ । उनी अहिले हाम्रामाझ सशरीर छैनन् ।

धातानन्द न्यौपाने

धातानन्द न्यौपाने (१९९४ असोज १३-२०७३ असोज २७) माता भुना न्यौपाने र पिता पोषकान्तका पुत्ररत्नका रूपमा जन्मेका थिए । अर्गली रविदासटोल/पुजेरीटोलमा जन्मेका न्यौपानेको एकमात्र कृति 'बद्रीनाथ शतकम्' (खण्डकाव्य) कृति प्रकाशित भएको पाइन्छ । यो कृति धार्मिक चर्चामा आधारित छ । हाल उनी यस संसारमा छैनन् ।

बालकृष्ण भट्टराई

वि.सं. २००१ कार्तिक १७ गते छेर्लुङ पाल्पामा बुबा पं. रामप्रसाद भट्टराई र आमा हरिकलादेवी भट्टराईका असल सन्ततिका रूपमा बालकृष्ण भट्टराई जन्मेका हुन् । नेपालीमा एम.ए. तथा नव्य व्याकरणचार्यसम्मको शैक्षिक योग्यता बनाएका भट्टराई कविता लेखनमा बढी रूचि राख्छन् । उनले प्रकाशित गरेका कृतिहरूमा :

(१) प्रस्थान गर्नुअघि (भूमिकासङ्ग्रह) २०६५
(२) नैतिक काव्य (संयुक्त सिर्जना) २०६५ रहेका छन् ।

भट्टराई विशेषतः छन्दकवि हुन् । समालोचना र भूमिका लेखन पनि उनको रूचि हो ।

मदन देउराली

बडिज्ञानटोल-तानसेन, पाल्पामा वि.सं. २००४ भाद्र ४ गते माता विष्णुमाया र पिता इन्द्रलालका सुपुत्रका रूपमा मदन देउराली जन्मिएका हुन् । बी.ए.सम्मको शैक्षिक योग्यता भएका मदनले हालसम्म एउटा पुस्तक सार्वजनिक गरेका छन् । उनको कृति-

(१) तानसेनमा मनाइने जात्रा तथा चाडपर्वहरू (२०७६)

मदन विशेष गरी शोधखोजमा आधारित ऐतिहासिक सांस्कृतिक पक्षका विषयमा कलम चलाइरहने लेखक हुन् ।

कविता देवकोटा रिजाल

हाल भैरहवा बस्ने कविता देवकोटा पाल्पाली माटोमा जन्मे, हुर्केकी प्रतिभा हुन् । पिता पं. कृष्णचन्द्र देवकोटा र माता रमादेवीकी सपुत्री कविता वि.सं. २०१८ जेठ २६ गते तानसेन ठाडोगल्ली, भगवती टोलमा जन्मिएकी हुन् । नेपाली विषयमा कलाचार्य शैक्षिक योग्यता भएकी उनी छन्द कविता लेख्न रूचाउने साधक हुन् । उनको अहिलेसम्मको एक मात्र कृति 'कविताका छिटाहरु' (कवितासङ्ग्रह) २०७५ रहेको छ ।

गंगा लिगल

साहित्यिक व्यक्तित्व गंगा लिगलको जन्म तानसेनको असनटोलमा भएको हो । त्रिविविबाट कल्चर (संस्कृति) विषयमा एम.ए. गरेकी लिगलको जन्म पिता गणेशप्रसाद श्रेष्ठ र माता केशवलक्ष्मी श्रेष्ठकी छोरीको रूपमा भएको हो । कविता, काव्य, गीतलगायतका विधामा कलम चलाउँदै आएकी लिगलले हालसम्म साहित्यमा निकै महत्त्वपूर्ण योगदान गर्दै छिन् । उनले प्रकाशन गरेका कृतिहरू निम्नानुसार छन् :

(१) बिहानी (कवितासङ्ग्रह) २०५२
(२) गंगाको लहर (कवितासङ्ग्रह) २०५६
(३) युगज्योति (धार्मिक लेख रचनाको सँगालो) २०५६
(४) आमा (कवितासङ्ग्रह) २०६४
(५) गंगाका तरङ्गहरू (कवितासङ्ग्रह) २०६४
(६) संगीतको आभाष (कवितासङ्ग्रह) सन् २००७
(७) ऐना (कथासंग्रह) सन् २०१०
(८) ममताको खास्टो (खण्डकाव्य) २०६६
(९) गंगाका गजल (गजलसङ्ग्रह)
(१०) सखी वियोग (खण्डकाव्य) सन् २०१०
(११) सागरपारि (कवितासङ्ग्रह) २०६८
(१२) पत्रमञ्जुषा (पत्रसाहित्य) सन् २०१३
(१३) लालीगुराँस (गीतिसङ्ग्रह) सन् १०१३
(१४) पत्रमञ्जुषा (सन् २०१४)
(१५) भानु तिम्रो सम्झनामा (सन् २०१३)
(१६) अमेरिका-उपन्यास (२०७१)
(१७) गंगाको यात्रा (२०७०)
(१८) जेसिका (कथासङ्ग्रह) सन् २०१३
(१९) हृदयका स्पन्दन (सन् २०१५)
(२०) काव्य जून (मुक्तकसङ्ग्रह-२०७३)
(२१) गोधुलि (लघुकथासङ्ग्रह-२०७५)
(२२) गंगाजल (हाइकुसङ्ग्रह-२०७५) लगायतका रहेका छन् ।

लिगल कविताकाव्य, गजल, गीत आदिमा कलम चलाउने सर्जक हुन् । उनका कृतिहरू दुई दर्जनको सेरोफेरोमा प्रकाशित भइसकेका छन् ।

विष्णुबहादुर खत्री

तानसेन नगरपालिकाको वडा नं. १२ को बौघापोखराथोकमा पिता टीकाबहादुर खत्री र माता विष्णुकुमारीका सुपुत्र विष्णुबहादुर खत्री वि.सं. २०३४ साल चैत्र ५ मा जन्मेका हुन् । विकास समन्वय, राजनीतिशास्त्र र समाजशास्त्र (तीन विषय) मा स्नातकोत्तर योग्यता हासिल गरेका खत्रीले नेपाली र अंग्रेजी भाषामा समाजोपयोगी पुस्तकहरू लेखेका छन् । प्रकाशित भएका उनका पुस्तकहरू :

(१) मानव अधिकार (२०६३)
(२) संविधान सभा र युवा (२०६४)
(३) नेपालमा सार्वजनिक सुरक्षा र न्याय (२०६७)
(४) सुरक्षित वैदेशिक रोजगारी (२०६८)
(५) महिला आप्रवासन (२०६७)
(६) लैंगिक हिंसा (२०६८)
(७) लैंगिक समानता तथा सामाजिक समावेशीकरण (२०७१)
(८) युवा क्षमता विकास (२०७१)
(९) Theories of Changes in Peacebuilding : learnng (2071/072)
(१०) Youth Enage (2072)
(११) स्थानीय तहमा बाल सहभागिता २०७७
(१२) वैदेशिक रोजगारीका लागि पूर्व निर्णय २०७७
(१३) National Youth Policy, programme and progress (2011)
(१४) Youth struggle and voices (2009) आदि रहेका छन् ।

खत्रीको कलम मानव अधिकार, कानुन, समाजलगायत विविध विषयसँग सरोकार रहने सन्दर्भमा चल्दछ ।

महेश्वरी कुँवर

लक्ष्मीदेवी रावल र कुलबहादुर कुँवरकी छोरी महेश्वरी कुँवर (२०४१/११/२९) तानसेन भगवतीटोलमा जन्मेकी हुन् । एम.ए. (अंग्रेजी) उत्तीर्ण कुँवर युवा उमेरमै विद्यार्थी राजनीतिक कार्यमा संलग्न भई स्ववियु उपसभापति (पदमकन्या क्याम्पस, काठमाडौँ र नेविसंघ महामन्त्रीसमेत बनेकी व्यक्तित्व हुन् । उनले एउटा महत्त्वपूर्ण पुस्तक (वृत्तचित्रमा आधारित) वाल्वा हुँदै पाल्पा (WALWA to Palpa) नेपाली-अंग्रेजी भाषामा लेखेकी छिन् । उनको यो पुस्तकको प्रकाशन वर्ष २०७४ रहेको छ । त्यस्तै उनको 'नेविसंघको मैदानबाट महिला नेतृत्व (२०७५)' अर्को पुस्तक पनि रहेको छ ।

केशवबहादुर कार्की

कृषि क्षेत्रमा विगत १८ वर्षदेखि निरन्तर रूपमा विविध व्यावसायिक कर्म गर्दै आएका पाल्पा जिल्ला तानसेन नगरपालिका वडा नं. १० जरेपीपल निवासी केशवबहादुर कार्की आमा लक्ष्मीकुमारी र बाबु हरिबहादुर कार्कीका सफल सन्तति हुन् । जीवनमा धेरै विधामा व्यावसायिक कर्म गरेका कार्कीले आफ्नो जीवनको कर्म संस्मरणमा आधारित एक पुस्तक हीरामणि ज्ञवाली (गुल्मी) को महत्त्वपूर्ण लेखन सहयोग तथा सञ्चारकर्मी अच्युत घिमिरेको प्रकाशन सहयोगबाट सार्वजनिक गरेका छन् । उनको पुस्तक 'अलग बाटो' (२०७४) रहेको छ । मूलतः उनी लेखककै रूपमा कलम दौडाउन नसके पनि उनका भावना, विचार, चिन्तन र अनुभवबाट हेर्दा उनमा लेखन क्षेत्रका विषयवस्तु पर्याप्त रहेका छन् । यद्यपि ती विषयवस्तु सार्वजनिक गर्न उनले लेखकीय सहारा लिएर भए पनि ती विषयवस्तु पस्कने गरेका छन् ।

झविन्द्र देवकोटा

वि.सं. २०४४/१०/१९ मा पूर्वी पाल्पा (पूर्वखोला गा.पा.-२) को जल्पा, राक्सेमा आमा सरस्वती देवकोटा र बुबा दयाराम देवकोटाको पुत्ररत्नको रूपमा जन्मेका झविन्द्र देवकोटाको स्थायी बसोबास तानसेन-३, भगवतीटोलमा रहेको छ । पत्रकारिता र अंग्रेजी विषयमा स्नातक र स्नातकोत्तर (समाज शास्त्र र शैक्षिक योजना तथा व्यवस्थापनमा) शैक्षिक योग्यता हासिल गरेका देवकोटा शिक्षण पेसाका अतिरिक्त पत्रकारितामा संलग्न रहेका छन् । साथै उनी साहित्यकारका रूपमा समेत चिनिँदै एक पुस्तक समेत सार्वजनिक गरेका छन् । उनको उक्त कृति- 'व्यथैव्यथाको आत्मकथा' (आत्मकथा) २०७२ रहेको छ । देवकोटा कविता गजल र आख्यान सिर्जनामा बढी रूचि राख्छन् ।

दामोदर भट्टराई

फुर्केआम, बर्तुङ-पाल्पामा २००७ साल असोज २८ गते पिता शिवप्रसाद र माता गुणलक्ष्मी भट्टराईको कोखलाई धन्य बनाएका दामोदर भट्टराईले बीएस्सी, बीएस्सी इन सिभिल इन्जिनियरिङ पिजी डिप्लोमा सम्मको शैक्षिक औपचारिक योग्यता प्राप्त गरेका छन् । उनले पनि लेखन कार्यबाट सामाजिक योगदान गरेका छन् । उनको कृति Mitigation and Management of Floods in Nepal (सहलेखन) का साथै विभिन्न कार्य पत्रहरू आदि प्रकाशन भएका छन् । उनको कलम साहित्येतर विधामा चलेको पाइन्छ ।

हरिमान थैव

आमा नैनकुमारी र बाबु बृजमान थैवका छोरा हरिमान थैव वि.सं. १९९६ असोज ३० गते बुधबार तानसेनको टक्सारमा जन्मेका हुन् । एमए, बीएल उत्तीर्ण थैव उच्च पदस्थ कर्मचारी थिए । उनले 'संविधान, फौजदारी कानुन र देवानी कानुन' (२०५६) नामक कृति प्रकाशन गरेका छन् । उनको निधन २०५८ साल वैशाख २४ गते बुद्धजयन्तीका दिन भएको थियो ।

चिन्तामणि भट्टराई

चिन्तामणि भट्टराई तानसेन, बर्तुङमा वि.सं. २०१४ साल चैत्र १६ गते जन्मेका हुन् । आमा सोमकला भट्टराई र बुबा तुलसीप्रसाद भट्टराईका छोरा हुन् उनी । एमबीएको योग्यता भएका उनले कृति पनि निकालेका छन् ।

'ढाका टोपीको विकास र सम्भावना मदनपोखरा गाविस' लगायतका उनका पुस्तकहरू प्रकाशित भएका छन् । उनको लेखन पनि साहित्येतर विधामा नै चलेको पाइन्छ ।

होमनाथ न्यौपाने

पिता पदमपाणि र माता खेमकला न्यौपानेका छोरा होमनाथ न्यौपानेको जन्मथलो पाल्पाको ख्याहा भए पनि स्थायी बसाइ र कर्मथलो तानसेन-३, प्रगतिनगर हो । उनी वि.सं. २००४/०८/१७ मा जन्मेका हुन् । शास्त्री व्याकरण र ज्योतिष

शिक्षाको औपचारिक ज्ञान लिएका उनले हालसम्म लेखनमा पनि सक्रियता देखाएकै छन् । उनले आजसम्ममा दुई पुस्तकाकारीय कृति पनि सार्वजनिक गरेका छन् ।

(१) ख्याहा : एक परिचय (लघु पुस्तिका)

(२) आमा, माटो र तीर्थ (कवितासङ्ग्रह-२०७६)

उनको कलम सिर्जनामा बढी चलेको पाइन्छ ।

कमल मलेगो

तानसेन, असनटोलमा २००२ साल असोज २३ गते आमा बालकुमारी र बाबु लालप्रसादका छोराका रूपमा जन्मेका कमल मलेगो एसएलसी र कानुन स्नातक सरहको परीक्षा उत्तीर्ण गरेका छन् । उनी लेखक पनि हुन् । उनका 'जनमत सङ्ग्रहसम्बन्धी निर्वाचित कार्यविधि' (२०३७) लगायतका आधा दर्जन जति पुस्तकाकारीय कृतिहरू प्रकाशित भएका छन् ।

देवी न्यौपाने

'धीर' उपनामले चिनिएका देवी न्यौपाने २००८ साल पौष ६ गते पाल्पा छेर्लुङको शीतलसदन, मेकोटमा जन्मिएका हुन् । माता मनकुमारी र पिता हिरण्यलालका छोरा हुन् उनी । स्नातकोत्तर (संस्कृत साहित्य र नेपालीसमेत) उत्तीर्ण न्यौपानेले हालसम्म एकमात्र कृति पाठकमाझ सार्वजनिक गरेका छन् ।

(१) धर्मबारे मार्क्सवादी धारणा (२०७५ अनूदित)

उनका विभिन्न लेखरचना पत्रपत्रिकामा सार्वजनिक भएका छन् ।

दीपक अर्याल

डिल्लीराज अर्याल र सीता अर्यालका सुपुत्र दीपक अर्याल मदनपोखरा डाँडाडुममा वि.सं. २०३५/२/१ गते जन्मेका हुन् । स्नातकोत्तर उत्तीर्ण अर्यालले हालसम्म ४ वटा पुस्तकहरू लेखेर सामाजिक उत्तरदायित्व वहनको प्रमाण पेश गरेका छन् । उनका कृति विवरणहरू यसप्रकार रहेका छन्-

(१) फोटो ग्राफी र फोटो पत्रकारिता (२०६६)

(२) मिडिया रिडर (२०७०)

(३) राष्ट्रिय निर्वाचन प्रचार सामग्री (२०६४)

(४) मिल्किएका इतिवृत्त (२०६६)

पत्रकारिताका विषयका साथै साहित्यका विधामा पनि अर्यालको कलम चल्छ ।

हरि पाण्डेय

पाल्पा, अर्गलीको रनुवामा जन्मेका हरि पाण्डेय बुबा खिमानन्द पाण्डेय र आमा शिवकुमारी पाण्डेयका छोरा हुन् । उनको जन्म वि.सं. २०१०/११/४ गतेका दिन भएको हो । इञ्जिनियरिङ डिप्लोमा अध्ययन गरेका पाण्डेयले साहित्य र लेखन क्षेत्रमा कलम चलाई सेवा गरेका छन् । उनले हालसम्म प्रकाशन गरेका पुस्तकहरूमा-

(१) मातृभूमिको सर्वोच्चताभित्र मुक्तियात्रा (२०६०)

(२) आमासँगै यात्रा (२०६२)

(३) समृद्ध बनौं : मानव हुनुको अर्थ पूरा गरौं (२०७६) रहेका छन् ।

हरि पाण्डेय परिवर्तनका पक्षमा कलम चलाउने व्यक्तित्व हुन् ।

शेषनारायण भट्टराई (समानन्द गिरी)

वि.सं. १९९८ चैत्र मसान्तमा पाल्पाको छेर्लुङमा पिता हिरण्यलाल र माता मनकुमारीको सुयोग्य सन्ततिका रूपमा समानन्द गिरीको जन्म भएको हो । साहित्याचार्यको शैक्षिक योग्यता भएका उनी देवघाट, तनहुँमा बसी ध्यान, तपस्यामा लागेका छन् । उनले केही पुस्तकहरू पनि लेखेर प्रकाशन गरेका छन् । जुन निम्नानुसारका छन्-

(१) पंक्षीकरण (वेदान्तसम्बन्धी)

(२) गोरक्ष पद्वति (योगसम्बन्धी)

(३) गीता शंकरभाष्य

(४) ब्रह्मसूत्र (प्रथम द्वितीय र तृतीय गरी ३ वटा प्रकाशित)

(५) अध्यात्मरामायण

उनका कृतिहरू धार्मिक विषयमा बढी केन्द्रित छन् ।

प्रकाश प्रधानाङ्ग

तानसेन, असनटोलमा वि.सं. १९९४ को रामनवमीको दिन बुबा देवीप्रसाद प्रधान र आमा श्रीलक्ष्मी प्रधानकी छोरी प्रकाश प्रधानाङ्ग हुन् । विवाहपछि उनी प्रधानाङ्ग थर भइन् । आइ.ए. उत्तीर्ण उनले नेपाली र नेवारी दुवै भाषामा पुस्तकहरू लेखी सार्वजनिक गरेकी छिन् । उनका पुस्तकहरू निम्नानुसार रहेका छन्-

(१) मस्याङ्गपा-२०२० (ने.स. १०८३), नेपाल भाषामा लेखिएको

(२) कलाकार (एकाङ्की नाटक) २०५४ (ने.सं. १११७) नेपाल भाषामा

(३) लुथि (कथासङ्ग्रह) २०६१ (ने.सं. ११२४) नेपाली भाषामा
(४) अपवाद (कथासङ्ग्रह) २०६३ (ने.सं. ११२६) नेपाली भाषामा
(५) प्रतीज्ञा (कथासङ्ग्रह) २०६४ (ने.सं. ११२७) नेपाली भाषामा
(६) आत्मप्रकाश (पहिलो आत्मकथा) २०६६ (ने.सं. ११२९) नेपाली भाषामा
(७) आत्मप्रकाश-पहिलो आत्मकथा (अनुवादक देवेन्द्रकुमार मल्ल) २०७३ (ने.सं. ११३६) नेपाली भाषामा
(८) आत्मप्रकाश (दोस्रो आत्मकथा) २०७३ (ने.सं. ११३६) नेपाल भाषामा
(९) नमेटिएका स्मृतिका छापहरू (२०७३) ने.सं. ११३६ नेपालीमा
(१०) आस्थालाई चिठी (२०७३), (ने.सं. ११३६) नेपाली भाषामा
(११) माया पौ काएयात (२०७५) ने.सं. ११३८, नेपाली र नेपाल भाषा दुवैमा ।

प्रधानाङ्ग नेपाल र नेपाली भाषामा कलम चलाउने साधिका हुन् । तापनि उनको नेपाल भाषामा विशेष प्रसिद्धि छ ।

यादव भट्टराई

पाल्पा, छेर्लुङको मेकोट (शीतल निवासी) मा वि.सं. २०२३ साल कार्तिक २९ गते पिता बालकृष्ण भट्टराई र माता नेत्रकुमारी भट्टराईका सुपुत्र यादव भट्टराई नेपाली विषयमा स्नातकोत्तर उत्तीर्ण तथा विद्यावारिधि शोधकार्यमा संलग्न रहेका छन् । उनले साहित्यिक फाँटमा हालसम्म एक मात्र पुस्तक प्रकाशन गरेका छन् ।

- 'दिशाहीन यात्राका हरफहरू' (कवितासङ्ग्रह) २०५५ । भट्टराईको सृजना कविता क्षेत्रमा नै विशेष देखिन्छ ।

खोमराज पंगेनी

तत्कालीन अवस्थामा 'राकेश पंगेनी' उपनामले चिनिएका खोमराज पंगेनी वि.सं. २०१६ साल वैशाख ७ गते जन्मेका हुन् । मदनपोखरा चौरथोकमा माता बेलकुमारी र पिता मेदिनीवल्लभका छोराको रूपमा उनको जन्म भएको थियो । समाजशास्त्रमा स्नातक गरेका पंगेनीले २०३८ सालमा 'आमा' (नाटक) प्रकाशित गरेका थिए । जुन कृति अधिक चर्चा कमाउन सफल भएको थियो । तत्कालीन अवस्थामै सो कृतिलाई जफत समेत गरिएको थियो ।

अमृतलाल श्रेष्ठ

तानसेन, कैलाशनगर चुत्राभञ्ज्याङमा वि.सं. १९९८ असार ४ गते जुठेलाल श्रेष्ठ र तेजकुमारी श्रेष्ठका सन्ततिका रूपमा यो धर्तीमा उदाएका अमृतलाल श्रेष्ठले बी.ए.सम्मको औपचारिक अध्ययन गरेका छन् । उनले एक पुस्तक पनि लेखेका छन् । 'गायत्री गंगा' (२०६७) नै उनको गायत्री मन्त्रको महत्त्वबोध गराइएको महत्त्वपूर्ण कृतिको रूपमा चिनिन्छ ।

अशोकमान सिंह

बाबु हरिप्रसाद सिंह र आमा जानकीदेवीका पुत्रका रूपमा वि.सं. २०१२ साल असोज १८ गते अशोकमान सिंह जन्मेका हुन् । आइ.एफ. ए.सम्मको योग्यता हासिल गरेका सिंह आर्टिस्ट हुन् । यद्यपि उनले साहित्यका कृतिहरू लेखी प्रकाशनसमेत गरेका छन् ।

(१) पटाचारी (उपन्यास) २०५२
(२) म पनि त मान्छे हुँ (उपन्यास) २०७२
(३) कलर (रङ्ग विशेष) २०७२
(४) न्याउरी मुसो र भ्यागुतो (२०७१)
(५) मामा हात्ती (२०७१)
(६) मैना चरी (२०७१)

उनको कलम बालसाहित्यमा बढी चलेको देखिन्छ । कलाकारिताको प्रसिद्धि उनको अर्को परिचय हो । हाल उनी काठमाडौं बस्छन् ।

सुरेन्द्र गहिरे

पिता झपेन्द्र गहिरे र माता मन गहिरेका सुपुत्र सुरेन्द्र गहिरे वि.सं. २०५० साल साउन ८ गते तानसेन लहरे पीपलमा जन्मेका हुन् । एम.बी.बी.एस. उत्तीर्ण गहिरेले लेखनमा रूचि राख्दै कक्षा १२ अध्ययनरत रहँदाखेरि नै The Hidden Destination (2069) नामक अंग्रेजी उपन्यास सार्वजनिक गरेका छन् । उनले यो उपन्यास १८ वर्षकै उमेरमा लेखेका थिए ।

शान्ता शाक्य

आमा मंगलकुमारी र बाबा रामबहादुर गुभाजू बज्राचार्यकी छोरी शान्ता शाक्य हुन् । वि.सं. २०१३ आषाढ १७ गते

तानसेनको टक्सार टोलमा जन्मेकी शान्ताले एमए (नेपाली) र बीएड उत्तीर्ण गरेकी छिन् । पद्मकन्या कलेजबाट सेवा निवृत्त उनी लेखिका पनि हुन् । उनको एक पुस्तक मात्र प्रकाशित भएको छ । समालोचनाको पुस्तक हो उनको त्यो । 'समीक्षाको परिवृत्तमा नेपाली उपन्यास (२०७४)' पुस्तक विभिन्न साहित्यकारको उपन्यासको विश्लेषण गरिएको कृति हो ।

सोमनाथ अर्याल

सोमनाथ अर्याल मदनपोखरा, पाल्पाका हुन् । उनको जन्ममिति वि.सं. २००५ मंसिर १० गते हो । उनी मोती राज अर्याल र तीलप्रभाका छोरा हुन् । एम.ए. (इतिहास) उत्तीर्ण अर्यालले पत्रकारिता र समसामयिक विषयका लेख लेखे पनि हालसम्म भने एक मात्र कृति 'मेरो अमेरिका यात्रा' (सन् २०१२) भन्ने यात्रा सस्मरणको कृति पाठकका माझ सार्वजनिक गरेका छन् ।

डा. मुरारि पराजुली

वि.सं. २०२३ जेष्ठ २२ गते माता ओमकुमारी र पिता हेमन्तराज पराजुलीका छोराको रूपमा मुरारि पराजुलीको जन्म भएको हो । तानसेन सिलखान टोलमा उनको जन्मस्थान, पैत्रिक थलो कोटाकोट र हालको कर्मथलो रूपन्देही, मणिग्राम भएको बताउने पराजुलीले एमए 'नेपाली मुक्तकका प्रवृत्तिहरू' शीर्षकमा विद्यावारिधि उपाधि प्राप्त गरेका छन् । समसामयिक लेख, कविता र समीक्षा समालोचनामा कलम अघि सार्दै गरेका मुरारिले हालसम्म आधा दर्जनभन्दा बढी कृतिको लेखन तथा केही पत्रपत्रिका र पुस्तकको सम्पादन गरेका छन् । उनका प्रकाशित कृतिहरू निम्न अनुसारका छन्-

(१) सिर्जनाका स्वरहरू (कवितासङ्ग्रह-२०४५) संयुक्त
(२) आगो पालेका पेट र शीत ओढेका बस्तीहरू कवितासङ्ग्रह (२०४६) संयुक्त लेखन
(३) लोकतन्त्रको शंखनाद (कवितासङ्ग्रह-२०६२) संयुक्त
(४) हाँसेर उसका ओठले (कवितासङ्ग्रह-२०६१)
(५) मुक्तक मिमांशा (समालोचना-२०६७)
(६) नेपाली मुक्तकका प्रवृत्तिहरू (समालोचना २०६९)
(७) पत्थरकट्टा जातिको अध्ययन (समाजशास्त्रीय अध्ययन २०७०)
(८) हाम्रा छातीको दशगजा (कवितासङ्ग्रह २०७३)

कवि, समीक्षकका रूपमा चिनिएका पराजुली शोधखोजमा समेत रूचि राख्छन् ।

महेश रेग्मी

बिम्ब प्रतीकमा कविता रच्न सिपालु महेश रेग्मी तानसेन मेहल्धारामा जन्मेका हुन् । बुबा कृष्णदेवी रेग्मी र आमा उमादेवी रेग्मीका कान्छा सन्तति हुन् उनी । उनको जन्म वि.सं. २०२२ साल भदौ १३ गते भएको हो । उनको शैक्षिक योग्यता स्नातकोत्तर हो । उनको 'समय नेपथ्यमा (२०६५)' लगायतका कविताकृति प्रकाशित छन् ।

उनी मूलत : ससक्त कविकै रूपमा परिचित छन् ।

रुक्मागत शर्मा पराजुली

पेसाले स्वास्थ्यकर्मी भए पनि रूक्मागत लेखन सिर्जनामा समेत रूचि राख्छन् । पाल्पाको मुझुङमा जन्म भए पनि ४५ वर्षदेखि यता उनी तानसेन बसन्तपुरमा बस्दै आएका छन् । वि.सं. २०२३/२/२९ मा पिता तिलकराम पराजुली र माता शिवकुमारी पराजुलीको सन्तति भई उनको जन्म भएको हो । उनले बीकम, बीएड, पीसीजीएम सम्मका योग्यता हासिल गरेका छन् । अहिलेसम्म उनका दुईवटा कृति प्रकाशित भएका छन् । उनका कृतिहरूमा 'खोसिएको खुसी' (२०७४) र 'नाचिरहन्छ कोही' (२०७६) रहेका छन् । उनी लघुकथा र कवितामा कलम चलाएका देखिन्छन् कृति प्रकाशनका हिसाबले ।

आचार्य भिक्षु डा. अमृतानन्द महास्थवीर

गृहस्थ नाम : लालकाजी शाक्य
माता : टीकामाया शाक्य
पिता : हीराकाजी शाक्य
बाजे : बुद्धिमान शाक्य
बज्यै : गोरी शाक्य
जन्ममिति : वि.सं. १९७५ पौष
जन्मस्थान : भीमसेनटोल, तानसेन, पाल्पा
प्रवज्या : सन् १९३६ अप्रिल २ (वि.सं. १९९२)
स्थान : कुशीनगर, भारत
पत्नी : हरिमाया (अनागरिका संघमिता)
छोरी : विमला बज्राचार्य
दिवंगत : वि.सं. २०४७ भाद्र ५ गते

भिक्षु अमृतानन्दको रूपमा-२५ जनवरी, १९४० मा (वि.सं. १९९८) बुद्धबाट प्रतिपादित थेरवाद बुद्धधर्मको पुनर्जागरणकर्ता सन् १९५० मा स्थापित विश्व बौद्ध भातृत्व संघको संस्थापक उपाध्यक्ष, विश्व बौद्ध सम्मेलनहरूमा व्यवस्थापक, नेपाल राष्ट्रको प्रमुख सहभागी प्रतिनिधि

श्रीलंका विद्यालङ्कार परिवेणमा अध्ययन, त्यसपछि बजिराराम, कोलेम्बोमा बौद्ध ग्रन्थ त्रिपिटकको अध्ययन, अध्ययनपश्चात् श्रीलंकाको बजिराराम रत्नमलमा श्री धर्म रक्षित बंशावलंकारकार पेलेन भिक्षु बजिराण महास्थवीरको उपाध्यायकत्वमा उपसम्पदा ग्रहण गर्दै पूर्ण भिक्षु अमृतानन्द भएका (२५ जनवरी १९४०)

स्वयम्भू किण्डोल विहारमा पहिलो पटक बुद्धसम्बन्धी प्रवचन दिएका, २००८ मा काठमाडौँ स्वयम्भूमा आनन्दकुटी विद्यापीठ स्थापना गरेका, यस्तै विभिन्न अनुकरणीय प्रशस्तै कामहरू गरेका थिए ।

लेखक अमृतानन्दका पुस्तकहरू :

(१) सं. बुद्धजीवनी (चतुर्थावृत्ति)
(२) धम्मपद (तृतीयावृत्ति)
(३) गृही(विनय (तृतीयावृत्ति)
(४) अग्रश्रावक
(५) कसको कुरा सत्य हो
(६) बुद्धशासनको इतिहास (भाग-१)
(७) पटाचार स्थवीरा
(८) अम्बरसक्कर प्रेतकथा
(९) सुतनु जातक
(१०) बोधिराजकुमार
(११) बुद्धकालीन ब्राह्मण (भाग-१)
(१२) बुद्धकालीन ब्राह्मण (भाग-२)
(१३) बुद्धकालीन ब्राह्मण (भाग-३)
(१४) बुद्धकालीन गृहस्थीहरू (भाग-१)
(१५) बुद्धकालीन गृहस्थीहरू (भाग-२)
(१६) बुद्धकालीन गृहस्थीहरू (भाग-३)
(१७) बुद्धकालीन राजपरिवार (भाग-१)
(१८) बुद्धकालीन राजपरिवार (भाग-२)
(१९) बुद्धकालीन राजपरिवार (भाग-३)
(२०) बुद्धकालीन परिव्राजकहरू (भाग-१)
(२१) बुद्धकालीन परिव्राजकहरू (भाग-२)
(२२) बुद्धकालीन परिव्राजकहरू (भाग-३)
(२३) बुद्धकालीन महिलाहरू (भाग-१)
(२४) बुद्धकालीन महिलाहरू (भाग-२)
(२५) बुद्धकालीन श्रावक-चरित (भाग-१)
(२६) बुद्धकालीन श्रावक-चरित (भाग-२)
(२७) बुद्धकालीन श्रावक-चरित (भाग-३)
(२८) बुद्धकालीन श्रावक-चरित (भाग-४)
(२९) बुद्धकालीन श्रावक-चरित (भाग-५)
(३०) बुद्धकालीन श्रावक-चरित (भाग-६)
(३१) बुद्धकालीन श्राविका-चरित (भाग-१)
(३२) बुद्धकालीन ब्रह्मादिदेव (भाग-१)
(३३) बुद्धकालीन ब्रह्मादिदेव (भाग-२)
(३४) बुद्धकालीन ब्रह्मादिदेव (भाग-३)
(३५) बुद्धकालीन प्रेतकथा
(३६) बुद्धकालीन विमानकथा
(३७) जातकसङ्ग्रह (भाग-१)
(३८) जातकसङ्ग्रह (भाग-२)
(३९) जातकसङ्ग्रह (भाग-३)
(४०) जातकसङ्ग्रह (भाग-४)
(४१) संक्षिप्त कथासहित धम्मपद (द्वितीयावृत्ति)
(४२) यशोधरा
(४३) विषयसूची (भाग-१)
(४४) विषयसूची (भाग-२)
(४५) जापान भ्रमणको डायरी
(४६) त्रिरत्न वन्दना र पाठ्यसूत्र
(४७) महासीहनादसुक्त
(४८) नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास
(४९) सोलुखुम्बु यात्राको डायरी
(५०) बेस्सन्तर जातक (द्वितीयावृत्ति)
(५१) सम्राट अशोक
(५२) महिन्द थेर तथा संघमिता थेरी
(५३) अजातशत्रु

(नोट : १ देखि ५३ क्रमका कृति सबै नेपालीमा लेखिएका छन्)

(५४) अग्रश्रावक
(५५) आर्यसत्य (तृतीयावृत्ति)
(५६) कर्मविभाग (तृतीयावृत्ति)
(५७) त्रिरत्न वन्दना
(५८) धर्म व विनय
(५९) प्रजापति गौतमी
(६०) पाठ्यसूत्र
(६१) बौद्ध कहानी
(६२) सर्वज्ञ धातु
(६३) गृही विनय (चतुर्थावृत्ति)
(६४) जातकमाला (भाग-१) : तृतीयावृत्ति
(६५) जातकमाला (भाग-२) : द्वितीयावृत्ति
(६६) धम्मपद (चतुर्थावृत्ति)
(६७) धम्मपदटठ् कथा : भाग-१ (द्वितीयावृत्ति)
(६८) बुद्धशासनया इतिहास (भाग-१)
(६९) संक्षिप्त बुद्धजीवनी (चतुर्थावृत्ति)
(७०) महास्वप्न जातक (द्वितीयावृत्ति)
(७१) बेस्सन्तर जातक (द्वितीयावृत्ति)
(७२) सूत्रसङ्ग्रह
(७३) न्ह्यस : या लिस :
(७४) महाकाश्यप चरित
(७५) ज्ञानमाला भजन (१५ गू गू आवृत्ति)
(७६) अशोक जुजु
(नोट : क्रम ५४ देखि ७६ सम्मका नेवारी भाषाका कृति हुन्)
(७७) Buddhist Activities in Socialist Countries
(७८) King of Buddha's Time
(७९) A short History of Theravad Buddhism in Modern Nepal (Third Edition)

बुद्धकालीन ब्राह्मण गृहस्थीहरू, महिलाहरू, राजपरिवारहरू, परिव्राजकहरू, श्रावकचरित, ब्रहमादिदेव, प्रेतकथा, विमानकथा आदिसहित २६ वटा ग्रन्थहरू नेपाली भाषामा अरू बुद्ध धर्मका विभिन्न पुस्तकहरू २५ वटा, नेवारी भाषामा २१ वटा, अंग्रेजी भाषामा ३ वटा (जम्मा ७९ वटा) सबैभन्दा बढी पुस्तक गन्थ्रहरू लेखन, अनुवाद र प्रकाशन गर्ने धर्म र बौद्ध साहित्यको भण्डार वृद्धि गर्नमा महत्त्वपूर्ण र अतुलनीय योगदान दिएका डा. भिक्षु अमृतानन्द विश्व बौद्ध जगत्मा एक जेष्ठ महानायक भिक्षु, बौद्ध विद्वान, पाली त्रिपिटकलाई नेपाली भाषामा अनुवाद तथा लेखन गर्ने प्रसिद्ध ग्रन्थकार, बुद्ध धर्मका प्रसिद्ध धर्मोपदेशक, धर्मदूत, तीक्ष्ण प्रवचक, बौद्ध साहित्य चक्रवर्ती, ख्यातिप्राप्त प्रतिभाशाली महानायकका साथै बहुआयामिक असाधारण व्यक्तित्वका धनीका रूपमा परिचित छन् ।

भिक्षु विमलानन्द महास्थवीर

नाम : विमलानन्द महास्थवीर
जन्म : ५ जुन, १९२८ (वि.सं. १९८५)
पिता : मोतीकाजी शाक्य
माता : श्रीमती चन्द्रमाया शाक्य
जन्मस्थान : पाल्पा, तानसेन (भीमसेन टोल)
गृहस्थ नाम : मतिनाकाजी शाक्य
ठेगाना : राजकीय बुद्धविहार, लुम्बिनी
शिक्षा : एसएलसी (१९४५) श्रीलंका
श्रामणेर प्रवज्या : सन् १९४६ फेब्रुअरी १६ तारिख बजिराराम विहार, श्रीलंका (२०६३ वैशाख २८)
उपसम्पदा : सन् १९५१-११-१३
उपज्झाय : भिक्षु कोविद महास्थवीर
उपाधि : अग्ग महासधम्म जोतिक धज, म्यानमार सन् २००४ मार्च ५, श्रीलंकाबाट नेपालको धम्मरक्षित महानायक, २००५
योगदान : बौद्ध सम्मेलन, बौद्ध शिखर सम्मेलन, लुम्बिनी विकास कोषको उपाध्यक्ष
विभूषण : प्रबल गोरखा दक्षिण बाहु
धम्मानुशासक : लुम्बिनी धर्मोदय समिति
प्रकाशित कृति : त्रिरत्न वन्दना विमल ज्ञानमाला बौद्ध पुस्तक र विभिन्न लेखहरू
भ्रमण : श्रीलंका, सिंगापुर, थाइल्याण्ड, वर्मा, इन्डिया, जापान
विहार संरक्षक : शाक्यमुनि विहार, लुम्बिनी
महावोधि विहार, लहरेपीपल, तानसेन, पाल्पा
दिवंगत : २०६३ वैशाख २८ गते

भिक्षु विमलानन्द बौद्ध साहित्य लेखनमा चर्चित मानिन्छन् ।

आचार्य भिक्षु कुमार काश्यप महास्थवीर

जन्म : वि.सं. १९८३ श्रावण

(ने.सं. १०४८ दिल्लागा ९)

स्थान : तानसेन, पाल्पा (टक्सारटोल)

माता : तेजलक्ष्मी शाक्य (अनागरिका मुदिता)

पिता : सन्तमान शाक्य

गृहस्थ नाम : अष्टमान शाक्य

दिवंगत : वि.सं. २०६८ फागुन १४ (ने. सं. ११३२ चिल्लागा चतुर्थी)

श्रामणेर प्रवज्या : वि.सं. १९९९ माघ १२, कुशीनगर

उपाध्याय : ऊ चन्द्रमणि महास्थवीर

उपसम्पदा दीक्षाः २००८ कार्तिक २८ (आनन्दकुटी, सीमागृह)

आचार्य : प्रज्ञानन्द महास्थवीर

उपाधि : त्रिपिटकाचार्य (श्रीलंका)

महासद्धम्म परियत्ति प्रदीप (भारत)

विद्यालंकार पद्यभूषण (श्रीलंका)

अग्गमहासधम्मजोतिकधज (म्यानमार)

संघ उपनायक (अखिल नेपाल भिक्षु महासंघ-२०६८)

प्रकाशित पुस्तकहरू

(१) गौतम बुद्ध

(२) बुद्ध, धर्म व संघ

(३) आलवक सूत्र

(४) बुद्धया अर्थनीति (संयुक्त) : २०७२ (ने.सं. ११३६)

(५) गृही-प्रतिपत्ति

(६) दश-पारमिता

(७) गृहस्थ धर्म

उनी नेपालको प्रथम तथा एकमात्र त्रिपिटाकाचार्य हुन् ।

भिक्षु चुन्दशास्त्री महास्थवीर

गृहस्थ नाम : सूर्यलाल बज्राचार्य

माता : गणेशकुमारी

पिता : वृजलाल

जन्म : वि.सं. १९७७ चैत्र कृष्णपक्ष, द्वितीया

स्थान : तानसेन

प्रवज्या : वि.सं. १९९९

आचार्य : ऊ चन्द्रमणि महास्थवीर

स्थान : कुशीनगर

शिक्षा : शास्त्री (आयुर्वेद)

दिवंगत : २०५६ फागुन १६

प्रकाशित कृतिहरू

(१) महास्वप्न जातक (नेपाल भाषा)

(२) मणिचूड जातक (नेपाल भाषा)

(३) बौद्ध स्तोत्र (नेपाल भाषा)

(४) त्रिरत्न गुण (नेपाली भाषामा)

(५) बौद्ध पद्वति (नेपाली भाषामा)

(६) निर्धनता नै पापको मूल हो (नेपाली भाषामा)

(७) सोह्र महास्वप्नको फल (नेपाली भाषामा)

(८) धर्मचक्र सूत्र (नेपाली भाषामा)

(९) त्यागमय गृहस्थ जीवन (नेपाली भाषामा)

(१०) पूजा विधि (नेपाली भाषामा)

(११) आटानाटीय सूत्र (नेपाली अनुवाद) : २०३६ वि.सं./बुसं. २५२३/ इ.सं. १९७९

नेपाली भाषामा ७ वटा र ३ वटा नेपाल भाषामा ३ वटा पुस्तक लेख्ने चुन्दशास्त्री महास्थवीरको नेपाल भाषा र बौद्ध साहित्यमा महत्त्वपूर्ण योगदान रहेको छ ।

भिक्षु ज्ञानपूर्णिक महास्थवीर

गृहस्थी नाम : हीरालाल शाक्य

माता : चन्द्रमाया शाक्य (शरणशीला)

पिता : सूर्यलाल शाक्य

जन्म : टक्सारटोल, तानसेन, पाल्पा

जन्ममिति : १९६६ कार्तिक शुक्ल एकादशी

सातौं संघनायक पदमा आसीन : वि.सं. २०७६ वैशाख १ गते

शिक्षा : स्नातकोत्तर ("शासनधज धम्मचरिय" बर्मा, बी.ए. डिप्लोमा-वाराणसी)

अवसान : २०७७ असार १ गते शुक्रवार (३ जुलाई, २०२०)

श्रामणेर प्रवज्या : २०१३ श्रावण शुक्ल नवमी, वर्मा

उपसम्पदा दीक्षा : २०१५ चैत्र शुक्ल चतुर्थी, बर्मा

सेवा : (क) सचिव- अखिल नेपाल भिक्षु महासंघ

सदस्य- नेपाल बौद्ध परियति समिति

संस्थापक/प्रबन्धक- विश्वशान्ति विहार

धर्मानुशासक- बौद्ध महिला संघ नेपाल, अ.वौ भावना केन्द्र, युवक बौद्ध मण्डल नेपाल

संरक्षक : मणिमण्डप विहार, वेलुवनाराम विहार

सल्लाहकार- धर्मोदय सभा, बुद्धिष्ट कम्युनिकेसन सेन्टर अभिधर्म अध्ययन समाज

उपाधि वा सिरपा : धम्माचरिय कम्मट्टानाचार्य, धर्मदूत ओवादाचार्य-वर्मा, श्रेष्ठ सिरपा (यम्ह म्ह्याय उपन्यासया लागि)

प्रकाशित ग्रन्थ : नेपाल भाषा व नेपाली याना (नेवारी र नेपाली भाषामा)

विदेश भ्रमण : नेपाल, भारत, म्यानमार, सिंगापुर, थाइल्याण्ड, मलेसिया, अष्ट्रेलिया, अमेरिका, युरोप, श्रीलंका, रूस, जापान, मंगोलिया आदि ।

ज्ञानपूर्णिकका प्रकाशित कृतिहरू

(१) पायासि सूत्त
(२) तथागतया न्हापांगु उपदेश धर्मचक्र पव्रर्तन सूत्र
(३) यःम्ह म्प्याय (उपन्यास)
(४) अभिधम्मत्थ- संघ हो (भाग १)
(५) नेपा : मि व वर्मीलिसे स्वापु
(६) केही बौद्ध गीतहरू (सम्पादन)
(७) अहिंसा विजय
(८) त्रिरत्न गुणानुस्मरण (केही बौद्ध गीतसहित-सम्पादन)
(९) राहुलयात तथागतया उपदेश
(१०) गुपु जातक मुना
(११) पञ्चशीलया महत्त्व
(१२) विश्व धर्मप्रचार देशना (भाग-१)
(१३) विश्व धर्मप्रचार देशना (भाग-२)
(१४) लुम्बिनी विपश्यना
(१५) पुण्य-पुष्प (भिफ्व : स्वाँ)
(१६) उत्पलवर्णा सथविरा (द्वितीय संस्करण)
(१७) वम्मिक सूत्त
(१८) संक्षिप्त भावना निर्देशिका (सम्पादन)
(१९) संक्षिप्त भावना विधि
(२०) दृष्टि व तृष्णा ल्यहँ थनेगु उपदेश
(२१) पट्ठानपालि
(२२) उभय पातिमोक्ख
(२३) महास्मृति प्रस्थान सूत्र
(२४) तथागतया अमूल्य उपदेश
(२५) दुश्चरित्र अपराध भय विमुक्ति उपदेश
(२६) सचित्र गार्हस्थ प्रतिप्रत्ति उपदेश
(२७) जीवनया समस्या
(२८) साँचो प्रेम गर
(२९) अभिधम्मत्थ-सङ्गहो (सम्पूर्ण)
(३०) महान् सल्लेख सूत्रोपदेश (भाग-१)
(३१) महान् सल्लेख सूत्रोपदेश (भाग-२)
(३२) बुद्ध र बुद्धवाद (भाग-१)
(३३) कर्म र मनुष्य
(३४) श्रेष्ठ पवित्र श्रोतापन्न
(३५) मरण ! दोतय व भी ?
(३६) दुदंगु जीवनया मू
(३७) परित्राण (शब्दार्थ, भावार्थ व्याख्या सह)
(३८) महान धर्मचक्र सुत्रोपदेश (व्याख्या सह)
(३९) जीवनको सफलतातिर अगाडि बढ
(४०) प्रतीत्य समुत्पाद महान् उपदेश (व्याख्यात्मक) : भाग-१
(४१) कामसुत्तन्त देशना
(४२) त्रिरत्न वन्दना (सम्पादन व अनुवाद)
(४३) जातक पालि (न्हापांगु द्या)
(४४) अभिधम्म एक चिनारी(उपदेशक
(४५) विशुद्धि व महान ज्ञानक्रम उपदेश
(४६) प्रतीत्य समुत्पाद महान् उपदेश (व्याख्यात्मक) : भाग-२
(४७) भिक्षु ज्ञानपूर्णिक महास्थवीरको रचनासङ्ग्रह (सम्पादिका अनागरिका उत्पलवर्णा)
(४८) भिक्षु ज्ञानपूर्णिक महास्थवीरया च्वसु-मुना
(४९) बुद्ध र बुद्धवाद (भाग-२)
(५०) अभिधर्म : परिचय
(५१) व्यावहारिक अभिधर्म
(५२) अनात्म लक्षण सूत्रोपदेश (व्याख्यात्मक)
(५३) बुद्ध र बुद्धवाद (भाग-३)
(५४) कथा वस्तुहरूद्वारा देशित अनुशासनहरू

झण्डै पाँच दर्जनको हाराहारीमा विविध विषयक पुस्तक लेख्ने बौद्ध भिक्षु ज्ञानपूर्णिकको बौद्ध दर्शनको लेखन र प्रकाशनमा महत्त्वपूर्ण योगदान रहेको छ ।

भिक्षु शाक्यानन्द महास्थवीर

जन्म : भोजपुर जिल्ला, टक्सार (लामो समय पाल्पालाई कर्म थलो बनाएका)

जन्ममिति : १९६७ साल

पिता : कुलधन शाक्य

माता : चिरीमाया शाक्य

गृहस्थ नाम : चक्रधन शाक्य

बाल्यकाल : भोजपुर र ललितपुरमा

सन्यास : १९८७ मा (धरान, विराटनगर जोगवनी, रक्सौल वीरगञ्ज हुँदै तानसेन आएका)

बौद्ध श्रामणेर शाक्यानन्द-१९८९ (गुरू- भिक्षु चन्द्रमणि महास्थवीर)

तानसेन बसाइ- सन् २००० देखि आनन्दविहार-यस अघि पनि २ पटक आएका ५४ वर्ष निरन्तर बसाइ

अध्ययन : बुद्ध र पाली भाषा (७ वर्षसम्म वर्मा देशमा)

जिम्मेवारी : ज्ञानमाला संघको संरक्षक, करूणा बौद्ध संघको संरक्षक धम्मानुशासक विपश्यना ध्यान संघका अध्यक्ष अखिल नेपाल भिक्षु महासंघको सबभन्दा जेठो धम्मानुशासक संघनायक

उपाधि : अग्ग महा सधम्म जोतक धज (वर्माबाट : २०५३ चैत्र १० मा)

देहावसान : २०५४ कार्तिक ८ गते शुक्रबार

प्रकाशित कृतिहरू

(१) लंकावतार सूत्र
(२) ब्रह्मचर्या
(३) मणिरत्नमाला
(४) मानव कर्तव्य
(५) त्रिगुण
(६) मिथ्या दृष्टि
(७) समध भावना
(८) पोत्थिल भिक्षु
(९) कम्पिन राजा
(१०) छ छक्क सूत्र
(११) सुमेधा भिक्षुणी
(१२) देवदूत सूत्र
(१३) गौतम बुद्ध
(१४) रूक्मावती
(१५) पशुको विलौना
(१६) मासु किन खान हुँदैन ?
(१७) मंस भक्षण निशेध
(१८) अहिंसा व्रतपालन
(१९) दृष्टि विशुद्धि (वु सं. २५२५ वि.सं. २०३८, ने.सं. १००२)
(२०) मेरो जीवन यात्रा (२०४३)

भोजपुरमा जन्मेर पनि जीवनका विविध आरोह-अवरोहका साथ तानसेन पाल्पालाई कर्मथलो बनाएका बौद्ध कर्मयोगी भिक्षु शाक्यानन्द बौद्ध साहित्य र लेखनमा बिर्सन नसकिने र युगले सम्झिरहने प्रतिभा हुन् ।

माधवप्रसाद अर्याल

पिता मेघराज अर्याल र माता यमकला भट्टराई अर्यालका सुपुत्रका रूपमा जन्मेका पत्रकारितामा पहिचान बनाएका माधवप्रसाद अर्याल खालीवन, लाम्दीखोला पाल्पामा जन्मेका भए पनि तानसेनलाई कर्मथलो बनाउँदै र स्थायी बसोबाससमेत यसै स्थान (तानसेन-४, बारूदखान) मा गर्दै आएका छन् । उनले स्नातकोत्तर पत्रकारिताकै विषयबाट गरेका छन् । पाल्पामा भएका पत्रकारहरू मध्येका कृति सार्वजनिक गर्नेमध्ये औंलामा गनिने एकाध पत्रकार मात्र भेटिन्छन् । नगरपालिकाको तथ्याङ्कबाट मात्र हेर्दा वरिष्ठ पत्रकार मेघराज शर्मा, विनयकुमार कसजू लगायतका केहीबाहेक उनी पत्रकारिता क्षेत्रको कृतिकार मानिन्छन् । उनको २०७३ सालमा 'विकास पत्रकारिताको अभ्यास' नामक कृति प्रकाशनमा आएको छ । विकास पत्रकारिताका बारेमा केही जान्न बुझ्न यो कृति उपयोगी रहेको छ ।

लेखनाथ शर्मा

धुव्रघाट (तानसेन-१) का लेखनाथ शर्मा वि.सं. १९८३ साल असार २२ गते पिता भीमदेव उपाध्याय र माता स्तोत्र कुमारी उपाध्यायका सुयोग्य सन्ततिका रूपमा जन्मेका हुन् । मटिहानी, जनकपुरबाट शास्त्रीसम्मको औपचारिक अध्ययन गरेका शर्मा भाद्र २१, २००८ देखि असार २२, २०४९ सम्म

भन्डै ४१ वर्ष पाल्पा तानसेनको जनता नमुना माविको संस्थापक शिक्षकसमेत भई कार्य गरेका थिए । हिन्दु धर्मका ज्ञाताकै रूपमा पहिचान बनाएका उनी कुशल पुराणवाचक हुन् । यस अतिरिक्त उनी सर्जक पनि हुन् भन्ने कुरा उनले प्रकाशन गरेका कृतिहरूबाट पुष्टि हुन्छ । उनले 'अमेरिका यात्रामा हरिहर' भन्ने पुस्तकाकारीय कृतिका साथै आधा दर्जन जति पुराण वाचन सन्दर्भका लघु पुस्तिकासमेत सार्वजनिक गरेका छन् । 'अमेरिका यात्रामा हरिहर' पुस्तकमा नेपाली-संस्कृत दुवै भाषाका सिर्जना पाइन्छन् । हाल उनी दिवंगत भइसकेका छन् ।

हरिबहादुर कुँवर

पाल्पा तानसेनको भगवती टोलमा जन्मेका हरिबहादुर कुँवर स्नातकोत्तर उत्तीर्ण व्यक्तित्व हुन् । उनले प्राध्यापन पेसामा लामो समय बिताए । उनी डा. चेतबहादुर कुँवरका सहोदर भाइ हुन् । उनका पिता नृपबहादुर कुँवर र माता वस्तकुमारी कुँवर हुन् । गैरसाहित्यिक र साहित्यिक दुवै विधामा फुटकर लेख रचनाहरू उनले प्रकाशित गरेका छन् । तर उनले पुस्तआकारीय कृतिहरू भने साहित्येतर विषय विधाकै प्रकाशित गरेका छन् । उनका पुस्तकहरू लक्षित वर्ग केन्द्रित छन् अर्थात् ज्ञानमूलक र पाठ्यपुस्तकमा आधारित ती पुस्तकहरू बढी विद्यार्थी शिक्षक र जिज्ञासु सन्दर्भलाई काम लाग्ने छन् ।

(१) सामान्य ज्ञान

(२) नेपाल परिचय (प्रवीणता प्रमाणपत्र दोस्रो वर्षको पाठ्यपुस्तक) सामान्य ज्ञानका विषयमा सरोकार राख्ने जो सुकैलाई सामान्य ज्ञान पुस्तक उपयोगी छ भने कोर्सको रूपमा तयार पारिएको 'नेपाल परिचय' नेपालको विविध सरोकारित विषय सन्दर्भमा केन्द्रित छ ।

हृषीकेश शाह

हृषिकेश शाह भिरकोटका अन्तिम राजा तारकबहादुर शाह र रानी मदनदिव्यश्वरी शाहका जेठा छोरा हुन् । मे. १६ १९२५ मा आफ्ना पिता पाल्पा तानसेनमा बडा हाकिम भई आएका बेला पाल्पा दरबारमा जन्मेका हुन् । वास्तविक नाम हृषीकेशकेशरी शाहले पछि आफैले नाम छोट्याएर हृषीकेश मात्र राखे । १३ वर्षको उमेरमै दार्जिलिङको सेन्ट रोवर्ट्स हाइस्कुलबाट म्याट्रिक पास गर्दा उनले दार्जिलिङ जिल्ला 'टप' गरेका थिए । अंग्रेजी साहित्य र राजनीतिशास्त्रमा डबल एमए गर्नुअघि कोलकाताबाट संस्कृतमा प्रथम र मध्यमा परीक्षा पनि उत्तीर्ण गरेका थिए । शाहले आफ्ना सहपाठीभन्दा छिट्छिटो पढाइ सकेका थिए । पटना विश्व विद्यालयबाट अंग्रेजी साहित्यमा एम.ए. गरेर सन् १९४५ मा त्रिचन्द्र कलेजमा प्राध्यापन गर्न आउँदा उनको उमेर २० वर्ष पनि पुगेको थिएन । केही वर्षको प्राध्यापन र सरकारी सेवापछि शाहले पुनः इलाहावाद गई राजनीतिशास्त्रमा एमए गरे । पटनाबाट राम्रो अङ्क र श्रेणी ल्याउन नसकेका कारण एउटा स्नातकोत्तर उपाधिबाट चित्त नबुझी आफू फेरि अर्को पढ्न गएको तथ्य स्वीकारेका छन् । इलाहावाद विश्वविद्यालयमा अध्ययन गर्दा शाहका एक सहपाठी थिए । चन्द्र शेखर जो पछि भारतका प्रधानमन्त्रीसमेत बने । शालीन व्यक्तित्वका धनी शाहको बोली चर्को थियो । कहिलेकाही अरूलाई बोल्न नदिने स्वभाव भए पनि आफ्ना कमी कमजोरी औल्याउने व्यक्तिलाई उनी आदर गर्थे । नेपाली र अंग्रेजी भाषामा उत्तिकै दक्ष शाहले अंग्रेजीमा धेरै पुस्तक लेखे । उनका अधिकांश पुस्तक नेपालको इतिहास र राणाकालदेखिको राजनीतिक विकास, परिवेश घटनाक्रम र विदेश नीतिसँग सम्बन्धित छन् । शाह संयुक्त राज्य अमेरिकामा राजदूत तथा संयुक्त राष्ट्रसंघका लागि स्थायी प्रतिनिधि पनि भए । त्यतिबेला उनी ३०-३१ वर्षका मात्र थिए । अमेरिकाबाट फर्केर परराष्ट्र एवम् अर्थमन्त्री हुँदा ३५ वर्षका थिए । शाह न्यूयोर्कमा रहँदा निकै सक्रिय व्यक्तित्व मानिन्थे । संयुक्त राष्ट्र संघको तेश्रो महासचिव बनेका बर्माका उथान्तका समकक्षी शाहलाई त्यतिबेला सम्भावित महासचिवका रूपमा समेत मूल्याङ्कन गरिएको थियो । उनले राष्ट्रसंघीय निःशस्त्रीकरण आयोगका लागि ४ वर्षसम्म नेपालको मुख्य प्रतिनिधि रहेर काम गरे । उनी २०१९ सालमा जारी भएको नेपालको संविधानको मस्यौदा समितिको अध्यक्ष थिए । उनले जीवनमा निकै महत्त्वपूर्ण काम गरे । असाधारण क्षमता भएका उनी उच्च पदीय हैसियतमा रहेर उच्च व्यक्तित्वको संगत र सहकार्यमा रहेर अति उल्लेखनीय कर्म गरे जसको विवरण यहाँ दिन सम्भव छैन । उनको जीवन नै एक पुस्तकको ठेली हो, जसको पन्नापन्ना पढ्नुपर्छ । उनले प्रकाशित गरेका अंग्रेजी पुस्तकहरूमा :

(१) नेपाल एन्ड दि वर्ल्ड (ई.स. १९५५)
(२) हिरोज एन्ड विल्डर्स अफ नेपाल (ई.स. १९६५)
(३) नेपाली पोलिटिक्स रेट्रोस्पेक्ट एन्ड प्रोस्पेक्ट (ई.स. १९७५)
(४) एन इन्ट्रोडक्सन टु नेपाल (ई.स. १९७६)
(५) एस्से इन दि प्राक्टिस अफ गभर्मेण्ट अफ नेपाल (ई.स. १९८२)
(६) फ्यूचर अफ साउथ एसिया (ई.स. १९८६)
(७) मोर्डन नेपाल, ए पोलिटिक्स हिस्ट्री (ई.स.१ ७७९-१९५५): टु भोलम (ई.स. १९९०)
(८) थ्रि डेक्याड्स एन्ड टु किङ (१९६०-१९९०)
(९) एक्लाइपस अफ नेपाल ए पार्टीलेस मोनार्की रूल (१९९०)
(१०) एन्सेन्ट एन्ड मेडिइभल नेपाल (१९९२)
(११) पोलिटिक्स इन नेपाल (१९१०-१९९१)
(१२) रेफरेन्डम, स्टेटमेन्ट टम्फ अफ पिपुल पावर (१९९३)
(१३) सार्वजनिक सुरक्षा कानुन र बन्दीप्रत्यक्षीकरण (१९७२)
(१४) पद्य पुष्पाञ्जलि (विश्व कविताको नमुना) वि.सं. २०३५
(१५) संवैधानिक सुधारसम्बन्धी सुझाउहरू (२०३७)
(१६) जनमत संग्रहपश्चात् संवैधानिक सुधारको सम्भावना
(१७) नेपालमा मानव अधिकार
(१८) नेपालको आर्थिक समस्या
(१९) राष्ट्रिय लोकतान्त्रिक समाजवादी सम्मेलनका आलेखहरू
(२०) नेपालमा प्रजातन्त्र र मानव अधिकार
(२१) प्रतिनिधि सभाका लागि म किन स्वतन्त्र उम्मेदवार (संक्षिप्त जीवनीसहित) वि.सं. २०५१
(२२) नेपालमा प्रजातन्त्र र मानव अधिकार (वि.सं. २०५०)
(२३) प्रारब्ध र पुरूषार्थ (वि.सं. २०७१)
(२४) नेपाल : शासन व्यवस्था एवम् परराष्ट्र नीति (ई.सं. १९८२) हिन्दी भाषामा आदि ।

अंग्रेजी, नेपाली र हिन्दी भाषामा समेत कृतिहरू प्रकाशन गरेका शाह अद्भुत क्षमतावान् व्यक्तित्व हुन् । उनको "हिरोज एन्ड विर्ल्डस" भन्ने पुस्तक स्नातक तहमा पढाइ हुन्थ्यो । उनको देहावसन सन् २००२ नोभेम्बर १३ मा भएको थियो ।

डिल्लीराज शर्मा

डिल्लीराज शर्मा रेग्मी १९५२ विक्रमाब्दमा पश्चिम नेपालको पाल्पा तानसेनमा जन्मेका हुन् । २०१९ मा सांसारिक लीला समाप्त भएका शर्मा व्याकरण धर्म शास्त्रका विद्वान ठानिन्थे । संस्कृत भाषा र नेपाली भाषा दुवैमा कलम चलाउने डिल्लीराजले यिनै भाषामा लेखरचनाका अतिरिक्त पुस्तकसमेत छपाएका छन् । 'सती सान्त्वना' (२०१०) नेपाली भाषामा र 'कन्योद्वाहसमयमीमांशा विधवोद्वाहतिमिरालोकश्च' (२०५२) संस्कृत भाषामा लेखिएका छन् ।

अच्युतराज रेग्मी

बुबा डिल्लीराम शर्मा र आमा पद्माकुमारीका सुपुत्र अच्युतराज रेग्मी काठमाडौँमा जन्मे पनि लामो समय पाल्पामा राजनीतिक गतिविधिमा संलग्न भए । किशोरावस्थाबाट पाल्पामा बसाइ गरेका र पैतृक थलोसमेत यही स्थानमा भएका उनी पाल्पाको राजनीतिक इतिहासका चर्चित व्यक्तित्व हुन् । आचार्य र अंग्रेजीमा बीए उत्तीर्ण रेग्मीले हालसम्म ३ वटा कृति समेत सार्वजनिक गरेका छन् । उनका छापिएका कृतिहरूमा :

१. शिरडी साइबाबा
२. सत्य साइबाबा
३. नेपालमा साइअवतार सञ्जय साइ

उनका यी पुस्तकहरू धर्म-दर्शनमा आधारित रहेका छन् ।

डा. केशरजंग रायमाझी

राजनीतिक क्षेत्रका धरोहर वा हस्ती मानिने डा. केशरजंग रायमाझीको जन्मथलो पाल्पाको भैरवस्थान, ढेकुल डाँडा भए पनि राजनीतिक कर्मथलो तानसेन, सिल्खानटोलमा रहेको थियो । हाल रहेको मिलेनियम क्याम्पस परिसरमा नै उनको घर रहेको थियो । पाल्पालाई उनले राजनीतिक आश्रयस्थल बनाएको शोधखोजको क्रममा वरिष्ठ पत्रकार मेघराज शर्माले बताए । उनको जन्म ई.सं. १९२५ सालमा भैरवजंग रायमाझी र नन्दकुमारी रायमाझीको पुत्रका रूपमा भएको हो । आइ.एस.सी. मेडिकल डिप्लोमा र एम बि बिएस सम्मको शैक्षिक योग्यता भएका रायमाझी कम्युनिष्ट पार्टीका महासचिव थिए । उनी लेखक पनि रहेको प्रमाण प्रकाशित पुस्तकका आधारमा देखिन्छ । उनको २०५९ सालमा "केही सम्झना केही चिन्तन" भन्ने पुस्तक छापिएको छ ।

डा. कमल अधिकारी

वि.सं. २००१ सालको कार्तिक महिनाको दीपावलीमा तानसेनको तल्लो बारूदखान (बागवानी क्षेत्र नजिकै) मा डा. कमल अधिकारीको जन्म भएको हो । पिता खेमानन्द र माता खेमकुमारी अधिकारीका पुत्ररत्न हुन् उनी । लन्डनबाट एमएड र Anthropology मा पी.एच.डी गरेका अधिकारी मगरी भाषा संस्कृतिको राम्रो अध्ययन र ज्ञान भएका व्यक्ति हुन् । अधिकारीको एक वटा पुस्तक 'A Concise of English Nepali, Nepali-English Dictionary' प्रकाशित भएको छ ।

शालग्राम अधिकारी

कृषि विज्ञ तथा साहित्यकार शालग्राम अधिकारीको जन्म र कर्मथलो तानसेन, होलाङ्दी नजिकैको तल्लो वारूदखान हो । उनी दिवाकर अधिकारी र तुलसीदेवी अधिकारीका सुपुत्र हुन् । उनको जन्म १९९६ साल पौष १ गते भएको हो । एमएस्सी एजीसम्मको शैक्षिक योग्यता भएका अधिकारीले कृषिसम्बन्धी दुई दर्जनभन्दा बढी पुस्तकहरू लेखेका छन्, प्रकाशन गरेका छन् । साहित्यसँग सम्बन्धित पुस्तक पनि सार्वजनिक गरेका छन् । हालसम्म प्रकाशित भएका उनका पुस्तकहरूका विवरण तल उल्लेख भए बमोजिमका छन्-

१. प्रसार शिक्षा
२. धान खेती
३. गहुँ खेती
४. मकै खेती
५. दालबाली
६. तेलबाली
७. तरकारी खेती
८. तालिम तथा भेटघाट
९. नगदेबाली
१० कफी खेती
११ भटमास खेती
१२ बायो ग्यास
१३. मुसुरो खेती
१४ कुरिलो खेती
१५ सम्झनाका लहरहरू (साहित्यसम्बन्धी)
१६. व्यावसायिक फलफूल खेती
१७ व्यावसायिक तरकारी खेती
(१८) नगदे बालीको व्यावसायिक खेती
(१९) व्यावसायिक अर्गानिक खेती आदि ।

हालसम्म २६ वटा कृति सार्वजनिक गरेका उनले साहित्यसम्बन्धी पुस्तक कम प्रकाशन भए पनि फुटकर रूपमा यस विधामा पनि निरन्तर कलम चलाइरहन्छन् ।

डा. शोभितलाल बज्राचार्य

जन्ममिति २०१५/०३/१५ गते भएका शोभितलाल बज्राचार्य टक्सारटोल तानसेन, पाल्पामा पिता चिनियालाल र माता धनलक्ष्मी बज्राचार्यका सुपुत्रका रूपमा चिनिन्छन् । Poverty and Environment शीर्षकमा विधावारिधि गरेका उनले स्कूल र क्याम्पस स्तरका अर्थशास्त्र विषयका पुस्तक लेखेका छन् । उनका प्रकाशित किताबहरूमा :

१. Economics Analysis - M.B.A/ MBS
२. Bussiness Economics - BBs (First year)
३. Economics-Grade 11 (English Medium)
४. अर्थशास्त्र (कक्षा १२)
५. Economics (Class IX)

उनले लेखेका अर्थशास्त्र विषयका पुस्तकहरू नेपाली र अंग्रेजी भाषामा उपलब्ध रहेका छन् ।

प्रा. डा. पुष्पा श्रेष्ठ

प्रा.डा. पुष्पा श्रेष्ठको जन्म सन् १ जनवरी १९४६ को दिन पाल्पा तानसेनको भीमसेनटोलमा पिता अमृतमान श्रेष्ठ तथा माता पृथ्वीकुमारी श्रेष्ठको कोखबाट भएको हो । २२ वर्ष पद्मकन्या क्याम्पसमा प्राध्यापन गरेकी श्रेष्ठले भारतको जवाहरलाल नेहरू विश्वविद्यालय दिल्लीबाट पीएचडी गरेकी हुन् । बहुकर्ममा संलग्न श्रेष्ठले अंग्रेजीमा चार वटा महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित गरेकी छिन् । महत्त्वपूर्ण पद तथा ओहोदामा रहेकी पुष्पाले लेखेको अंग्रेजी भाषाका पुस्तकहरूको सूची निम्न छन् :

- Educated Women in Urban Nepal, 1995
- Female Work force participation in India, 1996
- Education and Employment of Women in Nepal, 1996

- Structure and Dynamics of labor Force In Nepal (1961-1991), 1998

श्रेष्ठका पुस्तकहरू नेपाल र भारत दुबै स्थानबाट प्रकाशित छन् ।

ज्ञानकाजी शाक्य

जन्ममिति सन् १९४३ जनवरी १५ तारिख भएका ज्ञानकाजी शाक्य भीमसेनटोल तानसेन पाल्पामा जन्मेका हुन् । माता सूर्यमाया (गोरी) शाक्य र पिता सानुकाजी शाक्यका सुयोग्य सन्ततिका रूपमा उनको जन्म भएको हो । एमए अर्थशास्त्र, बीएल र एमए थेरवाद, बुद्धदर्शनसम्मको शैक्षिक योग्यता भएका श्रेष्ठ लेखनमा रूचि राख्ने व्यक्तित्व हुन् । उनका हालसम्म नेपाली र नेपाल भाषामा गरी २ वटा पुस्तकहरू सार्वजनिक भएका छन् ।

(१) मेरो नेपल्स यात्रा (२०६०) (नेपाली भाषामा

(२) महिमा न्हिप्पंया मर्म न्हयपुया (२०७२) नेपाल भाषामा

हाल उनी काठमाडौँमा रहेर लेखन क्षेत्रमा सक्रियता देखाइरहेका छन् । नेवारी र नेपाली दुवै भाषामा उनको कलम उत्तिकै चलेको पाइन्छ ।

चिनियालाल बज्राचार्य

वि.सं. १९८८ साल कोजाग्रत पूर्णिमाका दिन पाल्पा तानसेनमा जन्मेका चिनियालाल बज्राचार्य नेवारी भाषामा उपन्यास लेख्ने पाल्पाको पहिलो व्यक्ति हुन् । माता हेरामाया र पिता डिठ्ठा अमृतलालका छोराका रूपमा परिचित चिनियालाल नेवारी भाषाका विज्ञ हुन् । गोरखपुर विश्वविद्यालयबाट बी.ए. उत्तीर्ण बज्राचार्यका सार्वजनिक स्थानमा १६ वटा नाटकहरू मञ्चन पनि भइसकेका छन् । उनले केही कृति लेखन र अनुवादसमेत गरेका छन् । जुन निम्नअनुसारका छन् ।

१. नसंचा (नेवारी उपन्यास) ने. सं. १०९९

२. बुँबाली (नेवारी उपन्यास) ने.सं. १११५

३. माता पिता सेवा (लेखक : भिक्षु प्रज्ञारश्मि) अनुवादक-चिनियालाल (बु.सं. २५१७ वि.सं. २०३० ई.सं. १९७३, ने.सं. १०९३)

चिनियालाल नेपाल भाषामा साहित्य लेखेर राष्ट्रिय रूपमै चर्चा कमाएका व्यक्तित्व हुन् । उनका यी दुवै भाषामा प्रशस्त फुटकर लेख रचनाहरू पनि प्रकाशित छन् ।

बेटीमाया बज्राचार्य

२००७ साल वैशाख २० गते टक्सार, तानसेनमा बेटीमाया बज्राचार्यको जन्म भएको हो । उनी अष्टमाया शाक्य र गणेशमान शाक्यकी छोरी हुन् । एमए नेपाली शैक्षिक योग्यता भएकी उनी साहित्यकारका रूपमा पनि परिचित छिन् । उनले हालसम्म ३ वटा पुस्तकहरू सार्वजनिक गरिसकेकी छिन् । प्रकाशित भएका उनका पुस्तकहरूमा

(१) नपोखिएका व्यथाहरू (कविता संग्रह) २०४४/०४५

(२) नृत्यबोध (भाग-१)

(३) नृत्यबोध (भाग-२

यसका अतिरिक्त उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका पत्रपत्रिकाहरूमा कला, संस्कृति, विषयक अनुसन्धानमूलक लेखहरू प्रकाशित गरेकी छिन् ।

रवीन्द्रप्रसाद प्रधान

वि.सं. १९९५ फागुन २९ गते तानसेन असनटोल पाल्पामा कृष्णामाया प्रधान र हरिप्रसाद प्रधानका छोराको रूपमा उनको जन्म भएको थियो । राजाका क्याप्टेनका रूपमा सुपरिचित उनी बहुआयामिक क्षेत्रमा कर्म गरेका व्यक्तित्व हुन् । उनी लेखक पनि हुन् । आइस्सी अध्ययन गरेका प्रधानको लेखनमा समेत अभिरूचि देखिन्छ । उनले पुस्तकलगायतका कृतिहरू लेखन माध्यमबाट सार्वजनिक गरेका छन् । उनका प्रकशित कृति विवरण निम्नानुसार रहेका छन् ।

- बह्मचर्य विज्ञान (२०५९)
- बुद्धत्व विज्ञान (२०६७)
- The यात्रा (२०७५)

सम्भाव्यता अध्ययन तथा प्रतिवेदन

- नेपालमा ह्वाई विकास (२०४३)
- भूपरिवेष्ठित नेपालमा कार्गो सेवा (२०४४)
- निजी क्षेत्रमा आन्तरिक हवाई सेवा (२०४७)
- पर्यावरण संरक्षणका निम्ति हवाई सर्भे (२०४४)
- हवाई खोज तथा उद्धार (२०५२)
- नेपालमा पर्यटन विकास (२०५२)
- नेपालमा जहाजमर्मत-सम्भारको सम्भाव्यता (२०५२)
- दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल (२०५३)

- निजी हवाईसेवाको चुनौती र समाधान (२०५४)
- Invironmental Degradation in Nepal and Prospect of Aerial Survey for conservation (1988)
- निजी क्षेत्रमा अन्तर्राष्ट्रिय हवाई सेवा (२०५६)
- पोखरा नयाँ विमानस्थलको विकास (२०५७)
- Aerial Rescue and Medevac Survices (ARMS)
- Safety Concerns in Mountain flying (International Helicopter safety Team Regional Conference June 2066, New Delhi)
- Flying in Nepal Himalaya -A Technological Challange (Asia pacific Regional conference 2008, prinian, Indonesia)

व्यावसायिक अनुभव प्रशस्त संगालेका प्रधान लेखनमा समेत उत्तिकै दखल भएका व्यक्तित्व हुन् ।

मथुराप्रसाद प्रधान

एक पाल्पाली स्रष्टा एवम् प्रेरणाका स्रोत मथुराप्रसाद प्रधानको जन्म पाल्पा तानसेनमा सम्वत् १९५९ माघ १५ गते बाबु सेठ कासीप्रसाद प्रधान र आमा राधिकादेवीको कोखबाट भएको थियो । पाल्पाका Father of Education को नामबाट चिनिने भतिजा अयोध्याप्रसाद प्रधानको सहयात्री भएर शिक्षा क्षेत्रमा योगदान दिने कार्यमा लागेका मथुराप्रसाद प्रधानले कला र कलाकारहरूलाई अनुकूल वातावरण बनाइदिने, प्रोत्साहन गर्ने, सदा सांस्कृतिक क्षेत्रमा भजन-कीर्तनमा लाग्न र लागिरहन प्रोत्साहित गर्थे । आफ्नो जीवनपर्यन्तसम्म गीत-गोविन्द भजनमा उनले निरन्तरता नै दिए । भाषा र साहित्यको क्षेत्रमा पनि नेपाली नेवारी र मगरभाषाको श्रीवृद्धिका लागि उनले काम गरिरहे । पाल्पा जिल्ला मगर बाहुल्य भएका कारण मगर भाषाको उत्थानका लागि 'मगर शब्द संग्रह' र 'मगर कुरा शिक्षा' सम्बन्धी आफ्ना भतिजा अयोध्याप्रसादको सहलेखनमा वि.स. १९९५ सालमा प्रकाशित गरे । तत्कालीन समय राणा शासन हुनाले राणाको कोपभाजन हुनुपर्ला भनी भूमिगत नाम S.M.P.P Gupta (सेठ मथुराप्रसाद प्रधान गुप्त) राखेर पुस्तक प्रकाशन गरियो । जुन पुस्तक मगर भाषाको इतिहासमा पहिलो थियो ।

नारायणप्रसाद श्रेष्ठ

राजाका सचिव भनेर चिनिएका नारायणप्रसाद श्रेष्ठ वि.सं. १९९१ साल भाद्र २९ गते पाल्पा, तानसेनको कैलाशनगरमा पिता तुलसीप्रसाद श्रेष्ठ तथा माता छन्दकुमारी श्रेष्ठको जेठो छोराको रूपमा जन्मिएका हुन् । आग्रा विश्वविद्यालयबाट बी.ए. उत्तीर्ण श्रेष्ठले २०२१ सालमै अंग्रेजी साहित्य विषयको पुस्तक लेखे । देश-विदेशबाट सम्मान र पद्वी ग्रहण गरेका श्रेष्ठले केही पुस्तकहरू लेखेको र प्रकशित गरेको अग्रजहरू बताउँछन् । यी आधारबाट हेर्दा उनको लेखन क्षेत्रबाट पनि निकै महत्त्वपूर्ण योगदान रहेको छ । पटक-पटक सम्पर्क प्रयास गर्दा पनि सम्पर्क हुन नसकेका कारण पुस्तक प्रकाशनको यथार्थ विवरण हाललाई यहाँ राख्न सकिएको छैन ।

प्रा. डा. विष्णु खनाल

तानसेन १ ध्रुवघाटमा जन्मेका विष्णु खनालका माता मायादेवी शर्मा खनाल र पिता गोपीकृष्ण शर्मा खनाल हुन् । विष्णु खनाल २००९ साल चैत्र ५ गते जन्मेका हुन् । स्नातकोत्तर (व्यवस्थापन) र 'नेपालका उत्पादनशील सार्वजनिक संस्थानहरूको मूल्य रणनीति' शीर्षकमा विद्यावारिधि उपाधि प्राप्त खनाल गैरसाहित्यिक विषयको औपचारिक अध्ययन गरेका भए पनि २०२१ सालदेखि साहित्यतर्फ प्रवेश गरी हालसम्म करिब २०० जति कविता सिर्जना गरेका छन् । व्यवस्थापन विषयका करिब १५० लेखहरू सार्वजनिक गरेका छन् । प्राध्यापनबाट सेवानिवृत्त खनालले कृति भने हालसम्म व्यवस्थापन विषयकै सार्वजनिक गरेका छन् । उनले प्रवीणता प्रमाणपत्र तह र स्नातक तहका ३ वटा पुस्तकहरू छपाएका छन् ।

सुरेन्द्र थापा

सुरेन्द्र थापा (अस्लामी) तानसेन न.पा. १३ बौघागुम्हामा जन्मेका हुन् । पिता शेरबहादुर थापा र माता गुनीसरा थापाका सन्ततिका रूपमा उनको २०३१/०८/११ मा जन्म भएको हो । एम.बी.ए. त्रि.वि.बाट र Singhaniya University Rajasthan India बाट Mphill in MGMT सम्मको औपचारिक शैक्षिक योग्यता हासिल गरेका थापा विभिन्न नेतृत्वगत अनुभव सँगालिसकेका छन् । सक्रिय र सफल नेतृत्वको उदाहरणीय पात्र बनेका थापा विद्यालय उच्च शिक्षा तथा क्याम्पसस्तरका

पाठ्यपुस्तकका लेखकसमेत हुन् । लेखा व्यवस्थापन बजारशास्त्र, व्यवासायिक अध्ययन आदि जस्ता विषयमा पुस्तक लेखनको दक्षता देखाएका उनले हालसम्म झन्डै एक दर्जनको हाराहारीमा पाठ्यपुस्तकीय कृतिहरू सार्वजनिक गरेका छन् ।

(१) Principle of Management -BBS/BBA/BHCM/ BBM/BIM Level
(२) Fundamental of Marketing- BBS/BBA/BHCM/ BBM/BIM
(३) Busness Studies (Grade XI) English/Nepali Medium
(४) Business Studies (Grade XII) English/ Nepali Medium
(५) Elements of Marketing (XII) English / Nepali medium
(६) Office Management and Secretarial /Practice (OMSP)- Grade XI
(७) Office Practice and Accounting (Grade IX and X)
(८) Accounting and Agriculture (Grade VIII)

देश विदेशबाट महत्त्वपूर्ण तालिम र नेतृत्वबाट अनुभव र सफलता हासिल गरेका सुरेन्द्र थापा दक्ष लेखक हुन् भन्ने आधार उनका लेखन सीपले पुष्टि गर्दछन् ।

प्रेमराज पंगेनी र राधाकृष्ण शर्मा

प्रेमराज पंगेनी २००७ साल कार्तिक २० गते माता बेलकुमारी पंगेनी र पिता पं मेदिनी बल्लभ पंगेनीका सुपुत्र हुन् । एम.ए. नेपाली उत्तीर्ण पंगेनी विभिन्न सामाजिक कार्यमा संलग्न छन् । उनको जन्मस्थान दमकडा पाल्पा हो ।

राधाकृष्ण शर्मा २००९ साल पौष ३० गते आमा डहेन्द्रकुमारी शर्मा र बुबा श्यामकृष्ण शर्माका सुपुत्र हुन् । बौद्ध दर्शनमा एम.ए. उत्तीर्ण शर्माको तानसेन-९, दमकडामा स्थायी बसोबास रहेको छ ।

पंगेनी र शर्मा (यी दुई लेखक) को संयुक्त कृति चौध सङ्ग्रह (विविध ज्ञानको संगालो) प्रकाशित भएको छ । यो कृति लिखित, संकलित र सम्पादित कृतिको रूपमा सामान्य ज्ञान दिने प्रयोजनले तयार गरी प्रकाशन गरिएको हो ।

टेकराज ज्ञवाली

मानकोट, गुल्मीमा जन्म भएका टेकराज ज्ञवाली जन्मपछिका पछिल्ला धेरै समय तानसेन, सिल्खानटोलमा बिताएका हुन् । उनको जन्म १९५७ साल पौष २७ गते पिता मोतीराज उपाध्याय र माता हरिकुमारीका कोखबाट भएको हो । बनारसबाट शास्त्रीसम्मको औपचारिक शिक्षा लिएका ज्ञवालीको 'प्रार्थना भजन' (२०३६) भन्ने पुस्तक प्रकाशित भएको पाइन्छ । उनको निधन वि.सं. २०४५ साल माघ ६ गते भएको हो ।

पुरनबहादुर शाक्य

पुरनबहादुर शाक्य प्रेमबहादुर शाक्य र सेतीमाया शाक्यका छोरा हुन् । भगवतीटोल, तानसेनमा २०१७ साल कार्तिक १८ गते उनको जन्म भएको हो । आइ.कम सम्मको शैक्षिक योग्यता भएका शाक्यको एक कृति 'बुद्ध र बुद्धरश्मि' (२०७०) प्रकाशित भएको छ ।

शिवलाल बस्याल

हालको तानसेन नगरपालिकाको १३ नं. वडा अन्तर्गतको बौघागुम्हा क्षेत्रको केरवादी गाउँमा शिवलाल बस्यालको जन्म भएको हो । एसएलसी सम्मको योग्यता भएका बस्यालको पिता हेमप्रसाद बस्याल र माता ईश्वरीकुमारी बस्यालका कोखबाट वि.सं. २०३८ साल जेठ २८ गते जन्म भएको हो । हाल प्रवासी मुलुकमा रहेका बस्यालले साहित्यको एक कृति "बिस्मिता" (उपन्यास) प्रकाशन गरेका छन् ।

सुन्दरप्रसाद श्रेष्ठ

शैक्षिक-प्रशासनिक व्यक्तित्व सुन्दरप्रसाद श्रेष्ठको जन्म तानसेन-१, गोर्खेकोटमा भएको हो । पदमप्रसाद श्रेष्ठ (पिता) र बसन्ती देवी श्रेष्ठ (माता) को सन्ततिका रूपमा उनको २०२८ साल असोज १६ गते जन्म भएको हो । एम.बी.ए.को शैक्षिक योग्यता भएका श्रेष्ठले फुटकर रूपमा फाट्टफुट्ट कलम चलाउँछन् । उनले एउटा पुस्तिका आकारीय कृति 'ओकेबाजे' (संक्षिप्त शब्दचित्र) प्रकाशन गरेका छन् । जापानिज समाजसेवी नागरिक काजुमासा काकिमी (ओकेबाजे) को समाजसेवाको संक्षिप्त विवरणमा आधारित भई लेखिएको छ उनको

पुस्तक । उक्त पुस्तक गोविन्द भट्टराईको सम्पादनमा २०७५ सालमा प्रकाशन भएको हो ।

टोप अस्लामी

११ भदौ २०३३ (२७ अगस्त १९७६) मा तेल्घा भन्ने स्थानमा जन्मेका व्यक्तित्व हुन् टोप अस्लामी । पिता पदमबहादुर अस्लामी र माता बसन्तीदेवी अस्लामीका सन्ततिका रूपमा जन्म भई बौद्धिक सुझबुझका कारण सामाजिक, राजनीतिक आदि क्षेत्रमा काम गर्दै आएका अस्लामीले लेखन र गीति क्षेत्रमा सिर्जनात्मक कर्म पनि गरेका छन् । ऐच्छिक अंग्रेजी र इतिहासमा स्नातक उत्तीर्ण उनी विभिन्न विषयमा तालिम प्राप्त व्यक्तित्व पनि हुन् । विविध क्षेत्रमा कार्यसम्पादन अनुभव बटुलेका अस्लामीले पुस्तक लेखन र गीति सिर्जनामा गरेका कर्म विवरण निम्न छन् ।

'भावना' (कविता संग्रह) : संयुक्त

'आदिवासीहरूको मुक्ति' (पुस्तक) र नेपाली पप गीत सिर्जना

यस अतिरिक्ति उनले विभिन्न वेभसाइट र पत्रपत्रिकामा समाज सवलीकरणमा टेवा पुऱ्याउने दर्जनौं लेख-रचना प्रकाशन गरेका छन् ।

राजीव कुँवर

सुप्रसिद्ध व्यक्तित्व डा. चेतबहादुर कुँवर र उनकी श्रीमती उषाकुँवरका एक मात्र छोरा राजीव कुँवर तानसेन, पाल्पा (भगवतीटोल) मा जन्मेका हुन् । अध्ययनमा स्नातकोत्तर उत्तीर्ण गरेका राजीवले अंग्रेजीमा दर्जनौं लेखहरू प्रकाशन गरेका छन् । यसका अतिरिक्त उनले अंग्रेजी भाषामा लेखिएको एक पुस्तकसमेत सार्वजनिक गरेका छन् । State and Politics in Nepal : Abstract Sketches from 1769 to 2004 । नै उनको छापिएको पुस्तक हो । उनको लेखन विषय राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धसँग सम्बन्धित छन् । उनका फुट्कर लेखहरू पनि दर्जनौं रहेका छन् ।

टीकाराज पाण्डेय

पाल्पा जिल्लाको साविकको अर्गली गाविस वडा नं. ३ मा जन्मिएका टीकाराज पाण्डेय हाल नवलपरासी जिल्लाको रामग्राम नगरपालिकाका स्थायी बासिन्दा हुन् । आफ्नै आमाको प्रेरणाले साहित्यतर्फ रूचि राखेका उपन्यासकार पाण्डेय पाल्पाली भूमिले जन्माएका युवा प्रतिभा हुन् । यिनको वि.सं. २०५४ सालमा 'उपहार तिमीलाई' उपन्यास प्रकाशित भएको छ । यस कृति प्रकाशनका अतिरिक्त उनले साहित्यमा कलम चलाउँदै आएका छन् ।

पुष्पलता श्रेष्ठ

पुष्पलता श्रेष्ठको जन्म ठाउँ सिल्खानटोल पाल्पा तानसेन हो । आमा शुभलक्ष्मी श्रेष्ठ र बुबा बुद्धलाल जोशीको छोरी हुन् उनी । सन् १९४५ मा हाईस्कूल पास गरेकी उनले नेपाल (नेवारी) भाषामा कीगः (अक्षता) नामक एक कृति प्रकाशन गरेकी छिन् । यो नेपाल भाषामा लेखिएको सन् २०१३ सालमा प्रकाशित पुस्तक हो भने मेघदूत (काव्य) उनको अर्को प्रकाशित पुस्तकको रूपमा रहेको छ ।

अञ्जु शर्मा, रञ्जु शर्मा, ज्योति शर्मा र शरद शर्मा

पाल्पा तानसेन बडिज्ञानटोलका शिक्षासेवी तथा राजनीतिक व्यक्तित्व डा.रामप्रसाद शर्मा झवाली र उनकी धर्मपत्नी लक्ष्मी शर्माका कोखबाट जन्मेका सहोदर दिदी, बहिनी र भाइका रूपमा परिचित अञ्जु शर्मा वाग्ले, ज्योति शर्मा अधिकारी, रञ्जु नेपाल र शरद शर्माद्वारा लेखन संकलन र सम्पादन गरिएको कृति 'पाँच दशकको सहयात्रा' (२०७६) सार्वजनिक गरिएको छ । उनीहरूले विशेषत आफ्ना पिताजीको जीवनी व्यक्तित्व र कृतित्वलाई स्मरण गर्दै आफ्ना अनुभव, भोगाइ र व्यावहारिक पाटाका कुराहरूलाई उक्त कृतिमा प्रस्तुत गरेका छन् । यस कृतिमा आफ्ना पारिवारिक सदस्यहरूको लेखनबाहेक पाँच दर्जन लेखकहरूले डा. रामप्रसाद झवाली र जीवन सखी लक्ष्मीको बारेमा समेत जानेबुझेका कुराहरूलाई साहित्यिक र साहित्येतर शैलीमा प्रस्तुत गरेका छन् । तानसेन नगरपालिकाका विविध वाङ्मयका कृतिहरूमध्येमा उक्त कृति पनि जीवनीपरक विधामा एउटा महत्त्वपूर्ण दस्तावेज हुन सक्ने देखिन्छ । उक्त पुस्तकले उनी जस्तै महत्त्वपूर्ण व्यक्तित्वको कद बनाएकाहरूको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा शोधखोज र लेखनमा सहयोगसिद्ध हुन सक्छ ।

डा. पशुपति नेपाल

पाल्पा जिल्लाको रूप्से, थामडाँडामा जन्मे पनि लामो समय दाजु र पिताजीसँगै तानसेनको जैसी चौपारीमा बसेका

हुनाले उनको तानसेनसँग भावनात्मक र आत्मीय सम्बन्ध छ । पिता पद्मनाभ शर्मा र माता नेत्रकुमारी नेपालका सुयोग्य सन्तति हुन डा. पशुपति नेपाल । उनका दाजु साहित्यकार डा. गोविन्द नेपाल हुन् । जानकारहरूले बताएअनुसार उनले (पशुपतिले) गैर साहित्यिक पुस्तक र विभिन्न लेखहरू लेखेका छन् । उनको सहकारी विषयक सन्दर्भ कृतिको रूपमा "सहकारी सिद्धान्त र व्यवहार" (तेस्रो संस्करण-२०७२) पाठकहरूका माझ सार्वजनिक भएको छ । सहकारीसम्बन्धी जानकारी लिन र जिज्ञासा मेट्नका लागि यो पुस्तक निकै उपयोगी रहेको छ । भूगोल विषयमा प्राध्यापन गर्ने नेपालले भूगोलकै विषयमा केन्द्रित रही विद्यावारिधि गरेका छन् ।

टेकबहादुर सारु

माथागढी गाउँपालिका-१ रूमालडाँडामा जन्मेका तर गत २९ वर्षदेखि तानसेन नगरपालिका-३, बसन्तपुर पाल्पामा बस्दै आएका टेकबहादुर सारू हुमबहादुर सारू मगर (पिता) र धनिसरा सारूमगर (माता) का छोरा हुन् । एसएलसीसम्मको औपचारिक प्रमाणपत्र हात पारेका उनी नेपाली भाषा र मगर भाषा दुबैमा लेखन र सिर्जना गर्न सक्ने व्यक्तित्व हुन् । शिक्षण पेसामा आबद्ध सारूमगर मगर भाषाका कथाकार, गीतकार र कवि हुन् । उनका सार्वजनिक भएका पुस्तकहरू दुई वटा रहेका छन् ।

(१) बडहरया साहिंली (कथासंग्रह-मगर ढूट) २०५०

(२) रीलिङ गोमक (२०७६) (मगर गीतकविता संग्रह)

उनी हालसम्म मगर भाषामा मात्रै पुस्तकीय कृति निकाल्ने साहित्यकार हुन् । तानसेन नगरपालिकाको बसोबासका दृष्टिले अयोध्याप्रसाद प्रधान, अम्बिकाप्रसाद लाकौलपछि मगर भाषामा कृति छाप्ने कृतिकारको श्रेय उनलाई जान्छ ।

पवनकुमारी श्रेष्ठ

वि.सं. १९६९ साउन १७ मा पाल्पा तानसेनको मेहल्धारामा जन्मेकी पवनकुमारी श्रेष्ठको माता मुनिन्द्रकुमारीदेवी श्रेष्ठ र पिता शेषनारायण श्रेष्ठ हुन् । दोस्रो संस्करण २०१७ सालमा प्रकाशन गरिएको सय पृष्ठको "प्रतिज्ञा" उपन्यासको प्रथम संस्करण दोस्रो संस्करण प्रकाशन हुनुभन्दा धेरै वर्षअघि नै प्रकाशन भएको थियो तर कारणवश त्यसलाई सार्वजनिक नगरिएको भन्ने भनाइ पनि सुनिन्छ । यदि त्यसलाई सार्वजनिक गरिएको भए उनी नै पाल्पाको प्रथम उपन्यासकारको रूपमा उनको इतिहास अभिलिखित हुन सक्ने देखिन्छ ।

शारदा ज्ञवाली ढकाल

गीत, गजल, कविता र कथा सिर्जना र लेखनमा रूचि राख्ने शारदा ढकाल तानसेन बडिज्ञानटोलकी स्थायी बासिन्दा हुन् । पिता भुवनेश्वर ज्ञवाली र माता मानकुमारी ज्ञवालीकी सुपुत्री ढकालले साक्षर शिक्षा मात्र प्राप्त गरेकी छिन् । आफ्ना डायरीमा प्रशस्त गीत कविता लेखेर राखेकी शारदाले वि.सं. २०७६ सालमा पति वियोगमा केन्द्रित भई सिर्जना गरिएको 'आँसुको दहमा पौडिएको कलम' (स्मृति/शोक लघुकाव्य) पुस्तिका सार्वजनिक गरेकी छिन् । उनको जन्मस्थान गुल्मीको तल्लो ग्वादी हो । वि.सं. २०२२ असोज ११ मा जन्मेकी उनी साक्षर अध्ययन तथा स्व अध्ययनमा सीमित छिन् ।

मिवाट मगर

वि.सं. २०४८ सालमा मित्याल, पाल्पामा जन्मस्थान भए पनि पाल्पा तानसेनमा स्थायी बसोबास भएका मिवाटले एसएलसी सम्मको शैक्षिक योग्यता हासिल गरेका छन् । उनी मगर भाषाका कथाकार हुन् । उनले २०७० सालमा मगरभाषामा 'पाकुली' (कथासंग्रह) प्रकाशन गरेका छन् । यो पुस्तक नेपाली भाषामा अनुवादसहित लेखिएको छ । उनको पुस्तकले मगरसाहित्यको श्रीवृद्धिमा टेवा पुऱ्याउन मद्दत गरेको छ । तानसेन नगरपालिकामा टेकबहादुर सारू पछि कृति प्रकाशन गर्ने मगर भाषाका अर्को युवा कृतिकार हुन् । उनको औपचारिक (वास्तविक) नाम तिलक खाम्चा हो ।

अमरनारायण श्रेष्ठ

अमरनारायण श्रेष्ठ पाल्पा तानसेनको असनटोलमा जन्मेका थिए । वैद्य पूर्णलाल श्रेष्ठ (प्रधान) र गणेशकुमारी श्रेष्ठको साहिँला छोराका रूपमा वैद्य परिवारमा वि.सं. १९८७ साल वैशाख १६ गते जन्मेका अमरनारायणले २००६ सालमा एसएलसी उत्तीर्ण गरेका थिए । सामाजिक सेवाका अतिरिक्त झन्डै एक दर्जन कृतिहरू लेखे पनि उनको मरणोपरान्त एक कृति मात्र प्रकाशित भएको छ । उनले पुष्पाञ्जली (२२ जेष्ठ, २०३८), स्वर्ग लोकको कवि सम्मेलनमा निमन्त्रण (१७ मार्ग

२०३८), आदर्श राम चरितामृत (९ वैशाख २०३९), श्री कृष्ण सुदामा चरित्र (१७ कार्तिक २०३९), उक्तिसङ्ग्रह वीर हस्पिटलबाट (१४ पौष २०३९), गीतिसङ्ग्रह (२०४० पौषदेखि २०४२ आषाढसम्म), संस्कार (उपन्यास ७ वैशाख २०४१), आत्मविश्वास-नाटक (१२ फागुन २०४३), कर्मयोग (२० फागुन २०४६) कृतिहरू लेखे पनि सार्वजनिक गर्न पाएनन् ।

वि.सं. २०३८ सालमा लेखेका तर २४ श्रावण २०५५ रविवार भाद्र कृष्ण प्रतिपदाका दिन भक्ति पुष्पाञ्जलि/खण्डकाव्यको रूपमा 'भ्रमर माकुरा संवाद' सार्वजनिक भएको हो । कृतिकार श्रेष्ठको २०५४ साल पौष २३ गते काठमाडौँमा निधन भएको थियो ।

पुष्पराज ज्ञवाली

भक्ति साहित्यकार टेकराज ज्ञवालीका कान्छा छोरा पुष्पराज ज्ञवाली पौष शुक्ल एकादशीमा गुल्मी मानकोट (छाप) मा जन्मेका भए पनि बसाइसराइ गरी लामो समय पाल्पा तानसेनको सिल्खानटोलमा बिताएका हुन् । प्राचीन इतिहास (पुरातत्व) मा स्नातकोत्तर उत्तीर्ण ज्ञवालीले राष्ट्रिय स्तरका पत्रपत्रिकामा गीत, कविता, (गद्य/पद्य) गजल, सायरी, निबन्ध समसामयिक वैचारिक लेखहरू प्रकाशन गर्दै आएका छन् । मूर्ति कला र अन्य कलाकारिताको सीपसमेत भएका ज्ञवाली, पुष्पराजका 'मनमन मौन मनन' (काव्य) र 'मन परे पनि नपरे पनि' (प्रगीत काव्य) २०७७ सालमा एकैचोटी प्रकाशित भएका छन् ।

ढकेश्वर घिमिरे

वि.सं. २०१४ असोज ५ गते मदनपोखराको तिन्टीआँपमा जन्मिएका ढकेश्वर घिमिरे बुबा ईश्वरीप्रसाद घिमिरे र आमा हरिकला घिमिरेका कर्मशील सन्तति हुन् । स्नातक उत्तीर्ण घिमिरे कफीको विकास र व्यवसायका कुशल अभियन्ता हुन् । कफी क्षेत्रमा उनले गरेको योगदान स्मरणीय छ । उनी लेखक पनि हुन् । उनले प्रकाशन गरेका पुस्तक विवरण निम्न अनुसारका छन् ।

(१) मदनपोखरा गाविस कफी खेतीः एक अध्ययन (२०४९)
(२) कफी खेती एक चिनारी (२०५०)
(३) अर्गानिक कफी र ढकेश्वर घिमिरे (सम्पादन/प्रकाशन) २०७० हुन् ।

उनका हरेकजसो लेख र कृति कफी विषयमा नै बढी केन्द्रित भएको पाइन्छ ।

नगेन्द्रराज पाण्डे

नगेन्द्रराज पाण्डेको जन्म मदनपोखरा बडेआँपमा भएको हो । उनको पिता माधवप्रसाद पाण्डे र माता हुमिश्वरा पाण्डे हुन् । वि.सं. २०१३ जेठ ११ गते नगेन्द्रराज पाण्डेले यस धर्तीमा आँखा खोलेका हुन् । एसएलसी पास भएका पाण्डेले २०३३ देखि २०४२ सम्म भूमिसुधार मन्त्रालयमा खरिदार भए । Advance Agriculture Traning in Israel, रोग कीरा नियन्त्रण जैविक विधि (बैंगलोर भारत), अनारखेती (भारत र मलेसिया), वर्णशंकर गोलभेडा बीउ उत्पादन विधि (नेपाल) जस्ता तालिममा पूर्व अनुभव संगालेका पाण्डेले प्लाष्टिक घर निर्माण तथा खेती सम्बन्धी प्रशिक्षण, गोलभेडा खेतीका लागि आवश्यक सिल्पोलिन प्लाष्टिक, जाली, बीउ तथा आवश्यक सामग्रीहरू र ट्राइकोडर्मा लगायतका जैविक विषादीका साथै कलमी अनारका बिरूवा उत्पादन र वितरणमा संलग्न छन् । उनले एक पुस्तक "प्लाष्टिक घरभित्र गोलभेडा खेती" (२०७०) प्रकाशन गरेका छन् ।

हरिप्रसाद घिमिरे

साविकको बराङ्दी गाविसको वडा नं. १ का बुबा ऋषिराम घिमिरे र आमा नन्दकला घिमिरेका सन्तति हरिप्रसाद घिमिरे हाल तानसेन नगरपालिका वडा नं. २ असनटोलका स्थायी बासिन्दा हुन् । बी.ए. एमएडसम्मको शैक्षिक योग्यता भएका घिमिरे जनता नमुना माविका अंग्रेजी विषयका मावि तहका स्थायी शिक्षक हुन् । अंग्रेजी विषयमा राम्रै दखल रहेका उनको २०७१ सालमा अंग्रेजीमा लेखिएको एक पुस्तक Classroom Language and Methodology प्रकाशन भएको छ । यो पुस्तक अंग्रेजी विषयका पेसेवर शिक्षक, मावि र उच्च शिक्षामा अध्ययनरत विद्यार्थी जिज्ञासु वा सरोकारवाला सबैलाई उपयोगी हुने गरी लेखिएको छ ।

शंकरमान सिंह

वि.सं. २०१७ सालमा पिता दशरथमान सिंह र माता मिथिलादेवी सिंहका कोखबाट जन्मेका शंकरमान सिंहले MBA, PGDIM को (Delhi School of Economics) शैक्षिक योग्यता

हासिल गरेका छन् । जन्मथलो तानसेन-३ बसन्तपुर रहेका सिंह केही वर्ष अघिदेखि ललितपुर बसोबास गर्दै आएका छन् । उनले एक अंग्रेजी पुस्तक लेखी सार्वजनिक गरेको तथ्य भेटिन्छ । 'SAARCM From Dhaka to Kathmandu' 1987 A.D. मा यो पुस्तक छापिएको पाइन्छ ।

पूर्णबहादुर राना

कलाकारको राम्रो छवि बनाएका, गोविन्द भट्टराईको संगत र तालिमबाट हास्य-व्यङ्ग्य लेखरचनाहरू गाउँले देउराली, दैनिक लुम्बिनी, नयाँ दैनिकलगायतका पत्रपत्रिकामा छपाइरहने पूर्णबहादुर रानाले एमए (इतिहास) को औपचारिक शैक्षिक योग्यता हासिल गरे । रानाले २०६५ सालमा स्व. महेश ज्ञवालीको स्मृतिमा एक पुस्तक 'शीतको थोपा' छपाई सार्वजनिक गरे । संयोग वा नियति यद्यपि यो पुस्तक प्रकाशन त गरे तर आफू भने यस धर्तीमा धेरै वर्ष रहन पाएनन् । उनको अवसान पुनः परिवार आफन्तजन र शुभेच्छुकलाई स्मृतिबिम्ब बन्न पुग्यो । वि.सं. २०२२ साल पौष १ गते पिता ज्ञानबहादुर राना र माता पवित्रा रानाको कोखबाट पाल्पा ठिमुरेको बर्घा भन्ने ठाउँमा जन्मेका उनी केही वर्षयता तानसेनस्थित आफ्नै घरमा बस्दै आएका थिए । उनको २०७५ साल भदौ २३ गते देहावसान भएको थियो । (उनीबारे सहकर्मी किरण चित्रकारको लेख यसै अंकमा समेटिएको छ । - प्रधान सम्पादक)

विष्णुप्रसाद खनाल

बगनासकाली गाउँपालिका-१, बर्भामा बुबा हरिप्रसाद उपाध्याय खनाल र आमा खिमकुमारी खनालका पुत्ररत्नका रूपमा जन्मिएका विष्णुप्रसाद खनालको हालको स्थायी बसोबास तानसेन नगरपालिका-७, तेल्घा रहेको छ । वाणिज्य विषयमा स्नातक उत्तीर्ण खनाल वि.सं. २०२० साल चैत्र १५ गते जन्मेका हुन् । अधिकृतस्तर आठौँ तहका पदीय हैसियतमा रही सेवारत उनी लेखक र अनुवादकसमेत रहेका छन् । इतिहास-संस्कृतिका विषयमा शोधखोजपूर्ण कार्यमा चासो राख्ने खनालले 'गोरखनाथकाली चरित्र' (२०६१) कृति प्रकाशन गरी आफ्नो लेखकीय क्षमताको परिचय दिएका छन् । धार्मिक पृष्ठभूमिमा आधारित रहेको सो कृति पठनीय छ ।

उनका पिता हरिप्रसाद उपाध्याय खनाल वि.सं.१९९७ पौष ३ गते पाल्पा बगनास (बर्भा) मा जन्मेका हुन् । होत्रीराज र यमकान्ताको सन्तति भई जन्मेका उनी शास्त्री उत्तीर्ण भएका छन् । साहित्यकारको राम्रो परिचय बनाएका उनले 'नाति' खण्डकाव्य (२०४६) 'पञ्चगव्य' कवितासङ्ग्रह (२०४८) 'नेपाली लोकभजन' (२०५७) र 'अद्भूत तपसी' (खण्डकाव्य (२०५८) कृतिहरू प्रकाशन गरेका छन् ।

राजेन्द्रगोपाल सिंह

राजेन्द्रगोपाल सिंह वि.सं. २०२२ साल पौष १२ गते पिता भैरवप्रसाद सिंह र माता तुलसीदेवी सिंहको कोखबाट जन्मेका हुन् । उनको जन्मथलो र स्थायी बसोबास तानसेन-३ भगवतीटोल हो । राजनीतिशास्त्र र इतिहास विषयमा स्नातक उत्तीर्ण सिंह साहित्यिक संस्था सञ्चालक/संरक्षक हुन् । उनले एउटा संकलित रूपमा तयार गरिएको 'सम्झनामा पोखरेली सर्जक' कृति तयार गरी सार्वजनिक गरेका छन् । यस कृतिमा उनले पोखराका साहित्यकार, साहित्यिक संस्था, पर्यटन, कला साहित्यका विषयमा लेखिएका कुराहरूलाई संकलन गरी राखेका छन् । यसमा सङ्कलित लेख रचनालाई कुनै परिष्कार परिमार्जन नगरी प्राप्त सामग्रीहरूको छायाचित्रलाई जस्ताको तस्तै राखिएको छ । कवि शिरोमणि लेखनाथ, झलकमान गन्धर्व, सरूभक्त, तीर्थ श्रेष्ठ, बसन्ती लालचन, हरिदेवी कोइराला जस्ता व्यक्तित्वहरू र पोखराको सम्पदा, संस्कृति इतिहास कला पर्यटन जस्ता आदि विषय समेटेर तयार पारिएकाले सरोकारवालाहरू र शोधखोजका निमित्त यो कृति उपयोगी हुन सक्छ ।

रामबहादुर राउत

पाल्पाको सोमादीमा स्थायी घर भई हाल पाल्पा तानसेन प्रगतिनगरमा बसोबास गर्दै आएका रामबहादुर राउत माता तुल्सा राउत र पिता तिलबहादुर राउतका सुयोग्य पुत्ररत्न हुन् । समाजशास्त्र तथा ग्रामीण विकासमा स्नातकोत्तर र कानुनमा स्नातक शैक्षिक योग्यता हासिल गरेका राउतले विभिन्न कथा कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेका छन् । नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय सञ्जालका संस्थापक अध्यक्ष रहेका उनले पुस्तकीय कृतिहरू पनि सार्वजनिक गरेका छन् ।

१. प्रसंशनीय दृष्टिकोण (२०७२)
२. प्रशंसनीय दृष्टिकोण (सहलेखन) तालिम पुस्तिका (२०७४) आदि ।

उनका यी पुस्तकहरू सकारात्मक चिन्तन विकास गर्न तथा जीवनमा ऊर्जा प्रेरणा प्रदान गर्नका लागि उपयोगी रहेका छन् ।

दुर्गामान शाक्य

तानसेनको टक्सारमा जन्मेका दुर्गामान शाक्य पृथ्वीमान शाक्यका छोरा हुन् । साधारण शिक्षा भएका उनले 'ज्ञान भजनमाला' (नेपाल भाषामा) २०१५ सालमा लेखेका/छपाएका छन् ।

उज्ज्वलराज शाक्य

वि.सं. २०१५ साल भदौ ११ गते प्रेमराज शाक्य र लक्ष्मी शाक्यका सन्ततिका रूपमा जन्मेका उज्ज्वलराज शाक्यले एसएलसी पास गरेका छन् । उनले 'क्यव' (११०२ ने.स.) नामक सम्पादित/ लिखित पुस्तक प्रकाशन गरेका छन् । उनी नेपाल भाषामा विभिन्न लेख रचना लेख्न सक्ने खुबी भएका व्यक्तित्व हुन् ।

गणेशलाल प्रधान, आनन्दलाल प्रधान र भोजेन्द्रलाल प्रधान

भुवनेश्वरी देवी प्रधानका सन्ततिहरू गणेशलाल प्रधान, आनन्दलाल प्रधान र भोजेन्द्रलाल प्रधान तानसेन असनटोलमा जन्मेका हुन् । उनीहरूले विक्रम सम्वत १९७४ चैत्र ११ गते जन्मी २०५९ आषाढ ४ गते जेष्ठ शुक्ल अष्टमीमा स्वर्गारोहण भएकी परम श्रद्धेय ममतामयी माताको वार्षिक तिथि (२०६० जेठ २५) को पुण्य स्मृतिमा उनीप्रति सादर समर्पण गरी 'श्री अमरनारायण भजनाञ्जली' (२०६० प्रकाशन गरेका छन् । लोकसाहित्यको भजन उपविधामा यो कृति पनि अर्थपूर्ण प्रकाशन मान्न सकिन्छ ।

तानसेन नगरपालिकाभित्रकै साहित्यकार-लेखकसम्बन्धी टिपनटापन

माथि प्रस्तुत गरिएका दर्जनौँ लेखक- साहित्यकार (सयभन्दा बढीको हाराहारी) का अतिरिक्त केही लेखक साहित्यकारका पत्ता लागेका छोटाछरिता विवरण पनि यहाँ सान्दर्भिक लागेकाले प्रस्तुत गरिदैँ छ-

पाल्पाली साहित्यकार सुब्बा कृष्णप्रसाद लाकौलले तीर्थाटन डायरी (१९३८), तन्त्रोक्त योगांगम सार संग्रहितम (१९६२), अठारै अध्याय गीताको सार वाक्य १९६७), गीता सार लोकभाषासहित (१९६८), तारोपनिषद्, घटस्थापना पूजाविधि रचना गरेका थिए । 'गीता सार' र तन्त्रोक्त योगांगम संस्कृत र नेपाली भाषामा लेखिएका छन् । त्यसअतिरिक्त उनले नेपाली र संस्कृत दुबै भाषामा 'गीता सार' लेखेका थिए । जागिर र तानसेन बसाइको सिलसिलामा कथाकार गुरूप्रसाद मैनाली र भानुभक्तले समेत साहित्य सिर्जना गरेको सुनिन्छ । मैनालीले कथाहरू र भानुभक्तले फुटकर सिर्जनाहरू यसै स्थानमा बसेरसमेत गरेको भल्को उनीहरूको प्रकाशित सिर्जनहरूले दिन्छन् । तानसेनमा गाईजात्राको अवसरमा हास्यव्यङ्ग्यका गीतहरू रचना गरी गाइन्थे, यद्यपि यो चलन अझै कायम छ । यस्ता गीत रचना गर्नेमा हरिशंकर सैंजू र गणेशप्रसाद सुवाललगायत थिए । 'पाल्पा सहायक मण्डल' का अध्यक्ष चिरञ्जीवीलाल श्रेष्ठले 'हामी गरिब किन ?' शीर्षकको पुस्तिका प्रकाशन गरेका थिए । कैयौँ लेखक-सर्जकहरूको लेख रचना प्रकाशन गर्नमा २००७ साल यताका थुप्रै पत्रपत्रिकाहरूले निकै महत्त्वपूर्ण योगदान गरेका छन् । पाल्पा तानसेनलगायत विभिन्न ठाउँमा गठित विभिन्न साहित्यिक संस्थाले पनि तानसेन, समग्र पाल्पा र देशकै साहित्यको शिर उचो पार्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । वि.सं. २०१५ सालमा माधवप्रसाद देवकोटाको अध्यक्षतामा नेपाल साहित्य परिषद् गठन र त्यसयता गठन भएका अनेकौँ साहित्यिक संस्थाहरूमध्येका सक्रियतापूर्ण कर्म गरिरहेकाहरूले अनेकन् लेखक-सर्जकका कृतिहरू प्रकाशन गरिरहेका छन् । लेखक सर्जकलाई सम्मान पनि गरिरहेकै भेटिन्छ ।

समग्रमा पाल्पा विद्या, बुद्धि, कलाकौशलका दृष्टिले निकै उच्चकोटिमा गनिन्छ । अझ त्यसमा तानसेनको गौरव उच्च रहेको छ । यहाँ भाषा साहित्यका दृष्टिले पनि नेपाली-संस्कृत वाङ्मयका सेवकहरू थिए र अझ पनि छन् । सारस्वत साधनामा समर्पित व्यक्तित्वहरूको योगदानका कारण समग्र देशमै पाल्पाको सान उचो रहेको छ । बहुभाषिक यस थलोमा प्राचीन संस्कृत वाङ्मयको अध्ययन गर्ने र अध्यापन गराउने परम्परा ज्यादै पुरानो हो । यहाँ गुरूकुल परम्परामा विधा प्रदान गर्ने प्रसिद्ध विद्या मन्दिर रहेको नपाइए पनि राजदरबारको संरक्षणमा शिक्षालयहरू सञ्चालन हुन्थे जुन अनौपचारिक हुन्थे । महादत्त सेनदेखि यताका थुप्रै व्यक्तित्वहरूबाट संस्कृत शिक्षाले बिस्तार पाएको थियो । यस्ता सन्दर्भ धेरै छन् । प्रामाणिक कुरा पाउन खोतल्न साह्रै गाह्रो छ । तानसेन

धरमपानीका गुरू पुरोहित पं. भुवनेश्वर पाण्डेयले 'चन्द्रोदयम्' खण्डकाव्य रचेका थिए भन्ने सुनिन्छ । त्यही क्षेत्रकै व्याकरण शास्त्रका उद्भट विद्वान गुरू पुरोहित पं. नागेन्द्र पाण्डेय, संस्कृत-नेपाली कोशकार पं. फणीन्द्रप्रसाद पाण्डेय, संस्कृत नीति साहित्य एवम् फुटकर संस्कृत कविताका स्रष्टा पं. रूद्रनाथ उपाध्याय गौतम ग्रन्थहरू रचना गरेका, रिडीका रामकृष्ण शास्त्री आदि व्यक्तित्वहरू पनि सम्झिनै पर्ने नामहरू हुन् । माथि चर्चा भएका व्यक्तित्वहरू बाहेक नेपाली साहित्य भाषा आदिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अनेकन व्यक्तित्वहरू यो अध्ययनमा ओझेलमा परेका हुन सक्छन् । बैकुण्ठप्रसाद लाकैल (१८५८-१९७९), राजगुरू खगेन्द्रराज पाण्डे (१९६७-२०४२), लेखक बासुदेवशरण पंगेनी (१९८८), कवि अजय रेग्मी (२००८), डा. ऋषिकेश उपाध्याय लगायतकाको योगदानलाई तानसेन नगरपालिकाले गर्ब गर्नुपर्दछ ।

नेपाली साहित्यको पहिलो आधुनिक उपन्यास 'रूपमती' (१९९१) का लेखक (उपन्यासकार) तथा नेपाल सरकारका तत्कालीन सचिव एवम् त्रिविविका तत्कालीन उपकुलपति सरदार रूद्रराज पाण्डे (वि.सं. १९५७-२०४३) पाल्पा धरमपानीका हुन् । उनका उपन्यास, नाटक र इतिहाससमेत गरी झन्डै एकदर्जन बढी गहकिला पुस्तकहरू प्रकाशित छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनीपरक समालोचना ग्रन्थ लेखेर मदन पुरस्कार प्राप्त गर्ने व्यक्ति नित्यराज पाण्डे (१९८८) धरमपानी, पाल्पाकै हुन् । पाल्पा हानगादीका व्याकरणाचार्य पं. गिरिराज घिमिरे, पुराणेतिहासाचार्य पं भक्तिराम घिमिरे, साहित्याचार्य पं. वेणीराम घिमिरे, पाल्पा अर्गलीका पञ्चाङ्गकार पं. दधिराम पाण्डेयलगायतका अनेकन व्यक्तिहरूको लेखन र सिर्जनात्मक कर्मलाई गुमनाम हुन दिनुहुन्न ।

समग्र पाल्पा जिल्लाबाट लेखक-साहित्यकारको तथ्याङ्क खोज्ने हो भने तानसेन नगरपालिकाभित्र नै धेरै साहित्यकार छन् । यो तथ्याङ्क देखाउन विगत-वर्तमानसम्मको सबै विवरण पेश गर्नुपर्छ । खोज्दै जाँदा तानसेनबाट पश्चिमतिरको साहित्यकार-लेखकको संख्याभन्दा तानसेनपूर्वतिरको लेख्ने सिर्जना गर्नेको संख्या बढी देखिन्छ । यथार्थ यो हो कि तानसेन पूर्व र पश्चिमतिरका साहित्यकार/लेखकको बसाइसराइ भन्दा सदरमुकाम तथा नगरपालिका केन्द्रितहरूको नै बसाइसराइ बढी छ । यसले लेखन र सिर्जनाको मूल्य गुण-गरिमा र अस्तित्वमाथि नै प्रश्नचिन्ह उठाइरहेको छ । लैङ्गिक तुलनाबाट हेर्दा तानसेनभित्र पुरूष लेखक-साहित्यकार नै बढी छन् । यसका अनेक कारण छन् ।

कैयन् शैक्षिक साहित्यिक, प्राज्ञिक व्यक्तित्वहरूले तानसेन बसेर कृतिहरु लेखेका छन् । त्यसैगरी पाल्पाबाहिर रहेर पनि पाल्पाकै (तानसेनकेन्द्रित) विषयमा लेखिएका शिक्षा, इतिहास, पर्यटन, संस्कृति, लोकसाहित्य आदि विषयमा जोजोबाट जेजति कृति प्रकाशन भएका छन् ती सबै तानसेन नगरपालिकाकै सम्पत्ति हुन् । लामो समय पाल्पाको तानसेनमा रहेर पाल्पा सेरोफेरोका कृति लेख्ने प्रकाशन गर्ने डा. कर्णबहादुर बानियाँ पनि अग्रपंक्तिमै पर्दछन् । उनले पाल्पाको इतिहास, संस्कृति र इतिहास, भगवतीजात्रा, पाल्पा गौडाः एक ऐतिहासिक अध्ययनआदि लेखेका छन् । त्यस्तै डा. विष्णुप्रसाद घिमिरेले 'पाल्पा राज्यको इतिहास' (भाग १ र २) लगायत कृतिहरू पाल्पा चिनाउने शैक्षिक, बौद्धिक, प्राज्ञिक सम्पत्ति भएका छन् । पाल्पा तानसेनलगायत सिङगो पाल्पाली भूगोल चिनाउने स्मारिका/कृतिहरू बुटवल, काठमाडौँलगायत स्थानबाट बेलाबखत प्रकाशन भइराखेका छन् । यो तानसेन नगरपालिकालगायत पाल्पाकै गौरवकै विषय हो । पाल्पा तानसेनमा रहेको शिक्षा, साहित्य तथा स्वास्थ्य प्रतिष्ठानले पनि विभिन्न पुस्तकहरू छपाएको छ । पाल्पा साहित्य समाजका नामबाट प्रकाशन भएका केही कृतिहरू पनि सार्वजनिक भएका छन् । कला विमर्श केन्द्र तानसेनबाट पनि केही कृतिहरू प्रकाशनमा आएका छन् । यी कृतिहरूप्रति तानसेन नगरपालिकाले गौरव गर्नुपर्ने हुन्छ । तानसेनको भूगोलमा रहेर सार्वजनिक यी कृतिहरूको विशेषतः त्यही भूगोलमा बढी चर्चाको विषय बन्न पुग्छ । वाङ्मय प्रज्ञा प्रतिष्ठान पाल्पाले पनि 'प्रतिभा' नामक सामयिक सङ्कलनलगायत सर्जकहरूको केही कृति सार्वजनिक गरेको थियो ।

यस सिलसिलामा धवलपुस्तकालयले प्रकाशन गरेको धवलगिरि, पथ प्रदर्शक (धवल विशेषांक) २०६६, पाल्पा साहित्य समाजको जागरण (२०६५), जागरण रजत महोत्सव विशेषांक (२०७६) नगरपालिकाकै कृतिगत सम्पत्ति हुन् । नगरपालिकामा रहेका विभिन्न विद्यालयका स्वर्ण महोत्सव र हीरक महोत्सवमा

प्रकाशन भएका स्मारिकाहरू विद्यालयको मात्र नभई नगरपालिकाकै महत्त्वपूर्ण सम्पत्ति हुन् । जनता नमुना माविको उपहार (निरन्तर) हीरक महोत्सव स्मारिका, पद्म पब्लिक माविको आरती (२०५७) स्वर्णजयन्ती स्मारिका, त्रिभुवन बहुमुखी क्याम्पसको स्वर्णमहोत्सव स्मारिका (२०६०), सेन माध्यमिक विद्यालयको स्वर्णिम स्मारिका २०७५, महेन्द्रबोधि माध्यमिक विद्यालयको २०६८ सालको मुखपत्र, २०६९ सालको स्वर्णमहोत्सव स्मारिका, त्रिभुवन बहुमुखी क्याम्पस प्राध्यापक संघ तानसेनले २०४९ साल देखि हालसम्म प्राज्ञिक प्रवाहका नौ वटा पुस्तक आकारीय कृति प्रकाशन गरेको छ । सोही क्याम्पसको नेपाली विभागले २०७० सालदेखि हालसम्म प्रज्ञानका ५ पूर्णाङ्कीय पुस्तक/पत्रिकाहरू सार्वजनिक गरेको छ । अनुसन्धानमूलक विषयवस्तु रहने जर्नल बुक सरोकारवालाहरूलाई उपयोगी छन् ।

पाल्पा उद्योग वाणिज्य संघले बेलाबखत प्रकाशन गर्ने कृतिमूलक स्मारिकाहरू, सरकारी तथा गैरसरकारी संस्थाहरूले बेलाबखत प्रकाशन गर्ने पुस्तक स्मारिकाहरू यी सबै तानसेन नगरपालिकाको चिनारीगत सम्पत्ति नै मानिन्छन् । यसैगरी नगरपालिकाको २०७५ वैशाखदेखि नियमित प्रकाशन हुँदै आएको 'हाम्रो तानसेन' (त्रैमासिक) का विभिन्न पूर्णाङ्कहरू साथै 'पाल्पा तानसेन महोत्सव २०५४' स्मारिका तानसेन नगरपालिकाको ऐतिहासिक दस्तावेजमूलक कृति हुन् । सम्झेर लेख्नु पर्ने कृति/ विषय विवरण धेरै हुन सक्छन् । अझ भनूँ धेरै छन् । सम्झन तथा विवरण पाउन त्यति सहज छैन ।

क्याम्पस/विद्यालयीय स्मारिका प्रकाशन भएका मध्येका केही थप चर्चा गर्नुपर्दा अर्गली, बौघागुम्हा, बौघा पोखराथोक, मदनपोखरा, तेल्घा, दमकडा क्षेत्रका पनि सम्झनु पर्ने हुन्छ । किनकि यी तानसेन नगरपालिकाका क्षेत्र हुन् । पाइएका विवरणका आधारमा केही उल्लेख गर्नुपर्दा अर्गलीको त्रिभुवन माविले स्वर्ण महोत्सव स्मारिका प्रकाशन गरेको छ । हीरक महोत्सव स्मारिका प्रकाशन गर्ने तयारीमा छ । मण्डली मावि तेल्घा, सुनडाँडाले स्वर्ण स्मारिका (२०६५) प्रकाशन गरेको छ । तिन्टीआँप आधारभूत विद्यालय मदनपोखराले रजत स्मारिका (२०७१), शारदा मावि मदनपोखराले रजत जयन्ती स्मारिका तथा शारदा हीरक स्मारिका (२०६७) तथा तानसेन बहुमुखी क्याम्पसले तानसेन रजत स्मारिका (२०७१), सार्वजनिक गरेका छन् । यसैगरी नेपाल राष्ट्रिय शिक्षक संगठन पाल्पाले 'शिक्षक सन्देश' पाल्पा (२०७३) प्रकाशन गरेको छ । यस आधारमा भन्नुपर्दा कृतिगत सम्पत्ति व्यक्तिको मात्र नभई संस्थागत पनि हुन सक्छ भन्ने आधार स्पष्ट हुन्छ । संस्थाको प्रकाशनलाई पनि कृतिको रूपमा महत्त्वपूर्ण रूपमा हेरिनुपर्दछ भन्ने प्रष्ट हुन्छ । यस्तै सिलसिलामा थप चर्चा गर्नुपर्दा पत्रकारितासँग आबद्ध भई चिनिएका संस्थाहरूले पनि बेलाबखत स्मारिका/मुखपत्र प्रकाशन गरेका छन् । यसको दरिलो प्रमाणको रूपमा नेपाल पत्रकार महासंघ पाल्पा शाखाले 'प्रवाह' नामक बुलेटिन २०५३/५४ देखि प्रकाशन गरेको पाइन्छ । यस्तै सामुदायिक रेडियो मदनपोखरा, पाल्पाले वार्षिक नियमित प्रकाशन गरेका पूर्णाङ्कहरू हालसम्म १३ वटा रहेका छन् । यी अंकहरू 'बोली' नामक स्मारिकाको रूपमा छापिएका छन् । नेपाल पत्रकार महासंघ पाल्पाले सभापति गोविन्द भट्टराईको पालाबाट प्रकाशन आरम्भ गरेको 'प्रवाह' चौमासिक (सुरूमा) र पछिका स्मारिका तथा सामयिक सङ्कलन, पाल्पाको प्रेस चौतारी नेपालले प्रकाशन गरेको 'चौतारी स्मारिका' (२०७३) लगायत पनि उल्लेखनीय रहेका छन् । यस्ता संस्थागत प्रयासमा निक्लेका कृतिहरू पनि केही उल्लेखनीय हुन सक्छन् । जुन कृतिहरूमा दर्जनौँ स्रष्टाका लेख सिर्जनाहरू समेटिएका हुन्छन् । ती कृतिमा पाएको लेखन र सिर्जनामा प्राप्त स्थानका कारण कैयौँ लेखक सर्जकलाई निरन्तर साधनामा लाग्ने र कृति लेख्ने प्रेरणा र पुनर्बल प्रदान हुन सक्छ । कैयौँलाई प्रेरणा र पुनर्बल प्रदान भएको पनि छ ।

रहलपहल र बिसाउनीका कुरा

वडागत वर्गीकरण

तानसेन नगरपालिकामा हाल १४ वटा वडा कायम भए अनुसार

वडा नं. १ मा

नेत्रकुमारी शर्मा, शोभाकर शर्मा, चन्द्रप्रसाद अधिकारी, चोलेश्वर शर्मा, श्यामकुष्ण शर्मा, प्रा.डा. विष्णुप्रसाद खनाल, सुन्दरप्रसाद श्रेष्ठ, लेखनाथ शर्मा, वनमाली निराकार, गोपीकृष्ण शर्मा, अजम्बरध्वज खाती, रजिउल्लाह मियाँ ।

वडा नं. २ मा

छविलाल नेपाल, कमलराज रेग्मी, डा. प्रकाशराज रेग्मी,

जगतबहुर जोशी, अयोध्याप्रसाद प्रधान, किरण रेग्मी, मनोहरलाल श्रेष्ठ, अरूणा रेग्मी, सीता भट्टराई, नैना नेपाल, महेश रेग्मी, कृष्णदेव शर्मा रेग्मी, लक्षिमा ज्ञवाली, शान्ता शाक्य, देवेन्द्रराज शाक्य, डिल्लीराज शर्मा, अच्यूतराज रेग्मी, मथुराप्रसाद प्रधान, पवनकुमारी श्रेष्ठ, रवीन्द्रप्रसाद प्रधान, शारदा ढकाल, हरिप्रसाद घिमिरे, पूर्णबहादुर राना, डा. रामप्रसाद शर्मा, सन्ध्या रेग्मी, मदन देउराली, गंगा लिगल, कमल मलेगो, प्रकाश प्रधानाङ्ग, रोहित ज्ञवाली, अमरनारायण श्रेष्ठ ।

वडा नं. ३ मा

डायमण्ड शमशेर राणा, पुरूषोत्तम शमशेर राणा, माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, कृष्णचन्द्र देवकोटा, कमला देवकोटा, कविता देवकोटा, वटुकनाथ देवकोटा, विजयसागर, कुमार काश्यप, ज्ञानपूर्णिक, हृषीकेश शाह, चिनियालाल बजाचार्य, डा. शोभितलाल बज्राचार्य, बेटीमाया बज्राचार्य, टेकबहादुर सारू, राजेन्द्र गोपाल सिंह, पुरनबहादुर शाक्य, मीवाट मगर, निर्मल श्रेष्ठ, निशान्त श्रेष्ठ, मेघराज शर्मा, शुभ श्रेष्ठ, विनयकुमार कसजू, गंगा कसजू, होमनाथ न्यौपाने, दशरथमान सिंह, रामचन्द्रमान सिंह, शंकरमान सिंह, कवीन्द्रमान सिंह, अम्विकाप्रसाद लाकौल, हरिमान थैव, महेश्वरप्रसाद श्रेष्ठ, अशोकमान सिंह, रूक्मागत शर्मा, डा. चेतबहादुर कुँवर, हरिबहादुर कुँवर, राजीव कुँवर, पुष्कराज रेग्मी, झविन्द्र देवकोटा, महेश्वरी कुँवर, रामबहादुर राउत ।

वडा नं. ४ मा

रिपलाल विश्वकर्मा, डा. ऋषिकेशवराज रेग्मी, डा. मुरारि पराजुली, डा. केशरजंग रायमाझी, डा. सावित्री कक्षपती, मन गहिरे, सुरेन्द्र गहिरे, चुन्द शास्त्री, पुष्पलता श्रेष्ठ, टेकराज ज्ञवाली, पुष्पराज ज्ञवाली, चित्रवलीराम सुवाल ।

वडा नं. ५ मा

डा. पोषराज पाण्डे, गणेश ज्ञवाली, युसुफदिन मियाँ, नारायणप्रसाद श्रेष्ठ, अमृतलाल श्रेष्ठ ।

वडा नं. ६ मा

छत्रराज शाक्य, शाक्यनानन्द, डा. भिक्षु अमृतानन्द, टंकप्रसाद पन्थ, ज्ञानकाजी शाक्य, चिरञ्जीवी शर्मा ढुंगाना, चिन्तामणि भट्टराई, बिमलानन्द, माधवप्रसाद अर्याल, डा. पुष्पा श्रेष्ठ, डा. गोविन्द नेपाल, डा. पशुपति नेपाल ।

वडा नं. ७ मा

डा. हरिप्रसाद पोखरेल, मेदिनीवल्लभ पौड्याल, डा. कमल अधिकारी, शालग्राम अधिकारी ।

वडा नं. ८ मा

झपेन्द्र बहादुर जीसी, सोमनाथ अर्याल,

वडा नं. ९ मा

डा. भवेश्वर पंगेनी, खोमराज पंगेनी, राधाकृष्ण शर्मा, प्रेमराज पंगेनी, डा. हरिहर अर्याल, डिल्लीराज अर्याल, रामप्रसाद अर्याल, दीपक अर्याल, विष्णु 'प्रभात' अर्याल, डा. डुकुलराज घिमिरे ।

वडा नं. १० मा

विष्णुप्रसाद खनाल, टोप अस्लामी, केशवबहादुर कार्की

वडा नं. ११ मा

केदारनाथ घिमिरे

वडा नं. १२ मा

विष्णुबहादुर खत्री

वडा नं. १३ मा

डा. नारायणप्रसाद गैरे, बालकृष्ण भट्टराई, यादव भट्टराई, शेषनारायण भट्टराई, सुरेन्द्र थापा, शिवलाल बस्याल ,

वडा नं. १४ मा

डा. नेत्रप्रसाद न्यौपाने, डा. ध्रुवप्रसाद भट्टराई, विष्णु ज्ञवाली, नारायण ज्ञवाली, डा. ईश्वरीप्रसाद गैरे, चैतन्यनाथ पाण्डेय, धातानन्द न्यौपाने, हरि पाण्डेय, विष्णु पाण्डे, टीकाराज पाण्डे ।

भाषिक हिसाबले लेखन सिर्जना गर्ने कृतिकारहरू

संस्कृत भाषामा

माधवप्रसाद देवकोटा, डिल्लीराज शर्मा, लेखनाथ शर्मा, डा. हरिहर शर्मा अर्याल

नेपाल (नेवारी) भाषामा

प्रकाश प्रधानाङ, ज्ञानकाजी शाक्य, अयोध्याप्रसाद प्रधान, चिनियालाल बज्राचार्य, पुष्पलता श्रेष्ठ, उज्ज्वलराज शाक्य, दुर्गामान शाक्य ।

मगर भाषामा

अयोध्याप्रसाद प्रधान, अम्बिकाप्रसाद लाकौल, टेकबहादुर सारु, तिलक खाम्चा (मीवाट मगर)

अंग्रेजी भाषामा

डा.पुष्पा श्रेष्ठ, हृषीकेश शाह, विनयकुमार कसजू, पुरूषोत्तमशमशेर जवरा, अयोध्याप्रसाद प्रधान, डा. पोषराज पाण्डे, डा. ऋषिकेशवराज रेग्मी, डा. भवेश्वर पंगेनी, डा. कमल अधिकारी, विष्णुबहादुर खत्री, डा. विनोदप्रसाद श्रेष्ठ, रामचन्द्रमान सिंह, शंकरमान सिंह, डा. शोभितलाल बज्राचार्य, हरिप्रसाद घिमिरे, गंगा कसजू, सुरेन्द्र गहिरे, ।

हिन्दी भाषामा

कृष्णदेव शर्मा रेग्मी 'विशारद', डा. हरिप्रसाद पोखरेल र कुलमणी देवकोटा आदि ।

नेपाली भाषामा

पृथ्वीपाल सेन, नेत्रकुमारी शर्मा, शोभाकर शर्मा, चन्द्रप्रसाद अधिकारी, चोलेश्वर शर्मा, लेखनाथ शर्मा, श्यामकृष्ण शर्मा, वनमाली निराकार, प्रा.डा. विष्णुप्रसाद खनाल, सुन्दरप्रसाद श्रेष्ठ, रिपलाल विश्वकर्मा, डा. केशरजंग रायमाझी, झपेन्द्रबहादुर जीसी, विष्णु प्रभात, रामप्रसाद अर्याल, सोमनाथ अर्याल, अच्युतराज रेग्मी, पवनकुमारी श्रेष्ठ, बेटीमाया बज्राचार्य, रवीन्द्रप्रसाद प्रधान, शारदा ढकाल, गोपीकृष्ण शर्मा, अजम्बरध्वज खाती, जगतबहादुर जोशी, डिल्लीराज शर्मा, मथुराप्रसाद प्रधान, डा. रामप्रसाद शर्मा, छविलाल नेपाल, कमलराज रेग्मी, अयोध्याप्रसाद प्रधान, किरण रेग्मी, डा. प्रकाशराज रेग्मी, पुष्करराज रेग्मी, मनोहरलाल श्रेष्ठ, सन्ध्या रेग्मी, अरूणा रेग्मी, नैना नेपाल, कृष्णदेव शर्मा, सीता भट्टराई, गणेश झवाली, लक्षिमा झवाली, देवेन्द्रराज शाक्य, रजिउल्लाह मियाँ, मदन देउराली, रोहित झवाली, गंगा लिगल, कमल मलेगो, युसुफदिन मियाँ, नारायणप्रसाद श्रेष्ठ, डिल्लीराज अर्याल, डा. हरिहर अर्याल, डा. भवेश्वर पंगेनी, दीपक अर्याल, खोमराज पंगेनी, राधाकृष्ण शर्मा, प्रेमराज पंगेनी, कुमार काश्यप, ज्ञानपूर्णिक, शोभितलाल बज्राचार्य, पुरनबहादुर शाक्य, निर्मल श्रेष्ठ, निशान्त श्रेष्ठ, मेघराज शर्मा, माधवप्रसाद देवकोटा, शुभ श्रेष्ठ, विनयकुमार कसजू, गंगा कसजू, अम्बिकाप्रसाद लाकौल, हरिमान थैव, कृष्णचन्द्र देवकोटा, कुलमणि देवकोटा,कमला देवकोटा, वटुकनाथ देवकोटा, कविता देवकोटा, विजय 'सागर', कवीन्द्रमान सिंह, दशरथमान सिंह, रामचन्द्रमान सिंह, डा. नारायणप्रसाद गैरे, डा. ईश्वरीप्रसाद गैरे, डा. नेत्रप्रसाद न्यौपाने, विष्णुप्रसाद खनाल, टीकाराज पाण्डेय, हरि पाण्डेय, विष्णु पाण्डेय, नारायण झवाली, विष्णु झवाली, चैतन्यनाथ पाण्डेय, धातानन्द न्यौपाने, मेदीनीवल्लभ पौड्याल, कुमार काश्यप, डायमण्ड शमशेर राणा, पुरूषोत्तम शमशेर राणा, डा. भिक्षु अमृतानन्द, बिमलानन्द, चुन्द शास्त्री, गोपीकृष्ण शर्मा, महेश्वरी कुँवर, झविन्द्र देवकोटा, छत्रराज शाक्य, शालग्राम अधिकारी, माधव अर्याल, डा. गोविन्द नेपाल, डा. पशुपति नेपाल, टोप अस्लामी, हरिमान थैव, अजम्बरध्वज खाती, नैना नेपाल, पवन कुमारी श्रेष्ठ, देवेन्द्रराज शाक्य, रामबहादुर राउत, पुष्पराज झवाली, अमरनारायण श्रेष्ठ आदि ।

बौद्ध धर्म/दर्शन आदिमा लेख्नेहरु

डा. भिक्षु अमृतानन्द, बिमलानन्द कुमार काश्यप, चुन्द शास्त्री, ज्ञानपूर्णिक र शाक्यानन्द देवेन्द्रराज शाक्य, पुरनबहादुर शाक्य ।

कोशकार

डा. कमल अधिकारी

मानव अधिकार

विष्णुबहादुर खत्री

कृषि विषय

शालग्राम अधिकारी, नगेन्द्रराज पाण्डे ।

इतिहास/संस्कृति

झपेन्द्र जीसी, निर्मल श्रेष्ठ, पुरूषोत्तम शमशेर जवरा, डा. भवेश्वर पंगेनी, जगतबहादुर जोशी, विष्णुप्रसाद खनाल

बालसाहित्य विशेष

विनयकुमार कसजू, गंगा कसजू, कमला देवकोटा, पुष्कर रेग्मी, अशोकमान सिंह

पत्रकारिता विशेष

विनयकुमार कसजू, दीपक अर्याल, माधव अर्याल

पाठ्यपुस्तक लेखक

डा. नेत्रप्रसाद न्यौपाने, डा. शोभितलाल बज्राचार्य, सुरेन्द्र थापा, डा. ईश्वरीप्रसाद गैरे, डा. नारायणप्रसाद गैरे

कानुन विषय

विष्णु पाण्डे, विष्णुबहादुर खत्री, हरिमान थैव

साहित्य र विविध विषय

बाँकी नामहरू सबै माथि उल्लेख भएका कतिपय

व्यक्तित्वहरूले साहित्यमा समेत कलम चलाएका छन् । उपर्उल्लिखित नामहरू कतिपय साहित्यकार (कविता, काव्य, आख्यान निबन्ध र नाटक विधामा कलम चलाउने) मात्र रहेका छन् । कतिपय साहित्येतर विधाका लेखक मात्र छन् । कतिपय भने लेखक र साहित्यकार दुवै रूपमा चिनिएका व्यक्तित्वहरू रहेका छन् । सूची (परिचय) विवरण हेरेपछि कुन व्यक्ति कुन-कुन विधाको स्वतः स्पष्ट हुने भएका कारण यहाँ नाम दोहोऱ्याएर लेख्नुपर्ने आवश्यक ठानिएन ।

यसप्रकार उपर्उल्लिखित विवरणहरूबाहेक खोजका क्रममा अझै पनि दर्जनौं लेखक तथा साहित्यकारहरूको सूची मनमस्तिष्कमा हुँदाहुँदै पनि भरपर्दो स्रोत र सूचनाका अभावले यहाँ प्रस्तुत गर्न सकिएन । हाल चर्चा भइरहेको फ्रेम अनुसारको यथोचित र आवश्यकीय विवरण यतिन्जेल यो लेखमा समावेश गर्न नसके पनि शोधखोजको क्रम भने जारी नै रहने छ । यस कार्यमा यहाँहरूको सहयोग अवश्य रहनेछ । तानसेन पाल्पाको भाषा, कला, साहित्य संस्कृति क्षेत्र समृद्ध भएको कुरा ऐतिहासिक कर्म र तथ्यले पुष्टि गर्दछ । यस जिल्लामा बहुप्रतिभा क्षमता भएका र विभिन्न तरहले योगदान पुऱ्याइरहेको व्यक्तित्वहरूको बसाइसराइ क्रम जारी छ । कतिपय दिवंगत भइसकेका छन् । अब यही माटोमै रहने पक्कापक्की भएका केहीले मात्र लेखन र साहित्य सिर्जनाको बाटो अँगालिरहेका छन् । हिजोको पाल्पाको लेखन-साहित्य सिर्जनाको इतिहास र आजको विद्यमान अवस्थाबीच आकाश र जमिनको जस्तो ग्याप रहेको अवस्था देखिन्छ । हिजो भाषा, साहित्य र कलाको लागि मरिमेट्ने व्यक्तित्व यहीँ अनेकौं थिए तर आज एकाधबाहेक त्यस्ता व्यक्तित्व कोको छन् भनेर शिला खोज्नुपर्ने अवस्था भइसकेको छ । यो जिल्लामा इतिहास बनिसकेका र यो माटो छाडिसकेका अधिकांश विवरणहरू यस लेखमा परेका छन् । अब हामीले विगतको इतिहासको गर्व गराइले मात्र नपुग्ला, वर्तमानमा गर्व गर्ने कर्म केके छन् ककसले गर्दैछन् सोच्नैपर्ने विषय बनिसकेको छ । नेपाली साहित्य र वाङ्मयको सेवा गर्ने दायित्व हामी सबैको हो । हिजोको इतिहासलाई समेत कायम राख्दै र अबका दिनमा अझै समृद्ध बनाउन श्रीवृद्धि गर्न सरोकारवालाहरूले बेलैमा सोच्नुपर्छ कि । सेवाभावले लागौं, माटोको माया गरौं । भाषा, साहित्य, कला संस्कृतिको जगेर्नामा एकजुट भएर लागौं ।

प्रस्तुत भएका चर्चामा परेका लेखक-साहित्यकारहरूमध्ये कतिपय सिकारू, मध्यमस्तरका, विधागत विशिष्टीकृत नभएका, कतिपय बहुविधाका तर राम्रै लेख्ने, कतिका विधागत विशिष्टीकृत पक्षमा मात्र जोड दिएका, गुणस्तरलाई ख्याल गरेका, थोरै लेख्ने तर राम्रो लेख्ने र कोही राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान बनाएका, कला र भावले सजाएका उद्देश्यपरक लेख्नेहरू, समाजसापेक्ष, कालजयी लेख्ने रच्नेहरू पनि छन् । कतिपयलाई बहुविधामा लेख्ने दौडधुप पनि छ । विज्ञापनको भरमा चर्चा बटुल्नेहरू पनि होलान् । कैयन् ओझेलमा परेका राम्रा स्रष्टा/लेखक पनि रहेका छन् । कतिपय स्रष्टाहरू विज्ञापन गर्न चाहन्नन्, रूचाउँदैनन, कतिपयको प्रचार-प्रसार वा विज्ञापन गर्न आर्थिक हैसियतले भेटेको हुँदैन । यसैकारण पनि कम चर्चामा भएका हुन सक्छन् । कैयन् सिर्जनामा निरन्तर लाग्नेहरू छन् । कतिले मन लागेका बेला मात्रै लेख्ने गर्छन् । अनियमित सक्रियता भएका, अथक साधना गरेका र गर्दै गरेका, हिजोको कालखण्डमा मात्र लेखेका तर हाल कलम बिसाएका पनि यो खोजको सूचीमा परेका छन् । सबैको योगदानको सम्मान र कदरस्वरूप नै खोज गरेर राखिएको छ । कतिपयको सैद्धान्तिक अस्पष्टताका कारण लेखन सिर्जनाको धरातल खस्किएको छ तापनि उनीहरूलाई पनि यो खोजबाट प्रेरणा मिलोस् भन्ने मनसायले समावेश गरिएको छ । हुन त सैद्धान्तिक मापदण्डभन्दा स्वार्थअनुसारको व्याख्याका कारण साहित्य/लेखक मान्ने/नमान्ने भन्ने विषयमा टीकाटिप्पणी उठ्न पनि सक्छ । जसले जे भने पनि योगदानको सम्झना गर्दै सबैलाई एकै ठाउँमा अटाउने गरी सूचीकृत गरिएको छ । यो खोजमा कसैलाई पनि चर्चाका हिसाबले अतिशयोक्तिपूर्ण पाराले प्रस्तुत गरिएको छैन । कृति थोरै धेरै भएका कारणले गर्दा पेजको ओगटाइ थोरै धेरै देखिएको हो । सबैलाई न्यायिक दृष्टिले संक्षिप्तमा मात्र प्रस्तुत गरिएको कारणबाट कृतिको विषयवस्तुको चर्चा विस्तृत वा सारसंक्षेपमा दुवै रूपमा नै गर्न सकिएको छैन । यी सबै कृतिकारको कृतिहरू यो खोजकर्तासँग हाल उपलब्ध नभएका कारण विस्तृत चर्चाको विषय बनाइएको छैन । गम्भीर अध्ययनबिना यो सम्भव पनि छैन । तसर्थ यो खोज महिनौंमहिनाको साधनाबाट, पर्याप्त सन्दर्भ सामग्री नभएको अवस्थामा पनि सरोकारवाला व्यक्तिहरूसँगको भेटघाट र सयौं जनासँगको

फोन वार्तालापको माध्यमलाई नै भरपर्दो आधार बनाएर, इन्टरनेट र प्रविधिको पहुँच सुविधाभन्दा टाढा रहेर पनि यस रूपमा तयार गरिएको छ । दुःख अप्ठेरोको विषय सन्दर्भ अलग्गै छ ।

यस खोजकार्यले कृतिकार व्यक्तित्वहरूलाई अधिकतम रूपमा समेटेको छ । नेपाली, अंग्रेजी, नेवारी, संस्कृत र मगर भाषामा लेख्ने, सिर्जना गर्नेहरूलाई एकै ठाउँ उभ्याएको छ । पाल्पा बहुभाषा र बहुविधामा कलम चलाउनेहरूको थलो हो । राष्ट्रिय स्तरमा तानसेन पाल्पाले साहित्यमा निकै ख्याति कमाएको कुरा कसैले भुल्नुहुन्न । सिकारूदेखि लेखनमा खारिँदै गरेका र खारिएका बालप्रतिभादेखि पाकापुस्तासम्मका प्रतिभालाई एकै मञ्चमा उभ्याएको छ यो खोजले । यो लेखक साहित्यकारको संक्षिप्त परिचयकोश हो । वडागत हिसाबले पनि धेरथोर रूपमा प्रतिनिधित्व भएकै छ । तानसेन सदरमुकामभित्रका लेखक स्रष्टाको प्रतिनिधित्व बढी भएको देखिन्छ । यस खोजमा नारी लेखक सर्जकभन्दा पुरूष लेखक सर्जकको संख्या बढी देखिएको छ । वास्तविकता वा यथार्थताले यसो हुन गएको हो । यसरी बहु भाषाभाषीमा लेखिएको र साहित्यकारसँग लेखकलाई पनि समेटेर एकै ठाउँमा खोजिएको तानसेन नगरपालिकाभित्रको यो पहिलो खोज हो भन्दा अतिशयोक्ति र अन्यथा हुनै छैन । यो खोजले शोधार्थी, जिज्ञासु वा सरोकारवाला सबैलाई कृतिकारको बारेमा केही जान्न, बुझ्न अवश्य सघाउने छ । यस खोजले कोसेढुंगाको काम गर्न सक्छ ।

प्रस्तुत क्रममा राख्दा र वर्णानुक्रममा नराखिँदा कसैलाई अमान्य, अप्ठेरो र हैसियतप्रति प्रश्न उठ्ने गरी दुखेसो गुनासो नहोस् भन्ने सबैप्रति विनम्र अनुरोध गर्दछु । जसरी खोजिए पनि जसरी प्रस्तुत गरिए पनि यो एउटा महत्त्वपूर्ण ऐतिहासिक खोजी हो । तानसेन नगरपालिकाको सम्पत्ति र दस्तावेज हो । यस खोजले अन्य (पाल्पालगायत बाहिरी जिल्लाका) लाई खोजकार्यमा मार्ग प्रशस्त गर्न सहयोग पुग्छ/प्रेरणा मिल्दछ । त्यसकारण यो लेख प्रकाशन भइसकेपछि र सरोकारवालाले पढिसकेपछि यो खोजकर्तालाई रचनात्मक टिप्पणीसहित भावी स्पष्ट मार्ग निर्देशन, सल्लाह, पृष्ठपोषण र सुझाव दिनुहुनेछ । जानकारहरूले छुटेका विवरणहरू उपलब्ध गराइदिनुहुनेछ । समावेश भएका कृतिकारहरूले पनि यस लेखलाई अझ विस्तृत र अर्थपूर्ण बनाउन निकट भविष्यमा पुस्तकीय आकारमा कृति सार्वजनिक गर्नका लागि आफूसँग भएका कृतिहरू उपलब्ध गराई सहयोग गर्नु भएमा धन्यवाद र आभार प्रकट गर्दै उद्देश्यमा पुग्न सहज हुने कुरा निवेदन गर्दछु ।

अन्त्यमा, जिल्लाभित्र र बाहिर रहेर पनि तानसेनका कृतिहरू र कृतिकारहरूका बारेका खोजीका लागि यस पवित्र कार्यमा विविध तरहले सघाउनुहुने सबैप्रति धन्यवादसहित कृतज्ञता प्रकट गर्दछु । आगामी दिनमा पनि यहाँहरू सबैबाट यस्तै महत्त्वपूर्ण सहयोगको अपेक्षा गरेको छु । हाललाई यो शोधखोज 'हाम्रो तानसेन' ले चाहेजस्तो र हुनुपर्ने जस्तो बनाउन नसकेकोमा र कहीँ कतै असावधानीका कारण त्रुटि भएको भए क्षमा माग्छु ।

लेख तयारीका आधारस्रोतहरू

(क) सन्दर्भ सामग्रीहरू

- *प्रज्ञाद्योतित संस्कृतमनीषी प्रा.डा. वेणीमाधव ढकाल* (२०७३), प्रा.डा. नारायणप्रसाद खनाल
- *अमृताञ्जली* (लेखक-पुष्करराज रेग्मी)
- *उपहारः* हीरक स्मारिका-२०६१ (जे.भी.टी. स्कुलद्वारा प्रकाशित)
- *हाम्रो तानसेन* त्रैमासिक (अंक ५ र ७) तानसेन नगरपालिकाद्वारा प्रकाशित
- *पाल्पा दर्पण* (पहिलो र तेस्रो अंक-२०३९ र २०४९ सालमा प्रकाशन)
- *प्रज्ञान* (अंक ३), २०७३ (त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाद्वारा प्रकाशित)
- *पाल्पा दर्शन* (२०६१) प्रकाशक-जीवन मासिक
- *जागरण* (रजत विशेषाङ्क (२०७६) प्रकाशक : पाल्पा साहित्य समाज
- *पाल्पाको इतिहास तथा संस्कृति* (२०७०) कर्णबहादुर बानियाँ
- *उपयोगी नेपाली व्याकरण* (श्यामकृष्ण शर्मा
- *पाल्पा दर्शन* (२०६४)- प्रकाशक जीवन मासिक
- *पाल्पा राज्यको इतिहास*-भाग १ र २, विष्णुप्रसाद घिमिरे
- *The यात्रा* (लेखक रविन्द्रप्रसाद प्रधान)

- *माना चामल*- लेखक- देवीप्रसाद वनवासी
- भिक्षुहरूका पुस्तकीय सक्षिप्त व्यक्तिवृत्त विवरणहरू

(ख) भेट/फोन वार्ता (लेखक, अन्य व्यक्तित्व, साहित्यकार तथा जनप्रतिनिधिसँगको कुराकानी)

साहित्यिक/साहित्येइतर व्यक्तित्वहरू :

- गोविन्द भट्टराई (प्रधान सम्पादक, हाम्रो तानसेन त्रैमासिक, पाल्पा)
- मेघराज शर्मा (तानसेन)
- राजेशकुमार अर्याल (तानसेन)
- डा. नेत्रप्रसाद न्यौपाने (अर्गली/काठमाडौँ)
- विजय 'सागर' श्रेष्ठ (भैरहवा)
- कविता देवकोटा रिजाल (भैरहवा)
- गोपीकृष्ण शर्मा (काठमाडौँ)
- डिल्लीराज अर्याल (काठमाडौँ)
- डा. विनोदप्रसाद श्रेष्ठ (काठमाडौँ)
- डा. ईश्वरीप्रसाद गैरे (काठमाडौँ)
- नारायण झवाली (काठमाडौँ)
- रामचन्द्रमान सिंह (काठमाडौँ)
- निर्मल श्रेष्ठ (तानसेन)
- विष्णु पाण्डे (काठमाडौँ)
- नैना नेपाल ढकाल (काठमाडौँ)
- चैतन्यनाथ पाण्डे (अर्गली)
- रामप्रसाद अर्याल (पाल्पा)
- डा. ध्रुवप्रसाद भट्टराई (काठमाडौँ)
- डा. हरिहर शर्मा अर्याल (काठमाडौँ)
- कृष्णराज झवाली (भैरवस्थान/नारायणथोक)
- शारदा भट्टराई (छेर्लुङ/काठमाडौँ)
- नवराज झवाली (भैरवस्थान/नारायणथोक)
- डा. सावित्री कक्षपती मल्ल (काठमाडौँ)
- पुष्करराज रेग्मी (तानसेन)
- जयदीप जोशी (बुटवल)
- महेश्वरप्रसाद श्रेष्ठ (बुटवल)
- वनमाली निराकार (भैरहवा)
- झपेन्द्र जीसी (मदनपोखरा)
- लक्षिमा झवाली (तानसेन)
- विष्णु प्रभात (काठमाडौँ)
- डा. भवेश्वर पंगेनी (काठमाडौँ)
- युसुफदिन मियाँ पाल्पाली (चितवन)
- डा. डुकुलराज घिमिरे (बुटवल)
- विष्णुप्रसाद खनाल (तेल्घा)
- द्वारिकानाथ नेपाल (लघुवा/ तानसेन)
- रामजीबहादुर कार्की (तानसेन)
- डा. रामप्रसाद शर्मा झवाली (तानसेन)
- टंकप्रसाद पन्थ (तानसेन)
- मेदिनीबल्लभ पौड्याल (माडी)
- कमला देवकोटा (काठमाडौँ)
- गंगा कसजू (काठमाडौँ)
- रघुशमशेर जबरा (काठमाडौँ)
- पुरूषोत्तम शमशेर जबरा (काठमाडौँ)
- डा. हरिप्रसाद पोखरेल (काठमाडौँ)
- त्रैलोक्य न्यौपाने (अर्गली)
- बालकृष्ण भट्टराई (भैरहवा)
- मदन देउराली (तानसेन)
- महेश्वरी कुँवर (पाल्पा)
- झविन्द्र देवकोटा (पाल्पा)
- केशव कार्की (जरेपीपल)
- देवी न्यौपाने (भैरहवा)
- समानन्द गिरी (देवघाट)
- प्रकाश प्रधानाङ्ग (काठमाडौँ)
- शुभ सापकोटा (हरैया)
- यादव भट्टराई (काठमाडौँ)
- देवेन्द्रराज शाक्य (बुटवल)
- डिल्लीराम नेपाल (मैनादी, पाल्पा)
- सोमनाथ अर्याल (मदनपोखरा)
- शान्ता शाक्य (काठमाडौँ)
- गोमबिक्रम (पाल्पा)
- कमलराज खनाल (कुसेनी)
- विष्णुबहादुर खत्री (काठमाडौँ)
- हरि पाण्डे (काठमाडौँ)
- मन गहिरे (तानसेन)

- चक्रव्यूह थापा (दोभान)
- सुमनप्रताप राणा (भैरवस्थान)
- डा. मुरारि पराजुली (बुटवल)
- अशोकमान सिं (काठमाडौँ)
- डा. कर्णबहादुर बानियाँ (चितवन)
- कृष्णदेव शर्मा रेग्मी (तानसेन)
- रूक्मागत शर्मा (पाल्पा)
- अभिनव कसजू (काठमाडौँ)
- डा. ध्रुवप्रसाद भट्टराई (काठमाडौँ)
- डा. नारायणप्रसाद गैरे (काठमाडौँ)
- शारदा ज्ञवाली ढकाल (तानसेन)
- प्रेम घिमिरे (बौघागुम्हा)
- अमृतलाल श्रेष्ठ (बुटवल)
- वनमालीप्रसाद लाकौल (बुटवल)
- प्रेमराज पंगेनी (दमकडा)
- राधाकृष्ण शर्मा (दमकडा)
- भागीरथी श्रेष्ठ (काठमाडौँ)
- भगवतीप्रसाद श्रेष्ठ (बुटवल)
- अच्युतराज रेग्मी (काठमाडौँ)
- सुमनलाल बज्राचार्य (तानसेन)
- गोपीकृष्ण शर्मा (काठमाडौँ)
- कृष्ण गौतम (पाल्पा, देउराली)
- शुभ श्रेष्ठ (काठमाडौँ)
- नलराज शास्त्री (देवघाट)
- खोमराज पंगेनी (बर्दघाट)
- डा. वेणीमाधव ढकाल (काठमाडौँ)
- बुद्धिप्रसाद शर्मा (तानसेन)
- गणेश ज्ञवाली (तानसेन)
- किशोर खनाल (ध्रुवघाट)
- टेकबहादुर सारू (तानसेन)
- लेखनाथ शर्मा (ध्रुवघाट)
- हरिप्रसाद घिमिरे (तानसेन)
- रामबहादुर राउत (तानसेन)
- खड्ग थापा (कुसुमखोला)
- उमानाथ आत्रेय (तानसेन)
- चोपलाल गिरी (दोभान)
- कृष्ण अधिकारी (तानसेन)
- उज्ज्वलराज शाक्य (तानसेन)
- शालग्राम अधिकारी (काठमाडौँ)
- दमबहादुर कार्की (मस्याम)
- ज्ञानकाजी शाक्य (काठमाडौँ)
- रामप्रसाद ज्ञवाली (सिद्धेश्वर)
- केदारलाल श्रेष्ठ (तानसेन)
- बटुकनाथ देवकोटा (काठमाडौँ)
- विन्दु केसी (मदनपोखरा)
- रोमेल प्रधान (तानसेन)
- केदारनाथ घिमिरे (वन्दीपोखरा)
- सुरेन्द्र थापा (काठमाडौँ)
- पुनाराम घिमिरे (तानसेन)
- नगेन्द्रराज पाण्डे (मदनपोखरा)
- पुष्पराज ज्ञवाली (काठमाडौँ)
- मञ्जु कुँवर (तानसेन)
- पुरनबहादुर शाक्य (तानसेन)
- सुन्दर श्रेष्ठ (तानसेन)
- दीना अधिकारी (काठमाडौँ)
- राजीव कुँवर (काठमाडौँ)
- अवित सारूमगर (पीपलडाँडा)
- दुर्गा ढेंगामगर (गोठादी)
- चित्रवलीराम सुवाल (तानसेन)
- चिरञ्जीवी शर्मा ढुङ्गाना (तानसेन)
- रोहित ज्ञवाली (तानसेन)
- द्वारिकाप्रसाद शर्मा (तानसेन)
- होमनाथ न्यौपाने (तानसेन)
- जीवलाल सुवेदी (मस्याम)
- ढकेश्वर घिमिरे (काठमाडौँ)
- पुष्पा श्रेष्ठ (काठमाडौँ)
- रूपकिशोर लाकौल (बुटवल)
- ताराप्रसाद श्रेष्ठ (भुताहा)
- जयन्ती श्रेष्ठ (काठमाडौँ)
- तेजनारायण ढकाल (पाल्पा)

- कृष्णप्रसाद कोइराला (बुटवल)
- डा. ऋषिकेशवराज रेग्मी (काठमाडौँ)
- दीपेन्द्रमान थैव (तानसेन)
- सुशील प्रधान (तानसेन)
- टोप अस्लामी (तेल्घा)
- पदम न्यौपाने (काठमाडौँ)
- भगवती राना (तानसेन)

जनप्रतिनिधिहरू

- डा. पुरनमान बज्राचार्य (लुम्बिनी प्रदेश सभासद)
- मीरा मरासिनी (का.वा. प्रमुख, जिल्ला समन्वय समिति पाल्पा)
- अशोककुमार शाही (नगरप्रमुख, तानसेन)
- ओमबहादुर घर्ती (अध्यक्ष, तिनाउ गाउँपालिका)
- लक्ष्मीदेवी पाठक (उपप्रमुख, तानसेन)
- दामोदर घिमिरे (प्रवक्ता तथा वडा अध्यक्ष (तानसेन-११)
- डिल्लीराज बेल्बासे (तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, तानसेन)
- शिव थापा (वडा सदस्य- तानसेन-१)
- बरूण रेग्मी (वडा अध्यक्ष- तानसेन-२)
- महेशलाल शाक्य (वडा अध्यक्ष- तानसेन-३)
- गणेश थापा (का.वा.वडा अध्यक्ष- तानसेन-४)
- रामबहादुर रावल (वडा अध्यक्ष- तानसेन-५)
- सागरमान महर्जन (वडा अध्यक्ष- तानसेन-६)
- मुक्तिराम जीसी (वडा अध्यक्ष- तानसेन-७)
- रामप्रसाद घिमिरे (वडा अध्यक्ष- तानसेन-८)
- हरिसुमर रेग्मी (वडा अध्यक्ष- तानसेन-९)
- लोचन तिमिल्सिना (वडा अध्यक्ष- तानसेन-१०)
- देवेन्द्र राना (वडा अध्यक्ष- तानसेन-१२)
- टुकप्रसाद भट्टराई (वडा अध्यक्ष- तानसेन-१३)
- कमल राना (वडा अध्यक्ष- तानसेन-१४)

यो शोधखोजमूलक लेखका कतिपय विवरणदाताहरूको यो लेख प्रकाशनको अवधिमा देहावसान भइसकेको छ । सल्लाह, सुझाव, प्रतिक्रिया र सहयोगका लागि सम्पर्क : मोबाइल- ९८४७१२८४५०, email : ramgyanwali6@gmail.com

(सर्जक तथा शोधखोजकर्ता)

कविता

तानसेन

- गणेश झवाली

कला, संस्कृतिले पूर्ण तानसेन छ सुन्दर
प्रकृतिको छ यो खानी कसले भुल्न सक्छ र ?
हिमाली चुचुरा हेरी यो हाँस्दैछ निरन्तर
तराई पनि देखिन्छ पहाडी श्रृङ्खला पर !

१

कालीको जल सिञ्चिन्छ तिनाउँ यहीँ बग्दछ
सबैको मनमा बस्ने श्रीनगर सुरम्य छ
माडीफाँट सुतेको छ अर्गली छ हराभरा
तेल्घा, प्रभास, छेर्लुङ्ग, सबै सुन्दर छन् तर !

२

मदनपोखरा, बौघा, बन्दीपोखरा प्रसिद्ध छन्
लिई विशेषता आफ्नै कर्ममा यिनी जुट्दछन्
ताज महलझैँ रानीघाटको दरबार छ
पर्यटक लोभ्याउने शक्ति यस्मा अपार छ

३

उद्योग पनि चल्दैछन् ढाका र कस्त्रा बनी
प्रख्यात देशमा यी छन्, सुनका गहना पनि
शीतल्पाटी त्यसै राम्रो त्यो भव्य दरबार छ
टुँडीखेल उसै राम्रो, मिलेको घरबार छ !

४

हिन्दु, बौद्ध र मुस्लिम, इसाइ धर्म छन् खुला
चर्च, विहार, मस्जीद, मन्दिरहरु छन् ठूला
सबै धर्म, सबै जाति मिलेर यहीँ बस्दछन्
संस्कृति सबका प्यारा मानेर अघि बढ्दछन्

५

जात्रा, परम्परा, भाषा धेरै छन् यही ठाउँमा
सराएँ, भगवती जात्रा, रोपाई .... कति नाउँमा !
इन्द्रेनी रङ्ग झैँ लाग्छ, तान्सेन जब देख्दछु
एकता भित्र हुर्केका सम्भावना म लेख्दछु ।

६

कृषि, व्यापारको केन्द्र यो ठाउँ बन्न सक्दछ
'धर्तीकै स्वर्ग यो हैन' कसले भन्न सक्दछ ?
ठूलो सहरको सङ्गै प्रकृति, वनजंगल
कहाँ पाइन्छ खोजेर यति सुरम्य स्थल ?

७

सेन साम्राज्यको केन्द्र तानसेन अतीतमा
यसको छ उँचा नाउँ नेपाली इतिहासमा
हान्यो अंग्रेजको फौज यस्कै गर्जनमा परी
उजीर सिंह विजेता हुन् तान्सेनकै काखमा बसी !

८

शिक्षा, स्वास्थ्य पर्यटनको नगरी तानसेन हो
समृद्धि सपना बोकी अग्रगामी सधैँ छ यो
विकास मूल फुट्दैछन् फुल्दैछन् सपनाहरु
संकल्प सबको हुन्छ उन्नति पथमा अरु !

९

(सर्जक)

पाल्पाली ढाका कपडामा

तानसेनको पहलमा सीप परियोजनाबाट १५ सयलाई रोजगारी सिर्जना

- कृष्ण दर्नाल

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाही, पाल्पाली ढाका संघका अध्यक्ष पूर्णमायाँ महर्जन र सीप परियोजनाका प्रमुख बल्जित बोहोराले 'ढाका परियोजनाको सम्झौता पत्रमा लुम्बिनी प्रदेशका मुख्य मन्त्री शंकर पोखरेलको विशेष उपस्थितिमा तानसेनमा आयोजित समारोहमा १२ फेब्रुअरी २०२० मा हस्ताक्षर गर्नुभयो । लुम्बिनी सरकार र युके एआइडी सीप परियोजनाको सहयोग तथा पाल्पाली ढाका संघको आयोजनामा पाल्पाको तानसेनमा सञ्चालित ढाका कपडा उद्योगमा अवसर खोज्ने उद्देश्यका साथ तानसेनका मेयर अशोककुमार शाहीको पहलमा 'रोजगारीका लागि सीप' कार्यक्रम सुरूवात भएको छ ।

तानसेन नगरपालिकाको समन्वयमा सञ्चालित तीन वर्षे परियोजनाको पहिलो वर्ष ५०० युवा पुस्ता ढाका कपडा उत्पादन गर्ने सीप सिकेर रोजगार बन्नेछन् । त्यसैगरी ढाका कपडा बुनाइ, सिलाइ गरी दोस्रो र तेस्रो वर्ष एक हजार गरी तीन आवको सम्माप्तिसम्म १५ सय युवाले तालिम पाउनेछन् । उनीहरूलाई उद्यमी बनाउन बैंकबाट सहुलियत कर्जा र काम गर्न चाहानेलाई स्थानीय उद्योगमा कामको व्यवस्था गरिने भएको छ । परियोजनाको पहिलो र दोस्रो चरणको ढाका बुनाई तालिम तानसेनस्थित स्वदेशी बस्त्रकला उद्योग, पाल्पाली ढाका उद्योग, सरस्वती ढाका उद्योग, पौड्याल ढाका उद्योग, कार्की ढाका उद्योग, महेश ढाका उद्योग, देउराली ढाका उद्योग, माथागढी गाउँपालिका-३ स्थित पूर्बेली ढाका उद्योग, राना ढाका उद्योग र बाग्मती ढाका उद्योगमा सञ्चालन भएको थियो । तालिममा ९८ जना सहभागी भएका मध्ये यी पंक्ति तयार गरिरहँदा १०/१२ जनाले ढाका उद्योग स्थापना गरी काम गर्ने तयारीमा रहेका छन् । दोस्रो चरणको विस २०७७ माघ ५ देखि सञ्चालित तालिम २०७८ वैशाख महिनामा सम्पन्न भयो । पहिलो चरणको तालिम २०७७ कार्तिक २३ गतेदेखि सञ्चालन भई माघ २२ गते सम्पन्न भएको थियो । सो तालिममा ५० जनाले सीप सिकेका थिए । तीमध्ये अहिले चार जनाले तान राखी ढाका उद्योग स्थापना गर्ने तयारीमा जुटेका छन् । अन्य प्रशिक्षार्थीहरूले स्थानीय ढाकाको उद्योगमा काम गर्न थालेका छन् ।

तानसेनका नगरप्रमुख अशोककुमार शाहीले पाल्पामा उत्पादित ढाका कपडा पाल्पालीको पहिचान बोकेको हुनाले यसको संरक्षण र प्रचारप्रसार गरी रोजगारीको अवसर सिर्जना गर्न लागेको बताउनुभयो । यो पाल्पाको मौलिक उत्पादन भएकोले यसको संरक्षण र प्रर्वद्धनमा नगरपालिकाले विशेष चासोका साथ काम अघि बढाएको छ । ढाकालाई पुरानै अवस्थामा फर्काउनका लागि प्रदेश सरकारसँग ढाका व्यवसायी संघलाई जोडिएको नगरप्रमुख शाहीले बताउनुभयो । तानसेन नगरपालिकाको समन्वयमा प्रदेश सरकार र युके एआइडी सीप परियोजनामार्फत् सञ्चालनमा आएपछि पाल्पाली ढाका कपडा उत्पादनमा गुणस्तरीयता देखिने छ । परम्परागत शैलीमा उत्पादित ढाका कपडा ग्राहकले खोजिरहेकोले गुणस्तरीय ढाका बजारमा हुनुपर्छ भन्ने मान्यताका साथ ढाकाको तालिम सञ्चालन गरिएको तानसेन नगरपालिकाका नगरप्रमुख शाहीले बताउनु भयो ।

तालिममा एकल महिलालगायतका अन्य बेरोजगार युवा तथा युवतीहरूलाई सहभागी गराउने योजना रहेको छ । एक घर एक रोजगारी कार्यक्रम जस्तै गरी ढाका कपडा बुनाइ, सिलाइ तथा बजारीकरणका माध्यमबाट रोजगारी सिर्जना गर्ने तानसेन नगरपालिकाको लक्ष्य अनुसार नै काम भइरहेको छ । नगरप्रमुख शाहीले भन्नुभयो, 'ढाका कपडा बुनाइ सीप सिकेका युवाहरूलाई व्यावसायिक कर्जाका लागि पनि हामीले तयारी गरिरहेका छौं । पुँजीको अभावमा सीप सिकेका कोही पनि अवसरबाट बञ्चित हुन नपरोस् भन्ने हाम्रो सोच हो ।' पाल्पाली ढाका व्यवसायी संघ पाल्पाकी अध्यक्ष तथा ढाका व्यवसायी पूर्णमायाँ महर्जनले अहिले ढाका संघले न्यून आय भएका फुर्सदिला महिलाहरूलाई ढाका बुनाइ तालिम दिइरहेको बताउनुभयो । 'अहिले ढाकाको संस्था खोलेका छौं । तानसेन नगरपालिकाभित्रका ९ व्यवसायी मिलेर यो संस्था खोलेको हो । तानसेनका ९ उद्योगमा ढाका कपडाको तालिम सञ्चालन भइरहेको छ ।' महर्जनले भन्नुभयो, 'मेरो उद्योगमा पनि २२ जना जति महिलाहरूले तालिममा सहभागी भई ढाका कपडा बुनाइमा खटेका छन् ।' अन्य उद्योगमा प्रशिक्षक हप्ताको तीन दिन आउँछन् । ढाका कपडा बुनाइका लागि भनेर तीन जना प्रशिक्षक आलोपालो उद्योगमा पुग्ने हुँदा उनीहरूलाई सिक्न सजिलो भएको अध्यक्ष महर्जनले बताउनुभयो ।

तानसेनका पूर्व प्रधानपञ्च एवम् उद्यमी स्वर्गीय गणेशमान महर्जनले विस २०१५ सालमा घरेलु कार्यालयमा उद्योग दर्ता गरी पहिलो पटक पाल्पामा ढाका उत्पादन गर्न थाल्नुभएको हो । परम्परागत उत्पादन पद्दतीलाई ढाका उत्पादनका रूपमा तानसेनमा भित्र्याउनुहुने गणेशमानकी धर्मपत्नी पूर्णमायाँले ढाकाको पेसालाई निरन्तरता दिइरहनुभएको छ । रोजगारीका सिलसिलामा दिल्लीमा रहँदा उहाँले कपडा बुन्नुभएको थियो । पछि नेपाल फर्केर पाल्पामा केही काम गर्नुपर्छ भनेर उद्योगको रूपमा परम्परागत ढङ्गको बुनाइ परिमार्जन गरी ढाका कपडा उत्पादन गर्न थालिएको हो । उहाँले भन्नुभयो, 'अहिले धेरै महिलाहरूले ढाका कपडा बुनाइ, तयारी पोशाक उत्पादन र बजारीकरणमार्फत् राम्रो आम्दानी भएको देखेको छु । महिलाहरू ढाकाबाट आत्मनिर्भर बन्न खोजी गर्नुभएकोमा मलाई नै खुसी लागेको छ ।'

पाल्पाली ढाका संघका उपाध्यक्ष तथा सरस्वती ढाका उद्योगका सञ्चालक सरस्वती रायमाझीले परियोजना सञ्चालन हुनुभन्दा अगाडि व्यक्तिगत रूपमा नै ढाका व्यवसायीहरू छिन्नभिन्न अवस्थामा रहेको बताउनुभयो । 'पहिला श्रमिकको अभावले ढाका उद्योगहरू धमाधम बन्द हुने अवस्था आयो ।' रायमाझीले भन्नुभयो, 'अहिले परियोजना सञ्चालन भएपछि हामी ढाका व्यवसायीहरू संगाठित रूपमा एक भएका छौं । एकताको भावना विकास भयो ।'

एउटा व्यवसायीमा भएको ढाकाको सामान अर्को व्यवसायीलाई अड्को पर्दा दिने चलन सुरूवात भएको छ । पहिला बन्द भएका उद्योगहरू अहिले चालु अवस्थामा छन् । 'पाल्पाली ढाका संघले ढाका व्यवसायलाई पुनर्जीवन दिएको छ । ढाका उद्योगीलाई हौसला भएको छ ।' रायमाझीले भन्नुभयो, 'तालिम पाएपछि उद्योगी बन्ने वा उद्योगमा काम गर्ने अवसरसमेत प्राप्त भएको छ । तालिममा सहभागीले दुईमध्ये एउटा काम अनिवार्य गर्नुपर्ने छ ।'

तालिम प्राप्त गरी सकेका प्रशिक्षार्थीहरूलाई ढाका व्यवसायी संघको सिफारिसमा विनाधितो एक लाखसम्म ऋण लगानी गर्ने योजना छ । त्यसका लागि हाम्रो एनवीआई बैकसँग सम्झौता भएको छ । 'उद्योगी बन्न नचाहेका तालिमका सहभागीलाई आफूलाई पायक पर्ने तानमा काम गर्ने व्यवस्था गर्छौं, भनेका छौं,' रायमाझीको भनाइ छ ।

ढाका कपडा उत्पादन, बजारीकरण, विविधीकरण गर्न भनी सञ्चालन गरिएको परियोजनाले तानसेनमा बन्द अवस्थामा रहेका उद्योगहरूमा अहिले धमाधम कपडा उत्पादन हुन थालेसँगै उद्योगी तथा व्यवसायीहरूमा उत्साह ल्याएको संघका सचिव

तथा पौड्याल ढाका उद्योगका प्रमुख मनोज पौड्यालले बताउनुभयो । परियोजना सञ्चालनपछि तालिममा सहभागीहरू मध्ये केहीले ढाका कपडा उत्पादन गर्न उद्योग स्थापनाको तयारीमा जुटेको सचिव पौड्यालको दाबी छ । 'पाल्पाली ढाका कपडालाई चिनोको रूपमा लैजाने चलन छ । पाल्पाली ढाका होस् वा अन्य जिल्लामा बुनेको ढाका पाल्पाली ढाका भनेर बेच्नुपर्ने अवस्था थियो ।' पौड्यालले भन्नुभयो, 'कुनै बेला यो सारै विकृति थियो । त्यसलाई निरूत्साहित गर्न तथा गुणस्तरियता कायम गर्न परियोजना सञ्चालन गरिएको हो ।'

तानसेन नगरपालिका-६ का वडाध्यक्ष तथा परियोजना प्रमुख सागर महर्जनले परियोजनाका माध्यमबाट पाल्पामा उत्पादित ढाका कपडालाई अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण र विविधता ल्याउन ठूलो सहयोग गरेको बताउनुभयो । 'हस्तकलाबाट निर्मित वस्तुहरू प्रचारका निम्ति युरोपतिर बुलेटिन प्रकाशन हुने रहेछ । त्यस बुलेटिनमा पाल्पाली हस्तकलाबाट तयार गरिएको ढाका कपडाको महत्त्वसम्बन्धी लेखहरू पनि समावेश गर्न सक्छौं ।' महर्जनले भन्नुभयो,' त्यसरी अन्तर्राष्ट्रिय स्तरमा प्रकाशित बुलेटिनमा पाल्पाली ढाका कपडाको प्रचारले पनि बजारीकरणमा सजिलो हुने थियो ।'

युरोपभरि नै फियरट्रेड चलिरहेको छ । अमेरिकादेखि तेस्रो मुलुकहरूमा फियरट्रेड चलिरहेको छ । अमेरिका, युरोप र तेस्रो मुलुकमा ढाका कपडा निर्यात गर्ने हाम्रो योजनासहितको काम हो । यसरी ढाका कपडाको माग विश्वजगतमा हुन थालेपछि पाल्पाली ढाका कपडाको महत्त्व अझ बढ्नेछ । हामीले तालिम दिएका १५ सय जनाबाट तीन वर्षको अवधिमा उत्पादन विस्तार गर्ने हो । 'स्वदेशी तथा विदेशी बजारबाट पाल्पाली ढाकाको माग पूरा गर्न तालिम सञ्चालन गरिएको हो', महर्जनको भनाइ छ । ढाका कपडाको माग बढ्दा अवसरहरू पनि हामीलाई थपिन्छ । ढाका कपडा, तयारी पोशाक, उत्पादन र बजारीकरणले पाल्पाकै आर्थिक कारोबार समेत वृद्धि हुनेछ ।

परियोजनापछि सात जनाले हाइस्टान्डर ब्याग उत्पादन गर्ने छन् । हाल बजारमा पाइने लो स्तरको भन्दा हाइस्टान्डर कपडा उत्पादन गर्ने र सोही अनुसारको तयारी पोशाकमा गुणस्तरीय कच्चा पदार्थको प्रयोग गर्ने हो । गुणस्तरीय धागो, तयारी पोशाकमा हाइस्टान्डर सामान प्रयोग गर्ने हो । अहिले पहिलो चरणको कार्यक्रम सञ्चालन भइरहेको छ । संघले दोस्रो चरणमा स्केल डेभलपमेन्ट, तेस्रो चरणमा एक्सपोर्ट उत्पादन गर्ने योजनाका साथ काम अगाडि बढाएको हो ।

पाल्पाका स्थानीय तहहरूले अहिले ढाका कपडा उत्पादनका क्षेत्रमा लगानी गरेका छन् । पूर्वखोला गाउँपालिकाले घरेलु उद्योग कार्यालयसँग मिलेर ढाकासम्बन्धी काम सुरू गरेके छ । रम्भा गाउँपालिकामा जनप्रतिनिधि आएको दोस्रो वर्षमा नै ढाका कपडा उत्पादन गर्न तालिम सञ्चालन भएको थियो । तिनाउ गाउँपालिकामा पनि ढाकाको तालिममा विशेष चासो राखी कार्यक्रम सञ्चालन भएको छ । तानसेन नगरपालिकाबाट सुरू भएको ढाका उत्पादन अहिले जिल्लाभर विस्तार हुन थालेको हो । रैनादेवी छहरा गाउँपालिकाले महिला लक्षित कार्यक्रम अन्तरगत तालिम सञ्चालन गर्न इच्छुक रहेको छ ।

'तानसेन नगरपालिकाका प्रमुखको नेतृत्वमा स्थानीय तहका प्रमुखसँग बसेर छलफल गर्ने तयारीमा छौं । स्थानीय तहसँग बसेर यो कामलाई सघाउन भनेर भन्छौं । दोस्रो वर्ष तानसेन नगरपालिकासँग जोडिएका स्थानीय तहसँग छलफल गरी काम गर्न खोजिएको हो । ढाकाको उत्पादनमा थप गुणस्तरीयता ल्याउन हामीहरू ग्रामीण क्षेत्रका महिला, दलित, जनजाति तथा अपांगहरूसँग जानुपर्छ, भन्ने लागेको छ ।' सागर महर्जनले भन्नुभयो, 'तानसेन नगरपालिकाभित्र ढाकासम्बन्धी काम गर्ने श्रमिकहरूको अभाव अहिले पनि रहेको छ ।'

तानसेनमा अन्य रोजगारीका सम्भावना रहेकोले ढाका कपडामा काम गर्ने मानिस सहजै भेटिँदैन । ढाका कपडा एकै स्थानमा बसेर काम गर्न अलि अप्ठारो हुँदो रहेछ । यदि उहाँहरूको घरमा तान राख्नुभयो भने फुर्सदको समयमा जतिबेला पनि ढाका बुन्न सकिन्छ । घरको काम सकेर साँझ बिहान ढाका बुन्न सकिन्छ । फुर्सदको समयमा घरमा बसीबसी पैसा कमाउन सकिने रहेछ । ढाका बुनाइको काम ५ देखि १० बजेसम्म गर्ने भन्ने हुँदैन । यो काम फुर्सदको समयमा गर्ने हो । जति मिटर बुन्न सक्यो, मिटरअनुसार पैसा पाइन्छ । ज्याला धेरै दिएर पनि सामान राम्रो बेच्नुपर्छ भन्नेमा व्यवसायी

एकमत भएका छन् । ढाका कपडा बुनाइ गर्ने महिलाहरूले मासिक दश हजारदेखि २० हजार रूपैयाँसम्म आम्दानी गर्छन । प्रतिमिटर ढाका बुनेको दुई सय रूपैयाँदेखि तीन हजारसम्म श्रमिकले पाउँने ढाका उद्योगीको भनाइ छ ।

प्रोजेक्ट म्यानेजर अनुशेष रायमाझीले कटनको धागोबाट मात्र ढाका कपडा उत्पादन हुने गरी काम भइरहेको बताउनुभयो । 'कटनको धागोबाट उत्पादित ढाका कपडा हाइएड मार्केटमा पठाउने हो । हामीसँग अहिले अफिसर लेबलको डिजाइनर हुनुहुन्छ ।' उहाँले भन्नुभयो, 'बजारको अध्ययन गरिरहनु भएको छ । बजारमा ढाका कपडा कुन-कुन प्रकारका सामान खपत भइरहन्छ, पछाडि भिर्ने झोला, कोट, आस्कोट, टाई, टोपी, मनिपर्स नेपाली बजारमा राम्रो खपत छ । अर्कोतर्फ विदेशी बजारलाई हेरी ढाका कपडा उत्पादन, तयारी पोशाकमा विविधता ल्याउन खोजिएको हो ।'

अहिले परियोजना सञ्चालनको सुरूको अवस्था हो । तीन वर्षको अवधिमा ढाका कपडामा नतिजा राम्रो हुनेछ । ढाका कपडा उत्पादनका लागि चाहिने कच्चा पदार्थहरूको समस्याहरू परियोजनाका माध्यमबाट हल हुनेछ । नेपाल धागो उत्पादक संघले हामीलाई कति धागो चाहिन्छ, मागेअनुसार नै धागो दिने गरी कुराकानी भएको छ । हामीले भारतीय धागोको प्रयोग गर्दैनौं । भारतबाट धागो ल्याउन बन्द गरिएको म्यानेजर रायमाझीले बताउनुभयो ।

परियोजना लागु भएपछि धेरै सुधार देखिएको छ । पाल्पाको तानसेनमा बन्द अवस्थामा रहेका उद्योगहरू धमाधम सञ्चालनमा आएकोले पाल्पाली ढाका कपडा रोजीरोजी बजारमा पाउन सकिने भएको हो । उत्पादन ठूलो मात्रामा हुँदा पाल्पाली ढाका कपडाको अभाव नहुने देखिएको छ ।

'पाल्पाली ढाका कपडा कति मात्रामा उत्पादन हुन्छ ? पाल्पाली ढाका कपडा नै बजारमा कति मात्रामा छ, अहिले भन्न गाह्रो छ । नेपालमा पूर्वेली र पाल्पाली ढाका गरी दुई थरी ढाका पाइन्छ ।' रायमाझीले भन्नुभयो, 'जुनसुकै ढाकालाई केहीले पाल्पाली ढाका भनेर बेच्छन् । पाल्पाली ढाकाको ब्राण्ड बनिसकेको र पाल्पाली ढाका संघले लोगो र प्रचार गर्न सकेको अवस्थामा पाल्पाली ढाकाका नामबाट अब कोही पनि पाल्पामा ठगिन पर्दैन ।'

ढाका टोपी, टाई, ब्यागमा अहिले स्तरबृद्धि भएको छ । ढाका कपडाको बुट्टा पहिलाभन्दा राम्रो आएको छ । पहिला 'रफ' थियो । परियोजनामार्फत् उद्योगीले गुणस्तरीय सामान बनाएर बेच्नुपर्छ भन्ने भावनाको विकास भएको छ ।

पाल्पाकै तिनाउ गाउँपालिका-५, बिस्कुनडाँडाकी दीपा राना तीन महिना अघिसम्म बेरोजगार हुनुहुन्थ्यो । पाल्पाली ढाका व्यवसायी संघ पाल्पाबाट सञ्चालित ढाका कपडा बुनाइ तालिममा सहभागी भएपछि अब उद्यमी बन्ने योजना बनाउनुभएको छ । उहाँले छ ओटा जेकार्ड तानबाट ढाका उद्योग सञ्चालन गर्न पूर्वाधारको विकास गरिरहेको बताउनुभयो । पाल्पाकै माथागढी गाउँपालिका ३, सराईस्थित राना ढाका उद्योगबाट तालिम पाएपछि गाउँघरमा बसेर पनि आम्दानी गर्न सकिने ज्ञान, सीप र क्षमताको विकास भएको रानाको भनाइ छ ।

'उहाँको आमाले ढाका बुन्ने काम गर्नुभएको रहेछ । छोरीलाई ढाका कपडामा कति फाइदा हुँदो रहेछ भन्ने थाहा छ । त्यसैले उहाँले उद्योग स्थापना गर्न चाहेमा पाइने परियोजना प्रमुख सागर महर्जनको भनाइ छ । तालिम पाएपछि कम्तिमा एक वर्षसम्म ढाका कपडा उत्पादन गर्नुपर्ने नै हुन्छ । अन्य १०/१५ जनाले पनि काम गरिरहेका छन् । तालिमकै अवधिमा प्रशिक्षार्थीलाई सीपसँगै मासिक भत्ता प्रदान गरिएको थियो ।

'स्थानीय स्तरमा उत्पादित ढाका हामीलाई नै बेच्नुहोस् भनेका छैनौं । हामीलाई दिने दरभन्दा धेरै पैसामा बेच्न सक्नुहुन्छ भने अरूलाई बेच्न सक्नुहुन्छ ।' महर्जनले पुनः भन्नुभयो, 'हाम्रो संघले त ढाका कपडामा मूल्य निर्धारण गर्छौं । उहाँले उत्पादित ढाका हामीलाई भन्दा मिटरमा ५० रूपैयाँ बढी अरूले दिन्छन भने अरूलाई बेच्न सक्नुहुन्छ । हामीलाई नै बेच्नुपर्छ भन्ने छैन ।'

'कोभिडले हामीलाई निकै पछाडि पाऱ्यो । अन्तर्राष्ट्रिय स्तरको डिजाइनर ल्याई डिजाइन गरेर फेसन सो गर्ने योजना नै थियो । कोभिडका कारण अन्तर्राष्ट्रिय डिजाइनर आउन सकेन ।' कोभिडको असरसम्बन्धी महर्जनले भन्नुभयो, 'फेयरट्रेडसम्म हामीलाई लगेर परिचय गराउने भन्ने ठूलो योजना हो । त्यसको लगानी पनि युकेएडले मात्र गर्ने थियो । हामीलाई आर्थिक बोझ बनाएको थिएन । कोभिडले त्यसो हुन सकेन । त्यसमा पनि हामी पछाडि नै पऱ्यौं त्यस शीर्षकमा ठूलो हिस्साको लगानी रहेको थियो ।'

(पत्रकार)

निशान भगवती मन्दिर : सार्वजनिक, निजी साझेदारीको एक नमूना

- भीमसेन कार्की

पुरानो निशान मन्दिर नयाँ निशान मन्दिर

सभ्यता र संस्कृतिको धनी तानसेन सहर विगतदेखि चर्चामा रहेको छ । पाल्पाको सदरमुकाम भएकाले मात्र होइन विभिन्न सामर्थ्यका कारण पनि हो । नेपालको इतिहासमा पाल्पा राज्य काठमाडौँ उपत्यकापछि आर्थिक र सैन्य क्षेत्रमा मजबुत थियो । सेनकालीन पाल्पा राज्य चौबिसे राज्यहरू मध्ये सबैभन्दा शक्तिशाली थियो । पाल्पा धार्मिक तथा सांस्कृतिक चाडपर्वमा पनि काठमाडौँ उपत्यकापछि समृद्ध मानिन्थ्यो अर्थात् काठमाडौँको भाइ पनि भनिन्थ्यो । सेनराजाको समयदेखि नै तानसेनमा वर्षभरि नै चाडपर्वहरू मनाउने गर्दै आएको पाइन्छ । तानसेनमा विशेष गरी हिन्दु र बौद्ध धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । तानसेन धर्म, संस्कृति र रीतिरिवाजमा धनी नगरीको रूपमा चिनिन्छ । समयको परिवर्तनसँगै हाम्रो धर्म, संस्कृति र रीतिरिवाजमा पनि क्षयीकरण हुँदै गएको देखिन्छ । हाम्रा धार्मिक तथा सांस्कृतिक सम्पदाहरू जिर्ण तथा भत्केको अवस्थामा छन् । यिनीहरूको संरक्षणमा सरकारको सक्रियता अत्यावश्यक छ । विडम्बना, धर्म संस्कृतिमा धनी छौँ भन्ने तर संरक्षण र प्रवर्द्धनमा ध्यान नदिने हाम्रो नियति नै बनेको छ । हाम्रा ऐतिहासिक सम्पदाहरू संरक्षणको पर्खाइमा छन । अब ढिलो नगरी हाम्रा ऐतिहासिक सम्पदाहरूको संरक्षण स्थानीय सरकारले नीतिगतरूप मै व्यवस्था गर्नुपर्ने बेला आएको छ । ऐतिहासिक कालदेखि नै अति महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिक धरोहरको निधिको रूपमा रहेको, तिनसाँचा (हाल जिल्ला समन्वय कार्यालय) अगाडिको निशानथान (निशान मन्दिर) पाल्पालीको एक ऐतिहासिक सम्पदा हो । जनयुद्धको समयमा सुरक्षाको दृष्टिले निशानलाई साबिकको ठाँउमा राख्न उपयुक्त नभएकोले यहाँबाट स्थानान्तरण गरियो । तत्पश्चात् खण्डहरमा रूपान्तरण भैरहेको उक्त स्थानमा नेपाल भूपू सैनिक संघको कार्यालय साथै उक्त परिसरमा सरकारी गाडी पार्किङ्ग स्थल, चमेना गृह र फोहर फाल्ने स्थलको रूपमा विकास भैरहेको थियो । तानसेनमा दशकौंदेखिको शिक्षा स्वास्थ्य र पर्यटनको नारा घन्किरह्यो तर बत्तीमुनिको अध्याँरो झैँ तानसेन बजारको मुटुमा रहेको यो परिसर दिन प्रतिदिन कुरूप हुदै

मन्दिर शिलन्यासको बेला (तानसेनका नगरप्रमुख र पृतनापति)

गएको स्थिति थियो । यही सन्दर्भमा श्रीरणउजीरेश्वरी भगवती गुठी व्यव्स्थापन समितिले भगवती मन्दिरलगायत दरबार परिसरको सुरक्षा र सुन्दरताको लागि पनि ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहर निशान मन्दिरको पुर्नस्थापनासहित पुननिर्माण हुनुपर्छ र नयाँ पिढीलाई हाम्रा धार्मिक तथा सांस्कृतिक धरोहरको बारेमा जागृत गराउनुपर्छ भन्ने मान्यताका साथ विभिन्न समयमा नेपाली सेनाका उच्च आधिकारीहरूसँग छलफलका साथै २०७४ भाद्र १४ गते प्रधान सेनापतिलाई पत्राचार गरेपछि मात्र आज मूर्तरूप लिएको छ । हुन त यो अवधिमा नेपाली सेनाले अतिथि गृह बनाउन लाग्यो र दरबार परिसरको आकर्षण बिग्रने भयो भनी, अतिरञ्जित प्रचार सहित तत्कालीन रक्षमन्त्री कहाँ एक प्रतिनिधि मण्डलले विरोध पत्र बुझाउने काम पनि भएको थियो । यता मन्दिर पुननिर्माणको लागि आवश्यक बजेट व्यवस्थापन र निर्माण कार्य कसरी अघि बढाउने भनी तानसेन नगर प्रमुख अशोककुमार शाही, प्रमुख सेनानी सुरज थापा (तत्कालीन गणपति), तत्कालीन सेनानी मनोज डङ्गोल,भगवती गुठीका अध्यक्ष राजेश्वर उदय, वडाध्यक्ष सागर महर्जन र लेखक स्वयम्का बीचमा धेरै पटक छलफल भई काम पनि अघि बढाइयो । सामान्य दुई तले मन्दिरका लागि करिब साठी लाखको लागत अनुमान तयार भयो । सोचे भन्दा धेरै रकमको लागत अनुमानले हामीलाई झस्कायो । तैपनि यता काम सुरू भएको स्थिति थियो । यो अवस्थामा तानसेन नगर प्रमुख शाहीको बजेट कमी हुन नदिने वचनवद्धता र तत्कालीन पृतनापति सीताराम खड्काको स्रोत खोज्ने ओझिलो वचन हाम्रा लागि सञ्जीवनी बुटी जस्तै बन्यो । कामले निरन्तरता पाइरहेको अवस्थामा एकातिर चरम आर्थिक अभाव अर्कोतर्फ कोभिड-१९ का कारण कामले गति लिन सकेन । तैपनि नेपाली सेनाले श्रमजन्य काम त गरिरहेको थियो । त्यही समयमा तत्कालीन गणपति प्रमुख सेनानी सुरज थापाको सरुवा र नयाँ गणपतिको रूपमा प्रमुख सेनानी जनककुमार बस्नेतको आगमन भयो । बिस्तारै कोभिड-१९ को प्रभाव कम हुँदै गएको स्थिति थियो । लागत अनुमान र नक्सामा समावेश नगरिएको पुरातात्विक हिसाबको भक्तपुरे दाची अप्पा, पर्खालहरू, फलामे ढोका, भुइँमा बिछ्याउने फ्लाग स्टोन साथै निशान वाटिकाको निर्माण कार्य गर्नैपर्छ भनी आपसी सल्लाह र सहमति गरियो । तर यी कार्यलाई समावेश गर्दा लागत अनुमान एक करोडभन्दा बढी आउँदा, स्रोत नभएको स्थितिमा निकै द्विविधामा परियो, जुन स्वभाविकै हो । स्वच्छ मनले शक्तिको प्रतीक निशान भगवती मन्दिर बनाउने सुरूदेखिकै हाम्रो सोच र संकल्पले गर्दा बिस्तारै बिस्तारै बजेटको व्यवस्था हुन लाग्यो । खातामा रकम नभए तापनि, नयाँ आउनुभएका गणपति प्रमुख सेनानी जनक कुमार बस्नेत, तत्कालीन सेनानी मनोज डङ्गोल, समितिका कोषाध्यक्ष भूगोल वैजू र लेखक स्वय्म बीच दैनन्दिन हुने छलफल र सल्लाहले काम गर्ने जाँगर र आत्मविश्वास बढाउँथ्यो । त्यसैमा तत्कालीन पृतनापति उपरथी सीताराम खड्का, हालका पृतनापति उपरथी सञ्जय थापा, तत्कालीन वाहिनीपति सहायक रथी सुदर्शन सिल्वाल, हालका वाहिनीपति सहायक रथी टीकाराम गुरूङ्गको बेलाबेलामा हुने निरीक्षण, निर्देशन, सल्लाह सुझाव पनि निशान मन्दिर तथा वाटिका निर्माणलाई मूर्तरूप दिन थप प्रेरणाको स्रोत बन्यो । निशान भगवती मन्दिर निर्माणको क्रममा, नेपाली सेनाले गरेको श्रमले बाहिर हेर्न र कुरा गर्न जति सजिलो देखिन्थ्यो, भित्री आर्थिक व्यवस्थापनको पाटो निकै चुनौती र अप्ठ्यारो भइरहेको

थियो । व्यक्तिगत सापटीले कति दिन चल्ने ? एकथरीलाई नेपाली सेनाको बजेटबाट काम भइरहेछ भन्ने भ्रम पनि थियो । जब निशान मन्दिर र वाटिका निर्माणले आकर्षक स्वरूप लिँदै गयो त्यसपछि हाम्रो व्यक्तिगत प्रयासमा स्थानीय दानवीरहरूले आर्थिक सहयोग गर्ने वातावरण बन्यो जसका कारणले पनि निर्माण कार्य चाँडो सम्पन्न भयो । नेपाली सेनाको श्रमदानको मूल्यबाहेक करिब एक करोडभन्दा बढीमा निर्माण सम्पन्न भएको निशान मन्दिर तथा वाटिकामा लुम्बिनी प्रदेश सरकारबाट रू. ९,०९,७७६/-, तानसेन नगरपालिकाबाट रू. २३,५५,६३६/-, बगनासकाली गाँउपालिकाबाट रू. ७३,८७०/- मध्ये पश्चिम पृतना हेडक्वार्टरअर्न्तगत नेपाली सेनाका वाहिनी, गुल्म, गणबाट रू. १५,५०,०००/- र श्रद्धालु दानवीरबाट करिब रू ५१,००,०००/- भन्दा बढी नगद लगानी भएको छ । तानसेनमा निशान भगवती मन्दिर सार्वजनिक, निजी साझेदारीको एक अनुकरणीय नमुना पनि हो । नयाँ निर्माण भएको निशान मन्दिर तथा वाटिका तानसेन आउने पर्यटकको लागि एउटा आकर्षक गन्तव्य बनेको छ । यो हाम्रो ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा पनि हो । यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य हो ।

अब विषय प्रवेश गरौँ निशान र मन्दिरतर्फ । श्री ५ बडामहाराजधिराज पृथ्वी नारायण शाहको पालामा कालीवक्स, श्रीनाथ, बरखसहित पाँचवटा सेनाको कम्पनी स्थापना गरिएको थियो । नेपाली सेनाको कम्पनी (गुल्म, गण) हरूको नामाकरण विभिन्न देवी देवताहरूको नामवाट गरिन्थ्यो । सेन र शाहकालमा मात्रै नभएर राणा कालमा पनि पाल्पा सांस्कृतिक, आर्थिक तथा सैन्य शक्तिमा मजबुत थियो । निशान भन्नाले सैनिकको 'झण्डा' वा 'चिन्ह' भन्ने बुझिन्छ । नेपालको सबैभन्दा पुरानो मूल निशान नेपाली सेनाको सदरमूलकोट (कम्पू कोट) काठमाडौँमा छ । यो मूल निशानलाई सबै गुल्म, गणले कोतपूजामा दाहिने राखेर पूजा गर्दै आएको छ । केही इतिहासविदहरूले यो निशानलाई गोरखा राज्यको हो भन्ने पनि गरेका छन । पहिला तानसेनमा निशान तीनसाँचा (हाल जिल्ला समन्वय कार्यालय) अगाडि झिंगटीले छाएको एकतले भवनमा थियो । बसन्तपुरमा रहेको निशानधाराबाट दैनिक शुद्ध जल ल्याएर निशान मन्दिरमा बिहान साँझ नित्य पूजा गर्ने गरिन्थ्यो । निशान मन्दिरमा बसन्तपुरबाट जल ल्याएर चढाउने हुनाले यो धाराको नाम निशानधारा रहन गएको भन्ने पनि जनश्रुति छ । निशानमा ठूलो दसैँ (बडादसैँ) को नवमीमा र सानो दसैँ (चैते दसैँ) को अष्टमीमा विशेष पूजा हुन्छ । यो दिनमा नेपाली सेनाको एउटा टुकडी बाजागाजा सहित श्री रणउजीरेश्वरी मन्दिरलाई दाहिने पारेर तीनफन्को मारी सलामी अर्पण गरेपछि मात्र निशानको विधिवत पूजा शुरू गरिन्छ । यो दिनमा जिल्लाका कार्यालय प्रमुखहरू, जनप्रतिनिधिहरू र श्रद्धालु भक्तजनहरूको विशेष उपस्थितिमा उल्लासमय वातावरणमा पूजा हुने गर्दछ । यो पूजामा संकल्प पूजाको रूपमा कुभिण्डो, बोका र राँगोलाई बलि दिइन्छ भने विसर्जन पूजामा क्रमशः राँगो, बोका र कुभिण्डोलाई दिने चलन छ । तर यहाँ अब बोका र कुभिण्डो मात्र बलि दिइन्छ । अरू ठाँउको निशान मन्दिरको पूजाभन्दा यहाँको अलि पृथक् थियो । पहिले यो निशान मन्दिरमा, वडादसैँको घटस्थापनादेखि शरीर शुद्ध भई सेतो वस्त्र पहिरी कसैलाई नछोई, नबोली वसन्तपुर, तानसेनमा स्थायी बसोवास गरेका दमाई पुजारी (ढोली कार्की, कैरनको) बसन्तपुरवाट निशान मन्दिरसम्म पैदल आई उनले, जनश्रुतिअनुसार आकाशबाट खसेको सेनकालीन झ्याली तीन पटक झ्याँइ झ्याँइ बजाउने तत्पश्चात् सर्वसाधारणले पूजासहित बलि चढाउने चलन थियो ।

बसन्तपुरको दमाई पुजारीको मृत्युपछि यो चलन रोकिएको छ । उनका सन्ततिहरू यहीँ भए तापनि यो कार्य रोकिएको छ, किन हो थाहा छैन । सुन्नमा आएअनुसार, सेनकालीन उक्त झ्याली जसको भित्री भागमा कमल दलमा 'म-च्छि-न्द्र-ना-था-य' लेखिएको बहुमूल्य झ्याली हरायो भन्ने छ । सम्बन्धित निकायले यसको सोधीखोजी गर्नु जरूरी छ । यो हाम्रो ऐतिहासिक सम्पति हो । यो विशेष पूजा तैनाथवाला गणपतिले गर्ने चलन छ । नेपाली सेनाको प्रत्येक गुल्म वा गणमा आ-आफ्नै निशान हुन्छ । सेनाको गुल्म वा गण जुन स्थानमा बसेको हुन्छ त्यही नै निशान रहन्छ तर उक्त गुल्म वा गण अन्यत्र सरूवा भएमा निशान पनिसँगै लगिन्छ । निशानसँग सम्बन्धित भएकाले, यहाँ धनकुटाको एउटा वास्तविक घटना उल्लेख गर्न सान्दर्भिक लाग्यो । वि.स. २०२१/२२ तिर श्रीजङ्ग पल्टनको निशानलाई धनकुटाबाट ताप्लेजुङ्ग लिएर जाने निर्णय भएपश्चात् मन्दिरको प्राङ्गणमा रहेको मन्दिरको दाँयापट्टिको घण्टीको रालो धैरै समयसम्म हल्लिरहेकोले कुनै अनिष्ट हुने ठानी निशान सार्ने कार्यलाई रोकिएको थियो । धनकुटाका स्थानियवासीकाअनुसार पछि

पहिले



अहिले

श्रीजङ्ग पल्टन स्थानान्तरण भई जाने क्रममा निशान लगिएकोले सो समयमा धनकुटा र वरपरका क्षेत्रमा बाढी पहिरो, भूकम्प, दैवी विपत्ति आदि भएको थियो । पछि श्रीजङ्ग गणको निशानलाई पुन धनकुटा ल्याई स्थापना गरियो । त्यस्तै आजभन्दा करिब बाह्र वर्ष अघि फेरि धनकुटामा रहेको गणको सरूवा भयो । धनकुटावासीले त्यहाँको सेनासँग निशान धनकुटामै राख्न धेरै अनुरोध गरे । धनकुटावासीले यो निशान हाम्रो पनि आस्था र शक्तिको केन्द्र हो भनी अनुरोध गरे तापनि नियामानुसार गणसँगै निशान पनि लैजानै पर्थ्यो । धनकुटावासीको विरोधका बाबजुद उनीहरूलाई थाहै नदिई बिहानै हेलिकप्टरबाट लैजान खोज्दा स्टार्ट नै भएन । हेलिकप्टरको प्राविधिक पक्ष सबै ठीक छ तर धेरै प्रयास गर्दा पनि स्टार्ट नभएपछि, स्थानीयको अनुरोधमा निशान हेलिकप्टरबाट निकाल्नासाथ स्टार्ट भयो । तत्पश्चात् अहिले श्रीजङ्ग गण, ईन्द्रध्वज गण र जंगी निशान धनकुटामा संगै छ । तानसेनमा भँ धनकुटामा पनि नागरिक र नेपाली सेनाको संयुक्त प्रयासमा निशान भगवतीको भव्य मन्दिर बनेको छ । अहिले धनकुटामा निशान भगवती मन्दिर एक शक्ति देवीको रूपमा स्थापित भएको छ ।

यो घटनाले पनि निशानमा रहेको अर्न्तनिहित शक्ति प्रमाणित गर्छ । यसर्थ सैन्य क्षेत्रमा निशानको धेरै महत्त्वपूर्ण स्थान रहेको छ । तानसेनमा नव निर्माण गरेको निशान भगवती मन्दिरमा सबुज, भवानी, बरखको साथै हाल तैनाथ श्रीगोरखदल गणको निशान रहेको छ । यति धेरै गणहरूको निशान किन स्थापना गरियो भन्ने जिज्ञासा हुन सक्छ । यसको लागि अलिकति इतिहासतर्फ फर्कनुपर्छ । नेपाली सेनामा श्री सबुज वि.स. १८१९, श्री वरख वि.स. १८४०, श्रीभवानी वि.स. १८४२ र श्रीगोरखदल वि.स. १९३६ मा स्थापना भएका थिए । वि.स.१९५१ मा पाल्पामा सबैभन्दा धेरै सैनिक जवान र पल्टन तैनाथ गरिएको थियो । त्यो समयमा भवानी र ईन्द्रध्वजमा क्रमश ५००/५३३ र सबुज र बरखमा ४७२/४७२ नफ्री थियो र पछि प्रत्येक पल्टनमा २४० जनाका दरले वृद्धि गरिएको थियो । साथै ११५ जवान संख्या रहेको रूद्रदल र समरदल नामका अलग्गै दुई कम्पनी पनि थियो । वि.स.१९९० मा ईन्द्रध्वज पल्टन धनकुटा गएपछि पाल्पामा सबुज, भवानी र बरख तिनवटा मात्र पल्टन रह्यो । वि.स. २००९ मा नेपाली सेनाको पुर्नगठन भएपछि पाल्पामा सवुज पल्टन मात्र वि.स. २०२० सम्म रह्यो । वि.स. २०१० मा सबुजबाट ११० जना नफ्री झिकी नं १ हिमाल राईफल कम्पनी खडा गरिएको थियो । राणाकालदेखि नै सबुज, भवानी, बरख पल्टन पाल्पामा लामो समयसम्म तैनाथ रहेर योगदान दिएकाले यी गणहरूको निशान राखिएको हो । तर समयक्रमसँगै पल्टन र नफ्रीको संख्या घट्दै जानु तथा २०६१ सालतिर पुराना गणहरूको निशान सम्बन्धित गणले लिएर जानुले पनि तानसेन, पाल्पाको शक्ति क्षय हुँदै गएको भन्ने केही बुढापाकाको भनाइ पनि रहेको छ । फलस्वरूप आज पनि पाल्पा सबै क्षेत्रमा पछि पर्दै जानु कतै यो पनि एउटा कारण हो कि संयोग हो ! सोचनीय विषय छ ।

मन्दिरको भित्री भागको चारैतर्फ बडो आकर्षक अष्टमात्रिकाको चित्र पनि कोरिएको छ । तानसेनको केन्द्रबिन्दुमा रहेको दरबार परिसरमा केवल निशान मन्दिर मात्र निर्माण

पहिले



अहिले

भएको छैन मन्दिरको उतरतर्फ मनमोहक निशान वाटिका निर्माण भएको छ । पाल्पाको पहिचान झल्कने करूवाबाट मन्दिरतर्फ जल अर्पण गर्ने सानो पोखरी बनाइएको छ । श्रीनगर डाँडाबाट देखिने लामो हिमश्रृङ्खला, रानीमहल, पाल्पाली ढाकाको बुट्टासमेतको आकर्षक चित्र पनि वाटिकाको सुन्दर पक्ष हो । त्यस्तै निशान परिसर हिजो र आज भनेर इतिहास झल्काउने फ्लेक्स व्यानर राखिएको छ । साथै सगरमाथा हिमालको स्वरूप निर्माणले पनि वाटिकाको रौनकता थपेको छ । यसका अतिरिक्त विभिन्न रंगीचङ्गी फूल, बोटबिरूवाले सज्जिएको वाटिकाले कसको मन लोभ्याउन्न र ! कोभिड-१९ कहर हटेर समय सहज भएपछि यो एक राम्रो र सम्झनलायक पर्यटकीय गन्तव्य बन्नेमा कुनै द्विविधा छैन । अन्तमा, यो ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा पुननिर्माण गर्न आर्थिक तथा अन्य सहयोग गर्ने सम्पूर्ण हातहरूप्रति हार्दिक नमनसहित विशेष धन्यवाद दिन्छु । कोरोना कहरको समयमा पनि दिनरात नभनी अहोरात्र खटेर निशान भगवती मन्दिर र वाटिकालाई सुन्दर र आकर्षक बनाउन श्रमका साथै बुद्धि-विवेक प्रयोग गर्ने श्री गोरखदल गण मातहत परिचालित सकल दर्जाका सम्पूर्ण कर्मवीर सेनामा कृतज्ञतासहित विशेष धन्यवाद ।

सन्दर्भ सामग्री

पाल्पा गौंडा एक ऐतिहासिक अध्ययन, डा. कर्णबहादुर बानियाँ क्षत्री

सांस्कृतिक नगर तानसेन the living Museum, निर्मल श्रेष्ठ

तानसेनमा मनाइने जात्रा तथा चाडपर्वहरु, मदन देउराली

धनकुटा गौंडाको इतिहास, प्रा.डा. गोपालप्रसाद भट्टराई

पाल्पासँग नेपाली सेनाको ऐतिहासिक सम्बन्ध, श्री चण्डीप्रसाद गण, नागपोखरी, पाल्पा

(अध्यक्ष, निशान मन्दिर निर्माण उपभोक्ता समिति)

तानसेन नगरपालिकाको अनुरोध

- सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

कविता

समृद्धिको सपना

- विष्णु पौडेल

जसै साँझ पर्छ
क्रमशः चुक पोखिए झैँ अँध्यारो घोप्टिन्छ
घरको छानाको ठीक माथि आकासमा
बिस्तारै फैलिन्छ त्यो कालो
वरदेखि पर, धेरै पर क्षितिजसम्म ।

रात अँध्यारो भएर के भो ?
समृद्धिको सपना देख्ने मेरो रहर
सधैँ उज्यालो छ, चम्किलो छ ।
मीठो कल्पनामा डुब्दै म निदाउने गरेको छु प्रायः रातहरू
र खोजी गर्छु अँध्यारो बीचै
समृद्धिको आशा लाग्दो सपना ।

केही दिन भो, जब उज्यालो छाउँछ
एक्कासी ठूलो होहल्ला सुनिने गरेको छ, सहर र
बस्तीहरूमा ।
अनुमान र यथार्थको बीचमा
तटस्थ हुन मलाई धेरै गाह्रो हुन्छ,
यद्यपि मेरा विचारहरू धेरै हदसम्म निरपेक्ष छन् ।

मेरो अनुमान
गल्लीमा कुकुरहरू भुकेका छन्, एउटा सानो हड्डीको लागि
र समृद्धिको सपना भङ्ग गर्ने वास्तवमा कुकुरहरू नै हुन्
म चेष्ठा गर्छु तिनलाई धपाउने
म प्रयत्न गर्छु, म धृष्टता गर्छु
तर यथार्थमा, ती आवाज कुनै कुकुरहरूको भुकाइ हुँदैन,
मेरो भ्रम भुर्र उड्छ ।

ठालु मुखिया र अगुवा भन्न रूचाउनेहरू
झगडा गरेका छन् आवाज त्यताबाट आएको छ,
छ्यापाछ्याप गरिरहेका छन् आक्रोसको हिलो
शान्ति खलबलाएका छन्, हल्ला मच्चाएका छन् आ-आफै
शक्ति, स्वार्थ र पदका खातिर ।

र पनि अहिलेसम्म शान्त छन् टोलबस्तीहरू
शीतल छन् तिम्रा सहरका मान्छेहरू
छन् केवल अशान्त र उग्र त
ती ठालु मुखिया र अगुवाहरू जो आफूलाई श्रेष्ठ ठान्दछन् ।

विडम्बना भन्नु या यथार्थता
यी ठालु मुखिया र अगुवाको हो-हल्ला र हठले
करिब करिब भङ्ग भइसकेको छ
मेरो समृद्धिको सपना,
मलाई थाहा छ आउने लामो कालखण्डसम्म
सायद ममा अब कुनै समृद्धिको सपना देख्ने हैसियत
हुने छैन ।

(सर्जक)

तानसेन नगरपालिकामा कार्यसम्पादन सम्झौता कार्यान्वयनमा

- चुरामणि पोखरेल

नगरपालिकाबाट प्रवाह हुने सेवामा प्रभावकारिता ल्याउने तथा विकास निर्माणका क्रियाकलापलाई दिगो, गुणस्तरीय र परिणाममुखी बनाउने उद्देश्यका साथ तानसेन नगरपालिकाको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटसँग तादात्म्यता कायम हुने गरी नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र तानसेन नगरपालिका मातहत १३ वटा शाखा प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता (Performance Contract) परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइएको छ ।

दि एसिया फाउन्डेसन नेपालअन्तर्गत स्थानीय सरकार सबलीकरण कार्यक्रम (TAF-DFAT) बाट तानसेन नगरपालिकालाई प्राविधिक सहयोग प्रदान गरिएको थियो । यसमा नेपाल सरकारका पूर्व मुख्यसचिव डा. सोमलाल सुवेदी र स्थानीय शासन विज्ञ लक्ष्मण पाण्डेमार्फत् परामर्श सेवा प्रदान गरिएको थियो । यसबाट शाखागत कार्य जिम्मेवारीमा स्पष्टता आई नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा छिटो, छरितो, नतिजामूलक र जवाफदेही भई गुणस्तरीय परिणाम प्राप्त हुने अपेक्षा गरिएको छ ।

कार्यसम्पादन करार, निजी क्षेत्रबाट चुस्त र नतिजामुखी कार्यसम्पादनका लागि आरम्भ भएको अवधारणा भए तापनि विकासक्रमसँगै यसको प्रयोग सार्वजनिक प्रशासनका क्षेत्रमा पनि अवलम्बन गरिएको पाइन्छ । नेपालका नगरपालिका र जिल्ला विकास समितिका क्रमशः कार्यकारी अधिकृत तथा स्थानीय विकास अधिकारी र तत्कालीन स्थानीय विकास मन्त्रालयका सचिवबीच सन् २०१४ मा कार्यसम्पादन करारको अभ्यास गरिएको र कार्यसम्पादनमा सुधार भएको पाइएको थियो । फलस्वरूप वि.सं.२०७२ मा नेपाल सरकारका केही मन्त्रालयहरू र विभागहरूले पनि कार्यसम्पादन करार प्रणालीको अवलम्बन गरेका थिए । यसको विकास र बिस्तारको क्रममा आ.व. २०७६/७७ मा प्रधानमन्त्री र मन्त्रीहरू तथा मन्त्रीहरू र सचिवहरूबीच कार्यसम्पादन करार भएको पाइन्छ । हाल विभिन्न निकायहरूले कार्यसम्पादन सम्झौता गर्ने प्रचलन बढ्दो रूपमा रहेको छ । नेपाल संघीय संरचनामा गएपछि कार्यसम्पादन करार गर्ने नगरपालिकाका रूपमा तानसेन अग्र स्थानमा रहेको छ ।

तानसेन नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूको स्वीकृत कार्य विवरण तथा स्वीकृत नीति, कार्यक्रम तथा बजेटअनुरूप मिलान गरी तयार गरिएको कार्यसम्पादन करारबाट सम्बन्धित शाखाको कार्यमा स्पष्टता, कार्यक्षमता र व्यवसायिक दक्षतामा अभिबृद्धि हुँदै संघीयताको कार्यान्वयन र सोको प्रतिफल नागरिकलाई दिलाउन महत्त्वपूर्ण प्रणालीका रूपमा स्थापित हुने विश्वास गरेको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो । शाहीले कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका लागि कार्यसम्पादन करार महत्त्वपूर्ण आधार हुने भएकाले राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई प्रोत्साहन मिल्ने प्रष्ट पार्नुभयो । चालु आ.व.को परीक्षणबाट प्राप्त सिकाइका आधारमा कार्यसम्पादन सम्झौतालाई परिमार्जन गरेर आगामी आ.व.देखि पूर्ण कार्यान्वयन गर्ने सोच तानसेन नगरपालिकाको रहेको नगरप्रमुख शाहीले बताउनुभयो ।

(लुम्बिनी प्रदेश संयोजक, दि एसिया फाउन्डेसन)

कोभिड-१९ दोश्रो लहर सहितको महामारीमा तानसेन नगरपालिकाको क्रियाशीलता

- भरत प्रसाद आचार्य

विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को पहिलो कष्टपूर्ण कहर कटेको १ वर्ष नहुँदै दोश्रो लहरले जनजीवन आक्रान्त बनाएको छ । नयाँ-नयाँ प्रारूपमा नेपालमा पनि तीब्रताका साथ प्रवेश भएको यो रोगले पाल्पा जिल्लामा यी पंक्ति तयार पार्दासम्म १०६ जनाले ज्यान गुमाईसकेको स्थिति छ । जिल्लाको सदरमुकाम भएका कारण तानसेन नगरपालिका क्षेत्र अझ बढी प्रभावित हुनु स्वभाविक हो । निश्चय पनि कोरोना भाइरसका नयाँ भेरियन्ट पहिलाको तुलनामा बढी नै घातक छ । सीमित उत्पादन तथा अधिक आवश्यकता भएकाले सबैले खोप पाउनु त असम्भव नै छ । बाहिरी मुलुकबाट आयातित सीमित खोपले समुदायमा अर्को कोलाहल थपिदै गएको स्थिति छ, भने प्राप्त खोप लगाउन स्वास्थ्यकर्मीलाई ठुलै समस्या खेप्नु परेको तथ्य बाहिरिएको छ । त्यसैले रोगबाट बँच्नुको मुख्य उपाय भनेको सुरक्षाका सबै मापदण्ड अवलम्बन गर्नुबाहेक दोश्रो विकल्प तत्काल देखिँदैन ।

दोश्रो लहरसँगै महामारीको रूपमा फैलिएको यो रोगको रोकथाम तथा नियन्त्रण गर्न पाल्पा जिल्लास्थित कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको २०७८।१।१५ गते बसेको बैठकबाट निर्णय भई २०७८ बैशाख १७ बाट लागू हुने गरी निशेधाज्ञा घोषणा गरेपश्चात् संक्रमण हाल केही मत्थर हुँदै गएको हो कि भन्ने जिल्लाको आकडाबाट देख्न सकिन्छ । पछिल्लो समयमा संक्रमितभन्दा निको हुने दर बढी भएको तथ्याङ्क आइरहेकोछ । जसबाट रोग केही नियन्त्रणमा आएको देख्न सकिन्छ ।

के गऱ्यो त तानसेन नगरपालिकाले दोश्रो लहरको निशेधाज्ञाको बेलामा

नेपाल सरकारको तत्कालको आदेश तथा पाल्पा डिसिसिएमसीको निर्णयअनुसार निशेधाज्ञा जारी गरेसँगै तानसेन नगरपालिकाले नियमित रूपमा सञ्चालन र सम्पन्न गर्दै आएका योजना तथा कार्यक्रमहरू प्रभावित भएको छ । आर्थिक वर्षको उत्तरार्द्धमा भएको यो समस्याले नगरपालिकाको लक्षित कार्यक्रम, वडास्तरको योजना, नगरस्तरीय योजना, प्रवर्द्धनात्मक कार्यक्रम, नगर गौरवका योजना, कृषि, पशु, शिक्षा, स्वास्थ्य, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा उद्यमशीलता विकास कार्यक्रम, विभिन्न साझेदारी संघसंस्थाहरूसँग गरिएका सम्झौता बमोजिमका कार्यक्रमहरू तथा नियमित सेवा प्रवाह गनुपर्ने दैनिक सेवा र निर्माणका कामहरूमा समेत असर परेको छ । यद्यपि सुरक्षा मापदण्डसहित कतिपय विकास निर्माणका काम सम्पन्न भए ।

निशेधाज्ञा जारी गरेसँगै नगरपालिका बोर्डले २०७८।१।१७ मा गरेको निर्णयवाट स्वास्थ्य सेवाबाहेक प्रमुख प्रशासकीय अधिकृत र अति आवस्यकीय केही कर्मचारीहरूको उपस्थितिमा मात्र नगरपालिकाको सेवा सञ्चालन भयो । स्थानीयवासीहरूको दैनिक आवश्यकताहरूलाई ध्यानमा राखी सीमित जनशत्तिका वावजुद सेवा सञ्चालनमा रहयो ।

त्रिभुवन बहुमुखी क्याम्पसमा आइसोलेशन कक्ष स्थापना गर्नका लागि आवश्यक पर्ने भवन, औषधी तथा स्वास्थ्य सामग्री खरिद र व्यवस्थापन, वडास्तरमा नगरवासीको नियमित कोरोना परीक्षण, एम्बुलेन्सको व्यवस्थापन, अक्सिजनको सिलिन्डर खरिद तथा रिफिलिङ्ग, उपचार कक्षको लागि स्वास्थ्य उपचारमा खटिने डाक्टरसहितको जनशक्ति व्यवस्थापन, कोभिडबाट मृत्यु भएकाहरूको लागि शव व्यवस्थापन गर्न विद्यमान जनशक्ति परिचालन भयो ।

तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीमार्फत् संक्रमितहरूको उपचार र सुरक्षणका लागि विभिन्न संघ संस्थाहरूसँग औपचारिक रूपमा समन्वय भएको थियो । तानसेन

स्कूल अफ हेल्थ साइन्सबाट विपन्न समुदायहरूलाई सहयोग हुनेगरी प्राप्त भएको खाद्यान्न दैनिक समस्यामा परेका समुदायहरूलाई स्थानीय स्तरमै पुगी जनप्रतिनिधिहरू मार्फत् विपन्न सुत्केरी र कोरोनाका कारण अभिभावक गुमाउनु परेका गरिव परिवार, गरिब तथा सीमान्तकृत एवम् हुँदा खानेहरूका लागि राहत स्वरूप आवश्यक खाद्यान्न वितरण गरियो । यसैगरी सिआरएस काठमाडौँबाट करिब रू. १६ लाख १३ हजार बराबरको स्वास्थ्य सामग्री प्राप्त भएकोले नगरपालिकामार्फत् युनाइटेड मिसन अस्पताललाई सहयोग स्वरूप कोभिड बिरामीहरूको उपचारका लागि हस्तान्तरण गरिएको थियो । यसैगरी संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, सु-आहारा, हेफर इन्टरनेसनल नेपाल, कारितास नेपाल लगायतका संस्थाहरूले तानसेन नगरपालिकालाई सहयोग गर्ने प्रतिबद्धता गरेअनुसार केही सहयोग यस अवधिमा प्राप्त भएका छन् ।

तानसेन नगरपालिकाले अन्तर्राष्ट्रिय भगिनी (Sister City) सम्बन्ध रहेको चीनको सिचुवान प्रान्तको लसान नगरपालिकासँगको प्रत्यक्ष समन्वयमा तानसेन नगरवासीलाई आवश्यक पर्ने खोपको व्यवस्थापन गर्न छलफल तथा निर्णयसमेत भएकोमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा मिति २०७८।२।१४ गतेको तानसेन नगरपालिकाको पत्रबाट स्वीकृत माग गरिएकोमा हालसम्म स्वीकृति नपाएका कारण काम अगाडि बढ्न सकेको छैन ।

कोभिड-१९ दोश्रो भेरियन्टबाट समस्याग्रस्त यो नगरका जनताको स्वास्थ्य र सुरक्षणका लागि कुनै कसुर बाँकी नराखी अग्रपंक्तिमा खटिने नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृतलगायत सबै जनप्रतिनिधि र कर्मचारीहरूबाट चुनौतीको सामना गर्दै हालको अवस्थामा आएको अवस्था छ । त्यसैले सबै मिलेर संकट व्यवस्थापन गर्न आँट गरौँ । तेश्रो अवस्था आउने स्वास्थ्य विज्ञहरूबाट आएको कोरोनाको नयाँ प्रारूपलाई समेत सबै मिलेर समाधान गरौँ । 'आफू बचौँ र अरूलाई बचाऔँ' भन्ने मूल ध्येयसहित तानसेनले पूर्व तयारीस्वरूप स्थायी आइसोलेसन निर्माणको काम थालेको छ ।

(शाखा अधिकृत)

- **कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।**
- **नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**
- **कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।**
- **कर तिरौं, सभ्य नागरिक बनौं।**
- **समयमै कर तिरौं, जरिवानाबाट बचौं।**

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

- विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- बाल बिबाहलाई निरूत्साहित गरौं।
- बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

अवसरको खोजीमा बाहिर जान खोजेका जनशक्तिलाई नगरमा स्थापित गर्दै तानसेन नगरपालिका

- नारायण न्यौपाने

जंगबहादुर राणाको पालामा विदेशमा पल्टनमा भर्ती गर्न लैजान सुरू गरेपछि नेपालमा वैदिशिक रोजगारीको सिलसिला सुरू भएको थियो । यो क्रम धेरै वर्षदेखि विधिवत रूपमा सञ्चालित छ । अहिलेको अवस्थासम्म आइपुग्दा नेपालबाट विदेशमा कामका लागि, अध्ययनका लागि, भ्रमणका लागि र केही बसाइ-सराइ गरेर गएकोसमेत पाइन्छ ।

तानसेन नगरपालिकामा जन्मेका कतिपय नागरिक यहाँ सुख हुन्न वा अघि बढ्न सकिन्न भनेर रोजगारी तथा व्यापार व्यवसायका लागि बाहिरिनेको सङ्ख्या दैनिक बढिरहेको छ । कृषि तथा उद्यम व्यवसायमा क्रान्तिका कुरा गरिएअनुसार त्यो भनेझैँ भएको छैन । सोचअनुसार प्रयत्न गरे प्रतिफल प्राप्त होला ।

तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले तानसेनमा अपार सम्भावना भएको अवस्थामा पनि नगरबासीले त्यसलाई नचिनेर बाहिर जाने गरेको बताउनुभयो । 'हाम्रो एउटा समस्या छ, हामीले पहिला सम्भावना र सकारात्मक कुरा हेर्नेभन्दा पनि जोखिम कहाँ छ हेर्दछौँ, त्यसले बढी नकारात्मक बनाउँछ, कामको सुरूवात नै गर्न डर लाग्छ' शाहीले भन्नुभयो, 'एउटा सफल मान्छेको काम हेरेर सिक्नुपर्छ ।' शाहीले तानसेन नगर छोडेर जानेहरूलाई जन्मभूमिमा फर्किन आग्रह गर्नुभएको छ । एग्रो टुरिजममा काम गर्न चाहनेलाई हामी ५० लाख रूपैयाँसम्मको रकममा ब्याज छुट दिने व्यवस्था गर्छौं । हामीले पब्लिक प्राइभेट पाटनरसिपमा काम गर्न चाहनेका लागि पनि विशेष कार्यक्रम तथा योजना अगाडि ल्याएका छौँ । रानीमहल, श्रीनगर जस्ता प्रख्यात पर्यटकीय स्थलमा पाटनरसिप चाहेको शाहीको भनाइ छ ।

देशबाहिर गएकाहरूसँग भर्चुअल मिटिङ पनि भैरहेको, उहाँहरूलाई कृषि तथा उत्पादनमूलक व्यावसायमा जोडिनका

लागि अनुरोध गरेको शाहीले बताउनुभयो । रोजगारीका लागि भारत, इटली, अमेरिका, अस्ट्रेलियालगायतका ठाउँमा रहेका तानसेनबासीहरूसँग कुराकानी भएको र कतिपय सकारात्मक भएको शाहीले बताउनुभयो । तर कोभिड र राजनीतिक तरलताका कारण मानिसहरूमा संकोच भने उत्पन्न भएको उहाँको धारणा छ ।

नेता तथा जनप्रतिनिधिले दिने आश्वासनमा कुनै प्रश्न गर्न नसकिने अवस्थामा बाध्यताले विदेश जानुको विकल्प नभएको तानसेन-५ कैलाशनगरका घनश्याम पौड्याल बताउनुहुन्छ । 'यही देशमै केही हुन्छ भन्छन्, हामी स्वरोजगार बनाउछौँ भन्छन् तर किन भएन भनेर सोधौँ टाइम लाग्छ भन्छन् अनि तेतिन्जेल हामी भोकै बस्ने ?' पौड्यालले भन्नुभयो, 'हेर्नुस् हामीलाई थाहा छ विदेशको पीडा तर नगई त भएन ।' पौड्यालले निर्वाहसम्म हुने भए पनि विदेश जान नखोजेको बताउनु भयो । विदेश गएपछि गास र केही समयपछि एउटा राम्रो आवास बनाउने आधार बन्छ जुन नेपालमा बसेर गर्न सक्ने सम्भावना नै नभएको उहाँले बताउनुभयो । 'त्यसैले पनि म विदेशमा जाने योजना बनाएको थिएँ । विदेशमा गएर आएपछि तराईतिर एउटा सानो टुकुरो जमिन किन्न सकेको छु अब केही वर्षपछि एउटा आफ्नै बास हुन्छ । यहाँ बसेर अरूको मुख ताकेर समय बिताएर कुनै अर्थ नै छैन । अब केही दिनमा दुवइ फर्किन्छु ।' उनले भने ।

बाहिर जाने धेरैको उद्देश्य पैसा कमाउनु नै भएको देखिन्छ । तानसेनको बर्तुङ घर भएका सुन्दर नेपाल अहिले दुवइ हुनुहुन्छ । उहाँको बुटवलमासमेत घर छ । अहिले उहाँले तानसेन-५ कैलाशनगरमा पनि घर बनाइरहनुभएको छ । १५ दिनको बिदामा आएको बताउँदै नेपालले आनन्दसँग बस्नका लागि श्रीनगरको आडमा घर बनाएको बताउनुभयो । 'कमाउने, रमाउनका लागि पनि हो अरू के नै गर्नुछ र बुटवलमा गर्मी बढी हुने त्यसैले तानसेनको डाँडामा घर बनाएँ' नेपालले भन्नुभयो, 'विदेशमा कमाएको पैसा घर जग्गामै लगानी गरेको छु ।' देशको राजनीतिक परिस्थितिका कारण पनि नेपालमा बस्नभन्दा देशबाहिर नै ठिक भएको उहाँको तर्क छ ।

तानसेनबाट पढ्न जाने र उतै विदेश बस्नेहरू पनि छन् । तानसेनमा आएर आफूले आर्जन गरेको सीप तथा अध्ययनअनुसारको काम पाउने सम्भावना नभएका कारण पनि त्यस्तो निर्णयमा पुगेको कतिपयको भनाइ छ । विदेशमा पढेर नेपाल आएर काम गर्नेमा ढुक्क नभएका कारण उनीहरू उतै बस्ने गरेको केहीको प्रतिक्रिया छ । यद्यपि तानसेन नगरपालिका जमानी बसेर बिना धितो न्यून व्याजदरमा लगानीको अवसर प्राप्त भएपछि सयौँ युवा स्वरोजगार अभियानमा जोडिएको नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

(स्टेशन प्रबन्धक कुटुम्ब एफएम, तानसेन)

कोरोना रोकथाम र नियन्त्रणमा तानसेन नगर सरकारको अनुकरणीय प्रयास

- सुनिल कार्की

पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा अवस्थित तानसेन नगरपालिका नेपालकै तेस्रो नगरपालिका हो । मोफसलमा बनेका अन्य नगरपालिकाभन्दा पुरानो नगरपालिकाको साख बनाएको तानसेन नगरपालिका पर्यटकको रोजाइमा पर्दछ । कोरोनाका कारण पछिल्लो समय तानसेन आउने पर्यटकहरूको संख्या घट्दो छ ।

मुलकभर देखा परेको कोरोना संक्रमणको दोस्रो लहरको प्रभावबाट तानसेन नगरपालिकासमेत मुक्त रहन सकेन । नगरभित्र सयौँ नगरबासी कोरोना पोजेटिभ भए भने नगरका कैयौं असल र बुद्धिजीवी, ऊर्जाशील नागरिकले कोरोनाकै कारण ज्यान गुमाउनुपर्यो । तानसेन नगरसरकारले कोरोनाको दोस्रो लहर देखिना साथ यसको रोकथाम, न्यूनीकरण र सचेतनाका लागि १४ वटै वडामा वडा स्तरीय कोरोना रोकथाम तथा नियन्त्रण समिति गठन गरेर समुदायस्तरमा कोरोना रोकथाममा जुटेको थियो ।

बढ्दो कोरोनाको संक्रमण रोकथाम र नगरबासीको जीवन रक्षा एवम् संक्रमितको स्वास्थ्य उपचारका लागि तानसेन-१४ अर्गलीको त्रिभुवन माविमा १० बेड र त्रिभुवन बहुमुखी क्याम्पस तानसेनको अयोध्याप्रसाद प्रधान स्मृति भवनमा २२ बेडको अक्सिजनयुक्त आइसोलेसन सेन्टर निर्माण गरिएको थियो । स्वयम्सेवी डाक्टर झपेन्द्र ढकालसहितको दक्ष स्वास्थ्यकर्मीको टोलीद्वारा २४ सै घण्टा कोभिड संक्रमित बिरामीको स्वास्थ्य उपचार गरिएको तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

डा. ढकालको नेतृत्वमा परिचालित स्वास्थ्य टोलीले नगरपालिकाले निर्माण गरेको आइसोलेसनमा निःशुल्क चिकित्सकीय सेवासमेत प्रदान गरेको नगरउपप्रमुख लक्ष्मीदेवी पाठकले बताउनुभयो । तानसेन नगरपालिकाले निःशुल्क एम्बुलेन्स सेवा समेत सञ्चालनमा ल्याएको छ ।

नगर सरकारका प्रमुख मेयर अशोककुमार शाही आइसोलेसन सेन्टरमा दैनिक नै पुगेर र कहिलेकाहीँ फोन सम्पर्कबाट उपचाररत बिरामीको स्वास्थ्य अवस्था बुझ्ने गर्नुभएको थियो । नागरिकको स्वास्थ्य उपचारमा नगर सरकार साथ मै छ भनेर हौसला र आत्मविश्वास बढाउन नगरप्रमुख शाहीलगायत जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतसमेत आइसोलेसन सेन्टर पुग्ने गरेको तानसेन नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपानेले बताउनु भयो ।

जिल्लाका धेरैजसो कोभिड अस्पतालमा चिकित्सकको निगरानीमा स्वास्थ्य उपचार नपाइरहेको बखत तानसेन नगर सरकारले डाक्टरसहित नर्स, पारामेडिक्सलगायतका स्वास्थ्यकर्मीबाट निरन्तर उपचार सेवा प्रदान गरिरहेको छ । स्वास्थ्य सेवाबाट आइसोलेसनमा सेवा लिइरहेका बिरामीले स्वास्थ्य सेवा र त्यहाँ प्रदान गरिएको उपचारप्रति सन्तुष्टि जनाएका छन् । जिल्लाका ठूला अस्पतालमा समेत राम्रो उपचार र हेरचाह नपाएपछि कोभिड संक्रमित बिरामी तानसेन नगरपालिकाले निर्माण गरेको आइसोलेसन सेन्टरको उपचारमा फर्की फर्की सेवा लिन आउने गरेका तानसेन नगरपालिकाका प्रवक्ता दामोदर घिमिरेले बताउनुभयो । तानसेन नगर सरकारले तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा सञ्चालन गरेको कोभिड अस्पताल आइसोलेसन सेन्टरमा यी पंक्ति तयार पार्दासम्म २६ जना कोरोना पोजेटिभले उपचार सेवा लिएका स्वास्थ्य शाखाका सहसंयोजक सिरबहादुर रानाले बताउनुभयो । समुदायस्तरमा

फैलिएको कोरोना संक्रमणलाई रोकथाम गर्न यी पंक्ति तयार पार्दासम्म तानसेन नगर सरकारले २९३९ जनाको निःशुल्क कोरोना परीक्षण गरेको छ । जसमा ५०३ जनामा कोरोना पोजेटिभ देखिएको थियो ।

तानसेन नगर पालिकाले बिरामीको उपचारमा कुनै पनि प्रकारको कमी नहोस् भनेर डाक्टर, दक्ष स्वास्थ्यकर्मी, औषधि, अक्सिजन, खाना, खाजालगायतको राम्रो प्रबन्ध मिलाएको छ । स्वास्थ्यकर्मीलाई संक्रमितको उपचारमा हौसला प्रदान गर्न तलबको शतप्रतिशत थप रकम, दैनिक दुई हजार भत्ता र खाना खाजाको निःशुल्क व्यवस्था नगरपालिकाले गरेको बताउनुहुन्छ तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पिताम्बर पाण्डे । कोभिड आइसोलेसनमा बसेका बिरामीलाई आफ्नै घर परिवारका सदस्यलाई जस्तै गरी उपचार सेवामा खटिन मेयर अशोक कुमार शाहीले स्वास्थ्यकर्मीलाई गरेको आग्रहको साच्चिकै पालना भएको पाइयो । हाल जिल्लाका ठूला प्राइभेट अस्पतालमा उपचार नगराएर तानसेन नगरपालिकाले स्थापना गरेको आइसोलेसनमा राम्रो स्वास्थ्य उपचार र हेरचाह भएका कराण बिरामीले फर्कीफर्की आउने गरेको भेटियो । तानसेन नगर सरकारले निकट भविष्यमा देखापर्न सक्ने कोरोनाको तेस्रो लहरलाई मध्यनजर गरी स्थानीय आइसोलेसन सेन्टर निर्माणको लागि तानसेन नगरपालिकाले आफ्नै भवन बनाउने तयारी सुरू गरेको नगरप्रमुख शाहीले बताउनुभयो । शाहीले आगामी वर्षको नीति कार्यक्रम र बजेटमा यो कामलाई प्राथमिकता दिइने बताउनुभयो ।

तानसेन नगर सरकारले समुदाय स्तरमा बढ्दो कोरोनाको संक्रमणलाई न्यूनीकरण गर्न वडाका टोलमा पुगेर कोरोना परीक्षणलाई समेत निरन्तर अघि बढाएको छ । पाल्पा अस्पतालको सहकार्यमा नगरपालिकाले गाउँटोलमै रूघाखोकी, ज्वरोलगायतको लक्षण देखिएका नगरबासीको स्वास्थ्यलाई ध्यानमा राखेर वडास्तरमा सुरू गरिएको परीक्षणले नगरबासीमा आत्मविश्वास बढेको तानसेन १४ अर्गलीका ९४ वर्षीय नित्यानन्द पाण्डेले बताउनुभयो ।

नगरपालिकाका १४ वटै वडाका टोलटोलमा पिसिआर परीक्षण गर्ने क्रममा तानसेन नगर सरकारले तानसेनको टुँडिखेल, शीतलपाटीमा स्थानीयबासी, व्यापारी, व्यवसायी, जनप्रतिनिधि, कर्मचारीलगायतलाई लक्षित गरेर निःशुल्क कोरोना परीक्षण सिबिर सञ्चालन गरेको पाल्पा अस्पतालका अध्यक्ष नेत्रप्रसाद पाण्डेले बताउनुभयो । तानसेन नगरपालिकाको वडा नं १४ अर्गली, वडा नं ५ को सेतीपोखरी, वडा नं ७ को कुसुमडाँडा, वडा नं ११ को बन्दिपोखरा र बाँझा, वडा नं ९ को दमकडालगायतको ठाउँमा परीक्षण सिबिर सञ्चालन गरेको स्वास्थ्य शाखा प्रमुख झविन्द्र न्यौपानेले बताउनुभयो ।

तानसेन नगर सरकारले सम्पूर्ण नगरबासीलाई खोप प्रदान गर्ने भएको छ । तानसेन नगरपालिका र चीनको लसान नगरपालिकाबीच कायम भएको भगिनी सम्बन्धका कारण खोप खरिदको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग अनुमति माग गरी सकेको नगरप्रमुख शाहीले बताउनुभयो ।

यस्तै अन्य परोपकारी संघसंस्थासँग नगर सरकारले आवश्यक स्वास्थ्य सामग्रीका लागि सहयोग माग गरेको छ र ती सामग्री कतिपय प्राप्त भए भने कतिपय आउने प्रक्रिया अन्तिम चरणमा पुगेको छ । यसरी तानसेन नगर सरकारले कोरोनाको रोकथाम र न्यूनीकरणको लागि वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय समिति निर्माणदेखि चिकित्सकसहितको आइसोलेसन सेन्टर सञ्चालन, स्वास्थ्यकर्मीको प्रोत्साहनको लागि आर्कषक पारिश्रमिक, भत्ता, निःशुल्क उपचार, विमालगायतको सुविधा प्रदान गरी कोभिड आइसोलेसन सेन्टरको उपचारलाई थप प्रभावकारी र व्यवस्थित बनाइरहेको छ भने उपचाररत बिरामीको लागि निःशुल्क उपचार, निःशुल्क औषधि, खाना, खाजा, यातायात लगायतको सुबिधा र सेवा प्रदान गरेर तानसेन नगरपालिका नेपालमै नमुना पहिचान बनाउने ढंगले कोभिडको रोकथाम र नियन्त्रणमा जुटेको छ ।

(प्रतिनिधि, पालिका खबर डटकम)

तानसेन नगरपलिकाको आठौं नगरसभा सम्पन्न:

विभिन्न नीति, विधेयक एवम् कार्यविधि तथा कार्यक्रम पारित

- बिष्णु खनाल

नेपालको संबिधानको भाग १८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ४ र ५ मा व्यवस्था भएअनुसार वर्षमा दुई पटक हुने सभाको बैठकअन्तर्गत तानसेन नगरपालिकाले हिउँदे अधिवेसन सम्पन्न गरेको छ । माघको दोस्रो साता तानसेनमा संसदीय अभ्यासको अवधारणाअनुसार नगरपालिकाले आफ्नो आठौं नगरसभा तथा हिउँदे अधिवेशन सम्पन्न गरेको हो । हिउँदे अधिवेशनमा चालु आर्थिक वर्षमा लिएका नीति तथा कार्यक्रमको समीक्षा बजेट तथा कार्यक्रम संसोधन, विभिन्न विधेयक एवम् कार्यविधिहरूमाथि छलफलसहित पारित भएका छन् ।

"सुव्यवस्थित पूर्वाधार, पहिचानमूलक उत्पादन र हरित वातावरणयुक्त पर्यटकीय, समावेसी, सांस्कृतिक नगर" को नारासहित अगाडि बढेको तानसेन नगरपलिका त्यस खालको कार्यलाई प्रभावकारी रूपमा लागु गर्दै अगाडि बढेको छ । नगरपालिकामा गत वर्षे अधिवेसनमा तय भएका नीति तथा कार्यनीतिहरूबाट निर्देशित बजेट तथा कार्यक्रमहरू कार्यन्वयनको अवस्थामा रहेका छन् ।

सभाको सुरूमा नगरप्रमुख अशोक कुमार शाहीको अनुमतिमा तानसेन वडा नं. १ का अध्यक्ष रामप्रसाद बस्यालले आर्थिक वर्ष २०७७/०७८ को समीक्षात्मक बजेट तथा योजना कार्यान्वयन अवस्थाको बारेमा प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

उहाँले चालु आर्थिक वर्षमा नगरपालिकाले विनियोजन गरेको १ अर्ब १२ करोड ८९ लाख ६० हजार ७ सय ४७ बजेट रहेकोमा पूँजीगततर्फ ४६ करोड १४ लाख ३५ हजार ७ सय ४७ (४०.८७ प्रतिशत) र चालुतर्फ ६६ करोड ७५ लाख २५ हजार (५९.१३ प्रतिशत) बजेट विनियोजन गरिएको बताउनुभयो ।

हालसम्म आय ४५ करोड १६ लाख १४ हजार ३ सय ५६ (४० प्रतिशत) प्राप्त भएकोमा खर्च २५ करोड २५ लाख ३६ हजार ६ सय ६१ रहेकोमा वित्तीय प्रगति २२.३७ प्रतिशत रहेको छ । यस खर्चमा पुँजीगततर्फ ८ करोड ८३ लाख ८७ हजार ८ सय ३१ (२५ प्रतिशत) र चालुतर्फ १६ करोड ४१ लाख ४८ हजार ८ सय २८ (६५ प्रतिशत) रहेको छ ।

यस आधारमा वित्तीय प्रगतिमा केही कमी भएको पाइएको छ तर भौतिक प्रगति भने सन्तोषजनक रहेको छ ।

सभामा नगर सभा सदस्य विनिता लुइँटेलले तानसेन, ९ को सडक विवादलाई तत्काल मिलाउन अनुरोध गर्नुभयो । नगर सभा सदस्य रमेश न्यौपानेले विकासमा के कति काम भए विश्लेषण गर्नुपर्ने बताउनुभयो । विकासका

योजनाहरूमा सत्तापक्ष र प्रतिपक्ष भन्ने धारणा नराखी योजनाहरू सम्पन्न भएको बताउनुभयो । तर जनचाहाना अनुसार काम नभएको धारणा उहाँले राख्नुभयो ।

तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीको अध्यक्षताको नगरसभाबाट विभिन्न ऐन, कार्यविधि तथा प्रस्तावहरू पारित भएका छन ।

विनियोजन विधेयक, २०७७ (पहिलो संसोधन)

सभामा उपप्रमुख लक्ष्मिदेवी पाठकले नगरपालिकाको आर्थिक वर्ष ०७७/७८ को प्रशासनिक तथा योजना खर्च विनियोजन विधेयक प्रस्तुत गर्नुभएको थियो ।

सभामा विनियोजन विद्येयक, २०७७ (पहिलो संसोधन) प्रस्तुत गर्नुहुँदै नगर उपप्रमुख लक्ष्मीदेवी पाठकले नगर कार्यपालिकाको निर्णयले बजेट खर्च हुन नसक्ने अवस्था र अत्यावश्यक अवस्थामा बजेट विनियोजन गर्नुपर्ने भए निर्णय गर्न सक्ने बताउनुभयो । आर्थिक वर्ष ०७७/७८ को निमित्त नगरकार्यपालिका,वडा समिति, विषयगत शाखाले गर्ने विकास सेवा र कार्यहरूका निम्ति १ अरब २३ करोड ८८ लाख ९५ हजार ७ सय ३२ रूपैयाँको आयव्याय चालु खर्च, पुँजीगत खर्च र आर्थिक वर्ष ०७७/७८ को लागि लागु हुने योजना तथा खर्चको लागि विनियोजन ऐन सर्वसम्मत रूपमा पारित भयो ।

आर्थिक ऐन,२०७७ (पहिलो संसोधन)

कार्यपालिका सदस्य सुनिता बैजूले तानसेन नगरपालिकाको आर्थिक ऐन, २०७७ (पहिलो संसोधन) प्रस्ताव पेस गर्नुभएको थियो । जसमा सवारी साधनको करको दर समावेस छ । जसअनुसार टाँगाको वार्षिक कर पाँच सय रूपैयाँ, रिक्साको वार्षिक कर चार सय रूपैयाँ, अटो रिक्साको वार्षिक कर १ हजार रूपैयाँ, विद्युतीय रिक्सा तथा स्कुटरको वार्षिक कर छ सय रूपैयाँ तोकिएको छ । जसमा रूट परमिट पाँच रूपैया र रूट परमिट नवीकरण दुई सय रूपैयाँ रहेको छ ।

आर्थिक वर्ष ०७७/७८ को लागि लागु हुने आर्थिक ऐन २०७७ सर्वसंम्मत रूपमा पारित भयो ।

स्थानीय वन विधेयक, २०७७

कार्यपालिका सदस्य मैयादेवी घिमिरेले प्रस्तुत गर्नुभएको तानसेन नगरपालिकाको वन विधेयक २०७७ सर्वसम्मत रूपमा पारित भयो ।

एफ एम रेडियो सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०७७

नगरसभा सदस्य दीपक विश्वकर्माले एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७७ प्रस्तुत गर्नुभयो । जसमा नगरभित्र एक सय वाटसम्मको रेडियोको प्रशारणसम्बन्धी कार्यक्रमको रेखदेख तथा सञ्चालनको नीति निमार्ण गर्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ । नयाँ इजाजत लिन चाहने व्यक्ति वा संस्थाले तानसेन नगरपालिका समक्ष निवेदन दिनुपर्ने छ र तोकिएअनुसारको रोयल्टी नगरपालिकालाई बुझाउनुपर्नेछ ।

रेडियो सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ सर्वसम्मत रूपमा पारित भयो ।

नगरसभाबाट पारित नीति तथा कार्यक्रमका उपलब्धीहरू

कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार

नगर क्षेत्रका विभिन्न क्वारेन्टाइनमा ४ हजार १ सय १७ जनालाई राखियो, जसमध्ये १ सय २१ संक्रमितलाई उपचार गरिएको छ । नगरपालिका तथा पाल्पा अस्पतालबाट ३ हजार ७ सय ८२ जनाको स्वाब संकलन भएकोमा जसमा ६ सय ३५ जना संकमित भएका छन् भने १० जनाको संक्रमणकै कारण निधन भएको छ । नगरपलिकाको स्वास्थ्य शाखामार्फत् २ हजार १ सय ९ जनाको स्वाब संकलन भएको छ । जसमा १ सय ९६ जना संकमित भेटिएका छन् । कोरोना ल्याब स्थापना गर्न ९ लाख रूपैयाँ सहयोग नगर सरकारले गरेको छ । कारितास नेपालसँगको समन्वयमा २ सय २७ घर परिवार र ६४ जना व्यवसायीलाई आर्थिक सहयोग प्रदान गरिएको छ र स्वास्थ्यकर्मीलाई २० प्रतिशत थप पारिश्रमिक प्रदान गरिएको छ ।

पूर्वाधार विकास

तानसेन नगरभित्र पूर्वाधारतर्फका कुल ४ सय ३१ योजनाहरूमध्ये यस अवधीसम्म नगर गौरवका आयोजना ५, नगरस्तरीय पूर्वाधार आयोजनाहरू ६०, वडा स्तरीय योजना ३ सय ३०, सडक बोर्ड १, संघ विशेष अनुदान १, स्थानीय विकास साझेदारी कार्यक्रम १३ र मर्मतसम्भार कोषतर्फ १२ वटा योजनाहरू कार्यन्वयनमा रहेका छन् । सञ्चालनमा रहेका योजनामध्ये १५ वटा योजनाहरू सम्पन्न भइसकेका छन ।

स्वरोजगार कार्यक्रम

युवाहरूलाई स्वदेशमै उद्यमशील बनाउने उद्देश्यले युवा स्वरोजगार कार्यक्रमको लागि नगरपालिकाले बिना धितो २ करोड ६२ लाख रूपैयाँ सुलभ कर्जा प्रदान गरी ७२ घरका ३ सय ७५ युवा उद्यमीहरूलाई रोजगारी प्रदान गरेको छ । जसअन्तर्गत कृषि रोजगारी, ढाका तालिम, कस्त्वानिर्माण तालिमलगायत रहेका छन् ।

कृषि विकास तथा पशु सेवा

कृषि क्षेत्रतर्फ १ हजार कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत जातको गहुँको बीउ वितरण,१ सय ७० घरलाई १०० केजी प्याजको बीउ वितरण,५० प्रतिशत अनुदानमा च्याउको बीउ वितरण गरिएको छ ।

मल अभावलाई सामना गर्दै २ हजार केजी मल वितरण भएको छ । साथै घाँसको बीउ वितरण, कृत्रिम गर्भाधान सेवा तथा संघसंस्था अनुगमन तथा आवश्यक सुझाव र निर्देशनको काम भएका छन् ।

सामाजिक विकास

कोभिड-१९ का कारण बन्द विद्यालयहरू सुरू भएका छन् । विद्यालयमा चाँहिने माक्स, सेनेटाइजर, थर्मलगन उपलब्ध गराइएको छ । तानसेनभित्रका ८८ जना शिक्षकलाई २५ प्रतिशत अनुदानमा ल्यापटप उपलब्ध गराउने कार्यक्रम छ । प्रत्येक वडाबाट विपन्न असहाय, अल्पसंख्यक, फरक क्षमता भएका र जेहन्दार छात्राहरूमध्येबाट ७० जनालाई मासिक एक हजारका दरले प्रोत्साहन रकम प्रदान गर्ने योजना छ ।

स्वास्थ्य सेवा

सामाजिक स्वास्थ्य बिमा कार्यक्रमतर्फ दलित, अल्पसंख्यक, सीमान्तकृत, महिला स्वयमसेविका सरसफाइकर्मी, फरक क्षमता भएका व्यक्ति तथा दृष्टिविहीन विद्यार्थीहरूसहित १ हजार ७ सय ६० जनाको स्वास्थ्य बिमा गरिएको छ । साथै २२ विपन्न नागरिकलाई सहुलिएत उपचारको लागि सिफारिस गरिएको छ ।

वन, वातावरण तथा विपद व्यवस्थापन

ल्यान्डफिल्ड साइड क्षेत्रमा कुहिने फोहरबाट विश्व बैंकको अनुदानसहित १४ करोड लागतमा ऊर्जा परियोजना सञ्चालन गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सम्झौता भई डेभलपर छनोटको काम भएको छ । शौचालय नभएका १ सय १५ परिवारलाई वस्तुगत सहयोग उपलब्ध हुनेछ । विपद व्यवस्थापनतर्फ १ सय ६४ जनालाई राहत रकम प्रदान र १ सय १५ जना प्रकृयामा रहेका छन् ।

सुशासन तथा संस्थागत विकास

नगर कार्यपालिकाको कार्यालयमा २७ जना प्राविधिक जनशक्ति आवश्यक भएकोमा, ५ जना कम्प्युटर अपरेटर,२ जना उद्यम विकास सहजकर्ता, १ जना अहेव र २ जना हेबी चालक व्यवस्थापन गरिएको छ । कार्यालयहरू सूचनामैत्री भएका छन् । नगरका गतिविधि इतिहास, कला संस्कृति, पर्यटन विकासको अवधारणा समेटिने हाम्रो तानसेन त्रैमासिक बुलेटिन निरन्तर प्रकाशित छ । नगरपलिकाको वेवसाइड, मोवाइल एप्स, फेसबुक पेज, नोटिस बोर्डमार्फत् नगरका गतिविधिबारे नगरबासीलाई सुसूचित गरिएको छ । जनतासँग मेयर कार्यक्रम निरन्तरता दिइएको छ ।

वडाका योजनाहरू संसोधन प्रस्ताव रामबहादुर रावलले प्रस्तुत गर्नुभएकोमा विभिन्न सुझावसहित पारित भएको छ । सभामा सभाध्यक्षले केही समसामयिक प्रस्तावहरूसमेत प्रस्तुत गर्नुभएको थियो । सभाध्यक्षले सभामा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो । सभामा तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले नगर सरकारले जनताको पक्षमा गरेको काम बिस्तारै देखिन थालेको बताउनुभयो । उहाँले चालु नगरसभाले हरेक वडाका १ किलोमिटर सडक कालोपत्रे गर्ने प्रस्ताव पारित गरेको बताउनुभयो ।

सभाको शून्य समयमा आफ्ना धारणा राख्नुहुँदै नगरसभा सदस्य विष्णुबहादुर कार्कीले नगरपालिकाले हालसम्म गरेका कामको समीक्षा गर्दै अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले नगरपालिका प्रशासन र जनप्रतिनिधिका बीचमा प्रभावकारी समन्वय हुन नसक्दा फोहोर व्यवस्थापन कार्य अगाडि बढ्न नसकेको बताउनुभयो । यस्तै अर्का नगरसभा सदस्य नारायण न्यौपानले तानसेन वडा नं. १ को भुसलडाँडा क्षेत्रलाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएकाले त्यस क्षेत्रमा व्यवसाय गर्ने व्यक्तिलाई करमा छुट दिनुपर्ने माग राख्नुभयो । कार्यक्रममा नगरसभा सदस्यहरू विनिता लुइटेल, नेत्रप्रसाद गैरे, रामप्रसाद बस्याल, गणेश थापालगायतले सुझाव मन्तव्य राख्नुभएको थियो ।

(प्रतिनिधि, रेडियो नेपाल)

स्व. पूर्ण बहादुर राना अर्थात् कलाकार सोमेलाई सम्झिँदा

- किरण चित्रकार

पछिल्लो समय कुशल कलाकारको पहिचान बनाएका पूर्णबहादुर राना पिता स्व. ज्ञान बहादुर राना र माता श्रीमती पवित्राको कोखबाट २०२२ पौष १ गते पाल्पाको ठिमुरे बर्घामा जन्मिएका थिए । बाल्यकालमा ३ कक्षा समय बर्घामा त्यसपछि एस.एल.सी. पाल्पा भैरव मा.वि.मा र बुटवल क्याम्पसबाट इतिहास विषय लिएर डिग्री गरेका पूर्णबहादुर राना पहिले आफ्नो तराई घर सालझण्डीमा बसोबास गर्थे । वि.सं. २०५१ देखि युनाइटेड मिसन अस्पतालमा क्यासियर पदमा कार्य गर्दै आएको र २०५३ सालमा भगवती रानासँग विवाह बन्धनमा बाँधिए । उहाँका २ छोरा समीप र सलिन छन् । उहाँले गाउँले देउराली साप्ताहिक, नव जनचेतना दैनिक, बुटवलबाट प्रकाशित लुम्बिनी र मेचीकाली दैनिकमा साहित्यिक लेखहरू लेख्दै आउनुभएको थियो । साथै पत्रिकामा पत्रकारिताको काम पनि गर्नुभएको थियो । उहाँ साहित्यकार, रचनाकार, गीतकार, वाद्यवादन तथा अभिनयतर्फको कलाकारको रूपमा हास्य कलाकारका रूपमा पनि चर्चित हुनुहुन्थ्यो । उहाँसँग तानसेन पाल्पा बसपार्कबाट निकालिने जात्राहरू चुइकी, हास्यव्यङ्ग्य गाईजात्रा प्रहसन, लाखे नाच, छोकडा नाच, बाघजात्रामा हाम्रो क्लब (कल्याण कोष समिति) हाल पाल्पाली नाट्य कला सांस्कृतिक समुहसँग २०५४ सालदेखि साथ दिँदै पाल्पालीहरूलाई हँसाउने व्यक्तिको रूपमा चिनिन सक्षम हुनुहुन्थ्यो । उहाँले नव जनचेतना दैनिकमा २०७१ चैत्र २१ गते शनिवारको दिनमा लेखेको "तानसेन घमाइलो जता निरमाया उतै रमाइलो" शीर्षकको लेखले पाल्पा तानसेनको जात्राको विषयमा बढी प्रोत्साहन दिएको थियो भने पूर्णबहादुर राना धन्यवादको पात्र बन्नुभएको थियो । त्यस्तैगरी लुम्बिनी दैनिक पत्रिकामा २०७१ चैत्र १९ गते विहीवार प्रकाशित नेपालमा भएका नेताहरूले दिएका झुठा आश्वासन, विभिन्न कार्यालय (भन्सार, मालपोत, यातायात, श्रमविभाग, अन्य) सरकारी कार्यालयमा भएका भ्रष्टाचार र घुषखोरीको विषयलाई लिएर व्यङ्ग्यात्मक लेख लेख्नुभएको थियो र पुरस्कारसमेत प्राप्त गर्नुभएको थियो । उहाँलाई पत्रकारिता, साहित्य र अभिनयमा लाग्न गोविन्द भट्टराईले प्रेरित गर्नुभएको थियो । कतिपयले नाटक लेख्न उहाँले सघाउँनु भएको पूर्ण रानाले बताउनुहुन्थ्यो ।

- किरण चित्रकार, गंगा, पूर्ण, हेम

उहाँले गाईजात्रामा लाहुरे, चुइकीमा बाहुन र महिला, बाघजात्रामा कटवाल, लाखेमा सिकारी, छोकडा नाँचमा मारूनी, वाद्यवादन गीत गाउने आदि अभिनय गर्नुहुन्थ्यो । उहाँले रचेका नाटकको स्क्रिप्टमा हाम्रो समुहका कलाकारले अभिनय गर्दा जीवन्त अनुभव हुन्थ्यो । उहाँले बजाएका मादलमा नृत्य गर्दा हाम्रा खुट्टाहरूको औलासहित जरजराउँथ्यो । उहाँ यथार्थवादी हुनुहुन्थ्यो ।

उहाँको नेपाली चलचित्र बनाउने पहिलेदेखि नै धोको थियो, त्यसको फलस्वरूप (२०७१) सालमा नेपाली कथानक चलचित्र 'जीवन लीला' बनाउनुभयो । उहाँले आफ्नै गाउँठाउँ जिल्ला नगरको विकास र हाम्रो ठाउँको चिनारी हुनुपर्छ भन्ने उद्देश्यले सुटिङ्ग युनिटलाई (काठमाडौंबाट टेक्निसियन, कलाकारलगायत सम्पूर्ण टिमलाई) ४५ दिनको लागि पाल्पामै बसाइ गराई सुटिङ्ग सक्काएका थिए । पछि डविङ्ग, इडिटिङ्ग, मिक्सिङ्गको काम मात्र काठमाडौंमा सम्पन्न गरेको थियो । जुन चलचित्रको मुख्य निर्मातामा स्वयम् पूर्णबहादुर राना हुनुहुन्थ्यो भने सहायक निर्मातामा म किरण चित्रकार । उक्त चलचित्र पहिलो चरणमा उपत्यका बाहिर प्रदर्शन गरिएको थियो भने ६ महिनापछि उपत्यकामा प्रदर्शन भएको थियो । उक्त चलचित्र "जीवन लीला" मा हाम्रो देशको परिवेशअन्तर्गत गाउँले पाराको नेपालीको भाव हुने गाउँले जीवन तथा विषयवस्तुमा आधारित मन छुने चलचित्र बनेको थियो । पाल्पालीले माया गरेर होला तानसेनको सन्तोष चलचित्र मन्दिरमा च्यारेटी शो र दैनिक २ पटकसम्म दोहोराएर हप्तौं प्रदर्शन भएको थियो । उक्त चलचित्रमा पाल्पामा भएको विभिन्न कलाकेन्द्र साहारा/राज मञ्जुश्रीका नव प्रतिभाको नृत्य गर्ने कलाकारसमेतले आफ्नो कला प्रस्तुत गर्ने अवसर पाएका थिए । उक्त चलचित्र प्रदर्शनपछि पाल्पामा रहेका दृष्टि विहीनहरूलाई १ छाक भोजनको व्यवस्था गरिएको थियो । उहाँले जनता मा.वि.मा रू. ५०,०००।- र महेन्द्र बोधि मा.वि.मा रू. १०,०००।- बराबरको अक्षयकोष खडा गरेर त्यसबाट प्राप्त व्याजले गरिब र जेहेन्दार विद्यार्थीलाई सहयोग गर्दै आउनुभएको थियो । २०५८ सालमा पश्चिमाञ्चल नाटक महोत्सव पोखरामा सम्पन्न भएको नाटक 'यो के हुँदैछ' उहाँको लेखनमा पाल्पाली कलाकारले अभिनय गरेका थिए जसमा तृतीय स्थान हासिल गरेका थिए । त्यस्तै गरी २०६२ सालमा बुटवलमा प्रदर्शन भएको गाईजात्रा हास्यव्यङ्ग्य "नेपाली जनता कठै बरा" प्रतियोगितामा हाम्रो समुह प्रथम स्थान हासिल गर्न सफल भएको थियो । जसको लेखक स्वयम् पूर्णबहादुर राना हुनुहुन्थ्यो । त्यस्तै युनाइटेड मिसन अस्पतालको प्रत्येक वर्षको वार्षिक उत्सवमा खेल, हाजिरीजवाफ प्रतियोगिता एवम् उहाँको अभिनयबाट प्रभावित भएर उक्त अस्पतालको २५ औं वार्षिक उत्सवमा उहाँले स्वर्ण पदक पनि प्राप्त गर्नुभएको थियो । उहाँ वाङमय प्रज्ञा प्रतिष्ठानको महासचिव पदमा कार्यरत हुनुहुन्थ्यो । प्रतिष्ठानका अध्यक्ष गोपाल बस्यालका शब्दमा पूर्ण राना बहुप्रतिभाशाली व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको २०७५ भदौ २३ गते निमोनियाको कारणले निधन भएको थियो । उहाँको अन्तिम संस्कार हिन्दु परम्पराअनुसार पाल्पा काली गण्डकी राम्दीघाटमा गरिएको थियो । उहाँको भौतिक रूप नभए पनि असल र अमर कर्म हाम्रा मानस्पटलमा ताजै छन् । हाम्रो तानसेन त्रैमासिकले उहाँलाई स्मरण गरेर न्याय गरेको छ ।

(लेखक/कलाकार तथा पूर्ण रानाका सहकर्मी)

पाल्पा रेडक्रस र तानसेन नगरपालिकाको सम्बन्ध

- बिनोद भारती

मानवीय सेवामा समर्पित रेडक्रस र नगरवासीको हितमा क्रियाशील तानसेन नगरपालिकाबीच हितैषी सम्बन्ध रहेको भेटिन्छ । रेडक्रस, विश्वको १९२ राष्ट्रहरूमा सबै भन्दा ठूलो मानवीय सेवामा समर्पित भएर काम गरिरहेको छ । नेपालमा वि.स. २०२० भाद्र १९ मा नेपाल रेडक्रस सोसाइटीको स्थापना भएपश्चात् रेडक्रसको उद्देश्यअनुरूप मानवीय सेवा कार्यमा निरन्तर समर्पित भै अब्बल मानवीय संस्थाको रूपमा काम गरी रहेको छ । पाल्पामा वि.स. २०२७ मंसिर २७ मा स्थापना भएको नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले आफ्नो स्थापनाकालदेखि नै स्वयम्सेवकहरू परिचालन, प्राथमिक उपचार सेवा, प्रकोप व्यवस्थापन, राहत तथा उद्धार, स्वास्थ्य सचेतना तथा आवश्यकतामा आधारित विकासका गतिविधिहरूका अतिरिक्त एम्बुलेन्स सेवा र रक्त सञ्चार सेवासमेत सञ्चालन गर्दै आइरहेको छ । त्यस्तै गरी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँगको सहकार्य र समन्वयमा विविध गतिविधिहरू पनि सञ्चालन गरेको छ । तानसेन नगरपालिका नेपालकै तेश्रो पुरानो नगरपालिकाको रूपमा परिचित छ र काम गर्ने सिलसिलामा धेरै अनुभवप्राप्त प्रमुखहरूलाई यस तानसेन नगरपालिकाले पाइसकेको हामी देख्न सक्दछौ । २००७ साल चैत्र महिनामा स्थापना भएपश्चात् तानसेन नगरपालिकाले सामाजिक, भौतिक, मानवीय स्वास्थ सेवाका कार्यहरू निरन्तर गर्दै आएको छ । तानसेन नगरपालिका र नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाबीचको सम्बन्धलाई हेर्ने हो भने अन्योन्याश्रित सम्बन्धको रूपमा देख्न सक्दछौँ । तत्कालीन प्रधानपञ्च गणेशमान् मर्हजन रेडक्रस पाल्पाको सभापति भएकोले पनि होला, उहाँले सुरूवात गरेको नगरपालिका र रेडक्रसको सम्बन्धले निरन्तरता पाइरहेको छ र आज झन् प्रगाढ भएको छ । त्यस्तै तत्कालीन नगरप्रमुख भीमसेन कार्की पनि रेडक्रस पाल्पाको कार्य समिति सदस्य रहनुभएको समयमा पनि तानसेन नगरपालिका र रेडक्रसको सम्बन्ध बिस्तारमा टेवा पुगेको थियो । तत्कालीन सभापति गणेशमान् मर्हजनको पहलमा रेडक्रस पाल्पा शाखाले सञ्चालन गर्दै आएको एम्बुलेन्स सेवालाई प्रभावकारी र सहज बनाउन पूर्व नगर प्रमुख धीरेन्द्रप्रसाद श्रेष्ठको नेतृत्वले बारूदखानमा रहेको पुरानो भवन र यसले चर्चेको जग्गा एम्बुलेन्स ग्यारेज भवनको लागि उपलब्ध गराई एम्बुलेन्स सेवालाई सहज बनाउन ठूलो गुण लगाएको छ । फलस्वरूप आजसम्म पनि एम्बुलेन्स सेवा प्रभावकारी ढंगबाट सञ्चालन गर्न सकिएको छ । त्यतिमात्र होइन हाल सञ्चालनमा रहेको कार्यालय भवन निर्माणको लागि समेत तानसेन नगरपालिकाले विभिन्न सहयोगहरू गरेको थियो ।

संयोग नै भन्नुपर्छ, तानसेन नगरपालिकाका हालका नगर प्रमुख अशोककुमार शाही नेपाल रेडक्रस सोसाइटी, पाल्पाको आजीवन सदस्यसमेत भएको हुँदा, उहाँमा सधैँ रेडक्रसको भावनाले पच्छाइरहेको हुन्छ र रेडक्रससँग सहकार्य गरेर काम गर्नको लागि सधैँ आतुर देखिनुहुन्छ । वि.सं २०७४ साल चैत्र महिनामा तानसेन नगरपालिकाको आर्थिक सहयोगमा तानसेन नगरपालिकाका चौध वटै वडालाई समेटेर विपद् व्यवस्थापन तथा प्राथमिक उपचार तालिम सञ्चालन गरिएको थियो । तालिम प्राप्त २८ जना सहभागीहरूले आवश्यक परेको समयमा मानवीय सेवाकार्य गरिरहेको कुरा हामी भेटमा सुन्ने गरेका छौँ । यसरी पनि तानसेन नगरपालिकाले रेडक्रससँग सहकार्य गरेर तानसेन नगरपालिकाभित्रका जनसमुदायलाई विपद् व्यवस्थापन तथा प्राथमिक उपचार सेवा कार्यमा जनशक्तिहरू तयार पार्नुका साथै सहयोगी भावना जगाएको पाइन्छ ।

कोभिड-१९ को महामारीको समयमा स्वास्थ्य तथा एम्बुलेन्स सेवामा पनि तानसेन नगरपालिका र नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाबीचको प्रत्यक्ष समन्वयात्मक सम्बन्ध रहेको छ । तानसेन नगरपालिका भित्र कोरोना संक्रमित बिरामीहरूलाई रेडक्रसको एम्बुलेन्सले सेवा प्रदान गरेको थियो । नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले पाल्पा जिल्लाका १० स्थानीय तहहरूलाई कोभिड-१९ को जोखिम कम गर्ने उद्देश्यले स्वास्थ्य सुरक्षा सामग्री वितरण गरेको थियो सो वितरण गरिएको सामग्री तानसेन नगरपालिकाले नागरिक सेवामा उपयोग गरेको थियो ।

नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाले स्वर्ण महोत्सवको अवसरमा प्रकाशन गरेको स्वर्ण महोत्सव स्मारिका-२०७७ मा तानसेन नगरपालिकाका नगर प्रमुख अशोककुमार शाहीज्यूको महत्त्वपूर्ण शुभकामना सन्देशसमेत रेडक्रसले प्रकाशन गर्ने अवसर प्राप्त गरेको छ ।

हाल नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखा र तानसेन नगरपालिकाको सहकार्यमा सञ्चालन भएको परियोजना- नेपाल रेडक्रस सोसाइटी प्राकृतिक विपद् र मानव सृजित विपद् तथा महामारीको समयमा प्रतिकार्य गर्ने सर्वोत्कृष्ट परियोजनाको रूपमा मानिन्छ । हरेक वर्ष जस्तो हुने विभिन्न प्रकारका प्राकृतिक विपद्को समयमा नेपाल रेडक्रस सोसाइटी, नेपाल सरकारको सहयोगी भूमिका निर्वाह गर्दै धेरै जनधनको सुरक्षा गरिरहेको छ । तथापि यसले आपत्कालीन स्वास्थ्य प्रतिकार्य क्षमता अझ सशक्त बनाउनु जरूरी छ । यस परिप्रेक्ष्यमा यो परियोजनाले महामारी तथा स्वास्थ्यसम्बन्धी अन्य खतराहरूबाट

प्रभावित हुनसक्ने जनसंख्याको स्वास्थ्य आवश्कताहरूलाई अझ प्रभावकारी ढंगबाट सम्बोधन गर्न नेपाल रेडक्रस सोसाइटी र तानसेन नगरपालिकालाई आपत्कालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्य (Emergency Health Preparedness and Response) क्षमता अभिबृद्धि गर्न जरूरी देखिन्छ । यसका लागि वर्तमान नगरप्रमुख सकारात्मक हुनुहुन्छ ।

सोही आवश्यकतालाई मध्यनजर गर्दै अष्ट्रेलियन रेडक्रस सोसाइटीको आर्थिक सहयोगमा तानसेन नगरपालिकालाई कार्यक्षेत्र बनाएर समुदायमा आधारित स्वास्थ्य तथा प्राथमिक उपचार र आपत्कालीन स्वास्थ्य कार्यक्रम नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखा र तानसेन नगरपालिकाको सहकार्यमा सञ्चालन भइरहेको छ ।

यस कार्यक्रमको मुख्यलक्ष्य सुरक्षित, उत्थानशील र स्वस्थ्य समुदायको प्रबर्द्धन गर्ने हो ।

यसको मूख्य उद्देश्यः

क) आपतत्कालीन स्वास्थ्य पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल रेडक्रस सोसाइटी पाल्पा र तानसेन नगरपालिकाको क्षमतामा अभिबृद्धि गर्ने ।

ख) समुदायमा स्वास्थ्य तथा सरसफाइको चेतना अभिबृद्धि गरी सुरक्षित व्यवहार गर्न अभिप्रेरित गर्ने रहेको छ ।

यस परियोजना अक्टोवर, २०२० देखि मार्च २०२२ सम्म सञ्चालन गरिनेछ । यस परियोजनाअर्न्तगत महामारी रोकथामका लागि स्वयम्सेवकहरू तयार पारी परिचालन गर्ने, प्राथमिक उपचार सीप प्रदान गरी स्वयम्सेवकहरू तयार गर्ने, मनोसामाजिक परामर्शदाता स्वयम्सेवकहरू तयार गर्ने, ठाँउ-ठाँउमा Contact less Hand Washing Station हरू निर्माण गर्ने जस्ता गतिविधिहरू सञ्चालन गरिनेछ । हालसम्म २४ जनाको सहभागितामा प्राथमिक उपचार तालिम र २३ जनाको सहभागितामा महामारी नियन्त्रणका लागि स्वयम्सेवक परिचालन तालिम सञ्चालन गरिसकेका छौँ र ५ जना महामारी नियन्त्रणका लागि तालिम दिन सक्ने प्रशिक्षकहरू समेत तयार भैसकेको छ ।

यस परियोजनाअर्न्तगत महत्त्वपूर्ण काम आपत्कालीन स्वास्थ्य योजना निर्माण गर्ने हो । आपत्कालीन योजना तानसेन नगरपालिका र नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाको संयुक्त पहलमा तयार गरिनेछ । यस योजनाले नगरपालिकाभित्र स्वास्थ्य अवस्था सुदृढ गर्न महामारी रोकथाम र नियन्त्रण कार्यमा सहयोग पुऱ्याउन सक्नेछ । रेडक्रस भावना भएका व्यक्तिहरूले नै तानसेन नगरपालिकाको नेतृत्व गर्ने अवसर प्राप्त गरेको हुनाले पनि रेडक्रस र तानसेन नगरपालिकाको सम्बन्धमा कुनै पनि कमी आएको छैन । विभिन्न विपद्का समयहरू २०७२ सालको भूकम्पको समय होस् वा २०७७ सालमा सुरू भएको कोभिड-१९ को महामारीको समय होस् हरेक विपद्को घडीमा दुवै संस्थाहरू एकै साथ उभिएर समस्याहरूको न्यूनीकरणमा पहल गरिरहेको कुरा जगजाहेरै छ ।

अन्त्यमा, नेपाल रेडक्रस सोसाइटी पाल्पा र तानसेन नगरपालिकाबीचको सम्बन्ध अटुट रहोस्, नगरवासीको स्वस्थ जीवनका लागि सहकार्य निरन्तर चलिरहोस् शुभकामना ।

(कार्यक्रम अधिकृत, नेपाल रेडक्रस सोसाइटी, पाल्पा)

लघुकथा

सन्देश

- तुलबहादुर गाहा

अस्पताल शैयाको धरौटी फरफारक पछि ऊ बाहिरियो र आफ्ना बुबा समक्ष केहीदिन पर्यवेक्षणको लागि कुरा राख्यो । स्वास्थ्य लाभ लिएको छोराको प्रस्तावलाई "एकपन्थ दो काज" उक्तिको स्मरणले स्वीकार्‍यो बुवाले । बुबा र छोरो जब सहर प्रवेश गरे ।

सहरका गल्छेडो, चोकगल्लीमा ढुङ्गा, सिमेन्ट गिट्टी बालुवाको मसला, कालोपत्रे र कंक्रिट टायल छापिएका फराकिला चिल्ला सडक । कोलाहल, हिलो, धुँवाधुलोरहित । यत्रतत्र फोहर व्यवस्थापन, शौचालयको सुविस्ता, नगर, ट्राफिक, चौकीप्रहरी खटिएको प्रत्यक्ष देखें ।

गृष्म होस् वा शिशिर ऋतुमा सिर्रर हावा बहने, भ्यू टावरबाट हिमाल तराईको दृश्य, लालीगुराँस ढकमक्क फुलेको, प्राचीन कालका भ्यालढोकामा कुँदिएका कलात्मक आकृतिले लोभ्याउने, ढाका कपडा करूवा चर्चित कहलिएको उद्योगहरू, श्रीनगरको सदाबहार जंगल, विभिन्न जनजातिको संस्कृति भेटे । पाल्पा दरबार संग्राहलय, छाडा पशुचौपाया र प्लास्टिक झोलामुक्त सहर, बालमैत्री नगर, अर्गानिक फलफूल तरकारीको बजार, होटल व्यवसायीको खरिद बिक्रीमा सदासयता, पाइलैपिच्छे खानेपानीको छेलोखेलो, उच्चशिक्षा हासिल गर्ने शैक्षिक संस्था, जीवनदानदिने अस्पताल पनि यहीँ रहेछ भन्दै अगाडि बढे ।

भगवती, भैरवनाथ, भीमसेन, अमरनारायण, गणेश, राम, शिव, हनुमान, सरस्वती, विश्व शान्तिका दूत गौतम बुद्ध.... आदि मन्दिरका देवी देवताहरूको अवतारलाई दर्शन गरे । पदचापले शान्तिका प्रतीक परेवाहरू भुर्रर उडेकोमा शान्तिको अनुभूति गरे । फर्केर साथीहरूलाई सुनाउने प्रण गरे ।

जसै बावुछोरा फर्के आफ्नो जन्मस्थान गोरखपुर सहर । छोरोले आफ्ना साथीहरूलाई तानसेन सहर दार्जिलिङ्गको सहरको भाइ, ताजमहलको बहिनी रानीमहल, काठमाडौंको भाइ पाल्पा, एसियाकै ठूलो मानिने भैरवनाथको त्रिशूल, शीतलपाटीको मूलढोका, विजयीको प्रतीक रणउजीरेश्वरी भगवतीबारे सुनायो र रमणीय वातावरणको प्रभावले आफू औषधिबिना स्वतः स्वस्थ भएको पनि बतायो । मोबाइलमा कैद गरिएको तस्बिरहरू देखायो साथीहरू हेर्दै दङ्ग परिरहेका थिए । तर एउटा नेपाली भँै देखिने पछाडिको साथीले अरूलाई भन्यो- 'के भनौं जन्मे, खेले, हुर्कें, देखेको सुन्दर सहर । आफू परदेशी परियो । सुन्दैछु तानसेनले युवाहरूलाई उद्यमी बनाउँदै छ । म फर्कछुँ अब ।' उसको कुरा सुनेर अरूसमेत उत्साहित भए ।

(सर्जक)

तानसेन नगरपालिकाका महिला जनप्रतिनिधिहरूबीच अनुभव साटासाट

तानसेन नगरपालिकाको आयोजना र दि एसिया फाउन्डेसनको सहयोग समन्वयमा तानसेन नगरपालिकाका महिला जनप्रतिनिधिहरूकाबीचमा अनुभव तथा अभ्यास आदान-प्रदान कार्यक्रम २०७७ फागुन १४ गते तानसेनस्थित होटल पौवामा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ । उप-प्रमुख लक्ष्मीदेवी पाठकको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रमा उपप्रमुखसहित २६ जना महिला जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो । दलित महिला सदस्य (DWR) विमला बौंडेलले सञ्चालन गरेको उक्त कार्यक्रममा दि एसिया फाउन्डेसनका प्रतिनिधि चुरामणि पोखरेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए । कार्यक्रमको उद्देश्य लगत्तै पोखरेलले नगर प्रोफाइलमा समेटिएका मुख्य-मुख्य जानकारीसहित तानसेनको बजेट र राजश्वसँग सम्बन्धित वर्तमान अवस्थाबारे प्रस्तुति राखेका थिए । करिब ४५ मिनेटको उक्त प्रस्तुतिबाट सहभागीहरूले धेरै कुरा सिक्ने अवसर प्राप्त भएको बताउँदै उक्त प्रस्तुति धेरै जानकारीमूलक र अत्यन्तै महत्त्वपूर्ण रहेको बताएका थिए । त्यसैगरी सामाजिक विकास अधिकृत भरतप्रसाद आचार्यले करिब १ घण्टा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा वडा समितिका काम, कर्तव्य र अधिकारका व्यवस्थाहरू सम्बन्धमा प्रस्तुति राखेका थिए । आचार्यको प्रस्तुतिपश्चात् कार्यक्रममा सहभागी महिला प्रतिनिधिहरूले कानुनमा व्यवस्था भएका धेरै कुराहरू सिक्न बाँकी रहेको महसुस गरेका थिए । अधिकृत आचार्यको प्रस्तुति सकिएसँगै कार्यक्रममा उपस्थित सबै सहभागीहरूबाट निर्वचान भएपश्चात् हालसम्मको अवस्थामा आइपुग्दा भोगेका अनुभव, सिकाइ र चुनौतीहरूका बारेमा अनुभव आदान-प्रदान गर्नको लागि करिब ३ घण्टा समय प्रदान गरिएको थियो । छलफलमा जानुअगाडि फाउन्डेसनका प्रतिनिधिबाट सहभागीहरूलाई देखाइएको २ वटा सचेतनामूलक भिडियो शैक्षिक साथै उत्प्रेरणामूलक भएको सहभागीहरूले बोल्ने क्रममा बताएका थिए । सहभागीहरूको जिज्ञासा लिने क्रममा कार्यक्रम अत्यन्तै उपयोगी साथै सान्दर्भिक रहेको सहभागीहरूबाट प्रतिक्रिया प्राप्त भएको थियो । उपप्रमुख लक्ष्मीदेवी पाठकले बोल्ने क्रममा एसिया फाउन्डेसनले नगरपालिकालाई धेरै गुन लगाएको बताउँदै यस्तो खालको कार्यक्रम नगरपालिकाको योजनामा रहे पनि गर्न नसकोको अवस्थामा सहयोगी संस्थाले कार्यक्रममा सघाएकोमा धन्यवाद व्यक्त गर्नुभएको थियो ।

- प्रकाश गैरेबाट

तानसेनको पर्यटनसम्बन्धी केही हाइकु

- धातानन्द शर्मा गैरे

भीर चढाई
बैकुण्ठेको पहरो
साहसी खेल । १

रमून् पाहुना
कालीको तटैतट
जलयात्रामा । २

न्यानो शिशिर
घमाइलो प्रकृति
मेहिनी धरा । ३

श्रीनगर वन
वनस्पति उद्यान
ध्यानको स्थान । ४

बाटो किनार
रोपौँ फूल हजार
मिठो सुवास । ५

ठाउँ सजाऊँ
पर्यटक भुलाऊँ
धन कमाऊँ । ६

न्यानो स्वागत
पहुना पर्यटक
हाम्रो संस्कार । ७

तप्त तराई
शीतल छ पवन
पुग्दा उचाइ । ८

हरियो वन
तान्छ बर्खे बादल
धुन्छ सहर । ९

सल्लेरी वन
स्वच्छ शीतल वायु
बढ्दछ आयु । १०

चढी टावर
आकाशको पंछी झैँ
हेरौँला तल ।११

अवलोकन
हँसिलो हिमालय
अरूणोदय । १२

मिलाई बाना
श्रीनगरमा बनोस्
चिडियाखाना । १३

कर्म हो तीर्थ
श्रमले गरे पूजा
खुसी ईश्वर । १४

पौरखी युवा
समृद्धिको आधार
स्वरोजगार । १५

पाका कृषक
माडी, छेर्लुङ्, अर्गली
जनपालक । १६

समृद्धि मियो
गुणस्तरीय शिक्षा
ज्ञानको दियो । १७

मठमन्दिर
देवस्तुति गुञ्जन
आनन्द मन । १८

रानीमहल
उत्तरवाहिनी गङ्गा
रानीको घाट । १९

पवित्र प्रेम
बिछोडको विरह
अमर स्मृति । २०

नराखौं रित्ता
रानी तेजका गाथा
सजाऔँ भित्ता । २१

बसौँ सिँगारी
आफ्नो टोल छिमेक
चिटिक्क पारी । २२

बिजुली पानी
पर्यटकमा सेवा
पुग्दछ टेवा । २३

संग्रहालय
कलात्मक दर्बार
पाल्पाली सान । २४

वरदायिनी
कृपालु भगवती
रिपुमर्दिनी । २५

विकृति फाली
सुसंस्कार अँगाली
बसौँ पाल्पाली । २६

फुकाई मन
फुलाई पर्यटन
कमाऔँ धन । २७

बनाई मुक्त
प्लास्टिकको कहर
स्वच्छ सहर । २८

ढाका, करूवा
चिसो पानी जरूवा
न्यानो आतिथ्य । २९

रोजाइ यौटै
गन्तव्य पर्यटन
बनोस् तान्छिन । ३०

(सर्जक)

तानसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालयको आ.व. २०७७/०७८ जेठ मसान्तसम्मको आम्दानी खर्च विवरण ।

आय शिर्षक	प्रस्तावित आय	वास्तविक आय	मौज्दात
गत वर्षको अन्या	११०,६६७,२४७	११०,६६७,२४७।०	-
राजश्व आमदानी	५०,०००,०००	४६,५३६,९०२।०	३,४६३,०९८
आन्तरिक आमदानी जम्मा	**१६०,६६७,२४७।०**	**१५७,२०४,१४९।०**	**३,४६३,०९८।०**
समानिकरण आमदानी	१५४,०००	११५,९५०,०००।०	३८,६५०,०००
सर्शत अनुदान संघ	३६१,३०३,३५०।०	२५८,२२८,०००।०	१०३,०७५,३५०
समपुरक अनुदान संघ	१५,०००,०००।०	१०,०००,०००	५,०००,०००
संघिय सरकार अनुदान जम्मा	**५३०,९०३,३५०।०**	**३८४,१७८,०००।०	१४६,७२५,३५०।०
वितिय समानिकरण प्रदेश	५,६४४,०००	५,६४४,०००।०	-
शर्शत अनुदान प्रदेश	३३,३५०,०००।०	३३,२६२,५००।०	८७,५००
समपुरक अनुदान प्रदेश	२३,०२४,४५५।०	५,०००,०००।०	१८,०२४,४५५
प्रदेश सरकार अनुदान जम्मा	**६२,०१८,४५५।०**	**४३,९०६,५००।०	१८,१११,९५५।०**
राजश्व बाडफाड म	७२,५४६,५८०	५९,५०१,८१५।५	१३,०४४,७६४
राजश्व बाडफाड प्र	६,८२७,२५०	१,७०९,३०३।३	५,११७,९४७
राजश्व बाडफाड जम्मा	**७९,३७३,८२९।८**	**६१,२११,११८।८**	**१८,१६२,७१०।९**
प्रधान्मन्त्रि रोजगार कार्यक्रम	६,३००,०००		६,३००,०००
सडक बोर्ड कार्यक्रम	११,०००,०००		११,०००,०००
भारतिय दतवास कार्यक्रम सितभण्डार	४४,३७९,९७४		४४,३७९,९७४
पि एल जि एस तर्फ	३७५,०००		३७५,०००
नेपाल पर्यटन बोर्ड	१,९००,०००		१,९००,०००
जनसहभागीतामा आधारित कार्यक्रम	४,१७५,०००		४,१७५,०००
सामाजिक सुरक्षा कार्यक्रम जेष्ठ ना म	१२०,०००,०००	७८,५००,०००।०	४१,५००,०००
गरिब परिवार पहिचान कार्यक्रम संघ	४००,०००		४००,०००
कारितास कार्यक्रम	५००,०००	४७४,०००।०	२६,०००
राष्ट्रिय परिचय पत्र पञ्जिकरण संघ	४,६००,०००		४,६००,०००
शहरी शासकीय क्षमता विकास कार्यक्रम	२०,५००,०००		२०,५००,०००
स्थानीय पुर्वाधार विकास कार्यक्रम	१८,०००,०००	६३५,०००।०	१७,३६५,०००
औधोगिक ग्राम	९,२००,०००		९,२००,०००
कोभिड १९ रोकथाम तथा नियन्त्रण कोष	६,४३५,९३४	४,९७५,८१२	१,४६०,१२२
लघुउधम विकास कार्यक्रम	३,८००,०००		३,८००,०००
मुख्य मन्त्री ग्रामिण परियोजना	७,०००,०००		७,०००,०००
पाटा बजेट	१४७,३६६,९४२		१४७,३६६,९४२
अन्य	४०५,९३२,८५०		४०५,९३२,८५०
कुल जम्मा	१,२३८,८९५,७३१।८	६४६,४९९,७६७।८	५९२,३९५,९६३।९

	वार्षिक बजेट	खर्च	मौज्दात
क प्रशासनिक खर्च	१०४,१८८,०००।०	७०,४४६,०००।०	३४,७३२,०००
ख विनिय व्यवस्था	५,०००,०००।०	५,०००,०००।०	-
ग नगर गौरव योजना	३६,०००,०००।०	२,८५८,०००।०	३३,१३२,०००
सडक बोर्ड कार्यक्रम	१५,८००,०००।०	२,८७०,०००।०	१२,९३०,०००
COVID-19 Responsive project UNDP)	१०,०००,०००।०	२,६६५,०००।०	७,३३५,०००
समपुरक अनुदान प्रदेश	५३,०२४,४५५।०	९,९१९,०००।०	४३,१०५,४५५
समपुरक अनुदान संघ	३०,०००,०००।०	४,८८१,९४९।०	२५,५१८,०५१
शितभण्डार भारतिय दुतावास	४४,८७९,९७४।०		४४,८७९,९७४
हेफर परियोजना नेपाल पशु तथा कृषि	२३,०४५,०००।०	२३,०४५,०००।०	-
नगर स्तरिय पुजिगत कार्यक्रम	१२१,०००,०००।०	२२,५२८,०००।०	९८,४७२,०००
प्रबंधनात्मक कार्यक्रम	६४,२७८,७४४।०	२८,६४६,०००।०	३५,६३२,७४४
विशेष कोष मार्फत संचालन हुने कार्याक्रम	१४,५००,०००।०	४,७५५,०००।०	९,७४४,०००
वडास्तरीय खर्च	४९,०००,०००।०	१९,०६३,०००।०	२९,९३७,०००
सर्शत अनुदान संघ	३६१,३०३,३५०।०	१३०,९२१,०००।०	२३०,३८२,३५०
सर्शत अनुदान प्रदेश	३३,३५०,०००।०	११,१०६,०००।०	२२,२४४,०००
प्रधानमन्त्रि रोजगार कार्यक्रम	६,३००,०००।०		६,३००,०००
पि एल जि एस तर्फ	३७५,०००।०	२२५,०००।०	१५०,०००
नेपाल पर्यटन बोर्ड	१,९००,०००।०		१,९००,०००
जनसहभागीतामा आधारित कार्यक्रम	९,१७५,०००।०		९,१७५,०००
सामाजिक सुरक्षा कार्यक्रम जेष्ठ ना म	१२०,०००,०००।०	७८,५००,०००।०	४१,५००,०००
गरिब परिवार पहिचान कार्यक्रम	४००,०००।०		४००,०००
कारितास कार्यक्रम	५००,०००।०	४७४,०००।०	२६,०००
श्रममुलक कार्यक्रम एन यु आ जि पि	५२,६७३,५०८।०	२७,२१४,०००।०	२५,४५९,५०८
राष्ट्रिय परिचयपत्र पंजिकरण	१६,६६६,६६७।०		१६,६६६,६६७
स्थानीय पुर्वाधार विकास कार्यक्रम	४,६००,०००।०		४,६००,०००
औधोगिक ग्राम	१८,०००,०००।०	६३५,०००।०	१७,३६५,०००
Urban Development Grant/Supervi	९,२००,०००।०	७४३,०००।०	८,४५७,०००
सातौ नगरसभाबाट बिनियोजित कार्यक्रमहरुको लागी समायोजन रकम	५,५००,०००।०		५,५००,०००
मुख्य मन्त्री ग्रामिण परियोजना	१०,०००,०००।०		१०,०००,०००
कोभिड १९ रोकथाम तथा नियन्त्रण कोष	७,०००,०००।०		७,०००,०००
लघुउधम विकास कार्यक्रम	६,४३५,९३४।०	६,४००,०००।०	३५,९३४
	३,८००,०००।०		३,८००,०००
कुल जम्मा	१,२३८,८९५,७३२।०	४५२,५१५,९४९।०	७३४,२२१,८४१।०

कोशल राज पौडेल
रुपिया स्तर प्रैठौ नह

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

नव जनचेतना दैनिक, २०७८ वैशाख १२

तानसेनका युवालाई उद्यमशील बनाउन कम्प्यूटर मर्मत तालिम

पाल्पा,वैशाख ११/तानसेनका युवाहरुलाई उद्यमशील बनाउन कम्प्यूटर मर्मत सम्बन्धित तालिम दिइन थालिएको छ । तानसेन नगरपालिकाको आयोजनामा मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अन्तर्गत युवाहरुलाई उद्यमसील सीप विकास गर्ने उद्देश्यले कम्प्यूटर मर्मत सम्बन्धी तालिम दिइन लागिएको हो ।

तालिमको शुक्रबार एक औपचारिक कार्यक्रमका बीच शुभारम्भ गरिएको छ । तालिम तानसेनको डायनामिक कम्प्यूटर एकाडेमीमा सञ्चालन हुने छ । कोभिड महामारीको बीचमा भए पनि विभिन्न स्वास्थ्य मापदण्डहरुको पालना गर्दै तालिम सञ्चालन गर्न लागिएको हो । तालिम शुभारम्भ कार्यक्रममा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका मदस्य गुरांस आत्रेयले तालिम व्यवहारिक ज्ञानसँगै सीप विकास र रोजगारीमा तानसेन नगरपालिकाले सहयोग गर्ने बताए । यस्तै निमित्त प्रशासकीय अधिकृत दुर्गा थापाले कप्यूटर मर्मत तालिम लिएर दक्षतासँगै सिपको सहि रुपमा उपयोग गर्न सहभागिलाई आग्रह गरे । तानसेन नगरपालिकाका सामाजिक विकास अधिकृत भरत प्रसाद आचार्यले दुई महिनासम्म तालिममा नियमित सिप हाँसिल गरेर सहभागिलाई स्वरोजगारीका अवसरमा लाग्न शुभकामना दिए । तालिम शुभारम्भ कार्यक्रममा नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष रेखीराम रानाले अहिलेको अवस्थामा कम्प्यूटर सीप अपरिहार्य रहेकाले सबैले सिक्नुपर्ने बताए । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष गोविन्द भट्टराईले तालिमबाट अहिलेको अवस्थामा दक्ष कम्प्यूटर मर्मत गर्ने प्राविधिक उत्पादन हुने भएकाले त्यसलाई आफूले व्यवसायमा जोड्न सहभागिलाई आग्रह गरे । डाइनामिक एकाडेमीका म्यानेजिङ्ग डाइरेक्टर अमृत अधिकारीले विगत १३ वर्षदेखि संस्थाले विभिन्न संघ संस्थाहरुको समन्वयमा तालिमहरुमार्फत हजारौं विद्यार्थीलाई प्राविधिक ज्ञान सिकाएको बताउँदै विश्वका १ सय ६० देशमा समेत मान्यता प्राप्त कम्प्यूटरका शिक्षाहरु प्रदान गरिएको बताए । उनले प्रशिक्षार्थीलाई सिक्नुपर्ने कुरा र आचारसंहिताको बारेमा जानकारी गराए । तालिममा सिटिइभिटिकै पाठ्यक्रम अनुसार सिप सिकाइने उनले बताए । यस्तै प्रशिक्षक अमित रास्कोटीले तालिमलाई तालिमको रुपमा मात्र नलिई सिप र व्यवहारमा लागु गर्नुपर्ने बताए । मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमका संयोजक कमल कुमालको सञ्चालनमा कार्यक्रम भएको थियो । तालिम दुई महिनासम्म सञ्चालन हुने छ । तालिममा तानसेनका विभिन्न वडाबाट छनौट भएर आएका २० जना युवाहरु सहभागीहरु रहेका छन् ।

नवसंवाद साप्ताहिक, २०७७ फागुन २३

तानसेनका आयोजनामा नीजि क्षेत्रले लगानी गर्ने

नवसंवाद संवाददाता

पाल्पा/तानसेन नगरपालिकाले तीन वटा ठूला योजना विभिन्न कम्पनीसँगको साझेदारीमा सञ्चालन गर्ने तयारी गरेको छ । आफैं लगानी गर्न नसक्ने भएपछि नगरभित्रका तीन वटा ठूला योजना साझेदारीमा सञ्चालन गर्न लागेको हो । रानीमहल सञ्चालन तथा व्यवस्थापन, हाइवे रिफ्रेस्मेन्ट सेन्टर र फोहोरमैला व्यवस्थापन गर्न नगरपालिकाले तीन वटा कम्पनीसँग सम्झौता गरेको छ । नगरपालिकाले रानीमहलमा सञ्चालन तथा व्यवस्थापनका लागि प्राइम एक्सेस प्रालि ललितपुरसँग सम्झौता गरेको छ । यस्तै फोहोरमैला व्यवस्थापनका लागि वातावरणीय सुन्दर नेपाल प्रालि बुटवलसँग र हाइवे रिफ्रेस्मेन्टर सेन्टर सञ्चालनका लागि एग्रो फरेस्ट्री सर्पोट बैंक प्रालि, तानपा सत्यती कृषि वन तथा पर्यटन प्रालि, ग्रीन ग्रोथ नेपाल प्रालि काठमाडौंसँग सम्झौता भएको नगरपालिकाले जनाएको छ । नगरपालिकासँग सम्झौता भएपछि ती कम्पनीबाट विस्तृत परियोजना तयार गर्ने र लागत स्टेमेट तयार गर्ने काम भईरहेको तानसेन नगरपालिकाका सूचना अधिकारी दुर्गाबहादुर थापाले जानकारी दिनुभयो । तानसेनभित्र पर्यटक आकर्षित गर्ने तीन वटा महत्वपूर्ण योजनामा नगरपालिकाले नीजि क्षेत्रसँग मिलेर काम गर्न थालेको उहाँले बताउनुभयो । नगरपालिकाका अनुसार रानीमहलमा कम्तीमा पाँच करोड, हाइवे रिफ्रेस्मेन्टमा तीनदेखि पाँच करोड र फोहोर मैला व्यवस्थापनमा दुई करोड लगानी गर्नुपर्नेछ । नगरपालिका आफैंले लगानी गर्दा करोडौं खर्च हुने र निरन्तर लगानी गर्नुपर्ने अवस्था भएकाले व्यक्ति तथा कम्पनीसँगको सहकार्यमा विकासका कामलाई अगाडि बढाएको तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले बताउनुभयो ।

फोहोरमैला व्यवस्थापन, रानीमहल सञ्चालन व्यवस्थापन र हाइवे रिफ्रेस्मेन्ट सेन्टर बनेपछि जिल्लामा आउने पर्यटकलाई आकर्षित गर्ने उहाँले बताउनुभयो । विकास निर्माणमा नीजि क्षेत्रसँग साझेदारी गरेर अगाडि बढ्ने उद्देश्यका साथ नगरपालिकाले तीन वटा परियोजनामा काम सुरु गरेको बताएको छ । ती पूर्वाधार निर्माण हुने स्थानमा नगरपालिकाले जग्गा व्यवस्थापन, सडक, खानेपानी, विद्युत निर्माणको काम नगरपालिकाले लिनेछ । यस्तै भौतिक संरचनाको सुरक्षाको जिम्मेवारी नगरपालिका र अन्य संरचना निर्माणको काम सम्झौता गरेका कम्पनीले गर्नुपर्ने नगरपालिकाले जनाएको छ । नगरपालिकाले आठ वटा योजनामा साझेदारी गर्न प्रस्ताव आह्वान गरेपनि चार वटा योजना मात्र प्रस्ताव परेको थियो । सम्झौता भएका तीन वटा योजनाको डिपिआर तयार भएपछि लगानी र नगरपालिकालाई वार्षिक रुपमा प्राप्त हुने रोयल्टीको बारेमा टुङ्गो लाग्नेछ । नगरपालिकाले सार्वजनिक नीजि साझेदारी ऐन र नियमावली नै तयार गरेर नगरको विकासका योजनामा नीजि क्षेत्रसँग सहकार्य गर्न सुरुवात गरेको हो ।

पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

करूवा अर्धसाप्ताहिक, २०७८ चैत ३०

भूमि समस्या समाधानका लागि अभिमुखीकरण



पाल्पा (करुवा) तानसेन नगरपालिकाको आयोजनामा भूमि समस्या समधानका लागि अभिमुखिकरण कार्यक्रम भएको छ । भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउनका लागि वडा-वडामा सहजीकरण समिति गठन गरी कार्यक्रम अगाडि बढाएको हो ।

नगरपालिकाले भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि नगर प्रमुख अशोक कुमार शाहीको संयोजकत्वमा भूमि सम्बन्धी समस्या समधान आयोग नगरस्तरीय सहजीकरण समिति गठन गरी काम अगाडि बढाएको छ । भूमि सम्बन्धी समस्या समधान आयोगका जिल्ला अध्यक्ष एकप्रसाद भण्डारीले भूमिहिन, दलित र सुकुमवासीको उचित व्यवस्थापन गर्न थालिएको बताए । तानसेन नगर उपप्रमुख लक्ष्मीदेवी पाठकले नगर भित्र भूमिहिन थुप्रै समस्या भएकाले उनीहरुको समस्याको समाधानका लागि आफुहरु सक्रिय भएर लागेको बताइन् ।

भूमि सम्बन्धी समस्या समधान आयोगका जिल्ला सदस्य रामजी पोखरेल, तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत पिताम्वर पाण्डेले आ-आफ्ना वडामा रहेका दलित, भूमिहिन र अव्यवस्थितवासीहरुलाई उचित व्यवस्थापन गर्ने कार्यक्रमा वडास्तरी सहजीकरण समितिका पदाधिकारीहरुको भूमिका महत्वपूर्ण रहने बताए । सार्वजानिक जग्गामा सुकुमवासी राख्न नपाइने र वडामा सरकारी जग्गा कम भएकाले उनीहरुको व्यवस्थापनमा कठिनाई हुनेमा उनीहरुले जोड दिए ।

कार्यक्रममा भूमि सम्बन्धी समस्या समधान इकाई तानसेनका प्रमुख तथा बरिष्ठ अधिकृत दुर्गा थापाले कार्यक्रम र प्रमुख प्रशासकिय अधिकृत पिताम्वर पाण्डेले कार्यक्रममा सहजिकरण गरे ।

अन्नपूर्ण पोष्ट दैनिक

संक्रमितको शव नै बन्धक

- तानसेनका मेयरले पैसा तिरेपछि बल्ल घाइतेकार
- जनप्रतिनिधिले उपलब्ध नगरा परीक्षणलाई राहत

कृष्ण पोखरेल | तानसेन

कोरोना संक्रमणका कारण हालै निधन भएका बुढिबाटुर् बिकको परिवारलाई नगर र बाह्मन सहयोग गरी तानसेन नगरपालिकाका मेयर प्रमुख अशोककुमार शाही र उपप्रमुख लक्ष्मीदेवी पाठकको टोली । ● कृष्ण पोखरेल

पाल्पाको तानसेन नगरपालिका-१ मदनपोखराको डाडाकुम्मा बसोबास। बर्षौंदेखा नगमा नगरा आवास कार्यक्रमबाट निर्माणाधीन घर। आमदानीको कोत न्यानाराणी काम। निर्माणाधीन घरीपरले भनेर छाक टार्न आएका थिए बुढिबाटुर् बिक।

बिकको स्वास्थमा समस्या रहेछ। श्रीमती, छोरीहरुले पाल्पाका हरिमुना रिसोर्स सहयोगमा वेड १४ मा रहे बुढिबाटे मोडिकल कलेजमा लगिएको। स्वास पहिला गरी कोरोना पोजिटिभ रहेछ। बाह्मन तथा न्यानाराणीबाट बयेको बेडी रकम भुगतर परीक्षाले २० हजार काठी राख्ने अस्पतालमा भर्ना गरे। बिकको उपचारका क्रममा वेड १९ मार्च मुत्यु भयो। बुढा मृत्यु बयेका छोरिहरु खर्च अभावमा अस्पतालमा थोकी थिए।

बिकको उपचार खर्च १ लाख ७० हजार खर्चमा पुगेको थियो। एकातिर अस्पतालमा मृतकबुढाको पीडा, अर्कोतिर त्यहि दी रकम अस्पतालमा बुझाउनुपर्ने। उनीहरुलाई पैसाका लागमा १ करोडी बोकी सोच। उपचार खर्च नगराएपछि अस्पतालले शव पनि दिइन। श्रीमती र छोरीहरु कर्ते भन्सुर गरे रकम मिलाउन सकिन्छ कि भनेर २४ घण्टासम रोइबुझ्या गरेर। कोरोना भन्सुर लागेर। बाह्मन रोकेपछि यी कोरोना गरे तर बाह्मन भाएनन्।

कोरोना पनि सक्रोन नड्डोको कुरो रहनेलेका नगर प्रमुख अशोककुमार शाही, उपप्रमुख लक्ष्मीदेवी पाठकलगा बुझे। प्रमुख उपप्रमुख र बाह्मनको सामान्यतया व्यक्तिगत रूपमा रकम उठाएर बिकको उपचारमा लागेको खर्च व्यहोर्ने निर्णय गरी शव अस्पतालबाट लाएर लुम्बिनी मेडिकल कलेजलाई अनुरोध गरे। नगर प्रमुख शाहीले १ लाख ५० हजार रुपैयाँ व्यक्तिगत रूपमा दिनेभनेकी थिए। त्यसपछि यसै कलेज प्रशासनले यन्दी बचाएको शव बाँडा निकाल्ने अनुमति दिये।

'नगरपालिका आफैले आइसोलेसन सन्चालन गरेका छौं। बुढिबाटुरको रकम नगरपालिकाको खाताबट दिन मिलेर, नगर प्रमुख शहीले भने, 'हाम्रो तानसे भन्दा एर अन्य रकम जुटाए कलेजलाई १ लाख ५० हजार रुपैयाँ रकम भुगतानी गरिन्छ। बिकको शवलाई मेडिकल कलेजदेखि हान्दी घाट पुऱ्याए जलाउने काम नेपाली सेनाको गोरखाल गराओ टोलीले गरेको छ।

बुढिबाटुरा त बिके। तर, यान्ना शोक र भोकको पीडा भयो। यान्ना अन्नको राख थिए। नगर प्रमुख शाही, उपप्रमुख पाठकलीहरुको टोली वेड २० मा रहि ८ बसे नै खाइनन सोकेर बुढिबाटुरको यान्ना भुगे। तत्काबाका लागि ५० किलो चामल, ५ किलो दाल, ५ लिटर तेल, ५ किलो आलु र पेका नुन, चाक्ला, स्यानिटाइजरलगायत खाद्यान्न तथा अन्य सामान सहयोगगरा गरे। मेडिकल कलेजका प्रवक्ता कृष्णप्रसाद पराजुलीले भने पैसा नदिएका कारण शव कब्जा बनाएको भन्ने कुरा झूट भाएको गरे।

'कलेजले खाताबाटै नि:शुल्क सकिन्छ उपचारको सम्मति गरेको छैन। बिरामीको कुनु भारपछि आफ्नन बेसरा भारपछि पैसाको हिसाब-किताब गर्न सोचाएका हौं, पाल्पाकीले भने, 'यहा कार्यालयबाट उपचार खर्च नि:शुल्कका लागि पत्र आए पनि नि:शुल्क गर्न सक्ने अस्पताल स्थापनाले नगर प्रमुखको सोहिका अनुरोधमा बुढिबाटुरको शवलाई नेपाली सेनालाई निम्त्या लगाएका हौं।

उनले उपचारपछि हिसाब-किताब गरी पैसा माग्ने केही खाले प्रोटोकल बनाएको बताए। 'कलेजले पनि औषधि, अक्सिजन किन्नु पर्ने, उपचारमा खटिने चिकित्सक लगायतलाई सेवा शुल्क दिइनुपर्ने, उनले भने।

सेरोफेरोन्यूज डट कम, २०७७ पुस २

तानसेन नगर बृहत योजना–२०७७ सार्वजनिक

पाल्पाको तानसेन नगरपालिकाले नगर बृहत योजना–२०७७ सार्वजनिक गरेको छ । बस्तीस्तरका मानिस तथा सरोकारवाला पक्षसँगको छलफलबाट बनाइएको योजना सार्वजनिक गरिएको हो ।

अष्ट्रेयाली सहायता र द एसिया फाउण्डेसनको आर्थिक तथा प्राविधिक सहयोगमा बृहत नगर योजना निर्माण गरिएको योजना सार्वजनिक गर्दै नगरको विकास कसरी गर्ने भन्ने खाका तयार पारेको योजनाहरू समावेश गरिएको नगर प्रमुख अशोककुमार शाहीले बताए ।

अल्पकालिन (२–३) वर्षका योजना, मध्यकालिन (३–७) वर्षका योजना र दीर्घकालिन (८–२०) वर्षका योजनाहरू नगर बृहत योजना–२०७७ मा समावेश गरिएको छ । नगर बृहत योजना–२०७७ सार्जनिक गर्दै लुम्बिनी प्रदेश सभासद् वीर बहादुर रानाले योजना बनाउन समस्या नभएको तर कार्यान्वयन पक्ष सधैं कितलो हुने गरेको बताए ।

अल्पकालिन योजनाका लागि नगरपालिकाले दुई अर्ब १६ करोड रुपियाँ लागत अनुमान गरेको छ । यस्तै मध्यकालिन योजनाका लागि छ अर्ब ६५ करोड रुपियाँ लागत लाग्ने अनुमान गरेको छ । नगरपालिकाले समग्र रुपमा हरेक वर्ष बृहत योजना कार्यान्वयन गर्न एक अर्ब २८ करोड रुपियाँ खर्च लाग्ने अनुमान छ ।

भर्खर सार्वजनिक गरिएको बृहत योजनालाई तानसेनको विकासमा मार्गदर्शकका रुपमा लिएर कार्यान्वयन गरिने तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पिताम्बर पाण्डेले बताए । सोही अवसरमा त्रैमासिक बुलेटिन 'हाम्रो तानसेन' र पर्यटन प्रवर्द्धनात्मक ब्रोसर समेत सार्वजनिक गरिएको थियो ।

पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

The Kathmandu Post, Feb. 18, 2021

Palpa acts to revive hand-woven dhaka and rescue a local icon

The training programme aims to turn out 1,500 dhaka entrepreneurs in three years, officials say.

MADHAV ARYAL
PALPA, FEB 12

Sangita BK of Pipaldanda in Rambha rural municipality attended classes for three months to learn to weave Palpali dhaka, a hand-woven fabric widely produced in Palpa in western Nepal.

The training course has armed her with confidence to become a self-employed woman. "I have a skill now. I have seen dhaka cloth before, but I didn't know how it was made," she said.

Renu Palli Magar of Baganaskali-4, Khanichhap has learned embroidery, the craft of sewing designs on cloth. She didn't know how dhaka fabric was woven using a handloom, and now she has mastered the skill.

"I can also make small repairs to the handloom," she said. "I have learned a lot by taking the training."

Besides BK and Magar, the Palpali Dhaka Association in Tansen has taught 198 people to weave dhaka fabric using a handloom.

The federal and provincial governments have implemented the training programme with the support of the UKAID Skills for Employment Programme, Tansen Municipality and Palpali Dhaka Association.

The scheme aims to produce at least 1,500 dhaka entrepreneurs in three years—500 entrepreneurs annually.

"There were some problems due to Covid-19 that forced us to stop the programme abruptly in the last fiscal year," said Purna Maya Maharjan, president of the Palpali Dhaka Association. "But the programme will take more participants next year."

"The three-year project aims to prevent the art of weaving Palpali dhaka from dying," said Maharjan.

The federal, state and local governments have also taken the initiative to prepare Dhaka entrepreneurs.

Maharjan, 82, said, "I am hopeful that Palpali dhaka will be revived. Everyone's attention is now focused on traditional fabric."

Few people can be seen weaving dhaka fabric by hand. Tansen Municipality has helped to save the handlooms. The United Nations Development Programme, Rural Economic Development Association has taught 16 women to weave dhaka with eight traditional handlooms.

They learned the craft at Maharjan's weaving factory. The UKAID Skills for Employment Programme has been helping women to become self-employed by becoming entrepreneurs, and is also assisting with market management of the product.

"This is the first project for dhaka fabric," said Hari Rayamajhi, vice-president of the Palpali Dhaka Association. "If the project is successful, it is sure there will be long-term support," he said.

"Our aim is to enable women to become self-employed," said Rayamajhi. "We plan to revive the dhaka industry by establishing the Palpali dhaka brand," he added.

The provincial government plans to establish dhaka fabric as a symbol of Lumbini province. An agreement has been inked to provide training, build handlooms and make women self-employed to save Palpali dhaka.

According to Ashok Kumar Shahi, mayor of Tansen Municipality, the effort aims to make Palpali dhaka popular within the country and in the international market.

"The skill of weaving dhaka has been transforming the lives of women," Shahi said. "It is the duty of the local government to preserve the identity of dhaka," he said.

Shahi expects demand for hand-woven dhaka to swell with the trend shifting towards traditional objects in recent years. He said he would help to promote dhaka. The main objective is to make women self-employed by promoting Palpali dhaka, he added.

He promised to help with market management, export promotion and preservation of the identity of traditional Palpali dhaka. "The brand and label of Palpali dhaka will be different in the market now. The municipality is ready to help," he said.

POST PHOTO: MADHAV ARYAL

Women weave Palpali Dhaka cloth at Poudyal Dhaka Garment Industry in Tansen.

Sales of Palpali dhaka have expanded, but it faces tough competition from readymade products from India and China. Money is flowing out of the country as a result, and at the same time, entrepreneurs are not getting work, so the Palpali Dhaka Association wants to encourage local production, it said.

"We can make people self-employed by turning them into dhaka weavers," said Manoj Raj Sharma Poudyal, secretary of the Palpali Dhaka Association. "It will help to preserve the identity of dhaka that has gained popularity in the past," he said.

Sagarman Maharjan, ward chairman of Tansen Municipality-6 and a dhaka trader, said the project was designed to benefit women in Tansen and rural areas.

Tansen Municipality has not provided any cash assistance but the Palpali Dhaka Association said it had promised to provide municipal land in the Narayansthan area to set up a Palpali dhaka museum.

Maharjan said the municipality had also given assurances to help those who do not have space at home to keep a handloom.

Binimaya Rana of Tansen Basantapur had no knowledge of Jacquard looms or traditional handlooms, and she said she learned a lot after taking weaving lessons.

Sanu KC of Tansen Bartuk is now able to clearly recognise the different types of dhaka fabrics made using traditional handlooms, pitlung, J-card and machines.

With the advent of modern machine looms, traditional dhaka fabrics and handlooms started getting pushed out, and a campaign was started to save them in Palpa.

Weavers of traditional Palpali dhaka cloth are worried as imported dhaka has begun to take over the market. The local government started teaching women to weave traditional dhaka fabric after even new products made by using J-cards started losing sales to imported dhaka.

Shahi said preparations were underway to create a trademark for traditional Palpali dhaka. This will help buyers to distinguish between the genuine product and fakes so they will not be cheated.

Although more than 1,000 people have become self-employed by weaving and selling Palpali dhaka, the market is full of fake dhaka fabrics imported from India and China.

"The local government, donor agencies and organisations have been active in maintaining the identity of Palpali dhaka cloth in recent times," said Leela Bahadur Karki, executive director of the Rural Economic Development Association.

"We are now ready to teach traditional weavers to move to the next level," he said. "Those who have received training for three months will be provided additional training for three months. This will not only provide self-employment but also save traditional dhaka."

There is no problem in the Palpali dhaka market. Sales are high. But the amount of fake dhaka has increased. "Traders are bringing fake dhaka and selling it as the real thing at low prices," said Maharjan of the association.

Gyanu Karki, proprietor of Karki Dhaka Textile Industry, said that domestic tourists from schools, cooperatives, clubs and organisations from different parts of the country used to buy dhaka products.

Till last year, dhaka shops in Tansen numbering a dozen and a half used to be crowded with customers from morning till evening.

Sitam Bhandari, proprietor of Madanpokhara Dhaka shop, said daily sales used to increase up to fivefold during the tourist season.

Dhaka stores saw a daily turnover of more than Rs100,000 each during the tourist season. She said that domestic tourists had boosted the dhaka trade here. Dhaka is the first choice of domestic tourists while only a few foreign visitors show interest in it.

Dhaka products such as hats, scarves, handkerchiefs, purses, waistcoats, bags and ties are popular among domestic tourists who buy them for souvenirs or as gifts for friends and family, Bhandari said.

According to the Cottage and Small Industries Office, only about 1,000 people are currently employed.

The number of handlooms has also decreased. The dhaka textile business generates an annual turnover of Rs100 million.

पाल्पा समाचारपत्र साप्ताहिक, २०७७ फागुन २६

मोहनकन्याको छात्राबासका छात्रालाई बेड बिस्तारा हस्तान्तरण

पाल्पा/मोहन कन्या माध्यमिक विद्यालय तानसेनको छात्राबासमा बस्दै आएका छात्राहरुका लागि तानसेन नगरपालिकाले बेड बिस्तारा हस्तान्तरण गरेको छ ।

छात्रावासमा रहेका छात्राहरुलाई सुत्न, बस्न र पढ्नका लागि बेड बिस्तारा नभएको, छात्राहरु डेस्क बेन्च जोडेर सुत्न बस्न बाध्य भएको गुनासो आएपछि नगरपालिकाले उक्त सहयोग गरेको हो । नगरपालिकाले छात्राबासका छात्राहरुका लागि ८६ हजार ६ सय ८६ बराबरका तन्ना, सिरानी, झुल, फलामका बेड, पि फर्म र डसना १५/१५ सेट सहयोग गरिएको हो ।

नगर नगरपालिकाका मेयर अशोक कुमार शाहीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष झपेन्द्र गहिरेलाई उक्त

सामग्रीहरु हस्तान्तरण गरेका हुन् ।

सो अवसरमा मेयर शाहीले छोरीहरुको भविष्य सुनिश्चित गर्नका लागि पहिलो आवश्यकता नै शिक्षा भएकोले मोहन कन्याले छात्रा शिक्षाका सन्दर्भमा बर्षैदेखि टेवा पुऱ्याउदै आएको बताए । मेयर शाहीले छात्राबासमा बस्ने छात्राहरुको संख्या बढाउने बिद्यालयको योजना रहेकोमा छात्रा संख्या बढ्दै गएमा उनीहरुको गाँस बासका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता समेत जनाए ।

कार्यक्रममा बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष झपेन्द्र गहिरेले यसप्रकारको सहयोगको लागि तानसेन नगरपालिकालाई धन्यवाद दिए । अध्यक्ष गहिरेले आफु अध्यक्ष भएसँगै बिद्यालमया कसरी अझ राम्रो बनाउन सकिन्छ भन्नेमा ध्यान केन्द्रीत भएको समेत बताए । उनले विद्यालयको दुई कोठे पक्की भवन निर्माण गर्ने, छात्रावासको व्यवस्थापन गर्ने, संख्यात्मक र गुणात्मक रुपमा शैक्षिक विकास गर्ने र यातायातको व्यवस्था मिलाउने योजना रहेको बताए । नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत पिताम्वर पाण्डेले कन्या शिक्षाका लागि मोहन कन्याको योगदानको चर्चा गरे । तानपा-४ का अध्यक्ष वडा अध्यक्ष गणेश बहादुर थापा, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष तथा तानसेन नगरपालिकाका प्रेस सल्लाहकार गोविन्द भट्टराई, महासंघका उपाध्यक्ष भरत शर्माले नगरपालिकाको उक्त कार्यको प्रशंसा गरे । विद्यालयका निमित्त प्रचार्य इन्दु खनालको स्वागत, शिक्षिका शान्ता सोमैको सञ्चालनमा कार्यक्रम चलेको थियो ।

पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

The Kathmandu Post, Feb. 18, 2021

Tansen Municipality supports youth entrepreneurs with cash and training

The municipality has pledged to invest more than Rs60 million in the Youth Self-Employment Programme.

MADHAV ARYAL
PALPA, FEB 17

Kopila Hitanga of Tansen Municipality became an entrepreneur by digging a pond in her yard to rear fish. "I have received fishery training, and my husband is also helping me," she said.

Hitanga borrowed Rs500,000 at 3 percent interest from Nepal Bank to start her fishery business. Her husband, who returned home last March from an overseas job after being laid off by Covid-19, is providing her support. He lost interest in going abroad to find employment after joining his wife in her new venture.

Tansen Municipality has launched an interest-free, collateral-free loan plan to support start-ups.

The municipality, in coordination with the Rural Economic Development Association, a non-profit making community working to promote business activities in Tansen, and the United Nations Development Programme, has been imparting training and know-how to local communities to help them become self-employed.

"I received the training, and the bank also supported me with a subsidized and collateral-free loan," said Hitanga, who is optimistic that her fish pond will give her a good yield.

Uma Aryal of Tansen Municipality, Madanpokhari has also become an entrepreneur. She opened an enterprise that produces women's sanitary pads, and has hired five people. Her husband is also helping her to run the business.

Aryal is among the 235 beneficiaries who participated in the Youth Self-Employment Programme that has accorded top priority to returnee migrants. "I had confidence to work. I applied for the programme," she said.

The sanitary pads produced by Aryal's firm have been well received by customers. "I am very encouraged as demand for the product has increased in the market," said Aryal, who has taken a Rs500,000 loan at a subsidized interest rate. She plans to borrow additional capital to expand her business.Shrawan Lamsal joined the Youth Self-Employment Programme immediately after returning to Nepal from his foreign job in which he was engaged for four years.

POST PHOTO: MADHAV ARYAL

People observe a fish pond built by Kopila Hitanga of Tansen Municipality, a beneficiary of the Youth Self-Employment Programme.

Covid-19 put him out of work, and he was forced to return home. He received training in dairy farming conducted by the Rural Economic Development Association.

Lamsal now owns five cows and a buffalo. He took a Rs500,000 loan at an interest rate of 3.92 percent. "I have been making a handsome income," he said. "I am confident of being able to make my instalment and interest payments on time."

These entrepreneurs are examples of the beneficiaries of the initiative launched by Tansen Municipality to promote self-employment. The municipality claims that it has set an example by employing foreign returnees in the country.

Tansen Mayor Ashok Kumar Shahi said their aim was to employ 800 youths in the current fiscal year. "Covid-19 has certainly affected our plan, but we are optimistic of employing 500 youths this fiscal year."

According to him, 236 youths have applied to join the programme in the first phase. "We will select the projects and invest in them after making a proper assessment," said Shahi.

"The programme enables youths to open a business of their choice," he said, adding that they had imparted training to most of the selected youths. The municipality has deposited Rs15 million as collateral at Nepal Bank. The municipality has pledged to invest more than Rs60 million in the Youth Self-Employment Programme as per the agreement.

Youths can take loans of up to Rs500,000 without collateral. As per the Youth Self-Employment Programme guideline, subsidized and collateral-free loans are given to youths in sectors like vegetable production, seeds production, animal husbandry and livestock farming, floriculture and horticulture."In the past, we were forced to borrow money at an interest rate of up to 24 percent," said Chunu Pandey, proprietor of Ganesh Paper Plant. "The municipality campaign has greatly helped people like us who have dreams of launching upscale projects but lack funding."

According to Suraj Ghimire, manager of Nepal Bank's Tansen branch, 120 people had taken these loans as of now. "If they pay the interest and instalments on time, they will get a discount too."

He said that the programme was a good initiative at a time when hordes of Nepalis are forced to travel abroad due to lack of employment in the country. Start-ups have been facing problems of high interest rates and obtaining loans is also a big hassle.

"Such programmes will enable the youth to work in their country and stem the brain drain," said Ghimire.

Besides offering interest-free, collateral-free loans to youths to promote self-employment, the local government, donor agencies and organisations in Palpa have been active in maintaining the identity of Palpali dhaka cloth in recent times, said Leela Bahadur Karki, executive director of the Rural Economic Development Association.

"The scheme aims to produce at least 1,500 dhaka entrepreneurs in three years--500 entrepreneurs annually.

तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति.....

प्रेस विज्ञप्ति

२०७७ पुस ८

येशु खीष्टको जन्मोत्सव तथा नयाँ वर्ष सन् २०२१ को अवसरमा हार्दिक शुभकामना !

तानसेन, पाल्पा लगायत विश्वभर छरिएर रहेका क्रिश्चियन समुदायको महान पर्व अर्थात् येशु खीष्टको जन्मोत्सव तथा क्रिसमस पर्व र नयाँ वर्ष सन् २०२१ को अवसरमा सम्पूर्ण इसाई समुदायप्रति हार्दिक शुभकामना प्रकट गर्दछौं । नेपालमा बसोवास गर्दै आएका नेपालीले मान्ने सबै धर्म संस्कृतिलाई नेपालको संविधानले समआदर गरेको तथ्य हामी सबैलाई अवगत नै छ । धार्मिक सहिष्णुताको नमूना मानिने नेपाली समाजमा परापूर्व कालदेखि एकआपसमा धार्मिक सदभाव विद्यमान रहेको छ । धार्मिक, सांस्कृतिक सहिष्णुता नेपाली समाजको महत्वपूर्ण पहिचान हो । नेपाल राष्ट्र निर्माणको अभियानमा पक्कै पनि सबै जातजाति, भाषाभाषि र धर्मसंस्कृतिको यथोचित भूमिका रहन्छ तसर्थ आआफ्ना कला, संस्कृति, रीतिरिवाजको जगेर्नामा लागौं, सुखी नेपाली समृद्ध नेपाल नारालाई साकार पार्न सहकार्य र सहयोगलाई निरन्तरता दिदैं अघि बढौं । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जातजाति र भाषा धर्मका अनुयायीहरुले एकअर्काप्रति आदर, सम्मान गर्न सिकौं, गरौं र नेपाली समाजलाई सहिष्णुताका लागि नमूना बनाऔं । विकास निर्माणका काममा हातेमालो गरौं, तानसेन पाल्पालाई सुन्दर र समृद्ध तुल्याऔं । कोरोना (कोविड–१९) भाइरस संक्रमणबाट आफू जोगिऔं र अरुलाई पनि जोगाऔं । स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर चांडपर्व मनाऔं ।

अन्त्यमा, पुनः सम्पूर्ण इसाई समुदायप्रति क्रिसमस पर्व र नयाँ वर्ष सन् २०२१ को अवसरमा सुखशान्ति एवम् समृद्धिका लागि हार्दिक शुभकामना प्रकट गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख
एवम्
तानसेन नगरकार्यपालिका परिवार

तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎ : ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

२०७७ फागुन १४

हार्दिक शुभकामना

सर्व प्रथम ३९ औं मगर एकता दिवस २०७७ फागुन १५ का अवसरमा सम्पूर्ण नेपाली मगरसमुदायमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छौं । हामीलाई अवगत भएकै तथ्य हो-संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा सबै जातजाति भाषा, भाषीको हक हित र समृद्धिका लागि नेपालको संविधानले नीतिगत मार्ग तय गरेको छ । संविधानमा उल्लेख भएपनि त्यसलाई व्यवहारमा उतार्ने दायित्व संघीय, प्रदेश र स्थानीय सरकारसँगै नागरिकहरुको समेत हो । हामीले हाम्रा हकअधिकार उपभोग गर्ने क्रममा अन्य नागरिक वा समुदायको हक, अधिकार कुण्ठित नहोस भन्नेतर्फ सदैव सचेत र सजग रहने पर्दछ ।

हामीलाई थाहा छ -संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना हुँदै आजका मितिसम्म नेपालको स्वाभिमान उँचो राख्दै राष्ट्रिय एकतालाई मजबुत बनाउने सबालमा नेपालका मगर समुदायको महत्वपूर्ण योगदान रहेको छ । यसैगरी तानसेन, पाल्पाको विकास निर्माण तथा समृद्धिको अभियानमा मगर समुदायको पनि उत्तिकै सहभागिता रहिआएको छ । ३९ औं मगर एकता दिवसका अवसरमा भाषा, संस्कृति र पुर्खाका असल कर्महरुको स्मरण गर्दै प्राप्त स्वाधिनता र उपलब्धीहरुको संरक्षणमा जुट्दै सामाजिक सदभाव कायम राख्दै विकास मार्गमा अग्रसर हुन सम्पूर्ण मगरसमुदायलाई सफलता मिलोस भनेर हार्दिक शुभकामना प्रकट गर्दछौं । अन्त्यमा, मगरसमुदायको हकहितका लागि सम्भव सहयोग तानसेन सरकारबाट हुने विश्वास दिलाउँदै पुनः हार्दिक शुभकामना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
नगर प्रमुख
तानसेन नगरपालिका परिवार

तानसेन नगरपालिका

तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎ : ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np

चलानी नं.
पत्र संख्या :

२०७७ फागुन २३

१११ औं अन्तर्राष्ट्रिय नारी दिवस सन् २०२१ को अवसरमा हार्दिक शुभकामना !

सर्व प्रथम ८ मार्च अर्थात् १११ औं अन्तर्राष्ट्रिय नारी दिवस सन् २०२१ को अवसरमा सम्पूर्ण नारीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं । यो दिवसको बारेमा प्रष्टताका लागि हामीले विगत स्मरण गर्नु जरुरी छ, युरोप अमेरिकामा पूँजीवादको चरम विकासको प्रतिफलस्वरूप कलकारखानाहरू सञ्चालन हुन थालेपछि कृषि मजदुरहरू रोजगारीका लागि औद्योगिक क्षेत्रतर्फ लागे तर पूँजीवादी सरकार, उद्योगपतिहरूले मजदुरको हित र कल्याणमा ध्यान दिएनन् बरु दैनिक १८ घण्टा श्रमशोषण गरिरहे । यी मजदुरहरूमा महिला तथा बालबालिकासमेत थिए । त्यसबेला ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग, पेन्सन, बोनस जस्ता जीवनयापनका लागि आवश्यक विभिन्न मागहरू राख्दै महिला मजदुरसमेत आन्दोलित भएको इतिहास छ । यसबालका मजदुर, महिला आन्दोलनहरू विशेष किसिमले विगतमा ८ मार्चमा हुने गरेको पाइन्छ । जसको परिणामस्वरूप समाजवादी महिला मजदुर नेतृ क्लारा जेट्किनको नेतृत्वमा पोल्याण्डको राजधानी कोपनहेगनमा भएको सम्मेलनले उनलाई अभियानको नेतृत्व सुम्पियो । यसरी ८ मार्चको ऐतिहासिक संघर्षशील मजदुर आन्दोलनको परम्परालाई निरन्तरता दिनका लागि यस दिनलाई अन्तर्राष्ट्रिय महिला (नारी) दिवसका रूपमा मनाउने परम्परा शुरु भयो ।

नेपालमा पनि पञ्चायत कालमा देखाउनका लागि मात्र भएपनि नारी दिवस भनेर दरबारिया महिला जुटेर कार्यक्रम गर्ने गर्दथे भने श्रमिक महिलाहरूले छुट्टै अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरेको पाइन्छ । क्रमशः बदलिदो राजनीतिक परिवेशअनुरुप विगतमा बन्द कोठामा गरिने कार्यक्रम खुला ढंगले गर्न थालियो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि नेपाली नारीहरू राज्यका विभिन्न तह र तप्कामा पुग्न सफल भएका छन् । यद्यपि कतिपय नेपाली महिलाहरू अझै पनि अधिकारबारे अनभिज्ञ छन् भने कतिपय यो वा त्यो नामबाट सामाजिक बहिष्करणमा परेको अवस्था छ । संविधानतः उनीहरूलाई समेत सक्षम र सबल तुल्याउन ८, मार्चले सन्देश दिने गरेको छ । हाम्रो तानसेन नगर सरकारले हरेक तहका महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिक मूलप्रवाहमा सामेल गराउँदै विकासको प्रतिफल सबैमा पुगोस् भन्ने ध्येय राखेर सोही अनुसार कार्यक्रम कार्यान्वयनको चरणमा उभिएको छ । हरेक विकास अभियानमा सहभागी गराउन तथा घरपरिवार र समुदायमा नारीलाई सहकर्मी र सहयात्रीका रूपमा सम्मान गर्न तथा नारीपुरुष बराबरी सन्देश व्यवहारमा उतार्नसमेत सम्पूर्ण नगरबासीसमक्ष आग्रह गर्दछौं ।

ऐतिहासिक महत्व बोकेको अन्तर्राष्ट्रिय नारी दिवस (८ मार्च) २०२१ का अवसरमा यो पर्व भव्यतासाथ सम्पन्न होस् भन्ने शुभेच्छासहित ८ मार्चको मर्म आत्मसात गर्दै नेपालको संविधानअनुरूप समाज विकासको मूलप्रवाहमा अगाडि बढ्न समस्त नेपाली नारीहरूलाई अपिल गर्दछौं ।

अशोककुमार शाही, नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति.....

हार्दिक श्रद्धाञ्जली !

तानसेन नगरपालिका वडा नं ४ का वडा अध्यक्ष राजेन्द्रमुनि शाक्यको मिति २०७७ माघ १९, गतेकादिन अल्पायुमै निधनभएको खबरले हामीलाई मर्माहत तुल्याएको छ । शोकको यस घडीमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्तगर्दै परिवारजनमा समवेदना प्रकट गर्दछौं ।

वि.सं. २०१७ माघ २३ गतेका दिन तानसेनमा जन्मनु भएका राजेन्द्रमुनि शाक्य बहुप्रतिभाशाली व्यक्तित्व हुनुहुन्थ्यो । शाक्यले पाल्पा जेसिजका पूर्व अध्यक्ष, आनन्द विहार, ज्ञानमाला संघका पूर्व अध्यक्ष, चुड्ढाकर्म बर्तवन्ध संघका कार्यवाहक अध्यक्ष, आनन्द वचत तथा ऋण सहकारी संस्थालि. तानसेनका संस्थापक अध्यक्ष, परिलेयकवन संरक्षण समितिका अध्यक्ष, सुनचांदी व्यवसायी संघ तानसेनका संस्थापक अध्यक्ष, तानसेन भजन खल्का सचिव, नेपाल परम्परागत बौद्ध धर्म संघका उपाध्यक्षलगायत विभिन्न सामाजिक संघसंस्थामा प्राप्त जिम्मेवारी आफ्नो सामर्थ्यले भ्याएसम्म सकुशल निर्वाह गर्नुभएको कुरा हामीले स्मरण गरेका छौं । तानसेन नगरपालिकाको समग्र विकासका लागि सदैव क्रियाशील मृदुभाषी, मिलनसार समाजसेवी तथा विकासप्रेमि शाक्यको निधनले तानसेनको विकास अभियानमा अपुरणीय क्षतीपुगेको महसुस भएको छ । स्वर्गीय शाक्यको असलकर्मको अनुशरणका लागि सरोकारवालासंग आग्रहगर्दै पुनःशोकसन्तप्त आफन्त तथा परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

२०७७ माघ २३

तस्बिरमा तानसेन

तानसेन-१० मा कृषि सम्बन्धी सामग्री वितरण गर्दै नगरप्रमुख अशोककुमार शाही, वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिना र रेडाका कार्यकारी निर्देशक लीलाबहादुर कार्की



वीपी स्मृति पुस्तकालय पाल्पाका लागि व्यवस्थापन समिति संयोजक झपेन्द्र गहिरे मार्फत् हाम्रो तानसेन प्रदान गर्दै तानसेन मेयर अशोककुमार शाही

भक्तपुर महिला बचत तथा ऋण सहकारी सस्थाको टोलि तानसेन नगरपालिकामा

शुक्ला गण्डकी नगरपालिका तनहुँबाट आउनुभएका न्यायीक समितिका संयोजक सबिता रसाइली, नगरप्रवक्ता खिमबहादुर कुमाललगायतसँग तानसेनका कार्यवाहक मेयर लक्ष्मीदेवी पाठक

तानसेन, तिनाउ, रिब्दीकोट र बगनासकाली पालिकाका न्यायीक समितिका लागि २०७७ मङ्सिर १२ देखि चलेको ३ दिने कानूनी साक्षरता तालिमपछि संयुक्त तस्बिरमा प्रशिक्षक, सहभागी, सहयोगी लगायत

पाल्पा जिल्ला हुलाक दर्ता नं.: ९/२०७६-७७

“सफा सुन्दर तानसेन सहर, हामी सबैको रहर !”

तानसेनका जनप्रतिनिधि तानसेन-१०, गुफाचौर, गणेशधाममा

पाल्पाली ढाका कपडा उत्पादनसम्वन्धी प्रशिक्षक प्रशिक्षण तालिमका सहभागीहरू । तस्विर : पाल्पाली ढाका संघ पाल्पा